श्रीस्वस्थानी

व्रतकथा



(श्रीगणेशाय नमः)



(अर्धनारीश्वर)



(विद्याकी अधिष्ठात्री सरस्वती माता)

श्रीस्वस्थानी
व्रतकथा

सम्पादन तथा परिमार्जन

सहप्रा. डा. जनकराज भट्ट

(विद्यावारिधि, एमए राजनीतिशास्त्र, शास्त्री सिद्धान्त ज्योतिष)

पुस्तक सम्पादन तथा परिमार्जनमा विशेष सहयोग पुऱ्याउनुहुने विशेषज्ञ विद्वान्हरू
प्रा. डा. देवमणि भट्टराई (विद्यावारिधि, धर्मशास्त्राचार्य)
प्रा. डा. ध्रुवप्रसाद भट्टराई (विद्यावारिधि, साहित्याचार्य, एमए नेपाली)
प्रा. भीमप्रसाद कण्डेल (व्याकरणाचार्य)
प्रा. नवराज घिमिरे (इतिहासपुराणाचार्य)
सहप्रा. डा. श्यामप्रसाद खनाल (विद्यावारिधि, एमए नेपाली)
सहप्रा. रामचन्द्र सुवेदी (ऋग्वेदाचार्य)
उपप्रा. सुदर्शन पराजुली (सामवेदाचार्य)

अक्षभ पब्लिकेसन
AKSHAV PUBLICATION
Kathmandu



श्रीस्वस्थानी व्रतकथा

प्रकाशक : अक्षभ प्रकाशन, काठमाडौँ।
वितरक : तारा बुक्स एन्ड स्टेसनरी,
क्षेत्रपाटी काठमाडौँ,
फोन नं. ०१–५३५५०७०
वितरण शाखा : तारा बुक्स एन्ड स्टेसनरी,
प्रदर्शनीमार्ग, काठमाडौँ,
फोन नं. ०१–५३२२४२४
संस्करण : प्रथम, २०८१
सर्वाधिकार : सम्पादक तथा परिमार्जकमा
ISBN : 978-9937-9766-3-3
मूल्य : रु. ७५०/–



श्रीस्वस्थानी माताको ध्यान

(सर्वप्रथम धूप सल्काएर फूल र अक्षता लिई श्रीस्वस्थानी माताको ध्यान गर्दै निम्नानुसारको श्लोक वाचन गरी मातालाई फूल र अक्षता चढाउनू)

अष्टासु च दलेष्वेषु मातृकाष्टस्थितास्तथा ।
खड्गं त्रिशूलं चोर्ध्वञ्च अर्द्धे च वरमुत्पलम् ॥
चतुर्भुजा त्रिनेत्रा च सर्वालङ्कारभूषिता ।
सुवर्णवद्विकासाभा स्वस्थानी जगदीश्वरी ॥

भावार्थ : वरिपरि आठओटा पात भएका कमलमा पातैपिच्छे आठओटी मातृकाका माझमा विराजमान भएकी, चार हात र तीन आँखा भएकी, माथिल्ला दुई हातमा क्रमशः खड्ग र त्रिशूल लिएकी, तल्ला दुई हातमध्ये एउटामा कमल लिएकी र अर्को हात वरमुद्रामा राखेकी, थरीथरीका आभूषण धारण गरेकी, सुनजस्तै चम्किलो रूपले धपक्क बलेकी यस्ती श्रीस्वस्थानी जगदीश्वरीको ध्यान गर्दछु ।

श्रीस्वस्थानी भूगोल


इयकांचन भूमि
स्वादूदक समुद्र ६४००००००
पुष्कर द्वीप ६४००००००
दधिमण्डोद समुद्र ३२००००००
शाकद्वीप ३२००००००
क्षीरोद समुद्र १६००००००
क्रौंच द्वीप १६००००००
घृतोद समुद्र ८००००००
कुशद्वीप ८००००००
सुरोद समुद्र ४००००००
शाल्मली द्वीप ४००००००
इक्षुरसोद समुद्र २००००००
प्लक्षद्वीप २००००००
क्षीरोद समुद्र १००००००
जम्बु द्वीप १०००००० योजन [illegible] अग्निध्र नामका राजा छन्
सुमेरु
पू.
द.
उ.
प.

भूमिका

श्रीस्वस्थानी व्रतकथा हिन्दु पौराणिक कथासँग सम्बद्ध छ। स्वस्थानीका पुस्तकहरूमा यसका कथाहरू स्कन्द पुराणअन्तर्गत केदारखण्डको माघमाहात्म्यबाट लिइएको भन्ने उल्लेख छ। स्वस्थानीका केही प्रसङ्गहरू पद्म पुराणबाट पनि लिइएका छन्। यस्ता कथाहरू स्वस्थानी पुस्तकका सङ्कलक तथा सम्पादकहरूले आफ्ना ज्ञान र अनुभवका आधारमा थपघट गर्ने पनि गर्दै आएका छन्। वास्तवमा नेपालको हिन्दु धर्म र संस्कृतिसँग स्वस्थानी व्रतकथाको विशेष सम्बन्ध गाँसिएको पाइन्छ। स्वस्थानी कथाको प्रारम्भ सृष्टिक्रमको वर्णनबाट भएको छ। यसमा त्रिदेव अर्थात् ब्रह्मा, विष्णु र महेश्वरका कथाहरू जोडिएका छन्। यसमा शिव र सतीदेवीको विवाह, त्रिपुरदहन, सतीदेवीको मृत्यु, दक्षप्रजापतिको यज्ञ विध्वंस, सतीदेवीका अङ्गपतन र पीठहरूको उत्पत्तिजस्ता प्रसङ्ग आएका छन्। स्वस्थानी व्रतकथाको बाह्रौँ अध्यायमा भगवान् विष्णुले पार्वतीलाई श्रीस्वस्थानी परमेश्वरीको व्रतविधि बताएका छन्। त्यसपछि शिव-पार्वती विवाह, गणेश र कुमारको उत्पत्ति, तारकासुर वध, जालन्धर वध, शिवभट्ट र सतीको कथा, गोमाको उत्पत्ति, गोमा-शिवशर्मा विवाह, नवराजको कथा, गोमाद्वारा स्वस्थानी व्रत गरी सुखसमृद्धि प्राप्त गरेको कथा, नवराज राजा भएको, स्वस्थानीको अनादरबाट चन्द्रावतीले दुःख पाएको र स्वस्थानीकै व्रत गरी रानी भएको प्रसङ्ग आएका छन्। अन्त्यमा गोमाद्वारा चन्द्रावती र लावण्यवतीलाई व्यावहारिक शिक्षा दिनुका साथै श्रीस्वस्थानी परमेश्वरीमा सधैँ भक्तिश्रद्धा राख्ने सन्देश दिइएको छ। स्वस्थानी व्रतकथालाई इतिहासपुराणका

प्रा. नवराज घिमिरेले निम्नानुसार चार भागमा विभाजन गर्न सकिने बताएका छन् :

१. सृष्टिक्रम शृङ्खला : अध्याय १ - २

२. महादेव-सतीदेवी शृङ्खला : अध्याय ३ - ११

३. शिव-पार्वती शृङ्खला : अध्याय १२ - १८

४. गोम नवराज शृङ्खला : अध्याय १९ - ३१। (घिमिरे, वि.सं. २०८०, पृ. ७-८)।

स्वस्थानी व्रतकथाको प्रारम्भमा सृष्टिक्रमका साथै स्वस्थानी भूगोलबारे प्रकाश पारिएको छ। यसमा वर्णित कतिपय कुराहरू अपत्यारिला र अतिशयोक्तिपूर्ण लाग्दछन्। विष्णुका कानेगुजीदेखि मधु र कैटभ दैत्यको उत्पत्ति भएको, विष्णुसँग ती दैत्यहरूले जलमा दिव्य पाँचहजार वर्षसम्म लडाईं गरेको र ती दैत्यहरूको मृत शरीरका विभिन्न अङ्गबाट पृथ्वी, पर्वत, पत्थर आदि उत्पन्न भएको भन्नेबारे मत्स्य पुराण, लिङ्ग पुराण, मार्कण्डेय पुराण आदिमा उल्लेख छन्। यिनै प्रसङ्गलाई स्वस्थानी कथाकारले पनि समावेश गरेका हुन्। यस्ता कुराहरू वैज्ञानिक दृष्टिले अपुष्ट र तथ्यहीन लाग्दछन्। यसै आधारमा हिन्दु

धर्मसंस्कृतिका विरोधीहरू पुराणमा वर्णित विषयवस्तुलाई भ्रामक, काल्पनिक र अतिशयोक्तिपूर्ण मान्दछन्। वास्तवमा यो उनीहरूको अज्ञानता हो। हिन्दु धर्मदर्शनमा गहन आध्यात्मिक र दार्शनिक पक्षहरू रहेका छन्। जसका बारेमा वेद र उपनिषद्मा प्रकाश पारिएका छन्। त्यस्ता गहन विषयवस्तुमा साधारण मानिसहरूको पहुँच पुग्दैन। त्यसैले तिनका लागि पुराणहरूको रचना गरिएको हो। पुराणमा वर्णित कुराहरू प्रतीकात्मक हुन्छन्। पुराणमा लामो समय भन्नुपर्दा दिव्य दश हजार वर्ष भन्ने गरिन्छ। पापीहरूलाई दण्ड दिने अधिकारीको बोध गराउन राँगोमा सवार दण्डधारी यमराजको चित्रण गरिएको हुन्छ। विद्याको प्रतीकबारे बोध गराउन सरस्वतीले पुस्तक धारण गरेको देखाइन्छ। दैत्यहरूको नाश गर्न दुर्गा भवानीको सिंहमा सवार रौद्ररूप देखाइन्छ। यस्ता अनेक प्रतीकात्मक विषयवस्तुहरूद्वारा सर्वसाधारण मानिसमा धर्म, संस्कृति, सदाचार र नैतिकताका पाठहरू सरल तरिकाले बोध गराउने मुख्य उद्देश्यले पुराणहरूको रचना गरिएको हो। वेद र उपनिषद्का गहन विषयवस्तुको अध्ययनका लागि पुराणका यस्ता प्रतीकात्मक पक्षहरूबारे अध्ययन गर्नु आवश्यक छ।

प्रमुख पुराणहरू अठार छन् जसलाई महापुराण भनिन्छ। यसमा मत्स्य, मार्कण्डेय, भविष्य, भागवत, ब्रह्म, ब्रह्मवैवर्त, ब्रह्माण्ड, वराह, वामन, वायु, विष्णु, अग्नि, नारद, पद्म, लिङ्ग, गरुड, कूर्म र स्कन्द पुराण पर्दछन्। यसका साथै शिव पुराणलाई पनि महापुराणमा नै राखिएको छ। अन्य उपपुराणहरू पनि छन्। प्राचीन कथाहरू समावेश गरिएका हुनाले पुराणलाई इतिहासपुराण पनि भनिन्छ। पुराणका पाँच लक्षण निम्नानुसार छन् :

> सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च।
>
> वंशानुचरितं ज्ञेयं पुराणं पञ्चलक्षणम्॥

अर्थात् पुराणहरूमा संसारको सृष्टि, संहार, वंशक्रम, मनुहरूको अवधिमा भएका महत्त्वपूर्ण क्रियाकलाप र विभिन्न वंशका राजाहरूको चरित्रका बारेमा वर्णन गरिएको हुन्छ। विद्वान्हरू यी पाँचमध्ये तीन लक्षण मिलेमा त्यसलाई उपपुराण मान्दछन्।

कतिपय पुराणहरूमा नेपालका प्रसङ्ग आएका हुन्छन्। उदाहरणका लागि भागवत् पुराण, पद्म पुराण आदिमा नेपालका मिथिलाक्षेत्र र जनक राजवंशको वर्णन गरिएको पाइन्छ। त्यसैगरी हिमवत्खण्ड, नेपाल माहात्म्य आदिमा काठमाडौँ उपत्यकालगायतका क्षेत्रका धार्मिक स्थलहरूबारे प्रकाश पारिएको छ। पुराणहरूको सम्पादन र प्रकाशनको काम भारतमा बढी हुने गरेको पाइन्छ। त्यहाँबाट प्रकाशित पुराणहरूमा नेपालको प्रसङ्ग आएका कतिपय विषयवस्तुलाई स्थान दिइँदैन। यसबाट हाम्रा कतिपय धार्मिक तीर्थस्थल, मठमन्दिर र धर्मसंस्कृतिसँग सम्बद्ध विषयवस्तुहरू ओझेलमा परेका छन्। स्वस्थानी व्रतकथासँग सम्बद्ध भागहरू पनि मुख्य पुराणहरूमा समावेश नभएकाले यसको प्रामाणिकताबारे प्रश्नचिन्ह खडा गर्ने गरिएको पाइन्छ। वास्तवमा हाम्रा आफ्ना धर्म, संस्कृति र सभ्यतासँग सम्बद्ध

विषयवस्तुलाई हामी नेपालीहरूले नै संरक्षण र संवर्धन गर्नु आवश्यक छ। हाम्रा मालिका क्षेत्र, मुक्तिनाथ क्षेत्र, लुम्बिनी क्षेत्र, देवघाट क्षेत्र, पाशुपत् क्षेत्र, मिथिला क्षेत्र, वराह क्षेत्रलगायतका धार्मिक तथा ऐतिहासिक महत्त्वका क्षेत्रहरूको धार्मिक तथा सांस्कृतिक महत्त्व दर्साउनु हाम्रो प्रमुख कर्तव्य हो। यसै सन्दर्भमा स्वस्थानी व्रत हाम्रो नेपालको मौलिक धर्मसंस्कृतिसँग सम्बद्ध भएकोले यसको प्रचारप्रसार गराउनु पनि आवश्यक छ। यसबाट हाम्रा धार्मिक क्षेत्रको संरक्षण, धर्मसंस्कृतिको जगेर्ना र धार्मिक पर्यटनको विकासमा समेत सघाउ पुग्दछ।

स्वस्थानी व्रतकथाको लामो इतिहास छ। स्वस्थानीको मूल आधार संस्कृत भाषाका पुराणहरू हुन्। पुराणहरूबाट सङ्कलन गरी स्वस्थानीका पुस्तकहरू संस्कृत र अन्य भाषामा लेख्न थालिए। यससम्बन्धी स्वस्थानीका पुराना पुस्तक नेवारी भाषामा लेखिएका थिए। यसमध्ये हालसम्म प्राप्त सबैभन्दा पुरानो वि.सं. १६३० को 'स्वस्थानी व्रतकथा' भेटिएको छ (वराल र अन्य, वि.सं. २०५५, पृ. ४५०)। यसलाई आधार मान्दा २०८१ सालमा यो पुस्तक ४५१ वर्ष पुरानो भएको देखिन्छ। संस्कृतमा लेखिएको त्यस पुस्तकलाई वि.सं. १६६० मा नेवारी भाषामा अनुवाद गरिएको पाइन्छ। यसमा नवराजको कथा र स्वस्थानी व्रतविधिबाहेक अन्य कथा भेटिएका छैनन् (घिमिरे, वि.सं. २०८०, पृ. ५)। संस्कृत र नेवारीपछि नेपाली भाषामा पनि वि. सं. १८७८ मा स्वस्थानी व्रतकथा तयार पारिएको पाइन्छ। नेपाली भाषामा लेखिएपछि स्वस्थानीको प्रचारप्रसारमा नयाँ आयाम थपियो। समयक्रमसँगै स्वस्थानीमा कथाहरू थपिँदै आए। हाल नेपाली र नेवारी भाषामा स्वस्थानीका अनेक पुस्तकहरू प्रकाशित भएका पाइन्छन्। तिनमा सङ्कलक तथा सम्पादकले कथावस्तुलाई आआफ्नै तरिकाले व्याख्या गर्ने र थपघट गर्ने गर्दै आएका छन्।

स्वस्थानीका कथाहरूमा तिब्बतका कैलाश पर्वत र मानसरोवरको प्रसङ्ग आएको छ। त्यसैगरी नेपालका वाग्मती, गुह्येश्वरी, गौरीघाट, किरातेश्वर महादेव, साँखुको शालीनदी, लावण्यदेश आदिको प्रसङ्ग आएको छ। भारतका कामाख्यादेवी, काशी आदि तीर्थस्थलहरूको पनि प्रसङ्ग आएको छ। यीमध्ये नेपालका क्षेत्रहरूले बढी स्थान पाएका छन्। नेपालमा स्वस्थानीको व्रत बस्ने र कथा भन्ने परम्परा सयौँ वर्षअघिदेखि प्रारम्भ भएको मानिन्छ। नेपालका विभिन्न स्थानमा स्वस्थानीसँग सम्बद्ध धार्मिक स्थलहरू पनि रहेका छन्। स्वस्थानी माताको प्रस्तर मूर्ति काठमाडौँको मखनटोलमा राजा प्रताप मल्लले वि.सं. १७३१ मा स्थापना गरेका थिए जुन हालसम्म यथावत् रहेको पाइन्छ। स्वस्थानीसँग काठमाडौँको पूर्वी भागमा रहेको साँखुको विशेष सम्बन्ध छ। साँखु बजार नजिकैको शालीनदीको किनारामा स्वस्थानीको भव्य मन्दिर रहेको छ। त्यहाँ एक महिनाभर स्वस्थानी व्रत बस्नेहरू भेला हुन्छन्। त्यसैगरी स्वस्थानीका दर्शनार्थीहरू पनि त्यहाँ ठुलो सङ्ख्यामा उपस्थित हुने गर्दछन्।

शाब्दिक अर्थमा स्वस्थानी भन्नाले आफ्नो स्थानकी देवी भन्ने बुझिन्छ। अर्को अर्थमा स्वस्थान अर्थात् आफ्नै आत्मामा रहनु भन्ने पनि बुझिन्छ। यसमध्ये पहिलो अर्थअनुसार आआफ्ना स्थानका देवीहरूलाई स्वस्थानी माताका रूपमा लिन सकिन्छ। साँखुनजिकै वज्रयोगिनी मन्दिर छ। व्रज्रयोगिनीका बाह्र महिनाका अलगअलग नाम छन्। माघ महिनामा तिनको नाम स्वस्थानी हो। अर्कातर्फ माघ महिनाका अधिपति माधव हुन्। अर्थात् बाह्र महिनामा भगवान् नारायणका अलगअलग नाम छन् जसमध्ये माघ महिनामा माधव नामले पुकारिन्छन्। काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा स्वस्थानी व्रतका साथै माघ महिनामा माधवनारायणको विशेष पूजा गर्ने चलन पनि छ। यसरी स्वस्थानी माताको आराधना गर्दा स्थानीय देवीका साथै भगवान् शिव र विष्णुको विशेष पूजा गर्ने गरिन्छ। यसरी स्वस्थानी माताको उपासनाबाट हामी नेपालीहरूलाई आआफ्ना स्थानका धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका स्थलहरूको संरक्षण र संवर्धन गरौँ भन्ने सन्देश दिएको पाइन्छ।

यस पुस्तक तयारीका क्रममा विभिन्न महानुभावहरूबाट सल्लाह, सुझाव र सहयोग प्राप्त गरेको छु। पुस्तकको प्रारम्भिक प्रिन्टकपी अध्ययन गरी परिमार्जन कार्यमा विशेष सहयोग गर्नुहुने वाल्मीकि विद्यापीठका सम्बद्ध क्षेत्रका विशेषज्ञ विद्वान्हरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। त्यसैगरी बेलाबेलामा पुस्तक परिमार्जनलगायतका कार्यमा सहयोग पुऱ्याउनुहुने वाल्मीकि विद्यापीठका प्रा. डा. जीवन अधिकारी, प्रा. मोहनप्रसाद पोखेल, उपप्रा. रामप्रसाद रिमाल र कर्मकाण्ड प्रशिक्षक नारायणप्रसाद कोइरालाप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु। पुस्तक तयारीका कार्यमा आवश्यक वातावरण मिलाइदिने धर्मपत्नी शान्तिकुमारी चापागाईँलाई विशेष धन्यवाद छ। पुस्तक प्रकाशनको जिम्मेवारी ग्रहण गर्नुहुने अक्षभ प्रकाशनका कार्यकारी प्रमुख अच्युतम काफ्ले, प्रो. बबिता बराल र पुस्तकको आकर्षक डिजाइन तयार गर्नुहुने दिपेन्द्र श्रेष्ठप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु। पुस्तक तयारीका क्रममा प्रत्यक्ष एवं अप्रत्यक्ष सहयोग गर्नुहुने सबै महानुभावहरूमा हार्दिक धन्यवाद अर्पण गर्दछु। पुस्तकमा विविध कारणवश त्रुटि रहन गएका भए आवश्यक सुझाव दिनुहुनु सम्बद्ध सबैमा अनुरोध गर्दछु।

२०८१ मार्गशीर्ष शुक्लपञ्चमी

सहप्रा. डा. जनकराज भट्ट

(विवाह पञ्चमी)

श्रीगणेशाय नमः

श्रीस्वस्थानी व्रत पूजाविधि

पूजासामग्री

(१) **दीप, कलश र गणेशका सामग्री :** यसका लागि दियो, कपासको कातेको बत्ती, कलश, धान, चामल, टपरी, जनै, गणेश सुपारी, तिलको तेल, आँप, वर, पीपल, डुम्री र पाखीका पात ।

(२) **पञ्चामृतका सामग्री :** गाईको दुध, दही, घिउ, मह, शखर वा चिनी ।

(३) **पूजाका भाँडा :** ॐ लेख्ने आरसी,कलश र चोखो जलका लागि तामाका लोटा,आचमनी, पञ्चपात्रो, पञ्चपाला, शङ्ख, घण्ट, त्रिकुटी, अर्घपात्र, आदि।

(४) **दुना, टपरी, बोहोता :** दुना करिब पच्चिसदेखि तिसओटा, टपरी पाँचओटा र बोहोता पनि पाँचओटा ।

(५) **पूजासामग्री :** अबिर, केशरी, अक्षता, चन्दन, सिन्दूर, जौ, तिल, धूप, कातेको बत्ती,कपूर, श्रीखण्ड, रक्तचन्दन, कुश, दुबोआदि ।

(६) **एक सय आठ सङ्ख्याका सामग्री :** रोटी, अक्षता, बेलीपुष्प, जनै, सुपारी, पान, जातजातका फूल आदि ।

(७) **नैवेद्य र फलफूल :** मालपुवा, सेल, मिठाई, केरा, सुन्तला, स्याउलगायतका मौसमअनुसारका फलफूल ।

(८) **अन्य विविध सामग्री :**सौभाग्यका सामान, वस्त्र, अलङ्कार, गङ्गाजल, गाईको गोबर, गहुँत, बालुवा एक अँजुली आदि ।

व्रत प्रारम्भ गर्दादेखिको सरल विधि

श्रीस्वस्थानी परमेश्वरीको व्रतपूजा पौष शुक्लपूर्णिमाको दिनदेखि प्रारम्भ भएर एक महिनासम्म रहन्छ। यो व्रत महिला वा पुरुष जसले गरे पनि हुन्छ। व्रत प्रारम्भ हुनुभन्दा अघिल्लो दिन अर्थात् पौष शुक्लचतुर्दशीको दिन व्रतालुले हातगोडाका नङ काटी एक छाक शुद्ध हविष्यान्न भोजन गरी पलङको सट्टा भूमिमा शयन गरी ब्रह्मचर्यको पालन गरी एक महिनासम्म अत्यन्त भक्तिश्रद्धाका साथ व्रत गर्नू। पौष शुक्लपूर्णिमाका दिन 'आजदेखि एक महिनासम्म म श्रीस्वस्थानी माताको व्रत गर्दछु' भनी सङ्कल्प लिनू। पूजाका लागि शुद्ध नदीको पानी मुनिबाट वा शुद्ध स्थानबाट बालुवा ल्याई त्यसबाट शिवलिङ्ग बनाई त्यसैमा एक महिनासम्म नित्य पूजा गर्नू। व्रत अवधिभर प्रत्येक दिन नित्य कर्म सकेपछि 'श्रीस्वस्थानी परमेश्वर्यै नमः' भनी आवाहन, आसन, पाद्य, अर्घ्य, पञ्चामृत, शुद्ध जल, चन्दन, सिन्दूर, अक्षता, जौ, तिल, पुष्प, नैवेद्य, फलफूललगायतका सामग्री चढाएरश्रीस्वस्थानी माताको पूजा गर्नू। त्यसैगरी मध्यान्ह कालमा 'ॐ नमः शिवाय' भनी श्रीमहादेवको पनि पूजा गर्नू।

स्वस्थानी कथा वाचन विधि

स्वस्थानी व्रतकथा वाचनको विशेष महत्त्व छ। यो कथा विशेषगरी नेपालका हिन्दु धर्मावलम्बीहरूको सभ्यता र संस्कृतिसँग सम्बद्ध मानिन्छ। व्रतअवधिभर हरेक दिन बेलुका सूर्यास्तपछि सकेसम्म केही नखाई र नसकेमा हविष्य (एक छाक) भोजन गरी श्रीस्वस्थानीको कथा भन्नू वा सुन्नू। कथा श्रवणका लागि परिवारका सबै सदस्य र आफ्ना छरछिमेक, इष्टमित्र आदिलाई पनि आमन्त्रण गर्नू। कथा दैनिक एक अध्याय वा त्यसभन्दा बढी पनि वाचन गर्न सकिन्छ। दैनिक कथा प्रारम्भअघि धूप, दीप गरी फूल चढाएर पुस्तकको पूजा गर्नू। त्यसपछि व्रतकथा वाचक र श्रोता सबैले हातमा फूलअक्षता लिई 'यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतः .... देखि ततो जयमुदीरयेत्' सम्मका पाँच श्लोक वाचन गरी स्वस्थानी मातालाई अर्पर्ण गर्नू। त्यसपछि स्वस्थानी कथा वाचन गर्ने परम्परागत शैलीमा लयात्मक तरिकाले भक्तिपूर्वक कथा वाचन गर्नू। श्रोताहरूले पनि स्वस्थानी माता र भगवान् शिवप्रति भक्तिभावका साथ कथा श्रवण गर्नू। दैनिक कथा

समापनपछि ‘धूप, दीप गरी हातमा सबैले पुष्पाञ्जलि लिई ‘उपनयतु मङ्गलं व .... देखि नारायणायेति समर्पयेतत्’ सम्मका छ श्लोक वाचन गरी भक्तिश्रद्धाका साथश्रीस्वस्थानी माताको स्मरण गरी अर्पण गर्नू। त्यसपछिस्वस्थानी मातालाई अर्पण गरी सबैले प्रसाद ग्रहण गर्नू।

जुठोसूतक परेमा वा व्रतालु महिला रजस्वला भएमा के गर्ने ?

स्वस्थानी व्रतअवधिमा जुठोसूतक परेमा वा व्रतालु महिला रजस्वला भएमा के गर्ने भन्ने प्रश्न उठ्छ। यसमा वाल्मीकि विद्यापीठको धर्मशास्त्र विषयका प्राध्यापक डा. देवमणि भट्टराईले नान्दीमुखी गरेर व्रत प्रारम्भ गरेको अवस्थामा जुठोसूतकमा पनि व्रतकार्य यथावत् राख्न सकिन्छ। त्यस्तो नगरी व्रत गरेको अवस्थामा जुठोसूतकमा दश दिनसम्म नगर्ने र एघार दिनदेखि पूर्ववत् व्रतपूजा गर्न सकिन्छ। जुठोसूतकको अवधिमा पनि स्नान गरी ठाडो व्रत गर्नुपर्छ। रजस्वला भएको अवस्थामा पाँच दिन वा त्यसपछि रजोनिवृत्ति भएपछि व्रतपूजा गर्न सकिन्छ। जुठोसूतक र रजस्वलाले व्रत रोकिएको अवस्थामा स्वस्थानी समापन पूर्णिमा अथवा माघ शुक्लपूर्णिमातिथि पनि कट्न गएमा फाल्गुन कृष्णपञ्चमीका दिनसम्ममा जुन दिन जुठोसूतक वा रजस्वला अवधि सकिन्छ त्यसै दिन व्रत समापन गर्न सकिन्छ।

अथ मूल देवता पूजाविधि

माघ शुक्लपूर्णिमाको दिन व्रतको समापन गर्नुपर्छ। यसका लागि पहिलेदेखि नै आवश्यक सामग्रीको व्यवस्था गर्नुपर्छ। व्रत समापनको अघिल्लो दिन पुरुष व्रतकर्ता भएमा यज्ञोपवीत (जनै) फेरी शुद्ध आसनमा बसी शिखाबन्धन गर्नू। महिलाले शिखास्पर्श गर्नू। विशेष मन्त्र वा दीक्षामन्त्र जप गर्नू। समापनको व्रतका दिन आरसी (तामाको थाली) मा ॐ कार लेखी गङ्गाजलले स्नान गराउनू। त्यसैमाबालुवाको शिवलिङ्ग बनाई स्थापना गरी गर्नू। त्यसपछि दीप, कलश, गणेश स्थापना गरी आवाहन गरी पूजा गर्नू। बालुवाको शिवलिङ्गमा नै श्रीमहादेवको आवाहन गरी पूजा गर्नू। चन्दन, सिन्दूर, केशरी, अबीर, अक्षता, वेलीपुष्प, जौ, तिल, पान, सुपारी, रोटी, फलफूल अर्पण

गर्नू। त्यसपछि श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्नू। यसका लागि सकभर सदाचारी कुलपुरोहित ब्राह्मणको निर्देशनअनुसार पूजा गर्नू। समापनका दिन गरिने पूजाविधि यसप्रकार छ।

(१) आचमन

व्रतकर्ताले सर्वप्रथम शुद्ध आसनमा पूर्व फर्केर बसी आचमन गर्नू।

(२) दीपप्रज्वालन

निम्नानुसारका मन्त्र पढ्दै दियो बाल्नू :

ॐ स्थिरो भव वीड्वङ्गऽआशुर्भव वाज्यर्वन्।
पृथुर्भव सुखदस्त्वमग्नेः पुरीषवाहणः ॥

(३) कर्मपात्र निर्माण

प्रायः धार्मिक कार्यका लागि सर्वप्रथम कर्मपात्र निर्माण गर्नुपर्छ। यसका लागि तामाको थाली वा अन्य कुनै पवित्र पात्रमा मन्त्रपूर्वक कुशका पवित्र र टुक्राहरूका साथै जल, चन्दन, अक्षता, जौ, तिल रफूलहरू हाल्नुपर्दछ। यसरी निर्माण गरेको कर्मपात्र हो। व्रतपूजामा सङ्कल्प गर्नुपर्दा वा पूजाका लागि जल चढाउनुपर्दा त्यसै कर्मपात्रबाट जल निकालेर चढाउनुपर्छ। कर्मपात्रको जल प्रयोग गरी पूजा गर्नाले विशेष सफलता मिल्दछ। स्वस्थानी माताको व्रत पूजाका लागि पनि कर्मपात्र निर्माण गर्नुपर्दछ। कर्मपात्र निर्माणविधि यसप्रकार छ :

(क) देवताको आह्वान :निम्नानुसारका मन्त्र पढी देवताको आह्वान गर्नू :

ॐ यद्देवादेवहेडनन्देवासश्चकृमा व्वयम्।
अग्निर्म्मा तस्मादेनसो व्विश्वान्मुञ्चत्वꣳ हसः ॥
ॐ यदि दिवा यदि नक्तमेनाꣳसि चकृमा व्वयम्।
वायुर्मा तस्मादेनसो व्विश्वान्मुञ्चत्वꣳ हसः ॥
ॐ यदि जाग्रद्यदि स्वप्नऽएनाꣳसि चकृमा व्वयम्।
सूर्य्योमा तस्मादेनसो व्विश्वान्मुञ्चत्वꣳहस ॥

(ख) कर्मपात्रमा पवित्र हाल्ने मन्त्र :

ॐ पवित्रे स्थो व्वैष्णव्यौ सवितुर्व्वः प्रसवऽउत्पुनाम्यच्छिद्रेण पवित्रेण सूर्य्यस्य रश्मिभिः। देवीरापोऽअग्रेगुवोऽअग्रेपुवोग्रऽइममद्य यज्ञन्नयताग्रे यज्ञपतिꣳसुधातुं यज्ञपतिन्देवयुवम्॥

(ग) कर्मपात्रमा जल हाल्ने मन्त्र :

ॐ शन्नो देवीरभिष्टयऽआपो भवन्तु पीतये।
शंय्योरभिस्स्रवन्तु नः॥

(घ) कर्मपात्रमा चन्दन हाल्ने मन्त्र :

ॐ गन्धद्वारान्दुराधर्षान्नित्यपुष्टाङ्करीषिणीम्।
ईश्वरीं सर्व्वभूतानां तामिहोपह्वये श्रियम्॥

(ङ) कर्मपात्रमा अक्षता हाल्ने मन्त्र :

ॐ अक्षन्नमीमदन्त ह्यवप्रियाऽअधूषत।
अस्तोषत स्वभानवो विप्रा नविष्ठया मती य्योजान्विन्द्र ते हरी॥

(च) कर्मपात्रमा जौ हाल्ने मन्त्र :

ॐ य्यवोसि य्यवयास्मद्द्वेषो य्यवयारातीर्दिवे त्वान्तरिक्षाय त्वा
पृथिव्यै त्वा शुन्धन्ताँल्लोकाः पितृषदनाः पितृषदनमसि॥

(छ) कर्मपात्रमा तिल हाल्ने मन्त्र :

ॐ तिलोऽसि सोमदैवत्यो गोसवो देवनिर्मितः।
प्रत्नमद्भिः पृक्तः स्वधया पितृँल्लोँकान् प्रिणाहि नः॥

(ज) कर्मपात्रमा फूल हाल्ने मन्त्र :

ॐ श्रीश्च ते लक्ष्मीश्चपत्क्न्यावहोरात्रे पाश्श्र्वे नक्क्षत्राणि रूपमश्श्विनौ व्यात्तम्॥ इष्णन्निषाणामुम्मऽइषाण सर्व्वलोकम्मऽइषाण॥

यति चिजहरू हालेपछि कर्मपात्र निर्माण भयो। अब कर्मपात्रबाट तीन टुक्रा कुश निकालेर निम्नानुसारको मन्त्र पढी वरिपरि सबैतिर र आफ्नो शिरतिर पनि सेचन गरी शुद्ध पार्नुहोस् :

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थाङ्गतोऽपि वा।

यः स्मरेत्पुण्डरीकाक्षं स बाह्याभ्यन्तरः शुचिः ॥

ॐ पुण्डरीकाक्षः पुनातु। ॐ पुण्डरीकाक्षः पुनातु। ॐ पुण्डरीकाक्षः पुनातु।

(४) वन्दना

अञ्जलि बाँधी निम्नानुसार पाठ गर्दै देवीदेवताको वन्दना गर्नू

ॐस्वस्तिनऽइन्द्रो व्वृद्धश्रवाः स्वस्तिनः पूषा व्विश्ववेदाः।
स्वस्तिनस्तार्क्ष्योऽअरिष्टनेमिः स्वस्तिनो बृहस्पतिर्दधातु ॥

विश्वानि देवसवितर्दुरितानि परासुव। यद्भद्रं तन्नऽआसुव ॥

ॐ भद्रङ्कर्णेभिःशृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः।

स्थिरैरङ्गैस्तुष्टुवाꣳसस्तनूभिर्व्यसेमहि देवहितंयदायुः ॥

ॐ गणानान्त्वा गणपति ꣳ हवामहे प्प्रियाणान्त्वा प्रियपति ꣳ हवामहे निधीनान्त्वा निधिपति ꣳ हवामहे व्वसोमम। आहमजानि गर्ब्भधमा त्त्वमजासि गर्ब्भधमम् ॥

ॐ सहस्रशीर्षापुरुषꣳसहस्राक्ष सहस्रपात्।

सभूमिꣳसर्वतस्पृत्त्वाऽत्यत्तिष्ठद्दशाङ्गुलम्।

ॐ अम्बेऽअम्बिकेम्बालिके न मानयति कश्चन। ससस्त्यश्वकः सुभद्रिकाङ्काम्पिलवासिनीम् ॥

ॐ श्रीमन्महागणाधिपतये नमः ।
ॐ श्रीलक्ष्मीनारायणाभ्यां नमः ।
ॐ उमामहेश्वराभ्यां नमः ।
ॐ वाणीहिरण्यगर्भाभ्यां नमः ।
ॐ शचीपुरन्दराभ्यां नमः ।
ॐ मातापितृचरणकमलेभ्यो नमः ।
ॐ इष्टदेवताभ्यो नमः ।
ॐ कुलदेवताभ्यो नमः ।
ॐ ग्रामदेवताभ्यो नमः ।
ॐ स्थानदेवताभ्यो नमः ।
ॐ वास्तुदेवताभ्यो नमः ।
ॐ सर्वेभ्यो देवेभ्यो नमः ।
ॐ सर्वाभ्यो देवीभ्यो नमः ।
ॐ सर्वेभ्यो ब्राह्मणेभ्यो नमः ।
ॐ सुमुखश्चैकदन्तश्च कपिलो गजकर्णकः ।
लम्बोदरश्च विकटो विघ्ननाशो विनायकः ॥
धूम्रकेतुर्गणाध्यक्षे भालचन्द्रो गजाननः ।
द्वादशैतानि नामानि यः पठेच्छृणुयादपि ॥
विद्यारम्भे विवाहे च प्रवेशे निर्गमे तथा ।
सङ्ग्रामे सङ्कटे चैव विघ्नस्तस्य न जायते ॥
शुक्लाम्बरधरं देवं शशिवर्णं चतुर्भुजम् ।
प्रसन्नवदनं ध्यायेत् सर्वविघ्नोपशान्तये ॥

अभीप्सितार्थसिद्ध्यर्थं पूजितो यः सुरासुरैः ।
सर्वविघ्नहरस्तस्मै गणाधिपतये नमः ॥
ध्यायेन्नित्यं महेशं रतजगिरिनिभं चारुचन्द्रावतंसं,
रत्नाकल्पोज्ज्वलाङ्ग परशुमृगवराभीतिहस्तं प्रसन्नम् ।
पद्मासीनं समन्तात् स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानं,
विश्वाद्यं विश्ववन्द्यं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम् ।
अष्टासु च दलेष्वेषुमातृकाष्टस्थितास्तथा ।
खड्गं त्रिशूलं चोर्ध्वञ्च अर्द्धे च वरमुत्पलम् ॥
चतुर्भुजा त्रिनेत्राचसर्वालङ्कारभूषिता ।
सुवर्णवद्विकासाभा स्वस्थानीजगदीश्वरी ॥

(५) सस्यूँ छर्ने

निम्नानुसारका मन्त्र पढेर पूजास्थल वरिपरि सस्युँ छर्नू :

ॐ अपसर्पन्तु ते भूता ये भूता भूमिमाश्रिताः ।
ये भूता विघ्नकर्तारस्ते नश्यन्तु शिवाज्ञया ॥
अपक्रामन्तु भूतानि पिशाचाः सर्वतो दिशम् ।
सर्वेषामविरोधेन पूजाकर्म समारभे ॥

(६) प्रायश्चित्त गोदान

(क) गाईको पूजा गर्ने : निम्नासुरारका मन्त्र पढी गाईको पूजा गर्ने। गाईको अभावमा दुनामा द्रव्य राखी गाई सम्झेर पूजा गर्ने :

ॐ नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च ।
नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः ॥
ॐ इरावती धेनुमतीहि भूतꣳसूयवसिनीमनवेदशस्या ।
व्यस्कब्भ्ना रोदसीव्विष्णवेतेदाधर्त्यपृथिवीमभितोमयूखैः स्वाहा ॥

(ख) ब्राह्मणको पूजा गर्ने : निम्नानुसारको मन्त्र पढी ब्राह्मणको पूजा गर्ने :

ॐ आकृष्णेन रजसा व्वर्तमानो निवेशयन्नमृतं मर्त्यञ्च ।
हिरण्ययेन सविता रथेन देवो याति भुवनानिपश्यन् ॥

(ग) सेचन गर्ने : निम्नानुसारका मन्त्र पाठ गरी गोदानको दुनाको कुश र जलले आफूलाई सेचन गर्ने :

ॐ मनो मे तर्प्पयत व्वाचं मे तर्प्पयत प्प्राणं मे तर्प्पयत चक्क्षुर्म्मे तर्प्पयत श्रोत्रं मे तर्प्पयतात्मानं मे तर्प्पयत प्प्रजां मे तर्प्पयत पशून्मेतर्प्पयत गणान्मे तर्प्पयत गणा मे मा व्वितृषन् ॥ (यति भनी कुश त्यहीँ छोडिदिने)

(घ) गोदान सङ्कल्प :कुश र जल लिएर निम्नानुसार सङ्कल्प गर्ने :

हरिः ॐ तत्सत् तत्सत् तत्सत् ॐ विष्णुः विष्णुः विष्णुः अद्येह श्रीमद्‌भगवतो महापुराणपुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकलजगतः सृष्टिकारिणो ब्रह्मणो द्वितीये परार्धे श्री श्वेतवराहकल्पे प्रह्लादाधिपत्ये मनो सप्तमे वैवस्वतमन्वन्तरे सत्यत्रेताद्वापरान्ते बौद्धावतारे अष्टाविंशतितमे कलियुगे तस्य प्रथमचरणे भूर्लोके जम्बूद्वीपे भारतवर्षे भरतखण्डे आर्यावर्ते गङ्गादेव्या उत्तरदिग्भागे हिमाचलस्य दक्षिणपार्श्वे नेपालदेशे पाशुपतक्षेत्रे पशुपते गुह्यकाल्यश्च (अमुक) दिग्भागे(अमुक) नगरे, ग्रामे वा इह पुण्यभूमौ षष्टिसंवत्सराणां मध्ये (अमुक) नाम्नि संवत्सरेश्रीसूर्ये (अमुक) अयने (अमुक) ऋतौ (अमुक) मासे (अमुक) पक्षे (अमुक) तिथौ (अमुक) वासरे (अमुक) राशिस्थिते श्रीसूर्ये (अमुक) राशिस्थिते देवगुरौ (अमुक) राशिस्थिते चन्द्रमसि अन्येषु शेषेषु ग्रहेषु यथायथा स्थानस्थितेषु सत्सु एवं ग्रहगणविशेषेण विशिष्टान्वितायां शुभपुण्यतिथौ अद्येह ..... गोत्रस्य ..... प्रवरस्य ..... मम अस्मिन् श्रीस्वस्थानी व्रतकर्मणि कायिक–

वाचिक-मानसिक-सांसर्गिक-चतुर्विध-पापक्षयपूर्वकं आध्यात्मिक-आधिदैविक-आधिभौतिक-त्रिविधतापोपशान्ति-सकलदुःखाशेष-निवृत्तिपूर्वकं सर्वविधकल्याणार्थंपूर्वदिने भक्ष्याभक्ष्य- स्पृश्यास्पृश्य-चोष्याचोष्यादि- सलकलप्रत्यवायपरिहारपूर्वकं कर्माधिकारार्थं देहशुद्ध्यर्थञ्च इमां गां तत्प्रत्याम्नायीभूतं व्यवहारोपकल्पितं द्रव्यं लोष्टादिकं वा रुद्रदैवतं अमुक गोत्राय अमुकशर्मणे ब्राह्मणाय प्रायश्चित्तगोदानत्वेन तुभ्यमहं सम्प्रददे। (ब्राह्मणश्च ॐ स्वस्तीत्युक्त्वा)

(ङ) गाईको प्रार्थना : फूल अक्षता लिएर निम्नानुसाका मन्त्र पढी गाईको प्रार्थना गर्ने :

ॐ कपिले सर्वदेवानां पूजनीयासि रोहिणी।
तीर्थदेवमयी यस्मात् तस्माच्छान्तिं प्रयच्छ मे ॥
गावो ममाग्रतः सन्तु गावो मे सन्तु पृष्ठतः।
गावो मे हृदये सन्तु गवां मध्ये वसाम्यहम् ॥
पूजितासि वशिष्ठेन विश्वामित्रेण धीमता।
सुरभि हर मे पापं यन्मया दुष्कृत कृतम् ॥

(च) द्रव्यपूजा : निम्नानुसारका मन्त्र पढी रुपैयाँलाई पूजा गर्ने :

ॐ स्वर्ण्णधर्म्मः स्वाहा। स्वर्ण्णार्क्कः स्वाहा। स्वर्ण्णशुक्रः स्वाहा। स्वर्ण्णज्योतिः स्वाहा। स्वर्ण्णसूर्य्यः स्वाहा। (अब 'दानप्रतिष्ठाद्रव्याय नमः' भनी पूजा गर्ने)।

(छ) हातमा लिने :निम्नानुसारका मन्त्र पढी तिल, जल, कुश र द्रव्य हातमा लिनेः

ॐ अद्य कृतैतत् सर्वप्रायश्चित्तनिमित्तकगोदानकर्मणः (गोप्रत्याम्नायीभूत- द्रव्यदानकर्मणः) प्रतिष्ठासिद्ध्यर्थं इदं

दानप्रतिष्ठाद्रव्यं रौप्यखण्डं चन्द्रदैवतं सुपूजिताय अमुकगोत्राय अमुकशर्मणे ब्राह्मणाय दानप्रतिष्ठात्वेन तुभ्यमहं संप्रददे ।

(ज) जलले प्रदक्षिणा गर्ने : निम्नानुसारका मन्त्र पढी जलले प्रदक्षिणा गर्ने :

ॐ यानि कानि च पापानि जन्मान्तरकृतानि च ।
तानि सर्वाणि नश्यन्तु प्रदक्षिणं पदे पदे ॥

(यति मन्त्र पढी दुनासहित सबै सामग्री केही पर सार्ने)

(झ) अभिषेक गर्ने : ब्राह्मणले निम्नानुसारका मन्त्र पढी व्रत गर्नेलाई अभिषेक गर्नेः

ॐ पुनन्तु मा देवजनाः पुनन्तु मनसा धियः ।
पुनन्तु विश्वा भूतानि जातवेदः पुनीहि मा । इति ।

ॐ द्यौः शान्तिरन्तरिक्षꣳशान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः । वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्मशान्तिः सर्वꣳशान्तिः शान्तिरेवशान्तिः सामा शान्तिरेधि ।

(७) प्रतिज्ञा सङ्कल्प

हातमा कुश र पूजा सामग्री लिएर प्रतिज्ञा सङ्कल्प गर्ने :

हरिः ॐ तत्सत् तत्सत् तत्सत् ॐ विष्णुः विष्णुः विष्णुः अद्येह श्रीमद्‌भगवतो महापुराणपुरुषस्य विष्णेराज्ञया प्रवर्तमानस्य सकलजगतः सृष्टिकारिणो ब्रह्मणो द्वितीये परार्धे श्री श्वेतवाराहकल्पे प्रह्लादाधिपत्ये मनो सप्तमे वैवस्वतमन्वन्तरे सत्यत्रेताद्वापरान्ते बौद्धावतारे अष्टाविंशतितमे कलियुगे तस्य प्रथमचरणे भूर्लोके जम्बूद्वीपे भारतवर्षे भरतखण्डे आर्यावर्ते गङ्गादेव्या उत्तरदिग्भागे हिमाचलस्य दक्षिणपार्श्वे नेपालदेशे पाशुपतक्षेत्रे पशुपते गुह्यकाल्याश्च (अमुक) दिग्भागे (अमुक) नगरे, ग्रामे वा इह पुण्यभूमौ षष्टिसंवत्सराणां मध्ये (अमुक) नाम्नि संवत्सरे श्रीसूर्ये (अमुक) अयने (अमुक) ऋतौ (अमुक) मासे (अमुक) पक्षे (अमुक) तिथौ (अमुक) वासरे (अमुक) राशिस्थिते श्रीसूर्ये (अमुक) राशिस्थिते

देवगुरौ (अमुक) राशिस्थिते चन्द्रमसि अन्येषु शेषेषु ग्रहेषु यथायथा स्थानस्थितेषु सत्सु एवं ग्रहगणविशेषेण विशिष्टान्वितायां शुभपुण्यतिथौ अद्येह ..... गोत्रा ..... नाम्नी देव्याहं मम कायिक- वाचिक- मानसिक- सांसर्गिक- ज्ञाताज्ञात - सकलपापक्षयपूर्वकं श्रुतिस्मृतिपुराणागमोक्तफलवाप्तये आध्यात्मिकाधिदैविकाधिभौतिकत्रिविधतापोपशमनार्थं दुःखदारिद्र्य- दुःस्वप्नदुर्ग्रह- दुरितोपशमनपूर्वकम्, आधिव्याधि- भयशोकादिविघ्नोपसर्गादि- जनितपीडानिवृत्यर्थं श्रीस्वस्थानीदेव्या अनुकम्पया पुत्रपौत्र- धनधान्यायुरारोग्यादि- नानाविधसुखसौभाग्यसमृद्ध्यर्थं श्रीसदाशिवसायुज्यमुक्तिपद- प्राप्त्यर्थञ्च दीपकलशगणेशपूजनपूर्वकं सदाशिवसहितायाः श्रीस्वस्थानीदेव्या यथालब्धोपचारैः पूजनमहं करिष्ये। इति।

(८) अर्घस्थापन

व्रतकर्ताले आफ्नो दक्षिणतर्फ रेखी हाल्ने पिठोले त्रिकोण वा षट्कोण बनाएर त्रिकुटी राखेर त्यसमाथि अर्घपात्र राख्नू। अर्घपात्रमा जल, दुध, दही, कुशका टुक्रा, अक्षता, जौ, तिल र सस्यूँगरी आठ चिजहरू हाल्नुपर्छ। त्यसैगरी केरा र दुबोसमेत राखेर अर्घ्य तयार गर्नुपर्छ। अर्घ्यमा निम्नानुसारको मन्त्र पढी गङ्गादि तीर्थहरूको आह्वान गर्नू :

ॐ गङ्गे च यमुने चैव गोदावरी सरस्वती।
नर्मदे सिन्धो कावेरि जलेऽमिन् सन्निधिं कुरु॥

निम्नानुसारका मन्त्र पढी अर्घ्यको पूजा गर्नू :

ॐ द्वादशकलात्मने सूर्यमण्डलाय नमः, ॐ षोडशकलात्मने सोममण्डलाय नमः, ॐ दशकलात्मने वह्निमण्डलाय नमः।

यति मन्त्रद्वारा अर्घ्यको पूजा गरी मत्स्यमुद्रा, धेनुमुद्रा आदि देखाउने र अर्घ्यको जलले आफूलाई सेचन गर्ने।

निम्नानुसारको मन्त्र पढी सूर्यलाई अर्घ्य दिनू :

ॐ एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते ।
अनुकम्पय मां भक्त्या गृहाणार्घ्यं दिवाकर ॥

इदमर्घ्यं समर्पयामि, जगत्साक्षिणे श्रीसूर्यनारायणाय नमः। इत्यर्घ्यं दत्वा पुनरर्घ्यं संस्थाप्य यथाविधि पूजयेत् ।

(९) दीपपूजा

दियो बाल्ने मन्त्र :

ॐ पृष्टो दिवि पृष्टोऽअग्निः पृथिव्यां पृष्टो विश्वाऽओषधीराविवेश ।
वैश्वानरः सहसा पृष्टोऽअग्निः स नो दिवा सरिषस्पातु नक्तम् ॥

दीपको आवाहन गर्ने :

भो दीपनारायण! इहागच्छ, इहतिष्ठ, मम पूजां गृहाण। यावत्कर्म करोमि तावत्त्वं सुस्थिरो भव, वरदो भव ।

दीपपूजा गर्ने मन्त्र :

ॐ नमोऽस्त्वनन्ताय सहस्रमूर्तये सहस्रपादाक्षिशिरोरुबाहवे ।
सहस्रनाम्ने पुरुषाय शाश्वते सहस्रकोटीयुगधारिणे नमः ॥
ॐ कर्मसाक्षिणे दीपनारायणाय नमः ।

इति पाद्यादिभिरुपचारैः सम्पूज्य प्रार्थयेत् –

ॐ नमः कमलनाभाय नमस्ते जलशायिने ।
नमस्ते केशवानन्त वासुदेव नमोऽस्तु ते ॥
वासनाद् वासुदेवस्य वासितं भुनत्रयम् ।
सर्वभूतनिवासोऽसि वासुदेव नमोऽस्तु ते ॥
शुभं भवतु कल्याणमारोग्यं सुखसम्पदः ।
सर्वशत्रुविनाशाय दीपज्योतिर्नमोऽस्तु ते ॥

(१०) कलशपूजा

(क) भूमिशोधन :

पूजास्थलको ईशान कोणमा धानमाथि तामाको कलश स्थापना गरी निम्नलिखित मन्त्र पढ्दै भूमिमा छुने :

ॐ भूरसि भूमिरस्यदितिरसि विश्वधाया विश्वस्य भुवनस्य धर्त्री। पृथिवीं यच्छ

पृथिवीन्दृꣳ ह पृथिवीं मा हिꣳसीः ॥

(ख) धानमा छुने मन्त्र :

ॐ धान्यमसि धिनुहि देवान् प्राणायत्वोदानाय त्वा व्यानाय त्वा ।

दीर्घामनु प्रसितिमायुषे धान्देवो वः सविता हिरण्यपाणिः प्रति गृभ्णात्वच्छिद्रेण पाणिना चक्षुषे त्वा महीनां पयोऽसि ॥

(ग) कलशमा छुने मन्त्र :

ॐ आजिघ्र कलशम्मह्या त्त्वा विशन्त्विन्दवः ।

पूनरूर्ज्जा निवर्तस्व सा नः सहस्रन्धुक्क्ष्वोरुधारा पयस्वती पुनर्म्माविशताद्रयिः ॥

(घ) कलशमा तीर्थको जल हाल्ने मन्त्र :

ॐ इमम्मे वरुणश्श्रुधी हवमद्या च मृडय ।

त्वामवस्युराचके ॥

(ङ) कलशमा सर्वौषधी राख्ने मन्त्र :

ॐ याऽओषधीः पूर्वा जाता देवेभ्यस्त्रियुगम्पुरा ।

मनैनु बब्भ्रुणामहꣳ शतं धामानि सप्तच ॥

(च) कलशमा पञ्चरत्न हाल्ने मन्त्र :

ॐ हिरण्यगर्भः समवर्तताग्रे भूतस्यजातः पतिरेकऽआसीत्।
सदाधार पृथिवीं द्यामुते माङ्कस्मै देवाय हविषा विधेम।

(छ) कलशमा फल हाल्ने मन्त्र :

ॐ याः फलीनीर्याऽअफलाऽअपुष्पा याश्च पुष्पिणीः।
बृहस्पतिप्रसूतास्ता नो मुञ्चन्त्वꣳहसः।

(ज) कलशमा जौ हाल्ने मन्त्र :

ॐ यवोऽसि यवयास्मद्द्वेषो यवयारातीर्दिवेत्वान्तरिक्षाय त्वा
पृथिव्यै त्वा शुन्धन्ताँल्लोकाः पितृषदनाः पितृषदनमसि॥

(झ) कलशमा चन्दन हाल्ने मन्त्र :

ॐ गन्धद्वारां दुराधर्षां नित्यपुष्टां करीषिणीम्।
ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम्।

(ञ) कलशमा दुबो हाल्ने मन्त्र :

काण्डात् काण्डात्प्ररोहन्ती परुषः परुषस्परि।
एवानो दूर्वे प्रतनु सहस्रेण शतेन च॥

(ट) सात ठाउँको माटो हाल्ने मन्त्र :

ॐ स्योना पृथिवि नो भवा नृक्षरा निवेशनी।
यच्छा नः शर्म सप्रथाः।

(ठ) पञ्चपल्लव हाल्ने मन्त्र :

ॐ अश्वत्थे वो निषदनं पर्णे वो वसतिष्कृता।
गोभाजऽइत्किलासथ यत्सनवथ पूरुषम्॥

(ड) दुईओटा वस्त्रले कलशलाई बेर्ने मन्त्र :

ॐ बृहस्पतेऽति यदर्योऽअर्हाद्द्युमद्विभाति क्रतुमज्जनेषु ।

यद्दीदयच्छवसऽऋतप्रजात तदस्मासुद्रविणं धेहि चित्रम् ॥

उपयामगृहीतोसि बृहस्पते त्वैषते योनिर्बृहस्पतये त्वा ।

(ढ) आँप, चाँप र पीपलका पात हाल्ने मन्त्र :

ॐ अम्बेऽम्बिकेम्बालिके न मानयति कश्चन ।
ससस्त्यश्वकः सुभद्रिकाङ्काम्पीलवासिनीम् ॥

(ण) वरुणको आवाहन गरी पूजा गर्ने मन्त्र :

ॐ तत्त्वायामि ब्रह्मणा वन्दमानस्तदाशास्ते यजमानो हविर्भिः ।

अहेडमानो वरुणेह बोद्ध्युरुशꣳ समानऽआयुः प्रमोषीः ॥

भो वरुण! इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण। यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव, सुप्रसन्नो भव, सुवरदो भव ।

(त) कलशमा तीर्थहरूको आवाहन गर्ने मन्त्र :

सर्वे समुद्राः सरितस्तीर्थानि जलदा नदाः ।
आयान्तु यजमानस्य दुरितक्षयकारकाः ॥

(थ) कलशको मुखदेखि पिँधसम्म छुने मन्त्र :

ॐ कलशस्य मुखे विष्णुः कण्ठे रुद्रः समाश्रितः ।
मूले त्वस्य स्थितो ब्रह्मा मध्ये मातृगणाः स्मृताः ॥
कुक्षौ तु सागराः सप्त सप्तद्वीपा वसुन्धरा ।
ऋग्वेदोऽथ यजुर्वेदः सामवेदोऽप्यथर्वणः ॥
अङ्गैश्च सहिताः सर्वे कलशं तु समाश्रिताः ।

(द) कलशको प्रार्थना गर्ने मन्त्रः

ॐ देवदानवसंवादे मथ्यमाने महोदधौ।
उत्पन्नोऽसि तदा कुम्भ विधृतो विष्णुना स्वयम्॥
त्वत्तोये सर्वतीर्थानि देवाः सर्वे त्वयि स्थिताः।
त्वयि तिष्ठन्ति भूतानि त्वयि प्राणाः प्रतिष्ठताः॥
शिवः स्वयं त्वमेवासि विष्णुस्त्वं च प्रजापतिः।
आदित्या वसवो रुद्राः विश्वेदेवाः सपैतृकाः॥
त्वयि तिष्ठन्ति सर्वेऽपि यतः कामफलप्रदाः।
त्वत्प्रसादादिमं यज्ञं कर्तुमीहे जलोद्भव॥
सान्निध्यं कुरु देवेश प्रसन्नो भव सर्वदा।

(११) गणेशपूजा

(क) पीठपूजा :

ॐ तीव्रायै नमः	ॐ ज्वालिन्यै नमः	ॐ नन्दायै नमः
ॐ भोगदायै नमः	ॐ कामरूपिण्यै नमः	ॐ सत्यायै नमः
ॐ उग्रायै नमः	ॐ तेजोवत्यै नमः	ॐविघ्नविनाशिन्यै नमः
ॐ सर्वशक्तिकमलासनायै नमः		

(ख) गणेशको आवाहन गर्ने मन्त्र :

ॐ गणानान्त्वा गणपतिꣳ हवामहे प्प्रियाणान्त्वा प्रियपति ꣳ हवामहे निधीनान्त्वा निधिपति ꣳ हवामहे व्वसोमम। आहमजानि गर्ब्भधमा त्त्वमजासि गर्ब्भधमम्॥

ॐ सहस्रशीर्षापुरुषꣳ सहस्राक्ष सहस्रपात्।
सभूमिꣳसर्वतस्पृत्त्वाऽत्त्यत्तिष्ठद्दशाङ्गुलम्।

ॐ भूर्भुवः स्वः सिद्धिबुद्धिसहित साङ्ग सायुध सवाहन सपरिवार श्रीमन् महागणाधिपते! इहागच्छ इह तिष्ठ मम पूजां गृहाण यावत्पूजां करोमि तावत्त्वं सुस्थिरो भव। सुवरदो भव।

ॐ नमः सिद्धिबुद्धिसहिताय साङ्गाय सायुधाय सवाहनाय सपरिवाराय श्रीमते महागणाधिपतये आवाहनम्, इदमासनम्, पाद्यम्, अर्घ्यम्, आचमनीयम्, पञ्चामृतम् स्नानीयम्, पुनराचमनीयम्, वस्त्रम्, यज्ञोपवीतम्, चन्दनम्, अक्षतान्, पुष्पाणि, दूर्वाङ्कुराणि, धूपम्, दीपम्, नैवेद्यम्, पूगीफलम्, फलम्, दक्षिणाम्, पादवन्दनम्, प्रदक्षिणा, नमस्कारञ्च समर्पयामि।

(ग) नाममात्रले पूजा गर्ने :

ॐ गणपतये नमः	ॐ विघ्नराजाय नमः	ॐ हेरम्बाय नमः
ॐ सिद्धिविनायकाय नमः	ॐ एकदन्ताय नमः	ॐ मूषकवाहनाय नमः
ॐ गजवक्त्राय नमः	ॐ परशुहस्ताय नमः	ॐ पार्वतीनन्दनाय नमः

त्यसैगरी नेपालमण्डलका प्रसिद्ध विनायकका नाममन्त्रले पूजा गर्ने

ॐ जलविनायकाय नमः	ॐ अशोकविनायकाय नमः
ॐ कार्यविनायकाय नमः	ॐ सूर्यविनायकाय नमः
ॐ चन्द्रविनायकाय नमः	ॐ रक्तविनायकाय नमः
ॐ सिद्धिविनायकाय नमः	ॐ कमलविनायकाय नमः
ॐ कमलादिविनायकाय नमः	ॐ सोह्रहातेविनायकाय नमः

(घ) गणेशको स्तुति :हातमा अर्घ्यसहित फल र रातो फूल लिएर स्तुति गर्ने :

ॐ रक्ष रक्ष गणाध्यक्ष रक्ष त्रैलोक्यरक्षक।
भक्तनामभयं कर्ता त्राता भव भवार्णवात्॥

द्वैमातुर कृपासिन्धो षाण्मातुराग्रज प्रभो ॥
वरदस्त्वं वरं देहि वाञ्छितं वाञ्छितार्थद ।
अनेन फलदानेन सफलोऽस्तु सदा मम ॥
ॐ विघ्नेश्वराय वरदाय सुरप्रियाय लम्बोदराय सकलाय जगद्धिताय ।
नागाननाय श्रुतियज्ञ विभूषिताय गौरीसुताय गणनाथ नमो नमस्ते ॥
अविरलमदजलनिवहं भ्रमरकुलानेकसेवितकपोलम् ।
अभिमतफलदातारं कामेशं गणपतिं वन्दे ॥
वक्रतुण्ड महाकाय कोटिसूर्यसमप्रभ ।
अविघ्नं कुरु मे देव सर्वकार्येषु सर्वदा ॥

यसरी स्तुति गर्दै अर्घ्यसहित फल अर्पण गर्ने ।

(१२) प्रधानदेवताको पूजा

(क) न्यास

ॐ देवीवरकामिन्यै नमः, हृदयाय नमः । ॐ मित्रबन्धनमदनायै नमः, शिरसे स्वाहा। ॐ त्रैलोक्यचिन्तामण्यै नमः, शिखायै वौषट्। ॐ दिगम्बरधरणीधारिण्यै नमः, कवचाय हुम्। ॐ चण्डमुण्डप्रमथिन्यै नमः, नेत्रत्रयाय वौषट्। ॐ स्वस्थान्यै नमः, अस्त्राय फट्।

(ख) प्राणप्रतिष्ठा

ॐ एतन्ते देव सवितर्यज्ञं प्राहुर्बृहस्पतये ब्रह्मणे तेन यज्ञमव तेन यज्ञपतिन्तेन मामव ॥

ॐ मनोजूतिर्जुषतामाज्यस्य बृहस्पतिर्यज्ञमिमन्तनोत्वरिष्टँ यज्ञꣳसमिमन्दधातु ।

विश्वे देवासऽइह मादयन्तामोँ३ प्रतिष्ठ ॥

ॐ सदाशिवसहितायाः श्रीस्वस्थानीदेव्याः जीवप्राणेन्द्रियाणि इहागत्य यथासुखं चिरं तिष्ठन्तु स्वाहा। इति प्राणान् प्रतिष्ठाप्य।

(ग) ध्यान

ॐ सुवर्णवर्णदीप्ताभां त्रिनेत्रां कमलासनाम्।
सिंहासनसमासीनां सर्वालङ्कारभूषिताम्॥
नीलोत्पलाभयां वामे च दक्षिणे वरदाभयाम्।
खड्गचर्मधरां चोर्ध्वं वामदक्षिणयोः क्रमात्॥
चतुर्भुजां च मां तत्र पूजयेद् वृषकेतनम्।
एवं ध्यायेन्महादेवीं स्वस्थानीं जगदीश्वरीम्॥
ध्यानं समर्पयामि, सदाशिवसहितायै श्रीस्वस्थानीदेव्यै नमः।

(घ) आवाहन

ॐ सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात्।
सभूमिꣳसर्वतस्पृत्वाऽत्यतिष्ठद्दशाङ्गुलम्॥

ॐ भूर्भुवः स्वः सदाशिवसहिते श्रीस्वस्थानीदेवि इहागच्छ, इह तिष्ठ, मम पूजां गृहाण, यावत्पूजां करोमि, तावत्वं सुस्थिरा भव, सुप्रसन्ना भव, सुवरदा भव। इत्यावाह्य

(ङ) आसन

ॐ पुरुषऽएवेदꣳसर्व्वँय्यद्द्भूतँय्यच्चभाव्व्यम्॥
उतामृतत्त्वस्येशानोय्यदन्नेनातिरोहति॥
ॐ नानारत्नसमायुक्तं कार्तस्वरविभूषितम्।
आसनं च मया दत्तं गृहाण परमेश्वरि॥
आसनं समर्पयामि, सदाशिवसहितायै श्रीस्वस्थानीदेव्यै नमः।

(च) पाद्य जल

ॐ एतावानस्यमहिमातोज्जायाँश्च्चपूरुषꣳ ।
पादोस्यव्विश्श्वाभूतानित्त्रिपादस्यामृतन्दिवि ॥
ॐ गङ्गादिसर्वतीर्थेभ्य मया प्रार्थनयाऽऽहृतम् ।
तोयमेतत्सुखस्पर्शं पाद्यं मे प्रतिगृह्यताम् ।
पादयोः पाद्यं समर्पयामि, सदाशिवसहितायै श्रीस्वस्थानीदेव्यै नमः ।

(छ) अर्घ्य

ॐ त्रिपादूद्ध्वर्ऽउदैत्पुरुषः पादोस्येहाभवत्पुनः ॥
ततोव्विष्ष्वङ्व्व्यक्क्रामत्साशनानशनेऽअभि ॥
ॐ व्रतमुद्दिश्य देवेशि गन्धपुष्पाक्षतैर्यतम् ।
गृहाणर्घ्यं मया दत्तं सर्वसिद्धिप्रदा भव ॥
हस्तयोरर्घ्यं समर्पयामि, सदाशिवसहितायै श्रीस्वस्थानीदेव्यै नमः ।

(ज) स्नान

ॐ ततोव्विराडजायतव्विराजोऽअधिपूरुषꣳ ॥
सजातोऽअत्त्यरिच्च्यतपश्च्चाद्द्भूमिमथोपुर ॥
ॐ हिममिक्षुसरोजातं निर्मलञ्च हिमोपमम् ।
स्नानं समर्पितं पूर्वं लक्ष्मि तुभ्यं नमोनमः ॥
स्नानीयं समर्पयामि, सदाशिवसहितायै श्रीस्वस्थानीदेव्यै नमः ।

(झ) पञ्चामृत

ॐ पञ्चनद्यः सरस्वतीमपियन्ति सस्रोतसः सरस्वती तु पञ्चधा सोऽदेशेऽभवत्सरित् ॥
ॐ पयोदधिघृतं देवि शर्करामधुसंयुतम् ।

पञ्चामृतं मया दत्तं स्नानार्थं प्रतिगृह्यताम् ।

पञ्चामृतं समर्पयामि, सदाशिवसहितायै श्रीस्वस्थानीदेव्यै नमः ।

(ञ) शुद्ध जल

ॐ आपोऽअस्मान्मातरः शुन्धयन्तु घृतेन तो घृतप्वः पुनन्तु ।

विश्वꣳहि रिप्रं प्रवहन्ति देवीरुदिदाभ्यः शुचिरापूतऽएमि ॥

शुद्धोदकस्नानं समर्पयामि, सदाशिवसहितायै श्रीस्वस्थानीदेव्यै नमः ।

(ट) वस्त्र

ॐ तस्माद्यज्ञात्सर्व्वहुतऽऋचꣳसामानिजज्ञिरे ॥

छन्दाꣳसिजज्ञिरेतस्माद्यजुस्तस्मादजायत ॥

ॐ दुकूलपट्टदेवाङ्ग नानावस्त्रसुशोभितम् ।
समर्पये महेशानि भुक्तिं मुक्तिं च देहि मे ॥
वस्त्रं समर्पयामि, सदाशिवसहितायै श्रीस्वस्थानीदेव्यै नमः ।

(ठ) यज्ञोपवीत

ॐ तस्माद्यज्ञात्सर्व्वहुतऽऋचꣳसामानिजज्ञिरे ॥

छन्दाꣳसिजज्ञिरेतस्माद्यजुस्तस्मादजायत ॥

ॐ अष्टचत्त्वारिंशदाख्यं द्विजसंस्कारमुत्तमम् ।
नागसूत्रयुतं पूर्णं ब्रह्मसूत्रं प्रगृह्यताम् ॥
यज्ञोपवीतं समर्पयामि, सदाशिवसहितायै श्रीस्वस्थानीदेव्यै नमः ।

(ङ) आभूषण

ॐ दिव्यरत्नसमायुक्ताः वह्निभानुसमप्रभाः ।
गात्राणि शोभयिष्यन्ति ह्यलङ्काराः सुरेश्वरि ॥
सीमन्तशोभनं दिव्यं भर्तुरायुर्विवर्धनम् ।
गृहाण देवि सौभाग्यप्रवर्धनपरा भव ॥

आभूषणानि समर्पयामि, सदाशिवसहितायै श्रीस्वस्थानीदेव्यै नमः ।

भूमिमा धान राखेर त्यसमाथि कलश राखी यथाविधि पूजा गर्ने । कलशमाथि थाली राखी त्यसमा पूर्वादि दिशाबाट क्रमशः इन्द्रादि दशदिक्पालको पूजा गर्ने । यसमा 'भो इन्द्र! इहागच्छ, इह तिष्ठ' भनेर आवाहनादिक्रमले पूजा गर्नू ।

(१३) आवरणपूजा

ॐ नन्दिन्यै नमः	ॐ गुरुभ्यो नमः	ॐ क्षेत्रपालाय नमः
ॐ नन्दिने नमः	ॐ महाकालाय नमः	ॐ भृङ्गिणे नमः
ॐ वृषाय नमः	ॐ चण्डिकायै नमः	ॐ सदाशिवाय नमः
ॐ स्वस्थानीदेव्यै नमः	ॐ विष्णवे नमः	ॐ उग्राय नमः
ॐ अपर्णासहिताय नमः	ॐ कपर्दिने नमः	ॐ भवानीसहिताय नमः
ॐ शङ्करायेन्द्रसहिताय नमः	ॐ व्योमकेशाय नमः	ॐ उग्रसहिताय नमः
ॐ षड्रसे मङ्गलसहिताय नमः	ॐ भवाय नमः	ॐ कृत्तिवाससे नमः
ॐ भवाय तोयान्नसहिताय नमः	ॐ भूतेशानमदनवासिनी–सहिताय नमः	ॐ चन्द्रशेखराय नमः
ॐ सतीदेवीसहिताय नमः	ॐ सुभद्रासहिताय नमः	ॐ महेश्वराय नमः
ॐ स्वस्थानीदेवीसहिताय नमः	ॐ सर्वव्यापिन्यै नमः	

(१४) बलिपूजा

ॐ गणपतये नमः	ॐ वटुकाय नमः	ॐ योगिनीभ्यो नमः
ॐ असिताङ्गभैरवाय नमः	ॐ उन्मत्तभैरवाय नमः	ॐ कपालभैरवाय नमः
ॐ भीमभैरवाय नमः	ॐ स्वस्थानीक्षेत्रपालाय नमः	ॐ सर्वभूतेभ्यो नमः
ॐ त्रैलोक्यचिन्तामण्यै नमः	ॐ चण्डमुण्डप्रमथिन्यै नमः	ॐ जयायै नमः
ॐ अजितायै नमः	ॐ स्वस्थानीदेव्यै नमः	ॐ सदाशिवाय नमः
ॐ वशिष्ठादिसप्तऋषिभ्यो नमः	ॐ आदित्यादिनवग्रहेभ्यो नमः	ॐ मार्कण्डेयाद्यष्टचिरञ्जीविभ्यो नमः
ॐ विष्कम्भादिसप्तविंशतियोगेभ्यो नमः	ॐ मेषादिद्वादशराशिभ्यो नमः	ॐ ब्रह्मणे नमः
ॐ गोमाब्राह्मण्यै नमः	ॐ शिवभट्टाय नमः	ॐ नवराजाय नमः
ॐ पापिन्यै नमः		

(१५) अष्टमातृकापूजा

ॐ ब्राह्म्यै नमः	ॐ माहेश्वर्यै नमः	ॐ कौमार्यै नमः
ॐ वैष्णव्यै नमः	ॐ वाराह्यै नमः	ॐ इन्द्राण्यै नमः
ॐ चामुण्डायै नमः	ॐ महालक्ष्म्यै नमः	

इत्यावाहनादिक्रमेण पूजयेत्।

(क) चन्दनम्

ॐ तँय्यज्ज्ञम्बर्हिषिप्प्रौक्क्षन्न्पुरुषञ्जातऽमग्ग्रत ॥
तेनदेवाऽअयजन्तसाद्ध्याऽऋषयश्च्चये ॥
ॐ श्रीखण्डं चन्दनं दिव्यं सर्वारम्भसुमङ्गलम्।
प्रियं हि सर्वदेवानां चन्दनं प्रतिगृह्यताम्॥
चन्दनं समर्पयामि।

(ख) सिन्दूरादिसौभाग्यद्रव्यम्

ॐ उद्यदादित्यसङ्काशं स्त्रीणां सीमन्तभूषणम् ।
वीरालङ्करणं देवि सिन्दूरं प्रतिगृह्यताम् ॥
सिन्दूरादिसौभाग्यद्रव्याणि समर्पयामि ।

(ग) पुष्प

ॐ यत्पुरुषंव्व्यदधुः कतिधाव्व्यकल्प्पयन् ॥
मुखङ्किमस्यासीत्त्किम्बाहूकिमूरूपादाऽउच्च्यते ॥
ॐ श्रीश्च ते लक्ष्मीश्चपत्क्न्यावहोरात्रे पाश्श्र्वे नक्क्षत्राणि रूपमश्श्विनौ व्यात्तम् ॥ इष्णन्निषाणामुम्मऽइषाण सर्व्वलोकम्मऽइषाण ॥
ॐ उद्यानोद्भवपुष्पाणि मालत्यादीनि चेश्वरी ।
मया नीतानि पूजार्थं शङ्करि प्रतिगृह्यताम् ॥
पुष्पाणि समर्पयामि ।

(घ) फूलको माला

ॐ उद्यानोद्भवपुष्पाणि सुगन्धीनि तथैव च ।
ग्रथितानि प्रतीच्छ त्वं स्वस्थानि परमेश्वरि ॥
कालोचितं यथा पुष्पं पञ्चवर्णे सुगन्धिभिः ।
विचित्रग्रथितं माल्यं गृहाण परमेश्वरि ॥
पुष्पमालां समर्पयामि ।

(ङ) कमलको फूल

ॐ पद्मं च सरसो जातं लक्ष्मीवासगृहं शुभम् ।
गृहाण जगदीशानि! स्वस्थानि! त्वं प्रसीद मे ॥
पद्मानि समर्पयामि ।

(च) बेलपत्र

ॐ त्रिदलं त्रिगुणाकारं त्रिनेत्रं च त्रिधायुधम् ।
त्रिजन्मपापसंहारं बिल्वपत्रं शिवार्पणम् ॥
बिल्वपत्रं समर्पयामि ।

(छ) दूर्वाक्षता

ॐ दूर्वाक्षतं समानीतमष्टोत्तरशतं शुभम् ।
गृहाण परमेशानि भुक्तिमुक्तिफलप्रदे ॥
दूर्वाक्षतान् समर्पयामि ।

(ज) सूत्र

ॐ नवतन्तुसमायुक्तं कार्पासं सूत्रमुत्तमम् ।
सर्वपापविनाशाय स्वस्थान्यै तन्निवेदये ॥
सूत्राणि समर्पयामि ।

(झ) धूप

ॐ ब्राह्म्मणोऽस्य मुखमासीद्द्बाहूराजन्य÷कृत ।
ऊरूतदस्ययद्वैश्श्य÷पद्भ्याꣳशूद्रोऽअजायत ॥
ॐ वनस्पतिरसोत्पन्नो नानागन्धेन संयुतः ।
आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम् ॥
धूपं समर्पयामि ।

(ञ) दीप

ॐ चन्द्रमामनसोजातश्च्चक्षोᳵसूर्योऽअजायत ॥
श्रोत्त्राद्द्वायुश्च्चप्प्राणश्च्चमुखादग्निरजायत ॥

ॐ आज्यं च वर्तिसंयुक्तं वह्निना योजितं मया ।
दीपं गृहाण देवेशि सर्वत्र तिमिरापहम् ॥
दीपं समर्पयामि ।

(ट) नैवेद्य

ॐ नाब्भ्याऽआसीदन्तरिक्षꣳशीर्ष्ष्णोद्द्यौ समवर्त्तत ॥
पद्द्भ्याम्भूमिर्द्दिशꣳ श्रोत्त्रात्तथालोकाँ २॥ ऽअकल्प्पयन् ॥
ॐ घृतपक्वं हविष्यान्नं पायसं च सशर्करम् ।
नानाविधञ्च नैवेद्यं गृह्यतां परमेश्वरि ॥
नैवेद्यं समर्पयामि ।

(ठ) आचमन

ॐ यत्पुरुषंव्व्यदधुꣳ कतिधाव्व्यकल्प्पयन् ॥
मखङ्किमस्यासीत्त्किम्बाहूकिमूरूपादाऽउच्यते ॥
ॐ उच्छिष्टोऽप्यशुचिर्वापि यस्य स्मरणमात्रतः ।
शुद्धिमाप्नोति तस्यै ते पुनराचमनीयकम् ॥
आचमनीयं समर्पयामि ।

(ड) ऋतुफल वा मौसमअनुसारका फल

ॐइदं फलं मया देवि कदलीपनसादिकम् ।
इक्ष्वादियुक्तं सरसं गृह्यतां परमेश्वरि ॥
ऋतुफलानि समर्पयामि ।

(ढ) पान सुपारी

ॐ पूगीफलसमायुक्तं नागवल्लीदलैर्युतम् ।
कर्पूरैलासमायुक्तं ताम्बूलं प्रतिगृह्यताम् ॥
ताम्बूलं पूगीफलञ्च समर्पयामि ।

ॐ अक्षन्नमीमदन्तेति अष्टोत्तरशतं (१०८) अक्षतान् समर्पयामि ।

ॐ नमः शम्भवायेति अष्टोत्तरशतं यज्ञसूत्राणि समर्पयामि ।

ॐ श्रीश्चत इति अष्टोत्तरशतं बेलीपुष्पाणि समर्पयामि ।

ॐ नाभ्याऽआसीदिति अष्टोत्तरशतं नैवेद्यानि समर्पयामि ।

तथैव अष्टोत्तरशतं ताम्बूलानि, पूगीफलानि, लवङ्गादि सुगन्धितद्रव्याणि, समर्पयामि ।

(ण) नीराजन

अष्टोत्तरशतं वर्तिकाभिर्नीराजनं, कर्पूरदीपं च

ॐ अग्निर्ज्योतिर्ज्योतिरग्निः स्वाहा सूर्योज्योतिर्ज्योतिः सूर्यः स्वाहा। अग्निर्वर्चो ज्योतिर्वर्चः स्वाहा सूर्यो वर्चो ज्योतिर्वर्चः स्वाहा। ज्योतिः सूर्यः सूर्यो ज्योतिः स्वाहा ॥

ॐ आ रात्रि पार्थिवꣳरजः पितुरप्प्रायि धामभिः । दिवः सदाꣳसि बृहती वितिष्ठसऽआत्वेषं वर्तते तमः ॥

ॐ चन्द्रादित्यौ च धरणी विद्युदग्निस्तथैव च ।
त्वमेव सर्वज्योतींषि तेन नीराजयाम्यहम् ॥
नीराजनं समर्पयामि ।

(त) प्रदक्षिणा

ॐ सप्प्तास्यासन्परिधयस्त्रि सप्प्तसमिध÷कृता ।
देवायदद्यज्ज्ञन्तन्वानाऽअबद्ध्नन्पुरुषम्पशुम् ॥
ॐ यानि कानि च पापानि जन्मान्तरकृतानि च ।
तानि तानि प्रणश्यन्ति प्रदक्षिणपदे पदे ॥
प्रदक्षिणां समर्पयामि ।

(थ) पुष्पाञ्जलि

ॐ यज्ञेनयज्ञमयजन्तदेवास्तानिधर्म्माणिप्प्रथमान्यासन् ॥
तेहनाकम्महिमान÷सचन्तयत्रपूर्व्वेसाद्ध्यासन्तिदेवा ॥

ॐ नमोऽस्तु ते महादेवि स्वस्थानि परमेश्वरि ।
त्रिलोकजननि नित्ये प्राणीनां पापहारिणि ॥
त्रिपुरघ्न महादेव भक्तवत्सल विश्वकृत् ।
नमस्करोमि देवेश ब्रह्ममाधववन्दित ॥
अन्यत्र शरणं नास्ति युवां वै शरणं मम ।
तस्मात्कारुण्यभावेन रक्षेतां परमेश्वरौ ॥
मन्त्रपुष्पाञ्जलिं समर्पयामि ।

(द) नमस्कार

ॐ नमस्तेऽस्तु जगन्मातः स्वस्थानि! सर्वमङ्गले ।
तव प्रसादाद्देवेशि व्रतपूर्णं भवेन्मम ॥
प्रार्थनापूर्वकं नमस्कारान् समर्पयामि ।

(ध) विशेष अर्घ्य

ॐ स्वस्थानि देवदेवेशि पूर्णार्थं मम तारकम् ।
गृहाणार्घ्यं मया दत्तं प्रसीद परमेश्वरि ॥
इदमर्घ्यं समर्पयामि ।

(न) पूर्णपात्र

कुशादिकमादाय हरिः ॐ तत्सदिति पूर्वसङ्कल्पमुच्चार्य अद्येह .... गोत्रा .... देव्यहंमम समस्त जन्मार्जित कायिकवाचिकमानसिक सांसर्गिकादि ज्ञानतोऽज्ञानतः कृतानां नानविधपापानां निरसनपूर्वकं त्रितापादिनां च

निवारणार्थं श्रीस्वस्थानीदेवीप्रीतये दीपकलशगणेशपूजनपूर्वकं विहितस्य श्रीस्वस्थानीपूजनकर्मणः परिपूर्णार्थमिदं पूर्णपात्रं प्रजापतिदैवतं .... गोत्राय ...... शर्मणे ब्राह्मणाय तुभ्यमहं सम्प्रददे ।

(प) दक्षिणा सङ्कल्प

हरि ॐ तत्सदित्यादि पूवोच्चारितसङ्कल्पसिद्धिरस्तु ..... गोत्रा ...... देव्यहं श्रीस्वस्थानीव्रतसाङ्गतात्वेन दीपकलशगणेशपूजनपूर्वकं कृतस्य श्रीस्वस्थानीव्रतपूजाकर्मणः साङ्गतासिद्ध्यर्थमिमां भूयसिदक्षिणां नानानामगोत्रेभ्यः शर्मभ्यो ब्राह्मणेभ्यः ब्राह्मणीभ्य कन्याकुमारीभ्यश्च दातुमहं जले उत्सृजे ।

यति भनी जलमा छुवाइ राख्ने ।

(फ) समापन

कायेन वाचा मनसेन्द्रियैर्वा बुद्ध्यात्मना वा प्रकृतेः स्वभावात् ।
करोमि यद्यत्सकलं परस्मै नारायणायेति समर्पये तत् ॥

॥ इति श्रीस्वस्थानीव्रत पूजाविधि ॥

श्रीगणेशाय नमः

अथ श्रीस्वस्थानी-व्रतकथा

कैलाशशिखरे रम्ये नानाधातुप्रशोभिते ।
कल्पवृक्षोद्यानयुक्ते कामधेनुविराजिते ॥१॥
चिन्तामण्यादिसंयुक्ते चाष्टसिद्धिसमन्विते ।
सुखासीनं जगन्नाथं ज्ञानमुद्रायुतं शिवम् ॥२॥
ब्रह्मेन्द्रविष्णुभिर्वन्द्यं सौम्यरूपधरं पतिम् ।
प्रणम्य शिरसाऽपृच्छत् पार्वती परमेश्वरी ॥३॥

श्रीपार्वत्युवाच

भक्तवत्सल ! सर्वज्ञ! देवदेव! जगत्पते! ।
ब्रूहि मे परमेशान! व्रतं त्रैलोक्यदुर्लभम् ॥४॥
को धर्मः सर्वधर्माणां भवतः परमो मतः ।
सुराऽसुरास्तथा नागा महाचार्यास्तथा बुधाः ॥५॥
भ्रातरो विविधाः सन्ति तथाऽन्ये विविधा नराः ।
यद्वैधव्यहरं पुण्यं स्वस्थानस्थितिहेतुकम् ॥६॥

श्रीसदाशिव उवाच

साधु साधु महादेवि! यत्त्वयाऽहं प्रबोधितः ।
संक्षेपेण प्रवक्ष्यामि बह्वर्थं व्रतमुत्तमम् ॥७॥
माघस्य पूर्णिमायां तु स्वस्थानीव्रतकं चरेत् ।
आवयोः पूजयेत् तत्र प्रतिमां मण्डले शुभे ॥८॥

चन्दनाक्षतपुष्पादि गृहीत्वा ध्यानमाचरेत् ।
सुवर्णवर्णदीप्ताभां त्रिनेत्रां कमलाननाम् ।।९।।
सिंहासनसमासीनां सर्वालङ्कारभूषिताम् ।
खड्गचर्मधराञ्चाऽथ वामदक्षिणयोः क्रमात् ।।१०।।
चतुर्भुजां च तत्रैव पूजयेद् वृषकेतुकम् ।
नीलोत्पलाभये वामे वरशूले च दक्षिणे ।।११।।
एवं ध्यात्वा महादेवमर्घ्यं चाथ प्रदापयेत् ।
अष्टोत्तरशतैः पुष्पैः फलधूपान्नचन्दनैः ।।१२।।
पूजयेद्वै महादेवौ जगतः परमेश्वरौ ।
ततो गोधूमचूर्णेन सतिलेन गुडेन च ।।१३।।
गर्भं कृत्वा तु पक्तव्यं सर्पिषाऽष्टोत्तरं शतम् ।
पूपकं परमेशानि! तद्वै भक्त्या निवेदयेत् ।।१४।।
ततोऽष्टपूपं संगृह्य शुक्लवस्त्रेण वेष्टयेत् ।
पीतसूत्रेण संबन्ध्य पूजयेत् पतिबुद्धिना ।।१५।।
पत्ये दद्याद् भक्षणार्थं तद्यद्वा मित्रपुत्रयोः ।
एतान्न लभते या तु सा नद्यां वाहयेद् ध्रुवम् ।।१६।।
प्रदक्षिणीकृत्य तत आवां वै श्रद्धयान्विता ।
ब्राह्मणान्भोजयित्वा तु दक्षिणां च प्रदापयेत् ।।१७।।
स्वयं शतं तु भोक्तव्यं रात्रौ जागरणं चरेत् ।
ततो विसर्जनं कृत्वा जले तन्मण्डलं क्षिपेत् ।।१८।।
वर्षे वर्षे व्रतं कुर्यात् स्वस्थानीनामकं शुभम् ।
एतद्व्रतफलं देवि! संख्यातुं नैव शक्यते ।।१९।।

गोशतं च सहस्रं च परिष्कारविभूषितम् ।
कन्यादानान्नदानानां वाजिवारणकोटिशः ॥२०॥
वस्त्ररत्नमहादानं तिलकाञ्चनमेव च ।
राजसूयाश्वमेधाभ्यां यत्फलं समवाप्यते ॥२१॥
तत्सर्वं समवाप्नोति व्रतेनाऽनेन सुन्दरि ।
व्रतानाञ्च शिरोरत्नं स्त्रीणां चैव विशेषतः ॥२२॥
त्रिवर्गं च समालभ्य प्राप्यते परमागतिः ।
इत्येतत् कथितं देवि! किमन्यच्छ्रोतुमिच्छसि ॥२३॥

श्रीपार्वत्युवाच

तत्कथां श्रोतुमिच्छामि सर्वचेतोरमां शुभाम् ।
कथयस्व महादेव! यदि योग्यास्मि ते प्रभो! ॥२४॥

श्रीसदाशिव उवाच

साधु कृतं त्वया देवि! यत्कथाश्रवणे मनः ।
तव प्रीत्यै प्रवक्ष्यामि सावधाना शृणु प्रिये! ॥२५॥
पुरासीद् ब्रह्मपुर्यां वै शिवशर्मा महातपाः ।
षट्कर्मनिरतो विप्रः सर्वशास्त्रार्थपारगः ॥२६॥
पूर्वजन्मविपाकेन नालभेत् सन्ततिं द्विजः ।
तस्य पत्नी सती-नाम्नी नित्यं या पतिदेवता ॥२७॥
विषण्णा ह्यतिदुःखेन पृच्छति ब्राह्मणी पतिम् ।
आजन्मपापिनी काऽहं न जाने किं मया कृतम् ॥२८॥
पुत्रः पुत्री न मे किञ्चिद् वृथा जन्म गतं मम ।
भार्यावचनमाकर्ण्य पतिः स्वास्थ्यं न प्राप ह ॥२९॥

एतस्मिन्नन्तरे काले जायापत्योः समग्रतः ।
तस्य पुण्यप्रभावेण तत्रैका गौः समागता ॥३०॥
गवा तयोरग्रतस्तु गोमयं वै समुज्झितम् ।
समुत्पन्ना ततो दृष्टा कन्या रूपवती शुभा ॥३१॥
सर्वलक्षणसम्पूर्णाऽपत्यत्वेऽङ्गीकृता च सा ।
धनधान्यादिसम्पूर्णा लक्ष्मीवत् प्राप्य तां द्विजः ॥३२॥
चकार शङ्खवाद्यादि मृदङ्गाह्लादमुत्सवम् ।
ददौ नाम यथान्यायं गोमयाभट्टिनीति सः ॥३३॥
अनेकपुण्यकर्माणि ददाति स चकार ह ।
प्रत्यहं वर्धिता कन्या शुक्लपक्षे शशी यथा ॥३४॥
तत्पुण्यघर्षिताः सर्वे त्रस्ताः शक्रादयः सुराः ।
कैलाशं तु समागम्य मां सर्वं प्राप्य तत्त्वतः ॥३५॥
अभयञ्च मया दत्तं गच्छ शक्र यथासुखम् ।
शक्रः स्वस्थानमायातो मयाऽऽज्ञप्तो विचक्षणः ॥३६॥
तत्कालेऽहं महादेवि! बभ्राम भूमिमण्डले ।
कपालिवेशो भिक्षार्थं तद्विप्रद्वारमागत ॥३७॥
डमरुं वादयित्वा च ययाचे विप्रमन्दिरे ।
एतस्मिन्नन्तरे काले सा कन्या गर्वगौरवात् ॥३८॥
तच्च शब्दं न शुश्राव कुसुमैः क्रीडती स्थिता ।
श्रुत्वा माता तु तच्छब्दं शीघ्रं कन्यां जगाद ह ॥३९॥
दीयतां तत्करे पुत्रि राशिरन्नस्य विद्यते ।
मातुर्वचनमाकर्ण्य भिक्षां धृत्वाऽग्रतो गता ॥४०॥
भिक्षुरूपः क्रोधयुक्तः शापं तस्यै ददौ तदा ।

भिक्षुरुवाच

त्वद्भिक्षां नैव गृह्णामि शृणु ब्राह्मणकन्यके ।
अशीतिवयसा वृद्धः पतिस्तव भविष्यति ॥४१॥
इति शापं ततः श्रुत्वा रुरोदातीव विह्वला ।
धीमती जननी कन्यां सान्त्वयामास यत्नतः ॥४२॥
कालेनाऽल्पेन सा देवी गोमयोद्भवसुन्दरी ।
गोमयेति च विख्याताऽभवत्सा सप्तवार्षिकी ॥४३॥
पतिं योग्यतरं तस्या गतो मार्गयितुं पिता ।
द्विजो जामातृयोग्यो हि न प्राप्तः शिवशर्मणा ॥४४॥
विश्रान्तः स्वगृहं प्राप्य शिवशर्मा सुदुःखितः ।
भिक्षुकस्य च शापेन दैवेन प्रतिपादितः ॥४५॥
ब्राह्मणोऽतीव वृद्धश्च कन्यां याचितुमागतः ।
जटालम्बितदीर्घाङ्गः कम्पितश्चातिदुर्बलः ॥४६॥
कुब्जः कुवेशो बधिरः पश्चिमे वयसि स्थितः ।
अन्यद्विजस्याऽलाभेन तस्य शापभयेन च ॥४७॥
पूर्वशापं चाऽनुस्मृत्य तस्मै दुहितरं ददौ ।
कन्यादानञ्चकाराऽसौ शुभलग्ने शुभे दिने ॥४८॥
ततस्तु शिवभट्टेन पालितो दुहितुः पतिः ।
कालेन ज्वरपीडार्तः शिवशर्मा दिवं ययौ ॥४९॥
तत्पत्नी पतिता सार्धं सतीत्वञ्च समागता ।
गोमया चातिदुःखार्ता पतिना सह तिष्ठति ॥५०॥

क्लेशैर्युतातिमलिना भोक्तुं पातुं न विन्दति ।
तस्यां तु गर्भः सञ्जातो हर्षशोकविवर्धनः ॥५१॥
सीमन्तोन्नयनं कृत्वा विप्रः पुंसवनादिकम् ।
एकमासावधिं कृत्वा भिक्षार्थं वृद्धब्राह्मणः ॥५२॥
पत्नीं प्रबोधयित्वा तु ततो देशान्तरे गतः ।
सशीतज्वरपीडार्तो ममाराऽरण्यके द्विजः ॥५३॥
गोमया ब्राह्मणी सा च निर्जने निजमन्दिरे ।
स्थित्वा ग्राम्यजनेनैव पालिता पतिदेवता ॥५४॥
गोमया दशमे मासि सुषुवे तनयं शुभम् ।
द्विजश्रेष्ठैस्तस्य नाम नवराजेति कीर्तितम् ॥५५॥
याचिताऽन्नेन सा माता कारयामास सत्तमैः ।
चूडाव्रतविवाहादिसर्वकर्माणि तस्य वै ॥५६॥
यौवनोद्भेदवयसि नवराजो द्विजोत्तमः ।
वसन् गृहेऽतिदुःखेन संयुतो मातृवत्सलः ॥५७॥
मातरं परिपप्रच्छ षोडशाब्दोऽतिसाहसी ।
भोऽम्ब! तातोऽस्ति क्व गतः सत्यं कथय मा मृषा ॥५८॥
इति पुत्रवचः श्रुत्वा सा माता रुदती सती ।
जगाद वचनं पुत्रं भर्तुश्चरितसंयुतम् ॥५९॥
त्वयि गर्भस्थिते पुत्र! तातस्ते भिक्षितुं गतः ।
क्व तिष्ठति न जानामि जीवितो वा मृतोऽथवा ॥६०॥
इति मातृवचः श्रुत्वा नवराजोऽतिधार्मिकः ।
अम्बामाश्वासयामास हेतुभिः शोस्त्रबोधितैः ॥६१॥

श्रीनवराज उवाच

पित्रुद्देशे गमिष्यामि तवानुज्ञां विधाय च।
पुत्रस्य परमो धर्मः पितृसेवाऽपरो नहि ॥६२॥
जीविते वाक्यकरणात् क्षयाहे भूरिभोजनात्।
गयायां पिण्डदानाच्च त्रिभिः पुत्रस्य पुत्रता ॥६३॥
एवं प्रबोध्य जननीमनुज्ञां प्राप्य स द्विजः।
प्रबोध्य युवतिं भार्यां पाथेयं परिगृह्य च ॥६४॥
यात्रां स विधिना कृत्वा ततो देशान्तरं गतः।
ग्रामाद् ग्रामान्तरं गच्छंस्तातमन्वेषयद्विजः ॥६५॥
शुश्राव स ग्राम्यमुखान्निश्चितं पितरं मृतम्।
रुरोदातीव दुःखार्तो हा! तात! जनकेति वै ॥६६॥
गङ्गातीरं ततो गत्वा चक्रे श्राद्धं विधानतः।
अथ स्नुषा गोमयाया दुःखात्पितृगृहं गता ॥६७॥
तदा सा गोमयोद्भूता ग्रामं तत्याज लज्जया।
वस्त्रहीनाऽतिमलिना नदीनिकटवासिनी ॥६८॥
एरण्डपादपाकीर्णे तृणकुड्यान्तरे स्थिता।
कोद्रवान्नं सदा भुक्तं सूत्रकर्त्तनकर्मतः ॥६९॥
कर्मणा साऽतिदुःखेन साध्वी कालं न्यवर्त्तयत्।
तदा कैलाशशिखरे लक्ष्मीर्देवी सरस्वती ॥७०॥
सर्वदेवगणैर्युक्ता चकार व्रतमुत्तमम्।
तत्र मर्त्योपदेशार्थं स्वाश्रमान्नारदो मुनिः ॥७१॥
आगतश्च मयाऽऽज्ञप्तो 'गच्छ लोकहिताय वै।
एतद्यथा मर्त्यलोके संचरिष्यत्तथा कुरु' ॥७२॥

इत्याज्ञां स मुनिः प्राप्य गतवान्मर्त्यविष्टपम् ।
पृथ्वीमण्डलमध्येऽथ दरिद्रः को भवेदिति ॥७३॥
चिन्तयामास तत्त्वज्ञः परोपकरणप्रियः ।
गोपालं परिपप्रच्छ ‘को दरिद्रः ? क ईश्वरः ? ॥७४॥
गोपालस्तु ततो वाक्यमुवाच प्रान्तरे स्थितः ।
‘दुःखिनीनां न काऽप्यस्ति गोमयाया पराभुवि’ ॥७५॥
गोपालवचनं श्रुत्वा गतस्तत्सन्निधौ मुनिः ।
ब्राह्मणीमाह्वयामास द्वारे स्थित्वा पुनः पुनः ॥७६॥
धर्मोपदेशं शृण्वन्ती स्वस्थानीव्रतमुत्तमम् ।
यथाविधानं वक्ष्यामि गोमये! तद्व्रतं कुरु ॥७७॥
इत्युक्त्वा नारदो धीमानुवाच सकलं विधिम् ।
ततः सानन्दसंयुक्ता प्रणम्य मुनिसत्तमम् ॥७८॥
तस्मै पीठासनं दत्त्वा संवेश्य च गृहान्तरे ।
आतिथ्यं तस्य वै कर्तुं मनसा परिचिन्त्य सा ॥७९॥
गृहे च नास्ति मे किंचित्किं करोमीति दुःखिता ।
कर्त्तित सूत्रमादाय ताम्बूलार्थं जगाम ह ॥८०॥
ताम्बूलं पूगसहितं गृहीत्वा गृहमागता ।
तावदेव गृहे तस्या निधिं दत्त्वा गतो मुनिः ॥८१॥
ब्राह्मणी गृहमायाता न ददर्श मुनीश्वरम् ।
गेह-संमार्जनं चक्रे विषादेन युता सती ॥८२॥
भद्रपीठं समुत्थाप्य तत्र दृष्टो निधिस्ततः ।
व्रतोपदेशमात्रं वै नाऽयं दातुं मुनीश्वरः ॥८३॥

धर्मव्याजैर्निधिमपि मह्यं दातुं समागतः।
इत्यानन्देन मनसा जग्राह निधिमुत्तमम् ॥८४॥
ततः सा तद्व्रतं चक्रे मुनिनाभिहितं यथा।
पूपाष्टकं तु संस्थाप्य पुत्रागमनकाङ्क्षया ॥८५॥
स्वयं शतं सा बुभुजे सिताक्षीरघृतैर्युतम्।
तद्व्रतस्य प्रभावेण रात्रौ तत्पुत्र आगतः ॥८६॥
आशीर्भिरर्चयामास सूनुनाऽसौ नमस्कृता।
पूपाष्टकं च पुत्राय ददौ सा गोमयोद्भवा ॥८७॥
दत्तं पूपं स बुभुजे सिताक्षीरघृतैर्युतम्।
परस्परकथां कृत्वा ह्युभाभ्यां गमिता निशा ॥८८॥
प्रातस्ततः सा जननी नवराजमुवाच ह।
'गङ्गातीरे हि गत्वा त्वं स्नानं कुरु च पुत्रक ॥८९॥
ततो विश्वेश्वरं देवं ध्यानेन परिचिन्तय'।
इति मातृवचः श्रुत्वा कृतगङ्गाप्लवो द्विजः ॥९०॥
कृत्वा वैश्वेश्वरीं पूजां महास्तोत्रमुवाच ह।
यं वै वेदो वेद नो नैव विष्णु–
    र्नो वा वेधा नर्षयो नैव वाणी।
तं देवेशं मादृशः कोऽल्पबुद्धि–
    र्याथार्थ्याद् वै वेत्त्यहो! विश्वनाथम् ॥९१॥
श्रुत्वा स्तोत्रमिदं तुष्टो जगाद परमेश्वरः ॥९२॥
'कालान्तरे च ते राज्यं नवराज! भविष्यति'।
इत्युक्त्वा गोमयासूनुमन्तर्धानं गतः शिवः ॥९३॥

ब्राह्मणोऽपि वरं प्राप्य जगाम स्वनिकेतनम्।
एतस्मिन्नतरे काले लावण्याख्यपुरीश्वरः ॥९४॥
मृतः कालवशेनैव राजा पुत्रादिवर्जितः।
तस्मिन्देशे गजेन्द्रेण कश्चिद्राजा विधीयते ॥९५॥
इति श्रुत्वा देशदेशादागता लोकपंक्तयः।
वस्त्रालंकारसम्पूर्णा नानाशोभासमन्विताः ॥९६॥
स्थिता लावण्यपथ्यासु राज्यलोभेन वै नराः।
गोमया साऽपि लोभेन सपुत्रा स्वगृहाद्ययौ ॥९७॥
सपुत्रा लज्जया सा वै संतस्थौ गृहकोणतः।
सजलं स्वर्णकुम्भं च गृहीत्वा राजमार्गतः ॥९८॥
तेषु सर्वेषु तिष्ठत्सु गजेन्द्रोऽन्वेषयन्नरान्।
गृहकोणगतः स वै नवराजः समातृकः ॥९९॥
स्नापितस्तज्जलेनैव स्वस्कन्धे स्थापितस्तदा।
राजगृहं स नीतश्च दोलया तत्प्रसूरपि ॥१००॥
पुरोहितादयश्चक्रुः सर्वे तस्याऽभिषेचनम्।
वीणामृदङ्गपटहशङ्खदुन्दुभिनिःस्वनैः ॥१०१॥
लाजापुष्पादिसिन्दूरैर्युक्तं प्राप्य महोत्सवम्।
नवराजोऽतीव हृष्टः सिंहासनगतः प्रभुः ॥१०२॥
मातरं परिपप्रच्छ 'प्रिया मे क्व गतेति वै।
स्वस्थानीं सा न जानाति सर्वदुःखविनाशिनीम् ॥१०३॥
त्वत्प्रसादेन भूपोऽहं जातो वै त्वत्प्रभावतः।
महद् दुःखं ततः प्राप्तम्' इत्युक्त्वा मातरं प्रति ॥१०४॥

प्रियायै प्रैषयद्दोलां गतास्तस्याज्ञया जनाः ।
ददृशुस्तां स्त्रियं ते वै नदीतीरनिवासिनीम् ॥१०५॥
ततोऽपृच्छन् हि का त्वं भो नवराजप्रिया कुतः ।
तैः पृष्टा सा चारुनेत्रा कथयामास भारिकान् ॥१०६॥
'पत्न्यहं नवराजस्य परमप्रीतिदायिनी ।
गोमया पतिमाता च गच्छामो यत्र मत्प्रभुः' ॥१०७॥
तस्यास्तद्वचनं श्रुत्वा भटास्ते हर्षसंयुताः ।
दोलायां स्थापयित्वा तां प्रेषयामासुरादृताः ॥१०८॥
तैर्भारवाहकैः सर्वैर्दोला नीता नदीतटे ।
अप्सरोभिः कृतं तत्र तामाश्वास्य गतास्ततः ॥१०९॥
तद्दृष्ट्वा भारिकाः सर्वे तामाश्वास्य गतास्ततः ।
यत्राऽप्सरोगणैः सर्वैः स्वस्थानीव्रतमादृतम् ॥११०॥

भारिका ऊचुः

'भो भो देव्यः! किमेतद्वै क्रियते व्रतमुत्तमम्' ।

अप्सरस ऊचुः

'स्वस्थानीव्रतमेतद्धि सर्वकामफलप्रदम् ॥१११॥
एतद्व्रतप्रभावेण स्वर्गलोके महीयते' ।
इति श्रुत्वा भारिकास्ते पुष्पादीनि प्रयाच्य वै ॥११२॥
अप्सरोऽभिः सहैवाऽत्र स्वस्थान्याश्चक्रिरे व्रतम् ।
पुनस्तत्र समायाता यत्र सा भोगिनी स्थिता ॥११३॥
ततोऽतीव प्रक्रुद्धाऽऽसीद्विलम्बेन च सा प्रिये ।
सपुष्पतिलकान्दृष्ट्वा भारवाहान्मुदान्वितान् ॥११४॥

सपुष्पफलहस्ताब्जानाह तान् पापिनी वधूः ।
'भारवाहा विलम्बो हि युष्माभिः क्रियते कुतः' ॥११५॥
इति श्रुत्वा भारवाहा विज्ञप्तिं चक्रिरे मुदा ।
'अप्सरोभिः कृतं चैव नानाकामप्रदं शुभम् ॥११६॥
स्वस्थान्याश्च व्रतं दृष्ट्वा नः श्रद्धा समजायत ।
फलाभिलाषुकैश्चैव ह्यस्माभिरपि तत्कृतम् ॥११७॥
भवदर्थपुष्पफलं समानीतं गृहाण भोः' ।
एतच्छ्रुत्वा वाहवाक्यं क्रुद्धाऽतीवाऽवदत्तदा ॥११८॥
'स्वस्थानी का मयाद्यापि वेदे लोके च न श्रुता' ।
इति वज्रसमं वाक्यमुक्त्वा सा पापिनी तदा ॥११९॥
तद्दत्तपुष्पफलयोश्चक्रे सा क्षेपणं रुषा ।
तस्यास्तत्कर्म दोलायां दृष्ट्वा संस्थाप्य पापिनीम् ॥१२०॥
निन्युर्मार्गेण त्वरया भारवाहा भयान्विताः ।
अथ तत्र समायाताऽल्पजला सुगमा नदी ॥१२१॥
ते तां हि पापिनीं निन्युर्नदीं तर्तुं यदा प्रिये ।
तदा प्रलयवन्मेघा गर्जनं चक्रिरेऽप्प्रदाः ॥१२२॥
पपात वातवेगेन नदीमध्ये च पापिनी ।
साऽदृष्ट्वा पापिनी जाता गलत्कुष्ठेन संयुता ॥१२३॥
तद्व्रतस्य प्रभावेण वाहकास्ते दिवं गताः ।
तत्पापिनीस्पर्श-भीत्या जलं पातालमाश्रितं ॥१२४॥
सङ्कटं कर्दमं तत्र दृश्यते पथिकैः सदा ।
तत्र द्वादशवर्षाणि कर्दमे पापिनी स्थिता ॥१२५॥

ततो वंशादिभिस्तस्याः शोधितं कर्दमं जनैः ।
तदा वंशाग्रसंलग्ना प्रोत्प्लुत्य पापिनी गता ॥१२६॥
कुशस्थाने च पतिता संकटे दैवयोगतः ।
सर्वदा सा ज्वलद्वन्हिज्वालया परिपीडिता ॥१२७॥
तत स नवराजो हि मातरम्प्रति चोक्तवान् ।
राज्यलक्ष्मीश्च संप्राप्तेयं ते मातः! प्रसादतः ॥१२८॥
सर्वदानं करिष्येऽतो ब्राह्मणेभ्यश्च श्रद्धया ।
इत्युक्त्वा देशदेशेभ्यो ब्राह्मणाः सन्निमन्त्रिताः ॥१२९॥
कपिलः शिष्यसंयुक्तस्तदुद्दिश्य जगाम सः ।
मुनिना कपिलेनाऽधो दृष्ट्वा सा पापिनी तदा ॥१३०॥
मुनिना परिपृष्टा सा दग्धकाष्ठाकृतिर्वधूः ।
किं कुलं केन पापेन चेदृशी ते दशाधुना ॥१३१॥
मुनेस्तद्वचनं श्रुत्वा पापिनी वाक्यमब्रवीत् ।
जात्याऽहं ब्राह्मणी विप्र! ह्यावस्था व्रतनिन्दया ॥१३२॥
क्षुधा मां बाधते विद्वन्! भुक्तशेषमिहानय ।
तेनैव मे क्षुधाशान्तिरित्येवं प्रार्थयाम्यहम् ॥१३३॥
ओमित्युक्त्वा गतो विप्रो नवराज-निवेशनम् ।
तत्र भुक्त्वा महद्भोज्यं दानादि प्राप्य वै ततः ॥१३४॥
सर्वे द्विजा गता गेहान्स्वान्स्वानेव मुदान्विताः ।
मुनिना याचितुं नैव शक्यते लज्जया तदा ॥१३५॥
इतस्ततो भ्रमन् विप्रो नवराजनृपाङ्गणे ।
मात्रा नृपस्य दृष्टः स ततो जिज्ञासितो द्विजः ॥१३६॥

नृपमात्रा मुनिः पृष्टः 'किं कार्य्यं भवतस्त्विह' ।
तेन चोक्तं 'परार्थं च याच्यते भोज्यमात्रकम् ॥१३७॥
भाण्डारिका इति श्रुत्वा दातुं भाण्डगृहं ययुः ।
पक्वान्नादिप्रपूर्णं तद् व्रतनिन्दाप्रभावतः ॥१३८॥
रिक्तं भाण्डगृहं जातं सर्वे दृष्ट्वा हि सत्रपाः ।
नृपमात्रे परावृत्य तेऽवदन्सर्वमेव हि ॥१३९॥
सोवाच तद्वचः श्रुत्वा 'दीयतां भोज्यमात्रकम्' ।
तस्यास्तद्वचनं श्रुत्वा कृतवन्तस्तथैव ते ॥१४०॥
नूतने मृन्मये भाण्डे कृत्वा भोज्यं त्वरान्वितः ।
मुनिर्गतश्च पापेन युक्ता सा यत्र तिष्ठति ॥१४१॥

श्रीवैष्णव्युवाच

'स्वस्थानीपरमेश्वर्या विधिवद्व्रतमाचर ।
तेन स्वस्थानलाभस्ते भविष्यति न संशयः ॥१४२॥
इत्युक्त्वाऽन्तर्हिता देवी वैष्णवी कामरूपिणी ।
तया कृतं व्रतं सर्वं यथा देव्या प्रभाषितम् ॥१४३॥
दधिपूपे तया देव्या ह्यप्राप्ते व्रतकर्मणि ।
शर्करायास्ततोऽपूपं नदीपङ्कस्य वै दधि ॥१४४॥
कृत्वा समर्पितं वध्वा तद्द्वयं सत्यतां गतम् ।
अष्टपूपं ससूत्रादि नमस्कृत्य पुनः पुनः ॥१४५॥
नद्यां क्षिप्तं तया शीघ्रं तत्स्पर्शं प्राप्य नागिनी ।
अष्टोत्तरशत वर्षं पुरुषेण विवर्जिता ॥१४६॥

नागेन मिलिता या च तत्पूपस्पर्शनादिभिः।
सर्वपापैर्विनिर्मुक्ता बभूवाऽतीव सुन्दरी ॥१४७॥
आशीषं च ददौ तस्यै नागकन्याऽतिविस्मिता।
ततो बभूव सा प्राह महालक्ष्मी-स्वरूपिणी ॥१४८॥
केनाप्याऽऽगत्य राज्ञेऽथ कथिता सुन्दरी कथा।
पथिकस्य वचः श्रुत्वाऽनुचराः प्रेषिताः पुनः ॥१४९॥
नाना वाद्यादिघोषेण वेदघोषेण वै ततः।
स्वीये गृहे समायाता नवराजस्य भोगिनी ॥१५०॥
गोमयायाः पदद्वन्द्वं सुन्दरी प्रणनाम सा।
मात्रा पत्न्या च संयुक्तो नवराजो नराधिपः ॥१५१॥
प्राप्तं निष्कण्टकं राज्यं बुभुजे सर्वसम्मतम्।
स्वस्थानीपरमेश्वर्याः कथा श्रुत्वा च श्रद्धया ॥१५२॥
अपुत्रा पुत्रमाप्नोति पत्युः प्रीतिं च विन्दति।
कथाश्रवणमात्रेण हयमेधफलं लभेत् ॥१५३॥

इति श्रीपद्मपुराणे पार्वतीसदाशिवसंवादे स्वस्थानीव्रतकथा समाप्ता।

दैनिक कथा वाचन गर्नुअघिको पुष्पाञ्जलि

कथा वाचन गर्नुअघि सबैले चन्दन, अक्षता र फूल हातमा लिई अञ्जलि बाँधी नमस्कार गर्दै निम्नानुसारका श्लोकहरू मधुर स्वरमा लयपूर्वक वाचन गर्नू :

यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतः स्तुन्वन्ति दिव्यैः स्तवै-
वेंदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः ।
ध्यानाऽवस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो
यस्यान्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ॥१॥
श्रीमच्चन्दनचर्च्चितोज्ज्वलवपुः शुक्लाम्बरामल्लिका
मालाऽलङ्कृतकुण्डला प्रविलसन्मुक्तावलीशोभिता ।
सर्वज्ञाननिदानपुस्तकधरा रुद्राक्षमालाधरा
वाग्देवीवदनाम्बुजे वसतु मे त्रैलोक्यमाता चिरम् ॥२॥
मूकं करोति वाचालं पङ्गुं लङ्घ्यते गिरिम्
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ॥३॥
नमो भगवते तस्मै व्यासायामिततेजसे ।
यस्य प्रसादाद्वक्ष्यामि नारायणकथामिमाम् ॥४॥
नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ॥५॥

(यी श्लोक पाठ गरेपछि सबैले पुष्पाञ्जलि पुस्तकमा अर्पण गरी ढोग्नू। त्यसपछि कथा वाचकले स्वस्थानीकथा परम्परागत स्वर मिलाएर वाचन गर्नू र श्रोताले एकाग्र भई श्रवण गर्नू।)

प्रारम्भमा पुष्पाञ्जलि लिँदा पाठ गर्ने श्लोकहरूको भावार्थ

(१) यं ब्रह्मा वरुणेन्द्र .... को भावार्थ

ब्रह्माजी, वरुण देवता, इन्द्र महाराज, रुद्र भगवान् र मरुद्गण दिव्य स्तोत्रहरूद्वारा जसको गुणगान गर्दछन्; साम–सङ्गीतका मर्मज्ञ ऋषिमुनिहरू अङ्ग, पद, क्रम र उपनिषद्सहित वेदहरूद्वारा जसको स्तुति गाउँछन्; योगीहरू ध्यानको अवस्थामा तल्लीन भएको मनद्वारा जसको दर्शन गर्दछन् तर बहिर्मुखी चित्तवृत्तिद्वारा देवता, दैत्य, मनुष्य आदि सबैले जुन परमात्माको पूर्णतालाई बुझ्न सक्दैनन् यस्ता स्वयंप्रकाश परमात्मालाई नमस्कार गर्दछु।

(२) श्रीमच्चन्दनचर्चितोज्ज्वलवपु : .... को भावार्थ

श्रीले युक्त भएकी, चन्दनलेपन गर्नाले अत्यन्त तेजिलो शरीर भएकी, सेतो वस्त्र धारण गरेकी, चमेलीको मालाले सुशोभित भएकी, राम्रा कुण्डलद्वारा अलङ्कृत, मोतीको हारद्वारा सुशोभित, सम्पूर्ण ज्ञानको प्रतीकस्वरूप पुस्तक धारण गरेकी, रुद्राक्षमाला धारण गरेकी, यस्ती हे त्रैलोक्यमाता सरस्वती! हजुर सधैँ हाम्रो जिब्रोमा निवास गर्नुहोस्।

(३) मूकं करोति वाचालं ..... को भावार्थ

जसको कृपाले लाटो पनि राम्ररी बोल्न सक्षम हुन्छ र लङ्गडो पनि पर्वतमाथि पुग्न सफल हुन्छ यस्ता हे परमानन्द! हे माधव! हजुरलाई नमस्कार छ।

(४) नमो भगवते तस्मै..... को भावार्थ

जसको आशीर्वादले भगवान् नारायणको कथा भन्न सक्षम भएको छु यस्ता अपरिमित तेजले परिपूर्ण व्यासजीलाई नमस्कार छ।

(५) नारायणं नमस्कृत्य नरं चैव.... को भावार्थ

नारायण भगवान्, मानिसहरूमा श्रेष्ठ अर्जुन, विद्याकी देवी सरस्वती र व्यासजीलाई नमस्कार गरेर जय अर्थात् महाभारतजस्ता ग्रन्थको पाठ गर्नुपर्छ।

श्रीगणेशाय नमः

कथा प्रारम्भ

प्रथमोऽध्याय

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि ! तिमी एक चित्त भई सुन। पहिला म यस संसारको सृष्टिका बारेमा बताउँछु। परब्रह्मकी मायामयी शक्तिस्वरूपिणी महाप्रकृति देवीका विशाल गर्भमा अनन्तकोटि ब्रह्माण्डहरू उत्पन्न हुने र विलीन हुने गर्दछन्। तीमध्ये एउटा ब्रह्माण्डअन्तर्गतको सौरपरिवारको पृथ्वीमा हाम्रो जन्म र मरण पनि हुने गर्दछ। यस्तो ब्रह्माण्डका बारेमा मानिसहरूका मनमा अनेक प्रश्न उब्जिन्छन्। यसको निर्माण कहिले भएको हो, यसको स्वरूप कस्तो छ, यो कति ठुलो छ, यहाँ केकस्ता चिज उपलब्ध छन्, अब यो कति समयसम्म रहला र यसको अन्त्य कसरी होला भन्ने प्रश्नहरूको उत्तर दिन सकेमा श्रोताहरूलाई पनि भारी सन्तोष हुन जानेछ। यस्ता गहन जिज्ञासाको समाधान अड्कलबाजीका भरमा गर्नु भने उपयुक्त होइन। फेरि यसबारे साधारण मानिसका बुद्धिबाट अवगत गर्न सम्भव पनि छैन। त्यसैले ब्रह्माण्डसँग सम्बन्धित यस्ता गहन कुराहरू अवगत गर्नका लागि हाम्रा सर्वज्ञानी योगीहरूले बनाएका शास्त्रको सहयोग लिनु असल हो।

ब्रह्माण्डका बारेमा जान्नका लागि वेद, पुराण, दर्शन, धर्मशास्त्र आदिको अध्ययन गर्नु आवश्यक छ। यस्ता शास्त्रहरूमा वर्णन भएअनुसार परापूर्व कालमा परब्रह्म परमात्माको इच्छाअनुसार सृष्टिको प्रारम्भ भएको हो। परब्रह्म परमात्माको इच्छाले प्रेरित भएर समस्त गुणले युक्त ब्रह्मा, विष्णु र शिव प्रकट भए। तिनीहरूका शक्तिस्वरूप त्रिगुणले युक्त माया अर्थात् प्रकृति उत्पन्न भइन्। यस्ती मायालाई जित्न वा वशमा पार्न अत्यन्त कठिन छ। उनै मायाभन्दा पर प्रतिष्ठायुक्त निवृत्ति पद छ। त्यसभन्दा पर शान्तिपद र त्यसभन्दा पनि पर शान्त्यातीत (शान्तिले पनि नभेट्टाउने) पद छ। त्यहाँदेखि पर विद्यापद आउँछ भने त्यसभन्दा पनि पर निवृत्ति आउँछ। निवृत्ति भनेको मोक्ष हो। यसबारे मैले सङ्क्षेपमा बताएँ।

सृष्टिक्रमका बारेमा विस्तृत रूपमा बुझ्न र बुझाउन पनि निकै कठिन छ। जुन प्रक्रियाबाट सृष्टि हुन्छ त्यसको उल्टो प्रक्रियाबाट संहार हुन्छ। यी पदहरूको वर्णन सृष्टिदेखि पछिलाई लिएर गरिएको होइन कि आदिलाई लिएर गरिएको हो। महापददेखि विशेषपदसम्म उत्पत्ति हुन्छ किन्तु जुन अव्यक्तले गर्दा जगत्मा पाँच कला व्याप्त छ, त्यसको अधिष्ठाता आत्मा छ। त्यसमा अव्यक्त (प्रकृति) र जीव (शरीरमा रहने आत्मा) को कर्तृत्व छैन

अर्थात् यी दुईले तिनलाई बताउँदैनन्। प्रकृति अचेतन हुनाले र जीवात्मा अज्ञानी हुनाले तिनीहरूलाई चलाउने चेतन ज्ञानी ईश्वर चाहिन्छ।

बुद्धिमान्हरू कारण नभई कार्य हुँदैन भन्दछन्। हे मुनि! यसउसले कार्य भएपछि कारण पनि हुन्छ। जस्तै कपडा भएपछि त्यसको कारण धागो पनि अवश्य हुन्छ। त्यसै गरी यस जगत्को पनि कारण छ, तिनै कारण हुन् ईश्वर। ती अनादि पुरुष अर्थात् कसैबाट नजन्मने र सर्वशक्तिमान् छन् तर अल्पज्ञहरू यस तथ्यलाई स्वीकार गर्दैनन्। सृष्टिको प्रारम्भदेखि संहारको समयसम्म ब्रह्माको एक सय वर्षको अवधि हुन्छ। यही अव्यक्तजन्मा ब्रह्माको आयु हो। ब्रह्माको आयुको पहिलो आधा भागलाई पूर्वार्ध र दोस्रो आधा भागलाई परार्ध भनिन्छ। ती दुवै भाग बितेपछि ब्रह्माको आयु समाप्त हुन्छ जसमा एकहत्तर पठक चौध मनुहरूले भोग गर्दछन्।

अव्यक्त आत्माको कार्यलाई साथमा लिई ‘आत्मामा माकुराले जालो गुट्मुट्याएर लिएजस्तो गरी’ मिल्दछ। विकारले युक्तयो जगत् आत्मामा एक डल्लो भएर रहन्छ। यी प्रधान पुरुष पनि आफ्ना धर्म अर्थात् स्वभावले रहन्छन्। सत्त्व, रज र तम नामका गुणहरू स्वरूप र परिमाणमा घटीबढी नभई समान रूपले रहन्छन्। गुणको समानताका कारणले तिनीहरू अलग हुन सक्दैनन्।

तिनीहरू वायुबाट नहल्लाएको तलाउको जलजस्तै निश्चल छन्। फरकफरक रूपमा तिनीहरूलाई अवगत गर्न सकिँदैन। तब जगत्‌को नजानिने बखतमा उनै माहेश्वरीलाई रातमा स्थिति गरी रात बितेपछि ती प्रकृति पुरुष दुवैलाई मायाले ढाकेर परमात्माका साथ उसमा प्रवेश गरी प्राणीको उत्पत्ति गर्ने इच्छा जागृत हुन्छ। त्यसपछि उनको आज्ञाले त्यो अव्यक्तदेखि सबै सृष्टि हुन्छ जुन परमात्माका मायाको एक खण्डले यो सम्पूर्ण उत्तरोत्तर सृष्टि, विचित्र स्थिति र भयानक संहार हुन्छ। त्यस्ता परमात्मालाई त्यो मार्गबारे जान्नेहरू 'अध्वपति' (मार्गका स्वामी) भन्दछन्। उनै यस्ता प्राणीहरूमा रहने विलक्षण (अनौठा) परमात्मालाई नमस्कार छ।

हे मुनीश्वर! पहिले ईश्वरका आज्ञाले अधिष्ठित (चल्ने) अव्यक्तबाट अर्थात् बुद्धिदेखिएक बुद्धि,एक अहङ्कार, एकादश इन्द्रिय, पञ्चतन्मात्रा र पञ्चमहाभूत विशेषसम्म उत्पत्ति हुन्छ। क्रमैले विशेषसम्मका विकारबाट रुद्र, विष्णु र ब्रह्मा यी तीन देवता उत्पन्न भए। संसारमा कतै पनि नरोकिने शक्ति प्रादुर्भाव भयो। त्यसबाट अणिमा, गरिमा, लघिमा आदि अष्टसिद्धि पैदा भए। उत्पत्ति, पालन र संहारका कार्य क्रमशः ब्रह्मा, विष्णु र महेश्वरबाट हुनथाले। कल्पान्तरमा फेरि पनि बुद्धि र मोहका निमित्त

परमेश्वरले शक्ति प्रदान गरे। यी उत्पन्न भई आपसमा मिली शक्ति धारण गरी परस्परको शक्तिलाई बढाउँछन्। कहीं ब्रह्मा, कहीं विष्णु र कहीं रुद्रको स्तुति हुन्छ। यसउसले उहाँहरूको सामर्थ्य धैरैथोरै हुँदैन किन्तु बराबर रहन्छ। यो पर, यो बद्ता र यो कम भन्नेहरू अज्ञानी हुन्। तिनै राक्षस पिशाच हुन्छन्। तिनै ब्रह्मा कालरूप, पुरुषरूप, महेश्वररूप, चतुर्व्यूहरूप तीन गुणदेखि पर छन्। ती सर्वात्मक सर्वाधार शक्तिलाई उत्पन्न गराउने हुन्। तीनै जगत्को सृष्टि गरी ईश्वरमा लीन भइरहेका छन्। जो परमेश्वर सबभन्दा पर छन् तिनै सम्पूर्णका आधार सर्वात्मा वा सबैमा रहेका हुन्छन्। त्यसैले महेश्वर, प्रकृति, पुरुष, ब्रह्मा, विष्णु, रुद्र र शिवस्वरूप हुन्। पहिले यिनैदेखि बुद्धि अर्थात् महत्तत्त्व उत्पन्न भयो। महत्तत्त्वका क्षोभले सात्त्विक, राजसिक र तामसिक गरी तीन प्रकारका अहङ्कार उत्पन्न भए।

तामस अहङ्कारबाट तन्मात्रा (महाभूतका साना भाग) र पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु एवं आकाश) उत्पन्न भए। सात्त्विक अहङ्कारबाट एकादश इन्द्रिय उत्पन्न भए जसमा पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रिय गरी जम्मा दश भए। एघारौं श्रेष्ठ इन्द्रिय मन हो। तामस अहङ्कारबाट उत्पन्न भएको जो शब्द तन्मात्रा हो त्यसदेखि आकाश, आकाशदेखि स्पर्श, स्पर्शदेखि वायु, वायुदेखि रूप, रूपदेखि तेज, तेजदेखि जल, जलदेखि गन्ध र गन्धदेखि पृथ्वी

उत्पन्न भयो। यी पञ्चमहाभूतदेखि चराचर अर्थात् चल्ने र नचल्ने गरी दुई किसिमका जगत्को उत्पत्ति भयो। पुरुष अव्यक्तका अनुग्रहले महत्देखि विशेषसम्मका अण्डको उत्पत्ति हुन्छ। जब ब्रह्माको कार्य र कारण सिद्ध भयो तब यस अण्डमा ब्रह्मा संज्ञा भएको क्षेत्रज्ञ बुद्धिमा प्राप्त भयो। यही प्रथम शरीरी अर्थात् शरीरधारी भयो। त्यसलाई पुरुष भन्दछन्। उही प्राणीको आदिकर्ता ब्रह्मादेखि उत्पन्न भयो। तिनै सृष्टिकर्ता ब्रह्माबाट धर्म, ज्ञान, वैराग्य र ऐश्वर्यका साथै अधर्म, अज्ञान, अवैराग्य र अनैश्वर्य गुण भएको बुद्धि उत्पन्न भयो। जो जसका मनमा इच्छा छ सो अव्यक्तदेखि उत्पन्न हुन्छ। अव्यक्तले तीन गुणलाई कायम राखेको छ। जो गुण र उसको अपेक्षा गर्दछ त्यो उसको स्वभावलाई पनि अपेक्षा गर्दछ।

आत्माका सत्त्व, रज र तम गरी तीन स्वभाव छन्। यी तीनबाट सृष्टि, स्थिति र संहार हुन्छ। सृष्टि कर्ममा चतुर्मुख ब्रह्मा, संहारमा रुद्र र पालनमा त्यो पुरुष हुन्छ जो सहस्रशिर भनिन्छ। त्यसकारण तीन अवस्थामा स्वयम्भू रहन्छन्। ब्रह्मत्वमा सत्त्व र रजोगुण, कालत्वमा रज र तमोगुण तथा विष्णुत्वमा केवल सत्त्वगुण रहन्छ। गुणबुद्धि तीन प्रकारका छन्। ब्रह्मत्वमा लोकको रचना, कालत्वमा संहार र पुरुषत्वमा व्यापाररहित केवल दर्शनले पालन कार्यको सिद्धि हुन्छ। यसरी ती परमात्माका तीन कर्म छन्। यस्ता तीन

प्रकारले भाग लाग्नाले ती परमेश्वरलाई त्रिगुण भनिन्छ। त्यसै गरी चार प्रकारले भाग लाग्नाले उनलाई चतुर्व्यूह पनि भनिन्छ। आदि हुनाले यिनलाई पुरुष भनिन्छ भने अजन्मा अर्थात् नजन्मने हुनाले अज पनि भनिन्छ।

सुवर्णको मेरु पर्वत ती परमात्माको गर्भाशय हो। गर्भको जल, समुद्र र पर्वत जरायु हुन्। यस अण्डमा ती सबै लोक रहन्छन्। यसको अन्तरमा संसार, चन्द्र, सूर्य, ग्रह, वायु, नक्षत्रसहित स्थिर रहन्छन्। यो अण्ड जलभन्दा दश बाह्र गुणा विस्तृत छ। आकाशले वायु व्याप्त अर्थात् ढाकिएको छ। आकाश पञ्चमहाभूतले वेष्टित अर्थात् घेरिएको छ। भूतादि महत्ले व्याप्त छ भने महत् प्रकृतिले व्याप्त छ। यो ब्रह्माण्ड प्रकृतिका सात आवरणले व्याप्त छ। यसउसले प्रकृतिसमेत आठ सापेक्ष छन्। परस्पर उत्पन्न भईकन जगत्लाई धारण गर्दछन्। आधारमा आधारी र विकारमा विकारी कछुवाका शरीरजस्तै फैलिने र खुम्चिने गर्दछन्।

यहाँ व्यक्त वा प्रकट सबै जगत् त्यसरी उत्पन्न भई अव्यक्तबाट प्रकट हुन्छ। त्यस्तै प्रलयकालमा गुणको उल्टोक्रम हुन्छ। गुणको साम्यावस्थालाई लय अर्थात् प्रलय र विषम अवस्थालाई सृष्टि भन्दछन्। यहाँ ब्रह्मबाट ब्रह्माण्ड हुन्छ। ब्रह्मको क्षेत्र हुनाले यसलाई ब्रह्मक्षेत्र भनिन्छ। यसरी यस्ता करोडौँ अण्डले व्याप्त हुनाले प्रधान

तल, बिचमा र माथि गरी तीन ठाउँमा अवस्थित छ। ती तीनै ठाउँमा ब्रह्मा, विष्णु र रुद्र छन्। प्रधानबाट व्यक्त रचना हुन्छ र शिवको आज्ञा पाएर जगत्को रचना गर्दछ। त्यही अव्यक्तबाट व्यक्त नामको अण्ड उत्पन्न भएको हो जुन हजारौँ वर्षसम्म जलमा रहेको थियो। त्यस अण्डमा चित्शक्तिका साथ वासुदेव प्रवेश गर्नाले त्यो सुवर्णमय अण्ड जलबाट उठ्यो। त्यसलाई नारायण भनिन्छ। सोही अण्डबाट ब्रह्माजी प्रकट भएकाले उनलाई हिरण्यगर्भ भनिन्छ।



सम्पूर्ण जगत्को सृष्टि गर्ने जीवको आवरण शक्ति अर्थात् आत्माको वास्तविक रूपलाई ढाकिदिने शक्तिका बारेमा यहाँ वर्णन गरियो। त्यसै गरी विशेष शक्ति अर्थात् आत्माको वास्तविक रूपलाई परिवर्तित गराउने शक्तिका बारेमा पनि यहाँ वर्णन गरियो।

अन्त्यकालमा आत्यन्तिक (अतिशय) प्रलय हुन्छ। यो सबै चेष्टा अप्रमेय (जान्न नसकिने) कारण परमेश्वरको लीला मात्र हो। महत्तत्त्व अर्थात् बुद्धिदेखि प्रकृति उत्पन्न भएको छ। आदि, मध्य र अन्त्य बलवान् शुक्ल, रक्त र कृष्ण वर्णको त्यो प्रकृति पुरुषले युक्त छ। रजको वृद्धिबाट लोकका सन्ततिको वृद्धि हुन्छ। सृष्टिको आदिकालमा आठ विकार उत्पन्न गरी अन्त्यकालमा गुप्त गर्दछ। प्रकृतिले बनाएका कारणको जहाँसम्म स्थिति छ त्यहाँसम्म प्रवृत्ति पनि छ। यो सबै शिव प्रकृति, काल र ऐश्वर्य हो। जुन महेश्वरको केवल सङ्कल्पले उत्पन्न हुन्छ।

हे मुनीश्वर! बितेका आयुको जो काल–वर्णन गरियो त्यो 'अपरार्ध' भनिन्छ। फेरि ब्रह्माको त्यति नै अर्को समय छ, उसका अन्त्यमा संहार हुन्छ। उनी आदिजन्मा ब्रह्माको प्रत्येक दिनमा चौध मनु फेरिन्छन्। आदि र अन्त्य केही नभएको हुनाले सम्पूर्ण कल्पकल्पको वर्णन गर्नाको प्रयोजन पो के छ र! यसउसले पृथक्पृथक् गरी भन्दिनँ। अनेक समयका कोटियौँ कल्प छन् तीमध्ये श्रेष्ठ पद्मकल्प अर्थात् कमलबाट उत्पन्न भएको कल्प छ, त्यसका बारेमा म अब दोस्रो अध्यायमा वर्णन गर्दछु।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां सृष्टिक्रमवर्णनं नाम प्रथमोऽध्यायः ॥ १ ॥

द्वितीयोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि ! अघि यो संसार पद्मकल्पमा जलमय छँदा परब्रह्मस्वरूप विष्णुका नाभिदेखि सहस्रदल वा हजार पात भएको कमल उत्पन्न भयो। त्यस कमलमा ब्रह्मा उत्पन्न भएर संसारको सृष्टि गर्ने विचार गर्न लागे। त्यसै बखतमा विष्णुका कानेगुजीदेखि अत्यन्त वीर एवं पराक्रमी मधु र कैटभ नामका दैत्य उत्पन्न भए। त्यसपछि उनीहरू कहाँ के छ भनी जलमय संसारमा घुम्न लागे। घुम्दाघुम्दै ब्रह्माजी बसेको सहस्रदल कमलनेर पुगे। कमलको डाँठ देखेर त्यसबाट माथि उक्लँदा उनीहरूले त्यस कमलमा ब्रह्माजीलाई विराजमान भएको देखेर उहाँलाई खसाल्न तत्पर भए। यस्तो चाल पाएर ब्रह्माजीले डराई योगमायाको आराधना गरे। यसबाट योगमाया खुसी भई तुरुन्तै प्रकट भइन्। त्यसपछि ब्रह्माले योगमायासँग बिन्ती गरे, "हे ईश्वरी ! विष्णुलाई जागा गराइदिनुहोस्।" यस्तो सुनेर योगमायाले विष्णुलाई तुरुन्तै जागा गराइदिइन्।

जागा भएपछि आफ्ना अघिल्तिर मधु र कैटभ दैत्यलाई देखी विष्णुलाई खुब रिस उठ्यो। त्यसपछि विष्णुले दैत्यहरूलाई 'आओ



लडौँ भने। विष्णु र दैत्यहरूका बिचमा दिव्य पाँच हजार वर्षसम्म जलमा घनघोर लडाईं भए तापनि विष्णुले दैत्यहरूलाई जित्न सकेनन्। त्यसपछि विष्णुले दैत्यहरूलाई फुर्क्याउँदै भने, "हे दैत्य हो! क्या बात! तिमीहरू वीर रहेछौ। तिमीहरूको सुर्‍याइँ देखेर म खुसी भएँ, वरदान माग, म खुसीसाथ दिन्छु।" यस्तो सुन्नेबित्तिकै दैत्यहरूलाई घमन्ड चढ्यो र उनीहरूले विष्णुलाई भने, "हे विष्णु! युद्धमा कसले जित्यो, जो हार्ने उही वरदान दिने, यो कस्तो गजबको कुरा हो! बरु हामीसित वर माग, तिमी जे भन्छौ हामी उही दिन्छौँ।" मधु र कैटभको यस्तो वचन सुनेर विष्णु आज्ञा गर्दछन्, "हे मधु!, हे कैटभ! तिमीहरूले बेस कुरा भन्यौ। म

तिमीहरूसँग नै वर माग्दछु तर वाचा बाँधेर मात्र माग्दछु।" यस्तो सुनी दैत्यहरूले "हुन्छ वाचा भयो, तिमी जे माग्दछौ हामी उही दिन्छौँ" भने। त्यसपछि विष्णुले मुसुक्क हाँसी आज्ञा गरे, "हे दैत्य हो! मैले अरू माग्ने वर के छ र? म केवल यही वर माग्दछु कि मेरा हातबाट तिमीहरूको मरण होस्।" यस्तो सुनी मधु र कैटभ दैत्यहरूले भने, "हे विष्णु! तिमीले कपट गर्‍यौ। हामीले वाचा हारिसकेकाले तिमीले मागेको वर हामी दिन्छौँ तर तिमीले हामीलाई पानी भएका ठाउँमा मार्न पाउँदैनौ।" ती दैत्यहरूले सबैतिर पानी नै पानी देखेर छट्‍टयाइँ गरी भनेका थिए तर विष्णुले त्यो कुरा बुझी ती दुवै दैत्यलाई काखमा राखी सजिलैसँग मारे।

मृत्युपछि मधु र कैटभ दैत्यहरूको बोसो ठन्डामा तुसाराले पानी जमेजस्तो गरी समुद्रको जलमा जम्यो र पृथ्वी भइन्। तिनका मासुले पर्वतहरू भए, हाडले पत्थर भयो। त्यो देखी ब्रह्माले अब संसार सृष्टि गर्नुपर्‍यो भन्ने विचार गरेर पहिले चतुर्दश भुवन (चौध लोक) को सृष्टि गरे। तीमध्ये माथिका सात लोकहरूमा क्रमशः भूर्लोक, भुवर्लोक, स्वर्गलोक, महर्लोक, जनलोक, तपोलोक र सत्यलोक पर्दछन्। त्यसै गरी तलका सात लोकहरूमा क्रमशः अतल, वितल, सुतल, तलातल, महातल, रसातल र पाताल पर्दछन्। फेरि सात द्वीपहरूको सृष्टि गरे जसमा क्रमशः जम्बूद्वीप,

प्लक्षद्वीप, शाल्मलीद्वीप, कुशद्वीप, क्रौञ्चद्वीप, शाकद्वीप र पुष्करद्वीप पर्दछन्। तीमध्ये पहिलोभन्दा दोस्रो दोब्बर ठुलो, दोस्रोभन्दा तेस्रो दोब्बर ठुलो र यसै क्रमले उत्तरोत्तर ठुला छन्।

अनि सात समुद्र सृष्टि गरे जसमा क्रमशः क्षारोद समुद्र, इक्षुरसोद समुद्र, सुरोद समुद्र, घृतोद समुद्र, क्षीरोद समुद्र, दधिमण्डोद समुद्र र शुद्धोद समुद्र पर्दछन्। यी समुद्र पनि द्वीपजस्तै उत्तरोत्तर ठुला छन्। पहिलो जम्बुद्वीप क्षारोद समुद्रद्वारा घेरिएको छ जसमा अग्नीध्र नामका राजाले राज्य गर्दछन्। दोस्रो प्लक्षद्वीप इक्षुरसोद समुद्रद्वारा घेरिएको छ जसमा इध्मजिह्व नामका राजाले राज्य गर्दछन्। तेस्रो शाल्मलीद्वीप सुरोद समुद्रद्वारा घेरिएको छ जसमा यज्ञबाहु नामका राजाले राज्य गर्दछन्। चौथो कुशद्वीप घृतोद समुद्रद्वारा घेरिएको छ जसमा हिरण्यरेता नामका राजाले राज्य गर्दछन्। पाँचौँ क्रौञ्चद्वीप क्षीरोद समुदद्वारा घेरिएको छ जसमा घृतपृष्ठ नामका राजाले राज्य गर्दछन्। छैटौँ शाकद्वीप दधिमण्डोद समुद्रद्वारा घेरिएको छ जसमा मेधातिथि नामका राजाले राज्य गर्दछन्। सातौँ पुष्करद्वीप शुद्धोद समुद्रद्वारा घेरिएको छ जसमा वीतिहोत्र नामका राजाले राज्य गर्दछन्। जम्बूद्वीपको विस्तार एक लाख योजन (एक योजन बराबर करिब १६ किलोमिटर) को छ। यो कमलगट्टाजस्तो गोलो छ। यसमा नौ नौ हजार योजन

विस्तारका नौ वर्ष (खण्ड) छन्। यस्ती पृथ्वीको सृष्टि गरी फेरि अष्ट पर्वत सृष्टि गर्न लागे। तिनमा क्रमशः सुमेरु पर्वत, गन्धमादन पर्वत, कैलाश पर्वत, हिमालय पर्वत, त्रिकूट पर्वत, चित्रकूट पर्वत, चन्द्रकूट पर्वत र चन्द्रान्तक पर्वत पर्दछन्।

अनि पछि हे अगस्त्य मुनि –

अब प्राणीहरूको सृष्टि गरूँ भन्ने विचार गरी ब्रह्मा श्रीमहादेवकहाँ गई तपस्या गर्न लागे। दिव्य बाह्र हजार वर्षसम्म अत्यन्त कष्टका साथ तपस्या गरेपछि महादेवले खुसी भएर ब्रह्माजीलाई दर्शन दिँदै भन्नुभयो, “हे ब्रह्मा! तिमीले गरेको भक्तिबाट म खुसी भएँ, वरदान माग।” यस्तो सुनी ब्रह्मा नाना उपचारले श्रीमहादेवको पूजा गरी स्तुति गर्न लागे, “हे परमेश्वर! हजुर कस्ता हुनुहुन्छ भने आफ्ना मायाले संसार रची आफ्नै मायामा भुलेजस्ता भइरहनुभएका यस्ता हजुरलाई कोटिकोटि नमस्कार छ। फेरि एक मूर्तिले तीन मूर्ति ब्रह्मा, विष्णु, महेश्वर भइरहेका यस्ता हजुरलाई कोटिकोटि नमस्कार छ। हे ईश्वर ! हजुरको महिमा वर्णन गर्न हजार मुख भएका शेषनागले पनि सक्दैनन्, म कसरी सकुँला? हजुरका प्रसादले भुवन, पाताल, पर्वत, द्वीप, समुद्र सबै सृष्टि गरेँ अब प्राणीहरूको सृष्टि गर्न सकूँ, यही वरदान पाऊँ।” ब्रह्माजीको यस्तो प्रार्थना सुनेर श्रीमहादेव भन्नुहुन्छ, “हे सुरश्रेष्ठ ! सृष्टि गर्न लागेका तिमीले प्राणीहरूको पनि

सृष्टि गर्न सके।" यस्तो वरदान पाएपछि ब्रह्माजी अत्यन्त खुसी भएर महादेवलाई साष्टाङ्ग प्रणाम गरी सृष्टिकार्य गर्नका लागि सुमेरु पर्वततर्फ गए। यता श्रीमहादेव त्यहीँ अन्तर्धान हुनुभयो।

ब्रह्माजीले सुमेरु पर्वतमा गई शिवलोक, विष्णुलोक, ब्रह्मलोक, उमालोक, स्कन्दलोकजस्ता धेरै लोकहरू सृष्टि गरे। सबैभन्दा माथि धर्मलोकको सृष्टि गरे। फेरि सुमेरु पर्वतका पूर्व दिशामा ऐरावती, आग्नेय कोणमा शुद्धावती, दक्षिण दिशामा यमपुरी, नैर्ऋत्य कोणमा कृष्णावती, पश्चिम दिशामा श्रद्धावती, वायव्य कोणमा गन्धवती, उत्तर दिशामा अलकापुरी र ईशान कोणमा यशोमती सृष्टि गरे। त्यसपछि स्थावर–जङ्गम सृष्टि गरे। यति गरी प्राणीहरू सृष्टि गर्न लागे। प्राणीहरूको सृष्टिको वर्णन सुन्दैमा अगस्त्यमुनि खुसी हुँदै कुमारजीलाई भन्नुहुन्छ, "हजुरको वचनरूपी अमृत मेरा कानले जति पान गरे पनि अघाउँदैन।" यस्तो सुनी कुमारजी विस्तारपूर्वक भन्न लाग्नुभयो –

हे अगस्त्य मुनि ! पहिले ब्रह्माजीले मनले चिताउने बित्तिकै कश्यप आदि एक सय ऋषिहरूको सृष्टि भयो। कश्यप ऋषिका दिति, अदिति,दनु, कारा, घोरा, सिंहिका, क्रोधा, प्राधा, बलिष्ठा, विनता, कपिला, कद्रु र मनु गरी तेह्रओटी पत्नी थिए। दितिका गर्भदेखि हिरण्यकशिपु आदि दैत्य जन्मे। अदितिका गर्भदेखि चन्द, सूर्य

इन्द्र आदि तेत्तिस कोटि देवता जन्मे। दनुका भर्गदेखि दानवहरू जन्मे। कारा र घोराका गर्भदेखि गन्धर्वहरू जन्मे। सिंहिकाका गर्भदेखि राहु जन्मे। क्रोधाका गर्भदेखि रम्भा, तिलोत्तमा, उर्वशी आदि अप्सराहरू जन्मे। बलिष्ठा र विनताका गर्भदेखि अरूण, गरुड, सम्पाति, मयूर, कोकिल, चखेवा, जीवञ्जीव, मुनियाँ, धोबिनी, राजहंस आदि पक्षीहरू जन्मे। कपिलाका गर्भदेखि कामधेनु, सिंह, शार्दूल, बाघ, हात्ती, घोडा, गैंडा, मृग, जरायो, खरायो आदि पशुहरू जन्मे। कद्रुका गर्भदेखि शेष, अनन्त, वासुकि, पद्म, महापद्म, तक्षक, कुलिर कर्कट र शङ्ख गरी अष्टनाग जन्मे। मनुका गर्भदेखि ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यति चार प्रकारका मनुष्यहरू जन्मे। यसरी देव़ता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, राक्षस, अप्सरा, नाग, मनुष्य र पशुपन्छी सृष्टि भएको देखी ब्रह्माजीले अब तिनका लागि आहाराको सृष्टि गरूँ भनी धान, जौ, तिलजस्ता अन्नहरू सृष्टि गरे।

हे अगस्त्यमुनि! मैले यति सृष्टिका कुरा सङ्क्षेपले मात्र बताएँ। विस्तृत रूपमा अन्य विविध पुराणहरूबाट बुझौला। अब तिमीलाई जे सुन्नाको इच्छ छ भन भनी कुमारजीले आज्ञा गर्नुभएपछि अगस्त्यमुनि भन्दछन् – "हे पार्वतीनन्दन ! कुनकुन भुवनमा कुनकुन देवता छन् र दिक्पाल कसरी भए ? सो आज्ञा गर्नुहोस्।"

यस्तो सुनी कुमारजी आज्ञा गर्नुहुन्छ, "हे अगस्त्यमुनि ! कैलाश भुवनमा श्रीमहादेव छन्। वैकुण्ठ भुवनमा विष्णु छन्। सत्य भुवनमा ब्रह्मा छन्। उमा भुवनमा पार्वती छिन्। स्कन्द भुवनमा म स्कन्दकुमार छु। धूम्र भुवनमा धूम्र ऋषि छन्। नैर्ऋत्य भुवनमा अन्य ऋषिहरू छन्। यति भुवनका कुरा बताएँ। अब दिक्पाल कसरी भए ? त्यसबारे वर्णन गर्दछु।

कश्यप ऋषिका पुत्र इन्द्रले हिमालय पर्वतमा गएर लामो समयसम्म अत्यन्त कष्टका साथ तपस्या गरे। यसबाट श्रीमहादेव खुसी भई उनलाई पूर्व दिशाका दिक्पाल र अमरावतीका अधिपति बनाई पठाए। फेरि अर्काले गई त्यसै गरी तपस्या गर्दा श्रीमहादेव खुसी भई अग्नि भनी नाम राखी आग्नेय कोणका दिक्पाल र शुद्धावतीका अधिपति गराई पठाए। फेरि अर्काले त्यसै गरी तपस्या गर्दा श्रीमहादेवले निर्ऋति भन्ने नाम राखी नैर्ऋत्य कोणका दिक्पाल र कृष्णावतीका अधिपति गराई पठाए। फेरि अर्काले त्यसै गरी तपस्या गर्दा श्रीमहादेव प्रसन्न भई वरुण भन्ने नाम राखी पश्चिम दिशाका दिक्पाल र श्रद्धावतीका मालिक गराई पठाए। फेरि अर्काले त्यसै गरी तपस्या गर्दा श्रीमहादेव प्रसन्न भई यम भन्ने नाम राखी दक्षिण दिशाका दिक्पाल र यमपुरीका अधिपति गराई पठाए। फेरि उनन्चास वायुले त्यसै गरी तपस्या गर्दा श्रीमहादेव

खुसी भई वरदान लेऊ भने। त्यसपछि वायुहरूले हामी उनन्चास एकै हुन सकौँ, हामीलाई कसैले देख्न नसकोस्, शब्दमात्र सुन्न सकोस् र बलमा पनि हामीलाई कसैले जित्न नसकोस् भन्ने वरदान मागे। श्रीमहादेवले उनीहरूलाई तथास्तु भन्दै वरदान दिई वायु भन्ने नाम राखी वायव्य कोणको दिक्पाल र त्यहीँका अधिपति गराई पठाए। फेरि अर्काले त्यसै गरी तपस्या गर्दा श्रीमहादेव खुसी भई विश्वकर्मा भन्ने नाम राखी ईशान कोणका दिक्पाल र यशोमतीका अधिपति गराई पठाए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां दिक्पालवर्णनं नाम द्वितीयोऽध्यायः ॥ २ ॥

तृतीयोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि ! अब श्रीमहादेवकी स्त्री सतीदेवीले प्राणत्याग गर्दा भएको उत्पातका बारेमा बताउँछु। कुमारजीका यस्ता वचन सुनी अगस्त्य मुनि भन्दछन्,“हे कुमारजी ! सतीदेवी महादेवकी स्त्री कसरी भइन्? तिनको मृत्यु कसरी भयो? त्यस वेला केकस्ता उत्पात भए? सो आज्ञा गर्नुहोस्।” यस्तो सुनी कुमारजी भन्नुहुन्छ, हे अगस्त्यमुनि! सुन। अघि प्रजापतिहरूमध्ये सबैभन्दा जेठा दक्षप्रजापति थिए। उनकी विरणी नाम गरेकी पतिव्रता स्त्री थिइन्। तिनी गर्भवती भएको दश महिनापछि छोरी जन्मिन्। तिनी अत्यन्त राम्री थिइन्। तिनको हजार सूर्यको जस्तो तेज थियो। तिनी बत्तिसै लक्षणले युक्त थिइन्। तिनका आँखा पद्मपत्रका जस्ता थिए। तिनको रूप बिहानपखको कलिलो घामजस्तो थियो। त्यस्ती पुत्रीको जन्मबाट दक्षप्रजापति अत्यन्त हर्षित भए। उनले आफ्ना गुरुपुरोहित वशिष्ठ आदि ऋषि तथा ज्योतिषीहरूलाई आमन्त्रण गरी विधिपूर्वक न्वारान गराए। वशिष्ठ आदि ऋषि ज्योतिषीहरूले ज्योतिषशास्त्रको विचार गरी भने, “हे दक्षप्रजापति! यी बालिकाको नाम सतीदेवी राखियो। यिनी यही नामले प्रख्यात हुनेछिन्।” यस्तो सुनी दक्षप्रजापति अत्यन्त खुसी भई ऋषि तथा ज्योतिषीहरूलाई

श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराएर बिदा गरे। मुनिहरू आआफ्ना आश्रममा गए।

सतीदेवीको जन्मपछि विरणीका गर्भदेखि क्रमशः तेत्तिस कोटि कन्याहरूको पनि जन्म भयो। आफ्ना सबै कन्याहरूलाई दक्षप्रजापति र विरणीले राम्ररी पालनपोषण गरी हुर्काए। कुमाजीका यस्ता वचन सुनेपछि अगस्त्य मुनि भन्दछन्, "हे कुमारजी! दक्षप्रजापतिका तेत्तिस कोटि कन्याहरूको तेत्तिस कोटि देवताहरूसँग कसरी विवाह भयो? यसबारे सुन्ने इच्छा छ।" त्यसपछि कुमारजी भन्नुहुन्छ, हे अगस्त्य मुनि ! एक दिन स्वर्गका सम्पूर्ण देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, अष्टवसु, दशदिक्पाल आदि एकत्र भई सभा गरेर भने, "हामीहरूको विवाह भएको छैन। दक्षप्रजापतिका तेत्तिस कोटि कन्याहरू विवाहका लागि योग्य छन्। अब ती कन्याहरू माग्न दक्षप्रजापतिकहाँ कसलाई पठाउने?" यसबारे उनीहरू छलफल गरी यस काममा नारदजी उपयुक्त हुने निष्कर्षमा पुगे। त्यसपछि नारदजीलाई आमन्त्रण गरी उनीहरूले भने, "हे नारद मुनि! तपाईं दक्षप्रजापतिकहाँ गएर जसरी भए पनि उनका कन्याहरू हाम्रा निमित्त विवाहका लागि मागी आउनुहोला।" यस्तो सुनेर नारद मुनि भन्दछन्, "हुन्छ म मागी आउने भएँ।" यति भन्दै नारद मुनि दक्षप्रजापतिका घरमा गए।

दक्षप्रजापतिले नारदजीलाई देखी शिष्टाचार गर्दै सोधे, “अहिले कहाँबाट पाल्नुभयो? कुशल हुनुहुन्छ? के कामका निमित्त पाउकष्ट गर्नुभयो?” त्यसपछि नारदजीले आफूलाई देवताहरूले पठाएको कुरा विस्तारपूर्वक बताउँदै भने, “तपाईंका तेत्तिस कोटि कन्याहरू तेत्तिस कोटि देवताहरूलाई दिन योग्य छन्, दिनुहुन्छ कि?” यस्तो सुनी दक्षप्रजापतिले खुसी हुँदै भने, “हे नारद मुनि! अत्यन्त राम्रो प्रस्ताव ल्याउनुभयो। देवताहरूलाई छोरी दिन पाउने म धन्य रहेछु। मेरा तेत्तिस कोटि कन्याहरू तेत्तिस कोटि देवताहरूलाई तपाईंका वचनले दिएँ। जुनजुनलाई दिने भन्नुहुन्छ र जुन दिन भन्नुहुन्छ मलाई मन्जुर छ तर एउटी सतीदेवीलाई भने दिन सक्दिन किनभने मेरा छोरा छैनन्। यत्रो सम्पत्तिको रक्षा गर्ने अन्य कोही छैनन्। त्यसैले अब तपाईं पाल्नुभई देवताहरूसँग सल्लाह गरी यथाशीघ्र विवाहको लग्न निर्धारण गराई पठाउनुहोला।” यति भन्दै दक्षप्रजापतिले नारद मुनिलाई विविध उपचारले पूजा गरी बिदा गरे। त्यसपछि नारदजी स्वर्गतिर पुगी दक्षप्रजापतिसँग भएको शुभवृत्तान्त देवताहरूलाई सुनाउँदा भए। यसबाट देवताहरू अत्यन्त खुसी भए। उनीहरूले नारदजीलाई हार्दिक धन्यवाद ज्ञापन गरे। त्यसपछि देवताहरू शुभ विवाहको लग्न ठहऱ्याई आवश्यक सामग्री तयार गरी कन्यादान लिन दक्षप्रजापतिका घर गए।

दक्षप्रजापतिले देवताहरूको मङ्गलयात्राका साथ स्वागतसत्कार गराई आफ्ना मर्यादाले सतीदेवीबाहेक तेत्तिस कोटि कन्याको विवाह तेत्तिस कोटि देवताहरूसँग गराइदिए। देवताहरू पनि अत्यन्त खुसी हुँदै पत्नीहरूका साथमा आआफ्ना आश्रममा गए।

यसरी दक्षप्रजापतिका कन्याहरूको विवाह भएको सबै वृत्तान्त कैलाश पर्वतमा रहेका श्रीमहादेवले चाल पाएर मनमनै विचार गर्न लाग्नुभयो, "यी देवताहरू कस्ता छट्टु रहेछन्, मसंग एक वचन पनि नसोधी मलाई बाहेक गरी आफूआफूले मात्र कन्यादान लिएछन्। म यत्रो कैलाशको अधिपति छु, तर मेरी स्त्री छैनन्। मलाई अब कसले कन्या देला ?" यस्तो तर्कना गर्दै श्रीमहादेवले ध्यानदृष्टि दिँदै दक्षप्रजापतिका कन्याहरूमध्ये सबैभन्दा जेठी सतीदेवी बाँकी रहेकी छन् भन्ने पत्ता लगाउनुभयो।"देवताहरूले मेरो मर्यादा त राखेका रहेछन् ! अब ती कन्या माग्न दक्षप्रजापतिकहाँ कसलाई पठाऊँ? होइन आफैँ जाउं क्यार!" यस्तो विचार गरी श्रीमहादेव दक्षप्रजापतिका घरतर्फ प्रस्थान गर्नुभयो।

उता दक्षप्रजापतिले श्रीमहादेव आफ्ना घरतर्फ आउन लाग्दै गर्नुभएको टाढैबाट देख्यो। अनि ऊ आफ्नी स्त्री विरणीसँग भन्न लाग्यो, "हे प्रिये! त्यो आउँदै गरेको महादेव हो, के कामले आउन लागेको होला?" त्यसपछि श्रीमहादेवले घरनेर आएर तलबाट

बोलाउन लाग्नुभयो। दक्षप्रजापतिले झ्यालबाट हेरी श्रीमहादेवलाई अनादर गर्दै 'माथि आ' भनी बोलायो। त्यसपछि दक्षप्रजापति भन्न लाग्यो, "हे महादेव ! तँ मेरा घरमा के कामले आइस्?" दक्षप्रजापतिले यस्तो अपमानपूर्वक भनेको सुनी भगवान् भोलानाथ भन्नुहुन्छ, "हे दक्षप्रजापति ! तिम्रा घरमा आउनुपर्ने अन्य काम त केही थिएन। तिमीले कृपा गर्नाले तेत्तिस कोटि देवताहरूले कन्यादान पाए। उनीहरूको उद्धार भयो। अब तिम्री कन्या सतीदेवी बाँकी रहिछन्। म योग्य पनि छु, ती कन्या मलाई कृपा गर।" श्रीमहादेवले यस्तो आज्ञा गरेको सुनी दक्षप्रजापति आवेशमा आएर भन्न लाग्यो, "हे निर्लज्ज महादेव! मेरी कन्या सतीदेवी तेरालागि कसरी योग्य होली! तँ कस्तो छस् भने आँङमा खरानी घस्ने! सर्पका गहना लगाउने! बाघको छाला ओढ्ने! विष, भाङ र धतुरो खाने! देख्दैमा पनि अनुहार नपरेको! र दिगम्बर (नाङ्गो) रूपमा जता मन लाग्यो त्यता पाइला चाल्दै हिँड्ने! यस्तो तैँले मेरा अगाडि आई यस्ता कुरा गरिस्, जा मेरा घरमा नबस्।" यति भन्दै दक्षप्रजापतिले महादेवको पाखुरामा समाती उठायो। यसरी दक्षप्रजापतिले आफूलाई क्षुद्र वचन प्रयोग गर्दै नाना तरहले निन्दा गरेको सुनी बहुत मन दुखाई श्रीमहादेव बाहिर आएर भन्न लाग्नुभयो, "नदिने भए सामान्य तवरले दिन्नँ भने त होइजान्थ्यो,

कसैले खोस्न त जाने थिएन नि! यस्तो निन्दा कसरी गर्न सकेको? अब के गर्ने होला? कसो गर्ने होला? अब कता जाऊँ? अब कसले ती कन्या मलाई पारिदेला?"

यसरी मनमा अनेक तर्कना गर्दै श्रीमहादेव दक्षका घरबाट सिधै भगवान् विष्णुकहाँ जानुभयो। विष्णुले श्रीमहादेवलाई देख्नासाथ आसनबाट झट्ट उठी आदरसत्कारका साथ आसनमा बसाएर 'के कामले पाल्नुभएको हो?' भनी मधुर वचनले सोध्नुभयो। श्रीमहादेवले आफ्ना लागि सतीदेवी माग्न दक्षप्रजापतिका घर गएको र उसले आफूलाई अपमानका साथै नाना तरहले निन्दा गरेको कुरा विस्तारपूर्वक बताउनुभयो। महादेवले विष्णुलाई अगाडि भन्नुभयो, "मेरी पत्नी छैनन् त्यसैले मेरो घर छैन, जसरी हुन्छ ती कन्या मेरा हातमा पारिदिनुपर्‍यो। म यति दुःख दिन आएको हुँ।" महादेवका यस्ता कुरा सुनी विष्णुले भन्नुभयो, "हे ईश्वर! यो काम जसरी भए पनि म पार लगाउँला, धन्दा नमान्नुहोस्। म दक्षप्रजापतिकहाँ जान्छु। म नआउन्जेल तपाईं यहीँ बस्नुहोला।" यति भनेर विष्णु दक्षप्रजापतिका घर जानुभयो।

दक्षप्रजापतिले विष्णु आएको देख्नासाथ माथि कोठामा लगी आदरसत्कारका साथ बिछ्याउनामा बसालेर भन्न लाग्यो, "हे प्रभो! आज हजुरको आगमनले मेरो घर पवित्र भयो। केही सेवा गर्नुपर्ने

भए आज्ञा होस्।" यस्तो सुनी भगवान् विष्णु भन्नुहुन्छ, "हे दक्षप्रजापति ! म केही दुःख दिऊँ भनी आएको हुँ, मान्नुहुन्छ भने भन्नुपर्‍यो, केही चिज माग्नु छ।" विष्णुका यस्ता कुरा सुनी दक्षप्रजापति भन्दछ, "हे विष्णु ! आज्ञा गर्नुहोस्, यहाँले भन्नुभएपछि म के कुरा नाइँ भनुँला र!" यस्तो सुनेर विष्णु आज्ञा गर्नुहुन्छ, "हे दक्षप्रजापति! म यस्तो वैकुण्ठको अधिपति छु तर मेरी स्त्री छैनन्। तपाइँले कृपा गर्नाले तेत्तिस कोटि देवताको घरबार जम्यो। अब सतीदेवी बाँकी छन्। ती कन्या मलाई कृपा गर्नुहोस्।" विष्णुले यति आज्ञा गरेको सुनी दक्षप्रजापतिले चिन्तित हुँदै भन्यो, "हे विष्णु! मेरा पुत्र छैनन्। सम्पत्तिको रक्षा गर्न राखेकी छोरी दिन त हुँदैनथ्यो तर के गरूँ वाचा हारिसकेँ, हुन्छ ती कन्या अब तपाइँलाई दिने भएँ। सुदिन ठहर्‍याई कन्यादान लिन पाल्नुहोला।" यसरी दक्षप्रजापतिलाई सहमत गराई शुभलग्नमा कन्यादान लिन आउने बताउँदै विष्णु वैकुण्ठ जानुभयो। उहाँ पुगेपछि महादेवले "हे विष्णु! तपाईं जानुभएको काम के कसो भयो?" भनी सोध्नुभयो। यसको उत्तरमा विष्णु भन्नुहुन्छ, "हे ईश्वर! मलाई जिम्मा दिनुभएको काम होलाजस्तो भयो तर मैले जाल गरी मलाई नै भनेर मागी आएको छु। विवाहका दिन तपाईं वृद्ध संन्यासीको रूप धारण गरी कन्यादानका समयमा मलाई भिक्षा नदिई कन्यादान

लिए पनि दिए पनि सराप दिउँला भन्नू। त्यस वेला मैले, हे संन्यासी! मेरो लग्न बित्न लाग्यो, कन्यादान भइसकेपछि भिक्षा दिउँला, सराप नगर, अहिले यहाँ आई बस भनी सँगै आसनमा बसाल्नेछु। त्यसपछि दक्षप्रजापतिले कन्यादान दिँदा उनको आँखा छली तपाईंका हातमा पारिदिउँला।" विष्णुले यति भन्दै महादेवलाई यस दिन यस वेला आइपुग्नुहोला भनी दक्षप्रजापतिसँग भएका सबै कुरा विस्तारले बताउनुभयो। महादेव पनि 'हवस् म त्यसै गर्छु, अहिलेलाई बिदा पाऊँ' भनी हर्षित हुँदै कैलाश पर्वततर्फ लाग्नुभयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां दक्षकन्याविवाहवर्णनं नाम तृतीयोऽध्यायः ॥ ३ ॥

चतुर्थोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! त्यति भएपछि कन्यादानको दिन आइपुग्यो। महादेव निर्धारित समयमा आइपुग्नुहुनेछ भन्ने विश्वास गर्दै विष्णु दक्षप्रजापतिका घर जानुभयो। त्यहाँ सम्पूर्ण सामग्री तयार पारी विधिपूर्वक यज्ञ गराई कन्यादानका निमित्त दक्षप्रजापति तयारी अवस्थामा रहेका थिए। यता महादेव विष, भाङ र धतुरो खाई नसामा चुर भई बस्नुभएकाले दक्षप्रजापतिका घर जान बिर्सनुभएछ। उता विष्णु कन्यादानको निर्धारित लग्नको समय आइपुग्नलाग्दासमेत महादेव आइपुग्नुभएन भनेर चिन्तित हुनुभयो। विष्णुले मनमनै विचार गर्नुभयो, "महादेव यति वेलासम्म पनि आइपुग्नुभएन, कन्यादानको समय भइसक्यो, मेरा हातमा थाप्न पनि भए, अब कसो गर्ने होला?" यस्तो विचार गर्दै विष्णु अत्यन्त व्याकुल अवस्थामा रहनुभएको थियो।

केही बेरपछि महादेवले झल्याँस्स सम्झिनुभयो, "कन्यादान दिने आजै हो, विष्णु जानुभयो होला, बरबाद भयो क्यार!" यस्तो विचार गर्दै वृद्ध संन्यासीको रूप लिई तुरुन्तै दक्षप्रजापतिका घरमा पुगेर भन्न लाग्नुभयो, "हे विष्णु ! मलाई भोक लागिरहेको छ, मलाई

भिक्षा नदिई कन्यादान लिए पनि दिए पनि सराप दिउँला।” संन्यासीरूप महादेवका यस्ता कुरा सुनी विष्णु भन्नुहुन्छ, “हे भिक्षुक ! मेरो विवाहको लग्न बित्न लाग्यो। कन्यादान हुनसाथ भिक्षा दिउँला, अहिले म बसेका ठाउँमा आई बस।” यति भन्दै विष्णुले आफू बसेको सिंहासनमा सँगै बसाउनुभयो। महादेव कस्ता वेलामा आइपुग्नुभयो भने विरणीले सुनको कमण्डलुले जलधारा दिई दक्षप्रजापतिले सतीदेवीको हात समाती विष्णुका हातमा सुम्पन लागेको मौका थियो। त्यस्तो संयोग परेको समयमा विष्णुले आफ्ना मायाले छोपी दक्षप्रजापतिको आँखा छली सतीदेवीको हात संन्यासीरूप महादेवका हातमा पारिदिनुभयो। त्यसपछि दक्षप्रजापतिले अत्यन्त विषाद गर्दै भन्न लाग्यो, “अहो! कताको हात कता पऱ्यो! एकातिर ताकेको अर्कातिर पुग्यो! हे विष्णु! तिमी कपटी रहेछौ। तिम्रो विश्वासमा पर्दा मेरी पुत्री सतीदेवी यस्ताको हातमा परी।” दक्षप्रजापतिले भनेका यस्ता कुरा विष्णुले सुनेको नसुन्यै गरी चुपचाप महादेवसँग बिदा भई वैकुण्ठ जानुभयो।

विष्णु गएपछि दक्षप्रजापति सतीदेवीसँग भन्न लाग्यो, “हे पुत्री! कपटी विष्णुले गर्दा आज यस्तो पर्न गयो, अब के गर्छेस् ? तेरो कर्ममा यस्तै लेखेको रहेछ, तैँले यसैको जौतिल खाएकी रहिछस्,

पिर नगर्, हामी छँदैछौँ, तँलाई हामी पालौँला, अहिले यसैसँग जा ।” आफ्ना पिता दक्षप्रजापतिले भनेको यस्तो सुनी बहिनीहरूले देवता स्वामी पाएको झल्झली सम्झी ‘मेरा कर्ममा यस्तै रहेछ, म धिक्कार रहेछु’ भन्दै सतीदेवी बडो विषाद गरी धुरुधुरु रुन लागिन्। फेरि ‘दैवले यस्तै जुरायो, अब रोएर कराएर हुँदैन, जे भए पनि भयो, जस्ता भए पनि मेरा बाबामहतारीले दिएका स्वामी यिनै हुन्” भन्ने विचार गर्दै सतीदेवीले चित्त बुझाइन्। त्यसपछि संन्यासीरूप श्रीमहादेवले सतीदेवीलाई भन्नुभयो, “हे सतीदेवी! अब यहाँ कति बसिरहनु? विवाहपछि छोरीले बढी समय माइतमा बस्नु उपयुक्त हुँदैन। आफ्नो घर पनि सम्झनुपर्छ। त्यसैले आफ्नो घर जाऔँ। तिम्रा बाबामहतारीसँग बिदा होऊ।” आफ्ना पतिको यस्तो आज्ञा सुनी सतीदेवीले ‘हवस्’ भन्दै आफ्ना मातापितासँग बिदा मागिन्। दक्ष र विरणीले आँसु थामी सतीदेवीलाई घरगृहस्थीसम्बन्धी अनेक शिक्षा दिई ‘हामीलाई नबिर्से, आउँदै गरे’ भनी बिदा दिए। सतीदेवी आफ्ना मातापितालाई प्रणाम गरी संन्यासीरूप महादेवको अगाडि लाग्दी भइन्।

ती दम्पती आफ्नो घर जाने क्रममा बिचबाटामा पुगेपछि संन्यासीरूप महादेवले भन्नुभयो, “हे सुन्दरी ! कहिल्यै आँगनको छेउ नकाटेकी, बाबुआमाका हातमा फूलजस्तै भएर हुर्केकी

तिमीलाई परिश्रम पऱ्यो होला, अलि सुस्त हिँड।” यस्तो सुनी सतीदेवी भन्छिन्, “हे स्वामी म त उमेरकी छु, हिँड्न सकुँली, बरु हजुरको वृद्ध अवस्था भएको छ परिश्रम पर्नजाला, सुस्त हिँडिबक्सियोस्।” यसरी ती दम्पती आपसमा मिठामिठा कुरा गर्दै अगाडि बढे। सतीदेवीले ‘आफ्ना स्वामीको वृद्ध अवस्था छ, म यस्ती युवती छु, कसैले केही गरी दुःख त देओइन?” भनी मनमा चिन्ता गरी एकछिन पनि नछोडी पछिपछि लाग्दै गइन्। कैलाश पर्वतमा पुगेर संन्यासीरूप श्रीमहादेवले सतीदेवीको परीक्षा गर्नका लागि त्यस पर्वतका टाकुरामा एउटा खरको झुपडी उत्पन्न गराउनुभयो। त्यसपछि महादेवले सतीदेवीलाई ‘हे प्रिये ! हाम्रो घर यही हो, बल्ल आइपुग्यौं’ भन्दै लामो सुस्केरा हाली हातले देखाउनुभयो। फेरि आँगनमा पुगी ‘भित्र जाऊ, भोक लागेको होला, केही खाऊ, मलाई थकाइ लागेको छ, म एकछिन् सुत्छु’ भनी विष, भाङ, धतुरो खाई बाहिरै सुत्नुभयो।

सतीदेवीले त्यस्तो खरको झुपडी देखी आफ्ना बाबा दक्षप्रजापतिको सुनको झिलिमिली परेको महल सम्झी ‘धिक्कार रहेछ, त्यस्तो सुवर्णको महलमा बसेकी मलाई आज दैवले यस्तो खरको झुपडीमा पारिदियो’ भनी बहुतै विषाद गरी आँखादेखि बर्बरी आँसु खसालिन्। फेरि ‘मेरा कर्मले यस्तै पारिल्यायो, के

गरूँ? जस्तो पर्‍यो त्यस्तै नबेहोरी सुख पाइँदो रहेनछ' भनी मन बुझाई पछ्यौरीले आँसु पुछी झुपडीभित्र पसिन्। त्यहाँ सबैतिर माकुराको जालो र कसिङ्गरले भरिएको देखी कुचाले बढारकुँढार गरेर सफा पारिन्। फेरि स्वामी जागा भएपछि के खान दिने होला भनेर हेर्न जाँदा केही पनि नपाएकीले चित्त आकुल गरी संन्यासीरूप महादेव सुतेका स्थानमा आई बसिरहिन्।

चार दिन बितेपछि श्रीमहादेव जागा भएर सतीदेवीको मुख हेरी भन्न लाग्नुभयो, “हे माया नभएकी स्त्री! मलाई बाहिर एक्लै सुताई आफू भित्र सुतिस्, त्यसो गरे पनि तँलाई खान त पर्‍यो होला नि !

खाइस् कि खाइनस्?" यसरी महादेव नाना तरहले रिसाउन लाग्नुभएको देखी सतीदेवी हँसिलो मुहार गरी भन्न लागिन्, "हे स्वामी ! हजुरलाई साह्रै निद्रा परेकोले जागा गराउन मन लागेन, म त अहिलेसम्म सुतेकी पनि छैन, यहीँ बसिरहेकी छु, भण्डारमा प्रशस्त खानेकुरा रहेछ, मैले त पेटभरि खाईसकेँ, बरु हजुर के खानुहुन्छ ?" वास्तवमा सतीदेवी बडो असल स्वभावकी थिइन्, रिसमा पनि रसमा पनि उज्यालो मुख गरी आफ्ना पतिको भक्तिमा चित्त लगाइरहन्थिन्। सतीदेवीका कुरा सुनेर 'यहाँ के थियो र खाईहोली' भन्ने विचार गर्दै करुणामूर्ति भोलेनाथले भन्नुभयो, "हे प्रिये! तिमी झुक्कियौ, हाम्रो घर यो होइन, त्यो खरको भित्ता च्याती हेर त!" यस्तो सुनी सतीदेवी भन्दछिन्, "हे स्वामी! कुन त भएको घर पनि नासी अर्को नभएको कहाँ हेर्न जाऊँ? फेरि बनाउनुपरेमा कसो गर्ने? हजुरको वृद्ध अवस्था छ, म स्त्रीजाति, कसले बनाइदेला?"

सतीदेवीका यस्ता कुरा सुनी संन्यासीरूप श्रीमहादेव उठेर खरको भित्तामा लात्ताले हानी कैलाश पर्वतको दर्शन दिनुभयो। सुवर्णले बनेको र मणिमाणिक्य आदि बहुमूल्य रत्नहरू जडिएको भव्य महल देखी सतीदेवी विचार गर्न लागिन्, "यो घर त मेरा बाबा दक्षप्रजापतिको भन्दा पनि राम्रो रहेछ, यो कसको घर होला?" त्यसै

वेला श्रीमहादेवले सतीदेवीलाई आफ्नो रूपको दर्शन दिनका लागि चोकमा डाकी “हे प्रिये! चोकको माझमा गाईको गोबरले मण्डलाकार (बाटुलो) पारी लिपिदेऊ” भन्नुभयो र सतीदेवीले ‘हवस्’ भनी लिपिदिइन्। त्यसपछि संन्यासीरूप महादेवले लिपेका ठाउँमा गई निर्मल स्फटिकको जस्तो वर्ण भई विश्वम्भर मूर्तिको दर्शन दिनुभयो। यस्तो स्वरूपको दर्शन पाई सतीदेवीले हर्षको आँसु बगाई “हे जगदीश्वर! म धन्य रहेछु, साक्षात् श्रीमहादेव स्वामी पाएँ” भनी फूलको माला गलामा पहिराई तीनफेरा परिक्रमा गरिन्। त्यसपछि ती दुवै शिवशक्ति स्वरूपले रहे।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां सतीदेवी कैलाशप्रवेशो नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

पञ्चमोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! मैले दक्षप्रजापतिका कन्याहरूको विवाहका बारेमा बताएँ। अब के सुन्नाको इच्छा छ? भन, म बताउनेछु। कुमारजीका यस्ता वचन सुनी अगस्त्य मुनि भन्नुहुन्छ, "हे कुमारजी ! त्रिपुरासुरले कसको तपस्या गर्‍यो ? श्रीमहादेवले कसरी त्रिपुर दहन गर्नुभयो? यसबारे विस्तारपूर्वक आज्ञा गर्नुहवस्।" कुमारजी आज्ञा गर्नुहुन्छ हे मुनिवर! अघि जब भगवान् विष्णुले हिरण्याक्षलाई मार्नुभयो तब सम्पूर्ण दैत्यहरू साह्रै दुःखी भई पिर मान्न लागे। अनि मय नामको दैत्य पनि निकै चिन्तित भयो। कामदेव नहुँदा रतिको जस्तै अवस्था त्यस दैत्यराज मयको पनि भयो। त्यसैले आफ्ना दुई साथीहरू तारकाक्ष र विद्युत्प्रभका साथ त्यो मय अघोर तपस्या गर्न लाग्यो। तिनीहरू पुसमाघको टिप्पा दिने जाडाभरि हिमालय पर्वतमा गई बस्दथे भने वैशाखजेठको टन्टलापुर घाममा पञ्चाग्नि तापी तपस्या गर्दथे। मुसलधारे पानीमा विना छप्पर चौरमा बसी तपस्या गर्दथे। यस्ता तरहले तपस्या गर्दागर्दा तिनीहरूले दिव्य दश हजार वर्ष बिताए। तिनका जिउमा हाडछाला मात्र बाँकी रहे। फेरि ठुलो सुखदेखि पनि ठगिए तैपनि तिनीहरू सूर्यसमान तेजस्वी देखिए।

ती दैत्यहरूका तपस्या देखी ब्रह्माजी प्रत्यक्ष भएर भन्न लाग्नुभयो, “हे दैत्यहो! तिमीहरू दैत्यहरूमध्ये श्रेष्ठ छौ। तिमीहरूको तपस्या देखी म खुसी भएँ। अब तिमीहरूको मनमा जे इच्छ छ त्यो वर माग म दिन्छु।” यस्तो सुनेर तिनीहरूले खाली घुँडाले मात्र भूमिमा टेकी ब्रह्माजीलाई साष्टाङ्ग दण्डवत् प्रणाम गरी हात जोडी बिन्ती गरे, “हे ब्रह्माजी ! हजुर हामीहरूदेखि प्रसन्न हुनुहुन्छ भने हामीलाई अवध्यत्व अर्थात् कसैले मार्न नसक्ने वरदान दिनुहोस्। हाम्रो बल पराक्रम पनि ठुलो होओस्। हामीले विमानजस्ता तीनओटा पुर वा सहर बनाउन सकौँ जहाँ मानिसहरू जान नसकून्।” यस्तो सुनी ब्रह्माजी आज्ञा गर्नुहुन्छ, “हे दानवश्रेष्ठ ! म तिमीहरूलाई कसैले पनि मार्न नसक्ने वर दिन सक्दिनँ। त्यसबाहेक अन्य वर माग, म दिन्छु। यसमा फरक नमान।” यस्तो सुनी मय भन्दछ, “हे प्रभो ! अघि मैले बिन्ती गरेजति सबै होओस्। मृत्युको हकमा मैले बनाएका त्रिपुर वा तीनओटा पुर अलगअलग स्थानमा रहनेछन्। जब दश हजार वर्ष पूरा होला तब ती तीनओटै पुर आधा निमेषभर मात्र एकै ठाउँमा जोडियून्। त्यस आधा निमेषको समयभित्र त्रिपुरलाई जसले एक बाणले नाश गर्न सक्दछ त्यसले मात्र हामीहरूलाई मार्न सकोस्।” मयका यस्ता वचन सुनी ब्रह्माजीले ‘तथास्तु’ भनी वरदान दिनुभयो र सत्यलोक जानुभयो।

यसरी ब्रह्माजीबाट वरदान पाएपछि मय दानवले जगत्को नाश गर्नाका निमित्त आदिकल्पमा त्रिपुरको रचना गऱ्यो। तीमध्ये पहिलो फलाम, दोस्रो चाँदी र तेस्रो सुनको पुर थियो। त्रिपुरहरू टहटह जुन लाग्नाले अत्यन्त शीतल थिए। पुरका घरहरू आकर्षक वास्तुकलाले भरिपूर्ण थिए। घरका आँगनमा सलक्क परेका र कुँदेका ढुङ्गा छापिएका थिए। घरका अटालीहरू अग्लाअग्ला र आकर्षक देखिन्थे। रङ्गीविरङ्गी बुट्टेदार आँखीझ्यालहरूले घरहरू सुशोभित थिए। सहरवरिपरि ठाउँठाउँमा सुवर्णले मढेका सुन्दर प्रवेशद्वार बनाइएका थिए। ठाउँठाउँमा हीरा, मोती, पन्ना, मुगा, मणि, माणिक्यजस्ता रत्नहरू जडिएका थिए। बिजुलीको झलकजस्ता रत्नहरूले सहरको शोभा बढाएका थिए। घरका लहरहरू पनि रत्नहरूको जडिजडाउले झिल्मिलिएका थिए।

त्रिपुरमा सजाइएका रङ्गीचङ्गी ध्वजापताकाहरू सिरसिर हावा चलेका समयमा फरफराइरहेको दृश्य निकै मनमोहक देखिन्थ्यो। मय दानवले सहरभरि लाखौँ बहुमूल्य रत्नहरू जडेका हजारौँ बगैँचा उत्पन्न गरायो। त्यहाँका बोटबिरुवाहरू छओटै ऋतुका फल र फूलहरूले लटरम्म परेका देखिन्थे। ठाउँठाउँका तलाउहरू हजारौँ थरी कमलका फूलहरूले भरिएका उत्पन्न गरायो। नाना तरहका मयूर आदि सुन्दर पक्षीगणले सहर सुशोभित थियो। नरनारीहरू

रसरङ्गका साथ नगरमा घुमफिर गर्दथे। वारुणी (मदिरा) ले लाललाल आँखा पारेका युवतीहरू मुसुक्क हाँस्दा पुष्पवृष्टि भएको भान हुन्थ्यो। यसरी त्रिपुर सम्पूर्ण सुन्दरताले भरिपूर्ण थियो। त्रिपुरमध्ये मयले तारकलाई फलामको पुर र विद्युत्प्रभलाई चाँदीको पुर प्रदान गर्‍यो। सुवर्णले बनेको अति उत्तम पुर मयले आफ्नै लागि राख्यो। दैत्यपतिका मन्त्रीहरूले त्रिपुर शोभायमान भयो।

यसरी दैत्यराज आफ्ना सबै शत्रुका सेनालाई परास्त पारी ब्राह्मणवर्ग र भृत्यवर्गले सहित भई स्त्रीहरूका साथ नाना तरहका सुखभोगमा तल्लीन भयो। दैत्यहरूले तीनै लोकको आनन्द लुटेर गम्कँदै सम्पूर्ण देवताहरूलाई जितिलियौँ भन्दै अत्याचार गर्न लागे। शक्तिको उन्मादले पागलजस्ता भएका दैत्यहरूले देवताहरूलाई मार्ने र तिनका बगैँचाका बोटबिरुवाहरू जरैसमेत उखेलेर लग्ने गर्न लागे। यस्ता तरहले देवताहरूलाई दुःख दिँदादिँदा जब धेरै काल बित्यो तब तिनीहरूसँग इन्द्रादि देवताहरू खुब रिसाएर ब्रह्माजीकहाँ गई दैत्यहरूबाट भएको उपद्रवका बारेमा विस्तार गरे। तब ब्रह्माजीले सब देवताहरूलाई शान्त गराई आज्ञा गर्नुभयो, “हे देवता हो! त्रिपुरासुर दैत्यहरू बडा बलवान् छन्। तिमीहरू तिनको नाश गर्न सक्दैनौ। त्यसैले नारायण आदि हामी सबै देवता महादेवका शरणमा जाऔँ। उनै महादेव हाम्रा गति छन्। उनै महादेवले हाम्रा

शत्रु दैत्यहरूको नाश गर्नेछन्।" ब्रह्माजीको यस्तो आज्ञा सुनी 'हवस्' भनी सूर्य, इन्द्र, अग्नि, वायु आदि सबैले ब्रह्माजीलाई साथ लिई कैलाश पर्वतमा गएर महादेवको दर्शन गरी यसप्रकार स्तुति गर्न लागे:

हे त्रिलोकेश! हे पिनाकधारिन्! हे अमितपराक्रमी! तपाईंलाई कोटिकोटि नमस्कार छ। चन्द्रमाको प्रकाशले प्रकाशमान भएका उत्तम जटाधारी हे चन्द्रशेखर! हे त्रिलोकदेव! हे पिनाकपाणे! तपाईंलाई कोटिकोटि नमस्कार छ। अति तिखो धार भएको बन्चरो लिने, त्रिशूल लिने, नन्दीलाई वरदान दिने, जगत्लाई शरण दिने, देवताका पनि देवता यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ। सधैं प्रसन्न भई वरदान दिने, पर्वतका मालिक हिमालयमा बस्ने हे कैलाशवासिन्! यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ। विरक्तहरूद्वारा ध्यान गरिएका, सधैं धर्ममा रहेका, दिशाको नै वस्त्र लगाउने, भक्तलाई वर दिने, जगत्का सम्पत्तिलाई तुच्छ मान्ने, जगत्का धाता, विधाता यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ। परभन्दा पनि झन् पर, परमात्मा परमेश्वर तपाईंलाई कोटिकोटि नमस्कार छ। चन्द्र, सूर्य, इन्द्र, अग्नि, ब्रह्मा आदि देवताहरूको पनि सृष्टि र पालन गर्ने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ। चन्द्र,

सूर्य, वायु, अग्नि, जल र आकाशको रचना गर्ने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ। दक्षको यज्ञ विध्वंस गर्ने, पूषाको दाँत भाँचिदिने, कामदेवलाई भस्म गर्ने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ। हे पुरुषोत्तम ! हे सौम्य ! हे वपुष्मन् ! हे महादेव ! सम्पूर्ण जगत्को सृष्टि, स्थिति र संहार गर्ने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ। यज्ञ उत्पन्न गर्ने, सुर तथा असुरहरूलाई पनि उत्पन्न गर्ने हे नीलकण्ठ! हे देवेश्वर! तपाईंलाई कोटिकोटि नमस्कार छ। सधैँ श्मशानमा बस्ने, सधैँ दैत्यको नाश गर्ने, मोह छुटाउने, अज्ञानको ध्वंस गर्ने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ। सधैँ मोक्षरूप वरदान दिने, सधैँ अमृतस्वरूप, पार्वतीका भर्ता, गणेश र कुमारका पिता यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ। हे विश्वेश्वर! हे चण्डीश्वर! हे योगेश्वर! हे शर्व ! हे रुद्र! हे भीम! हे शम्भो! हे ईश्वर! हे वरदाता! हामीदेखि प्रसन्न हुनुहोस्। हजुरलाई कोटिकोटि नमस्कार छ।

यसरी देवताहरूले गरेको स्तुतिबाट प्रसन्न भई श्रीमहादेव आज्ञा गर्नुहुन्छ, "हे देवता हो! आफूले चाहेको वर माग्नुहोस्, मबाट नपाइएला भन्ने केही छैन।" यस्तो सुनी देवताहरू बिन्ती गर्दछन्, "हे प्रभो ! ब्रह्माजीका वरदानले उम्लेका मयआदि दैत्यहरूले हाम्रा

उर्वशीआदि अप्सराहरूलाई बलजफ्ती लुटे। हाम्रा बगैँचाका राम्राराम्रा बोटबिरुवा उखेली भताभुङ्ग पारे। 'सब देवताहरूलाई दल' भन्दै हामीलाई दुःख दिन्छन्। हे भगवन्! ती दैत्यहरूलाई मार्न ब्रह्माको पनि तागत छैन, विष्णुको पनि खुबी छैन। हे करुणामय! अब कसो गर्ने? जसरी देवताहरूको जय हुन्छ त्यस्तो वरदान बक्सनुहोस्।" यसरी देवताहरूले स्तुति गरेको सुनी श्रीमहादेव भन्नुहुन्छ "हे देवता हो! तपाईंहरूले मेरो एघार अंश धारण गरी रुद्रतेजोमय रूप भई दानवहरूलाई नष्ट गर्नुहोस्।" यस्तो सुनी देवताहरू भन्दछन्, "हे भगवान्! हजुरका तेजको सहस्रांशको एक अंश धारण गर्न पनि हामी सक्दैनौँ। माहेश्वरतेज धारण गर्नु त परको कुरा त्यसलाई हेर्न पनि हाम्रो सामर्थ्य छैन। हे भगवन् ! हामीदेखि प्रसन्न हुनुहोस्। हामीले केही गरे पनि ती दैत्यहरूलाई जित्न सकेनौँ। त्यसैले हे भगवान् ! आफैँले त्रिपुरासुरलाई मारिबक्सनुहोस्। ती दैत्यहरूलाई ब्रह्माजीबाट वरदान मिलेको छ कि, 'दिव्य दश हजार वर्ष बितेपछि त्रिपुरहरू आधा निमेषसम्मका लागि मात्र एक ठाउँमा जोडिनेछन्। त्यसै वेला जसले त्रिपुर भस्म गर्न सक्छ त्यसले मात्र त्रिपुरासुरको वध गर्न सक्ला। ' यस्तो वरदान पाएका दैत्यहरूको नाश गर्न हाम्रो सामर्थ्य छैन। त्यसैले हाम्राउपर कृपा गरी त्रिपुरासुरको नाश गरिबक्सनुहोस्।"

यस्ता किसिमले स्तुति गर्ने खिन्नचित्त भएका देवताहरूलाई आश्वासन दिँदै श्रीमहादेव भन्नुहुन्छ, "हे देवता हो! यदि त्रिपुर त्यस्तो दुर्भेद्य छ भने तपाईंहरूको हितका निमित्त मैले एक बाणले त्यसलाई भस्म गर्नेछु। त्रिपुरासुरको नाश रथमा बसेर गर्नुपर्ने हुन्छ। दैत्यहरूबाट रक्षित त्रिपुरका विरुद्ध लड्दा मेरो बल थामिनसक्नुको हुनेछ। यसउसले हिमालय पर्वतजस्तै बलियो र विशाल रथ तयार गराउनुहोस्।" यस्तो सुनी खुसी हुँदै देवताहरूले श्रीमहादेवलाई नमस्कार गरे।

त्यसपछि देवताहरूले विश्वकर्मालाई बोलाई महत्त्वपूर्ण सामग्री एवं देवताहरूले सुशोभित सुवर्णमय रथ तयार पार्न लगाए। त्यस रथको दायाँ र बायाँ चक्र क्रमशः सूर्य र चन्द्रमा भए। दायाँ चक्रमा द्वादश सूर्य भूषण (गहना) गराइए। बायाँ चक्रमा षोडशकला र सत्ताइस नक्षत्र भूषण गराइए। छओटा ऋतुहरू रथका दायाँबायाँतिर राखिए। रथका पाङ्ग्रा अड्याउने दण्ड मन्दराचल पर्वतको बनाइयो। उदयाचल र अस्ताचल पर्वतहरू पाङ्ग्राका चुकुल गराइए। रथको गजुर आकाशलाई बनाइयो। उत्तरायण, दक्षिणायन र संवत्सर रथका वेग भए। चार समुद्र रथका चार कुण्डलिका भए। गङ्गा आदि सबै तीर्थहरू रङ्गीविरङ्गी कपडा र गरगहनाले सजिएर स्त्रीरूप भई हातमा चमर लिई त्यस रथमा रहे।

लगाम समातेर रथको सञ्चालन गर्ने सारथि ब्रह्माजी भए। ब्रह्मस्वरूप ॐकारको कोर्रा बनाइयो। विन्ध्यपर्वतको छाता बनाइयो। चित्रकूटाचल पर्वत उसको पार्श्वदण्ड बनाइयो। सुमेरु पर्वतको धनुष बनाइयो। शेषनाग धनुषको ताँदो भए भने सरस्वतीदेवी घण्टा भइन्। साक्षात् भगवान् नारायण अग्निबाणको टुप्पो भए। चार वेद रथका चार घोडा भए। तारागणहरू घोडाका गहना भए।

यसरी भव्य, विशाल र आकर्षक रथ तयार भएपछि भगवान् शङ्कर धर्ती र आकाश कँपाउँदै त्यसमा सवार हुनुभयो। उहाँपछि भगवान् शिवका नन्दी, शङ्कुकर्ण, चण्डेश्वर, गणेश्वर, योगाक्षीलगायतका सबै पार्षदहरू हातमा त्रिशूल र पट्टिश लिएर थरीथरीका शङ्ख, भेरी, मृदङ्ग आदि बजाउँदै शिवका उपर चित्रविचित्रका पुष्पहरूको वृष्टि गराउन लागे। त्यस वेला उत्पन्न भगवान् शिवको तेज थाम्न नसकी सम्पूर्ण देवताहरू लट्ठिए। महादेवले देवताहरूलाई लट्ठिएको देखी तिनको तेज खिची केही शान्त पार्नुभयो।

उहाँपछि हे मुनिश्रेष्ठ! नारदजीले दैत्यहरूकहाँ गई भने, “देवताहरूले गरेको स्तुतिबाट प्रसन्न भई श्रीमहादेव तिमीहरूलाई मार्न भनी आउन लागे। अब तिमीहरूको जस्तो इच्छा हुन्छ सोही

गर। अब तिमीहरूको सत्यानाश हुनेछ।" त्यसपछि मयले तारकाक्ष, विद्युन्माली आदि सबै दैत्यहरूलाई नारदजीले भनेका कुरा सुनायो। तब दैत्यहरूमा श्रेष्ठ तारकले भन्यो, "हे राजन् ! किन चिन्ता गर्नुहुन्छ? वास्तवमा देवताहरूलाई मार्न सकिन्छ। हाम्रो त्रिपुर भेदन गर्न कसको सामर्थ्य छ र? देवता, यक्ष, गन्धर्व, किन्नर सबै मिली आए पनि त्रिपुर भेदन गर्न सक्दैनन्। फेरि साम, दान, भेद, दण्ड आदि नीति छन्। जित्न भनी आइलाग्ने शत्रुलाई पराक्रमले जाइलागी दण्ड दिनुपर्दछ।" यसरी राजा तारकले भनेको सुनी विद्युन्माली भन्दछ, "हे राजन्! बलहीन देवताहरू हामीसित केही गरे पनि भिड्न सक्दैनन् तैपनि तिनीहरू मुर्ख्याइँले हामीसित लड्न आए भने मारिनेछन्। हे राजन् ! केको चिन्ता? लडौँ, सब देवतालाई जिती तीनै लोकको इन्द्रपद (इन्द्रको राज्य) भोग गर्नुहोस्। अनि हिरण्याक्ष र हिरण्यकशिपुजस्तो भई चौधै भुवनको सम्पत्तिको भोग गरी तिनीहरूको काँटमा पुग्नुहोस्।"

विद्युन्मालीले भनेका यस्ता कुरा सुनेर मय भन्दछ, "हे दैत्यवीर हो ! अब हाम्रो नाशको बखत आयो।" यति भन्दै शिर कँपाउँदै मय अगाडि भन्दछ, "यदि शत्रु जोडको छ भने मात्र लड्नुपर्दछ। आफूभन्दा बलियो वा निर्धो छ भने साम, दान आदि नीति प्रयोग गर्न सकिन्छ तर हामीसँग लड्न आउने स्वयं श्रीमहादेव हुन्। उनी

सम्पूर्ण जगत्का मालिक, प्रभु वा ईश्वर हुन्। देवता र दानवका स्रष्टा पनि उनै हुन्। आज उनी स्वयं हामीहरूलाई मार्न आउँछन् भने अब केही उपाय छैन। खाली उनै महादेवका शरणमा परी प्रणाम गरौँ। मेरो यही विचार छ। यदि अब हामीले ठुला बनेर महादेवसँग भिडेर युद्ध गऱ्यौँ भने उनले हेर्नासाथ हामी अवश्य भस्म हुनेछौँ। ब्रह्मादि देवता पनि साना भई जसका शरणमा पर्दछन्, आज उनै भगवान् महादेव हामीलाई संहार गर्न आए भने अब हाम्रो केही लाग्दैन। जो छिनैमा सब जगत्को सृष्टि, स्थिति र संहार गर्न समर्थ छन्, जो मुक्तिका दाता हुन्, त्यस्ता महादेवसँग हामीहरू कसरी भिड्न सकौँला ? हाम्रो विधिहीन (विधि नभएको) तपस्याले के हुन्छ र? त्यसमा पनि तिमीहरूले कति समयसम्म त भोग गरिसक्यौ। म यसउसले भन्दछु हे भाइ हो! तिमीहरू सबलाई कालले कुत्कुत्याएकाले युद्ध गर्नका लागि तम्सिएका छौ।" मयका यस्ता वचन सुनी नारदले दैत्यहरूको संहार गर्ने चलाखी गरेर भने, "महाराज! अब तिम्रो तपस्या सिद्धियो। ऐश्वर्यको भोग समाप्त भयो। सिद्धिनु त यसै पनि छ भने लडाइँमा अघि नसरी काँतरले झैँ तिनै देवताका शरणमा पर्नुभन्दा लडाइँमा मर्नु असल छ। त्यसबाट मोक्ष त पाइन्छ। यदि महादेवका हातबाट मऱ्यौ भने उनका प्रमथगणका अधिपति हौला। शरणमा पऱ्यौ भने पनि देवताको हितका निमित्त महादेवले तिमीहरूलाई नमारी छाड्ने

छैनन्। फेरि यस्ता दैत्यका राजा भएर पनि कातरता देखाउनु राम्रो होइन। काँतरदेखि भगवान् शिवजी प्रसन्न हुनुहुन्न। उहाँ त शूरवीरदेखि प्रसन्न हुनुहुन्छ। किन नलड्नु? लड, केही गरी जित्यौ भने तीनै लोकको राज्य भोग गरौला।"

नारदजीले भनेका उक्त वचन सुनी कालले कुत्कुत्याएका तारकाक्ष र विद्युन्माली भन्न लागे, "ठिक हो महाराज! नारदजीबाट जो आज्ञा भयो त्यो बहुत ठिक हो।" मयले पनि तिनका वचन सुनी 'अब यिनीहरूको नाश हुने बखत भएछ' भन्ने जानी नारदजीबाट आज्ञा भएको कुरा साह्रै असल हो भन्ने बतायो। मयका यस्ता वचन सुनी नारद पनि बहुतै खुसी भए। यसरी मायाले ढाकेर सबै दैत्यहरूलाई लडाइँका लागि तत्पर गराई नारदजी महादेवकहाँ गए। ती दैत्यहरू पनि युद्धको निश्चय गरेर कहिले लड्न पाऔँला भनी थरीथरीका शस्त्रअस्त्र भिरेर तयारी अवस्थामा रहे। बल, बाणासुर, तारकाक्ष, विद्युन्माली आदि सम्पूर्ण दैत्यहरू युद्ध गर्न निश्चय गरी राजाका अगाडि गई नाना तरहका बाजा बजाई सिंहनाद गर्न लागे। दैत्यका सेनाहरू स्वयं दैत्यले हेर्दा पनि डरलाग्दा देखिन्थे। 'उ रथ आयो! लौ हेर रथको ध्वजा देखियो' भनेर दैत्यहरू उत्साहित हुँदै आफूआफूमा कुरा गर्न लागे। डरभर केही नमानी लाललाल मुख गरी नाना तरहका शस्त्रअस्त्र लिई लडाइँको निश्चय गर्दै बत्तीमा

पुतली हुम्मिन खोजेजस्तै गरी ती कालप्रेरित (कालले कुत्कुत्याएका) त्रिपुरवासी दैत्यहरू 'शिवजीको रथ कहिले आइपुग्ला' भनी हेर्न लागे।

उता देवसेनाका तर्फबाट हेर्दा पश्चिम सागरको शिरोभाग (माथि) मा सुमेरु पर्वतजस्तै त्रिपुर सहर देखियो। त्यहाँ रङ्गीविरङ्गी ध्वजापताकाहरू फर्फराइरहेका थिए। त्यस्तो देखी नन्दीश्वर आदि गणहरू सिंहनाद गर्न लागे। उताबाट दावनहरू पनि युद्धका लागि निस्के। चण्डेश्वर पनि झल्मलाउँदो बन्चरो हातमा लिएर डरलाग्दो मुख गरी साहस प्रदर्शन गर्दै प्रमथादि गणका अगाडि रहे। फेरि देदीप्यमान त्रिशूल हातमा लिई शिवजीकै जस्तो पराक्रम प्रदर्शन गर्दै गणेश्वर आए। शङ्कुनायक पनि मुसल हातमा लिई उनका पछाडि खडा भए। नन्दी, भृङ्गी, वीरभद्र आदि सबै गण वज्र, त्रिशूल, गदा, परिघ हातमा लिई युद्धका निमित्त अघि सरे।

दैत्यगण पनि महादेवको रथ आएको देखी थरीथरीका हातहतियार लिई रिसले क्रुद्ध हुँदै गणहरूसँग युद्ध गर्न लागे। शिवजी पनि अब त्रिपुर भस्म हुनेछ भन्ने विचारले प्रसन्न हुँदै ठुलो सिंहनादका साथ युद्ध गर्न लाग्नुभयो। नन्दी पनि महाबली दैत्यगणसँग युद्ध गर्न लागे। भृङ्गीले पनि दश बाण छोडी विद्युत्प्रभलाई भेदन गरे। फेरि भृङ्गीले क्रोधले लाललाल आँखा गरी शिलाले ठोक्दा पनि

त्यसलाई केही भएन। फेरि शृङ्गी र रिटीले त्यसको पिठ्युँमा जोडतोडले प्रहार गरे। त्यसपछि विद्युत्प्रभले रिसाएर पूर्ण फुङ्कार गरी शूलले शृङ्गी र रिटीलाई प्रहार गर्‍यो। त्यसको चोट खप्न नसकी शृङ्गी र रिटी त्यहाँबाट भागे। अनि विद्युत्प्रभले गणेशजीका काँधमा एक हजार बाण छोडी छियाछिया पार्‍यो। फेरि त्रिसट्ठी पल्ट दश दश बाण छोडी गणेशका मर्ममर्ममा घाउ गरायो। तब गणेशजीले क्रुद्ध हुँदै आफ्नो सुँड पसारी त्यसका गर्दनमा बेरी परक्क निमोठी मत्ता हात्तीले तलाउबाट कमलको फूल सुँडले बेरी फ्याँकेजस्तै गरी त्यस विद्युत्प्रभको शिर छुट्ट्याई फ्याँकिदिनुभयो। शरीरबाट छुट्टिएको त्यसको शिर तलाउबाट छुट्टिई हात्तीका दाँतमा अड्किएको कमलको फूल झैँ देखिएको थियो। त्यस्तो देखी भृङ्गीले नाना तरहले गणेशजीको गान गरे। तब नेमी र बल नामक दुइटा दैत्यहरू रिसले चुर हुँदै गणेशजीका मर्ममर्ममा बाण छोडी घाउ गराउन लागे। शङ्कुकर्णले तिनलाई बिचैमा रोकी तिनका ध्वजा, रथ, सारथी, घोडा सब काटी रथविहीन तुल्याए।तब ती दुई दैत्य तुरुन्तै अर्को रथमा चढेर आई चण्डेश्वर र गणनायकका मर्ममर्ममा हजारौँ बाण हानी घाइते बनाए। यसबाट अत्यन्त क्रुद्ध भएका गणेश्वरले लाललाल आँखा गरी भयङ्कर मुसलको प्रहार गरी दुवै दैत्यलाई यमराजकहाँ पुर्‍याइदिए। त्यसपछि त्रिपुरवासी

बलवान् दैत्यहरू हातमा वज्र, बाण, बन्चरो, त्रिशूलजस्ता हातहतियार लिई लगातार लुँडाका लुँडा निस्कँदै शिवगणमाथि झम्टेर घनघोर युद्ध गर्न लागे।

शिवको आज्ञा पाएर शिवगणले पनि उन्मत्त सिंहले मृगका बथानलाई भड्काएजस्तै गरी दैत्यका सेनालाई भड्काएर छिन्नभिन्न पारी मार्न लागे। दैत्यहरूमध्ये कसैका शिर छैनन्, कसैका गिँड छैनन्। यस्ता रीतले नाश हुन लागे। त्यहाँ रगतको नदी बगे झैँ भयो। हावाले छिन्नभिन्न भएको मेघ झैँ र वज्रका तोडले चकनाचुर भएका पर्वत झैँ गिर्दै सब दैत्यहरू पश्चिम समुद्रमा पर्न लागे। जब नेमी र बल नामक दैत्यहरूलाई शङ्कुकर्णले मारेको खबर अन्य दैत्यहरूले सुने तब रिसले चुर भएर तारक नाउँको दैत्य पुरदेखि निस्की गणनायकहरूमाथि जाइलाग्यो। उसले नाना तरहसित बाणको वर्षा गरायो। गणनायक शङ्कुकर्णले त्यस महाबली दैत्यका शिरमा प्रहार गरी सिंहनाद गरे। जब त्यो दैत्य केही गिर्ला जस्तो भएको थियो तब झन् त्यस दैत्यलाई भालाले प्रहार गरे। अनि तारकले रिसको झोकमा जुर्मुराउँदै उठेर चक्रले प्रहार गर्‍यो। शङ्कुकर्णले पुनः तारकलाई जोडले मुड्कीले हानेकाले त्यो बेहोस भएर भूमिमा गिर्‍यो र केही बेरपछि त्यसको मृत्यु भयो। त्यो देखी अन्य दैत्यहरूले त्यसको

लास उठाई मयका दरबारमा लिएर गई सारा हाल बताई विलाप गर्न लागे। तिनीहरूलाई सम्झाउँदै मयले भन्यो, “मेरा घरमा अमृतको कुण्ड छ, मृतक दैत्यहरूलाई त्यसमा चोभी बचाउ।” ती दैत्यहरूले ‘हवस्’ भनी तारकासुरलगायत मरेका सबै दैत्यहरूलाई अमृतमा चोभी पुनर्जीवित पारेर खुसी हुँदै मयलाई प्रणाम गरे। जब तारकासुर पुनर्जीवित भएर तुरुन्तै सङ्ग्राममा आयो तब ब्रह्माजीले देखी आफ्ना बायाँ हातले त्यस दैत्यलाई देखाउँदै भन्न लाग्नुभयो, “हे महादेव! भर्खरै मारिएको त्यो दैत्य पुनः बाँचेर आएछ। मयका घरमा अमृतको कुण्ड भएकोले मृतक दैत्यहरूलाई बचाउँछ। हे शम्भो! त्यसका घरमा अमृत छउन्जेल मृतक दैत्यहरूलाई बारम्बार जियाउनेछ। त्यसैले बाण प्रहार गरेर त्यो अमृत सोसिलिनुहवस्।” यस्तो सुनी श्रीमहादेवले बाण प्रहार गरी अमृत सोस्नुभयो। त्यो देखी ब्रह्माजी बिन्ती गर्नुहुन्छ, “हे देवेश! अब यो बाण चाँडै प्रहार गनुभएमा शत्रुको नाश होला। यी पुर आधा निमेषभर जोडिएर फेरि अलग हुनेछन्। त्यसपछि बाण छोडेपनि केही हुनेछैन। हे भगवन्! यदि मेरो बिन्ती लाग्छ भने यथाशीघ्र बाण प्रहार गरी त्रिपुरको नाश गराउनुहोस्।”



ब्रह्माजीका यस्ता वचन सुनी श्रीमहादेवले 'लौ हुन्छ' भनी त्यो उग्र बाण धनुमा चढाई धनुलाई तलमाथि झुकाउनुभयो। जब दिव्य दश हजार वर्ष बितेपछि आधा निमेषका निमित्त त्रिपुर जोडिएको मात्र थियो तब महादेवले आफ्ना योगबलले सारा जगत् निश्चल गराउनुभयो। त्यसै बखतमा जसको टुप्पामा अग्नि र चन्द्रमा थिए त्यस्तो नारायणरूपी बाण प्रहार गर्नुभयो। त्यसपछि त्रिपुरभरि आगाका ज्वाला दन्किएका देखिए। जताततै घरहरू डढ्न लागे। टेलटेलमा 'आमैनि ! बाबैनि ! अब लौ मरियो, मरैँनि ! मरैँनि !' भनेर चिच्याएका स्वर सुनिन थाले। त्यसै बखत महादेवले नन्दीलाई डाकी अराउनुभयो, "हे नन्दी ! तिमी चाँडो गई अग्निलाई

भन, त्यो मय मेरो भक्त हो, त्यसलाई तिमीले नडढाउनू।" महादेवको यस्तो आज्ञा सुनी आफ्ना तपोबलले वायुतुल्य भई बाँणभन्दा पनि चाँडो नन्दीजी मयका घरमा पुगे। उनले त्यहाँ शिवलिङ्ग अगाडि राखी शिवजीको ध्यान गरिरहेको मय दानवलाई देखे। नन्दीले मयलाई भने, "तिमीलाई अग्निले डढाउनेछैनन्।" त्यसपछि मयले ती गणराजलाई नमस्कार गऱ्यो। त्यसै वेला अग्नि पनि त्यहाँ आइपुगे र उनलाई नन्दीले महादेवको आज्ञा सुनाइदिए। त्यसपछि अग्निले मयलाई भने, "अब तिमी यहाँबाट चाँडै निस्क।" मय पनि 'हवस्' भनी सुवर्णमय शिवलिङ्ग लिई उत्तिखैरै पातालतर्फ गयो।

नन्दीले पनि फर्की सबै विस्तार महादेवसँग बिन्ती गरे र उहाँपछि त्रिपुर भस्म हुन लाग्यो। त्रिपुर सहरका सबै घरहरू जल्न लागे। जताततै दैत्यहरू रोएकराएका शब्दहरू सुनिन लागे। झ्याल, विमान र अटालीमा झुलेका यौवनवतीहरू, मदले लाल आँखा भएका आआफ्ना पतिका पियारी स्त्रीहरू अग्निबाणले भयभीत भई घरघरमा जथाभावी दगुर्न थाले। पर्वतमा रहेका किन्नरहरू व्याकुल भएजस्तै कतिपय स्त्रीहरू आफ्ना पतिलाई आकुल भएर अङ्कमाल गर्न लागे। कोही भाग्न लागे। बाँकी रहेका दैत्यहरू पनि आफ्ना स्त्रीहरूलाई बोकी त्रिपुरदेखि भाग्न लागे। शिवभक्तिदेखि

विहीन भएर दुःख पाएका, गहना वस्त्र केही नभएका, देख्नामा पर्वतजत्रा दैत्यहरू सागरमा खस्न लागेका देखिन थाले। जो स्त्रीगण आकुल भई समुद्रमा खसेथे, जो दानव गिरेथे, तिनलाई नाना तरहका जलजन्तुले लुछ्न लागे। आफ्ना पतिलाई जलमा देखी कतिपय स्त्रीहरू आकुल भई विलाप गर्दै अग्निमा प्रवेश गरी डढी मरेका पनि देखिन लागे। रतिका अन्त्यमा खिन्न भएका कामवासनाले व्याकुल भएर भार्याका साथमा जाने इच्छा गर्ने दैत्यहरू भार्याले सहित भई डढी धेरै भस्म भए। कोही समुद्रमा डुबी जलजन्तुका आहार भए। कोही त्यसै पिल्सिई प्राणहीन भए।

यसरी विष्णु, अग्नि र सोममय बाणले त्रिपुर भस्म गराई सम्पूर्ण त्रिपुर सहरलाई सागरमा डुबाई फेरि त्यो बाण शिवजीका हातमा आइपुग्यो। यसरी त्रिपुर डढेपछि ब्रह्मादि सब देवताहरू आआफ्ना अधिकारमा रहेर शिवजीलाई प्रणाम गरी स्तुति गर्न लागे, "हे भगवन्! आज हजुरले गर्नुभएको यस्तो रौद्रकर्म अर्थात् डरलाग्दो काम अरू कसैले गर्न सक्दैन। हजुरले दैत्यहरूको संहार गरी त्रिपुर भस्म गराउनुभयो। हे महादेव! हजुरले हाम्रो आपत्ति हर्नुभयो। सबैतिर सधैँ स्थिर भएर रहने यस्ता हजुरलाई नमस्कार छ।" यस्तो सुनेर महादेवबाट आज्ञा भयो, "हे देवता हो! तिमीहरूलाई सधैँ पुत्रवत् अर्थात् सन्तानलाई जस्तै पालन गर्नुपर्छ।

आज शत्रु मर्नाले तिमीहरूको अभिलाषा पूरा भयो। अब तिमीहरू खुसी भई आआफ्ना आश्रममा जाओ।" महादेवको यस्तो आज्ञा पाएपछि शिवजीलाई प्रणाम गरी सबै देवताहरू आआफ्ना आश्रममा गए। त्यसपछि साध्यहरूबाट पुजिँदै नन्दी, भृङ्गी, भूत, प्रेत र प्रमथगणले सहित भई महादेव पनि कैलाश पर्वततर्फ प्रस्थान गर्नुभयो। हे मुनि! कसैले वर्णन गर्न नसक्ने त्रिपुरदाह मैले वर्णन गरें। जो शिवभक्त मनुष्यले प्रसन्न भई पवित्रताका साथ यसको पाठ गर्ला त्यो पापदेखि रहित भई अन्त्यमा देवता भई स्वर्गलोकमा रहला।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां त्रिपुरदहनवर्णनं नाम पञ्चमोऽध्यायः ॥ ५ ॥

षष्ठोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

“हे अगस्त्य मुनि ! एक दिन दक्षप्रजापतिले आफ्नी स्त्री विरणीसित भने, “हे विरणी! हामीले अश्वमेध नाउँको यज्ञ गर्न चिताएको धेरै भयो, त्यो यज्ञ गरौँ, सामग्री तयार गर्न लगाऊ। महादेव र सतीदेवीबाहेक अन्य छोरीजुवाइँ, ब्रह्मा, विष्णु आदि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा र दशदिक्पाललाई निमन्त्रणा गर्न पठाऊ।” आफ्ना स्वामी दक्षप्रजापतिले यस्तो भनेको सुनी विरणीले सबै सामग्री तयार गराइन्। महादेव र सतीदेवीबाहेक सबै छोरीजुवाइँ, ब्रह्मा, विष्णु आदि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा र दशदिक्पाललाई निमन्त्रणा गर्न पठाइन्। दक्षप्रजापतिका सबै छोरी, जुवाइँ, देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र अप्सराहरू रङ्गीबिरङ्गी झकिझकाउ वस्त्र गहना पहिरी भेटीका निम्ति मणिमाणिक्य नाना द्रव्य लिई यज्ञमा होम्न भनी सामेल भए।

दक्षप्रजापतिले आगन्तुक सबैसित शिष्याचारपूर्वक क्षेमकुशल सोधी स्वागतसम्मान गरी यज्ञ आरम्भ गरे। त्यो यज्ञ कस्तो थियो भने जस्तै श्रीमहादेव नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत, प्रेत,

पिशाच र प्रमथगणलाई अगलबगलमा राखी बस्ता शोभा हुन्छ त्यस्तै थरीथरीका सामग्री, तेत्तिस कोटि छोरी, तेत्तिस कोटि जुवाइँ, ब्रह्मा, विष्णु आदि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा र दशदिक्पालले सहित भई मणिमाणिक्य, रत्न, नाना वस्त्र, अलङ्कार चढाई नाच, गीत र वाद्यले युक्त भएको त्यो यज्ञ भव्य एवं झकिझकाउ भयो । यस्ता तरहले उत्सवका साथ यज्ञ भइरहेको थियो । त्यसै समयमा नारद ऋषि 'को आए, को आएनन्' भनी यताउति चारैतिर हेर्न लागे । दक्षप्रजापतिका तेत्तिस कोटि कन्या, ब्रह्मा, विष्णु आदि तेत्तिस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र अप्सराहरू सबैलाई देखे तर महादेव र सतीदेवीलाई देखेनन् । त्यसपछि नारदले विचार गरे, "विना महादेव दक्षप्रजापतिको यज्ञ कसरी पूर्ण होला! निम्ता गर्न बिर्सेर हो कि? वा उनीहरूलाई नै फुर्सद नभएर हो कि? विचार गरी हेरौँ ।" यस्तो विचार गर्दै नारदजी उहाँदेखि अन्तर्धान भई कैलाश पर्वतमा पुगे ।

यता कैलाशमा त्यस दिन महादेवले सतीदेवीलाई, "हे प्रिये! आज हामी जुवा खेलौँ आऊ" भन्नुभयो र सतीदेवीले 'हवस्' भनी पासा ल्याइन् । दुई जना जुवा खेल्न लागेका थिए । खेल्दाखेल्दैमा सतीदेवीले जितिन् र महादेवलाई गिज्याउन लागिन् । शिवले रिसाई झोली थाप्नुभयो, त्यो पनि जितिन्, फेरि त्रिशूल र डमरु

थाप्नुभयो, त्यो पनि जितिन् । फेरि नागका गहना थाप्नुभयो, त्यो पनि जितिन् । त्यसै समयमा दक्षप्रजापतिका निम्तामा जानेहरू विमानमा चढी खेल्दै गएका देखिए । त्यस्तो देखी सतीदेवीले महादेवसँग बिन्ती गरिन्, "हे प्रभो! ती विमानमा जान लागेका को हुन्? आज्ञा गर्नुहोस् ।" यस्तो सुनी महादेव आज्ञा गर्नुहुन्छ, "तिमीलाई के धन्दा पऱ्यो? अरू जेसुकै गरून्, तिमी आफ्नु काम गर ।" महादेवका यस्ता वचन सुन्दा सतीदेवीले केही बोल्न नसकी तलतिर हेरिरहिन् । महादेवले हाँस्दै फेरि मुकुट थाप्नुभयो, त्यो पनि जितिन् । यसरी धेरै बाजी हार्दा केही हार मानी महादेव हाँसिरहनुभयो र सतीदेवीले बिन्ती गरिन्, "तपाइँका सबै वस्तुहरू मैले जितिसकेँ अब के थाप्नुहुन्छ? थाप्नुहोस् ।" यस्तो सुनी महादेवले अब मेरो अङ्ग थाप्छु भन्नुभयो । तब सतीदेवी बिन्ती गर्दछिन्, "हे प्रभो! केही गरी मैले हारेँ भने तपाइँको अङ्गको सट्टा मैले कुन वस्तु चढाउनु ? यो संसारमा हजुरका गाथको सट्टा दिने लायकको अर्को कुनै वस्तु छैन । फेरि हजुरको अङ्ग जुवा खेली जिती मेरो गराई राख्नुपर्दैन । जुन दिन मेरा बाबामहतारीले हजुरका हातमा तिल कुश राखी मलाई कन्यादान दिए त्यसै दिनदेखि हजुरको अङ्ग मेरो र मेरो अङ्ग हजुरको भइसक्यो । यसमा केही फरक छैन । हजुरको अङ्ग थाप्नुपर्दैन ।" सतीदेवीले यस्तो बिन्ती गर्दा महादेवले अति खुसी भई 'धन्यधन्य तिमी' भन्नुभयो ।

यस्ता तरहले जुवा खेलिसकी दुवै स्त्रीपुरुष मिठामिठा कुरा गरिरहेका थिए । त्यसै वेलामा त्यहाँ नारदऋषि पुगेर श्रीमहादेव र सतीदेवी दुवैका चरणमा साष्टाङ्ग दण्डवत् गरी अञ्जलि बाँधी खडा भइरहे । श्रीमहादेव कस्ता भने जटाको मुकुट गराई, बाघको छालाको पटुका बाँधी, हात्तीको छाला ओढी, आङभरि खरानी घसी, ठाउँठाउँमा सर्पका गहना लगाई, नरमुण्डमाला गलामा लगाई, सतीदेवीलाई काखमा लिएका र कोटिसूर्यको जस्तो तेजले झलमल भएका हुनुहुन्थ्यो । नन्दी, भृङ्गी, भूत, प्रेत, डाकिनी र बोक्सी द्वारमा राखी सतीदेवीका साथमा रहेका यस्ता श्रीमहादेवलाई नारदले देखी अत्यन्त हर्षका साथ बारम्बार चरणमा दण्डवत् प्रणाम गर्दाभए । नारद ऋषिले यस्ता तरहले भक्ति गरेको देखी श्रीमहादेवले मनमा अति आनन्द मानी खुसीले गदगद भई हाँस्दै आज्ञा गर्नुभयो, "हे मुनि! तिमीदेखि मेरो मन अति आनन्दित भयो, वर माग ।" यस्तो सुनी नारद केही भन्न नसकी चुप लागी खडा भइरहे । फेरि महादेवले 'यहाँ आउनाको कारण भन' भनी आज्ञा गरेको सुनी नारद बिन्ती गर्दछन् :

हे प्रभो! अरूथोक के चाहिन्छ र मागूँ, सदाकाल हजुरको जप र ध्यानमा मेरो चित्त लागिरहोस् । हे परब्रह्म! म यहाँ आउनाको कारण यही हो कि दक्षप्रजापतिले अश्वमेध यज्ञ गर्न

लागेका छन् । त्यहाँ स्वर्ग, मर्त्य र पाताल तिनै भुवनका देवता, वशिष्ठ प्रभृति ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग अष्टवसु, दशदिक्पाल, ब्रह्मा, विष्णुसहित सबैका स्त्रीपुरुष यज्ञमा उपस्थित छन् । मैले त्यस यज्ञशाला प्रदक्षिणा गरी हेर्दा त्यहाँ तपाईं दुवैलाई देखिनँ । अरू सबै देवताहरू आआफ्ना अंश पाई खाई आनन्दमा रहेका छन् । यज्ञका कर्ताभोक्ता हजुरहरूलाई किन नडाकेको होला! म त दङ्ग परेँ, के कसो हो? बिन्ती गरूँ भनी आइरहेछु । हे गौरीशङ्कर! यसको मतलब केही बुझ्न सकिनँ ।

यसरी नारद मुनिले बिन्ती गरेको सुनी सतीदेवीले आफूलाई अति अपमान गरेको ठानिन् र त्रैलोक्यनाथ श्रीमहादेवसित बिन्ती गरिन्, "हे जगदीश्वर! हामी दुईलाई मात्र किन छुट्ट्याए? नारायण आदि तेत्तिस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सराहरू फेरि मेरा बहिनीहरू र दशदिक्पाल सबैलाई भने डाक्न हुने, हामी दुईलाई मात्र नडाक्ने?" भनी गुनासो गरी आँखाबाट आँसु बगाई रुन लागिन्। यसरी सतीदेवीले दुःख मानेको देखी श्रीमहादेव आज्ञा गर्नुहुन्छ, "हे प्रिये! तिमी दुःख कत्ति नमान किनभने तिमी नरुचाएकी छोरी, म मन नपरेको जुवाइँ! डाकेनन् त जान देऊ, त्यस कुरामा तिमीले दुःख मान्नुपर्दैन। तिम्रो म छँदैछु।

त्यसको यज्ञमा नगएर हुने पो के छ र! अनि गएर पाउनु पो के छ र!" यस्ता तरहले श्रीमहादेवले सतीदेवीलाई सम्झाउने बुझाउने प्रयास गर्नुभयो। फेरि जिद्दी गर्दै सतीदेवी भन्दछिन्, "हे स्वामी! त्यस्तो आज्ञा नहोस्, मलाई यज्ञ हेर्न साह्रै मन लाग्यो, आज्ञा पाएमा नारदजीका साथ गई त्यो यज्ञ हेरी आउने थिएँ" यति भन्दै बहुतै ढिपी गरी श्रीमहादेवका पाउमा छाँद हाल्न लागिन्। त्यस्तो चाला देखी महादेवले 'हे प्रिये! यस्तो लिँडेढिपी नगर किनभने तिमी सधैँ आफ्नो मानमर्यादामा रहेकी, त्यहाँ गएपछि अपमान भयो भने चित्त दुख्नेछ, त्यस वेला के गरौली? यसउसले जाने काम नगर' भनी श्रीमहादेवले चारैतिरका दृष्टान्त दिएर बुझाउने प्रयास गर्नुभयो। त्यस्तो गर्दापनि आफ्नो हठ नछोडी कैलाशबाट नारदका साथ सतीदेवी दक्षप्रजापतिको यज्ञमा पुगिन्। त्यसपछि आफ्ना बाबामहतारीलाई ढोग दिई बहुतै चित्त दुखाई आँखादेखि बलिन्द्रधारा आँसु खसाल्दै मङ्गल वचन बोलिन्:

> हे पिता! हे माता! तपाईंहरूको यत्रो यज्ञमा मलाई किन खबर दिनुभएन? के म तपाईंकी छोरी होइन र? मैले के बिराएँ? मेरा स्वामीले तपाईंहरूको के अपराध गर्नुभयो? विष्णु आदि तेत्तिस कोटि देवता ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सराहरू दशदिक्पाल स्त्री–पुरुषसहित सबैलाई डाकी हामी दुई जनालाई मात्र किन माया मार्नुभयो? फेरि यज्ञका कर्ता

महादेव नभई तपाईंको यज्ञ कसरी पूर्ण होला ? यज्ञको फल दिने पनि उनै हुन्, फेरि सृष्टि, स्थिति र संहार गर्ने पनि उनै हुन्। हे पिता ! महादेव नभई यज्ञ गरेको केही फल छैन। हे पिता! यज्ञकर्ता नभएको अपुरो यज्ञ किन गर्नुभयो? हे पिता! तपाईंको जय हुने छाँट म देख्तिनँ। श्रीमहादेवलाई तुरुन्तै डाक्न पठाउनुहोस् उहाँपछि तपाईंको यज्ञ पूरा हुनेछ, फल मिल्नेछ। हे पिता ! शङ्करलाई अशङ्कर गरी उनको भावै नराखी तपाईंले यज्ञ गर्नुभयो, यो यज्ञ शङ्करको हो! कि यो ब्रह्माण्डमा दुई शङ्कर भए? किन यस्तो गरेको? भन्नुहोस्।

यसरी आफ्नी पुत्री सतीदेवीले चित्त दुखाई अनेक तरहले गुनासो गरेको सुन्दा उनीप्रति राम्ररी सहानुभूति प्रकट गर्नुको साटो उनलाई अझै चिढ्याउने मनसाय राख्दै दक्षप्रजापति भन्दछः

हे पुत्री सतीदेवी! तँ दुःख नमान् किनभने तेरो पुरुष भोलानाथ यज्ञमा राख्न योग्य छैन। यस यज्ञमा तेत्तिस कोटि देवता, ऋषि, यज्ञ, गन्धर्व, किन्नर, दैत्य, अप्सरा, नाग सब स्त्री–पुरुषसहित थरीथरीका रत्न, मणिमाणिक्यका गहना लगाई श्रीखण्ड लेपन गरी रङ्गबिरङ्गका वस्त्र पहिरी वेद पारायण गरी नाना मङ्गलयात्रा गरी गन्धर्वले गीत गाउने, अप्सराले नाच्ने यस्ता उत्तम ठाउँमा नसुहाउँदो घिनलाग्दो महादेवलाई कसरी डाकौँ? हे पुत्री! तेरो स्वामी के ढङ्गको छ र ? खरानी घस्ने,

बाघको छाला कम्मरमा बाँध्ने, हात्तीको छाला ओढ्ने, विष, भाङ, धतुरो खाने, राताराता आँखा गरी जसरी मन पर्‍यो उसरी नाच्ने, जटाको मुकुट बाँध्ने, सर्पका गहना र मुण्डमाला लगाउने, दाहिने हातले डमरु बजाउने, बायाँ हातले त्रिशूल समाउने, भूत, प्रेत, पिशाचहरूलाई अघिपछि लगाई दिगम्बर (नाङ्गो) मतवाला भई पाउ पनि जहाँ पायो त्यहीँ राखी लाजसरम नमानी हिँडने गर्दछ। यहाँ किसिमकिसिमका स्त्रीजन, देवकन्या, यक्षकन्या, गन्धर्वकन्या, नागकन्याहरू छन् फेरि तेरा बहिनीहरू छन्। यस्तो ठाउँमा त्यस्तो दिगम्बर महादेवलाई कसरी डाकौँ?यस्तो पवित्र ठाउँमा तेत्तिस कोटि देवताले युक्त भई झकिझकाउ भएको ठाउँमा कसरी त्यस्तो अनुहार नपरेको देख्दैमा पनि घिनलाग्दोलाई डाकेर के रमिता देखाउनु? हे पुत्री सतीदेवी! यसनिमित्त नडाकेको हो। तँलाई मात्र डाक्न पठाउँ भने त्यो अर्धङ्गीसमेत पछि लागेर आउला भनेर नडाकेको हो। तँ दुःख नमान्। त्यो जस्तो भए पनि तँ हाम्रै छोरी होस्। हे पुत्री! तैँले मलाई रिझाएकी पनि छस्, अपराध पनि केही गरेकी छैनस् तर तेरो स्वामीको त्यस्तो चाला देखेर तँलाईसमेत नडाकेको हो। फेरि तैँले 'सृष्टि, स्थिति, संहार गर्ने महादेव हुन्, यज्ञका कर्ताभोक्ता फल दिने

पनि उनै हुन्' जो भनिस् त्यो ता खाली अर्धङ्गी बौलाहा मात्र हो। यज्ञकर्ता नारायण हुन्, सृष्टि गर्ने चतुर्मुख ब्रह्मा हुन्, स्थति र संहार गर्ने नारायण (महाविष्णु) हुन्। त्यो महादेवको के भाउ छ र? त्यसलाई नडाके मेरो यज्ञ पूरा नहुने? तेरो स्वामी महादेवलाई त म केही गरे पनि डाक्ने छैन, त्यसले मेरो यज्ञमा के वर देला र! त्यो नभई मेरो यज्ञ पूरा नहुने हो र! तेत्तिस कोटि देवता, ब्रह्मा र विष्णुजस्ता आएका छन्, जसरी भए पनि मेरो यज्ञ पूरा हुन्छ।



दक्षप्रजापतिले त्यसरी आफ्ना स्वामी जगदीश्वरलाई दुर्वचन भनेको सुन्दा सतीदेवीले सहन नसकी आँखा राताराता पारी नागले झैँ लामो श्वास छोड्दै सुस्केरा हाली कटकट दाह्रा किटी रिसले भन्भनिँदै जुरुक्क उठिन् र भूमिमा लात्तीले हानी यज्ञमा हेरी चित्तले खप्न नसकी मन धड्काउँदै आफ्नो छातीमा आफैँले मुड्कीले हानी 'शिव ! शिव!!' भन्दै महादेवको नाम उच्चारण गर्दै अग्निकुण्डमा फाल हाली प्राण छाडिन् र हिमालय पर्वतकी स्त्री मेनकाका गर्भमा वास लिन गइन् ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां सतीदेवी यज्ञकुण्डप्रवेशो नाम षष्ठोऽध्यायः ॥ ६ ॥

सप्तमोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छः

हे अगस्त्य मुनि ! सतीदेवीले यज्ञमा फाल हाली प्राण छाडेको देख्नासाथ देवता, यक्ष, गन्धर्व, किन्नर, नाग, अप्सरा र त्यहाँ रहेका अन्य सबैले "लौननि ! लौननि !! कस्तो अनर्थ भयो" भनी हाहाकार गर्न लागे। त्यही मौकामा अकस्मात् कुइरीमण्डल धुलो उडी आकाश ढपक्कै ढाक्यो र जताततै घनंघोर अन्धकार भयो। हावा पनि पूर्वको पश्चिमतिर, पश्चिमको पूर्वतिर हानिन लाग्यो। विनाबादल मेघ चद्केजस्तो चड्कन लाग्यो। सबै देवताका आँखामा धुलो परेकाले आँखा मिच्दै भूमिमा जथाभावी घोप्टिन लागे। कतिलाई उडाई बेपत्ता पाऱ्यो, कति डाँको छोडेर रुन लागे, कति आफ्ना जिउको सम्भार गर्न लागे। त्यसरी अकस्मात् अचम्मको उत्पात आइपरेको देखी दक्षप्रजापतिले आमन्त्रित पाहुनाहरूलाई "धैर्य धारण गर्नुहोस्, आत्तिनु हुँदैन, डराउनु हुँदैन" भन्दै सम्झाउन लागे। त्यसपछि आकुलव्याकुल हुँदै आफ्ना गुरु बृहस्पतिकहाँ गई दक्षप्रजापतिले बिन्ती गरे, "हे गुरो! अब कसो गरूँ? अनर्थ भयो, हाहाकार पऱ्यो।"

अर्कातिर त्यसै वेला नारद ऋषिले सतीदेवीको त्यस्तो हाल देखेर वायुवेगले तुरुन्त कैलाशमा पुगेर श्रीमहादेवका चरणमा दण्डवत्

प्रणाम गरी बिन्ती गरे, "हे ईश्वर! अब के गर्ने? अनर्थ भयो! सतीदेवीले अग्निकुण्डमा प्रवेश गरी प्राण छाड्नुभयो। हे करुणामय! पापिष्ट दक्षप्रजापतिले नाना तरहले हजुरको निन्दा गऱ्यो। हजुरलाई अपहेलित गर्दै 'त्यो कहाँको देवता हो र! त्यो त बौलाहा पो हो, त्यसलाई नडाक्दैमा मलाई के होला र!' भनी निन्दा गरेको सतीदेवीले सहन नसकी एकदम रिसाएर लात्तीले भूमिमा हानी कसैको पनि मुख नहेरी झटाझट यज्ञकुण्डको प्रदक्षिणा गरी हजुरको नाम लिँदै यज्ञकुण्डमा फाल हाली प्राणत्याग गर्नुभयो। हे प्रभो! हजुरका डरले अग्निले सतीदेवीको शरीर डढाउन सकेका छैनन्। सतीदेवी प्राणमात्र छाडी यज्ञकुण्डमा शयन गरेझैँ रहनुभएको छ। हे ईश्वर! यी कुरा बिन्ती गरूँ भनी आएको हुँ, अब कसो गरूँ? अनर्थ भयो।"

नारद मुनिले यस्तो भनेको सुनी शोकाकुल हुँदै श्रीमहादेवले आज्ञा गर्नुभयो, "हे मुनि! के यो कुरा साँचो हो? के मेरी सतीदेवी साँच्चै यो लोकमा छैनन्?" नारद बिन्ती गर्दछन्, "हे ईश्वर! तपाईंका अगाडि म कहिले झुटो बोल्दथें? ध्यानदृष्टिले हेर्नुहोस्।" यस्तो सुन्नासाथ श्रीमहादेवले एकदम रिसाएर तीनै आँखाबाट आगाका मुस्ला निकाली कटकट दाह्रा किटी हातका मुट्ठी बटारी नारदका अगाडि भन्नुभयो, "हे नारद! तेत्तिस कोटि देवताले रक्षा गरिराखेको

त्यो पापिष्ठ घमण्डी दक्षप्रजापतिको म निर्मूल नगरी छाड्नेछैन। अब तिमी आफ्नो आश्रममा जाऊ।" यस्तो सुनी श्रीमहादेवलाई साष्टाङ्ग प्रणाम गरी नारदजी ब्रह्मलोकतर्फ गए।

नारद गएपछि श्रीमहादेवले सतीदेवीलाई झल्झली सम्झी दक्षप्रजापतिमाथि अत्यन्त्र क्रुद्ध हुँदै तीनै आँखाबाट अग्निका ज्वाला निकाली आफ्ना शिरदेखि एक जटा निकाली पृथ्वीमा पछार्नुभयो। त्यहाँबाट मेघ गर्जेझैं ठुलोठुलो स्वरले कराउँदै चतुःषष्टियोगिनी, भूत, प्रेत र प्रमथगणका साथ महाभयङ्कर स्वरूपकी महाकाली प्रकट भइन्। कस्ती महाकाली भने आँखाबाट आगाका मुस्ला निकाल्ने भएकी, लामालामा दाह्रा निकालेकी, आकाशजस्तै पेट भएकी, बाघको छाला कम्मरमा बेरेकी, जगल्टा फिँजाएकी, दाहिने हातमा खड्ग लिएकी, कहिले लपलपाउँदो लामो जिब्रो निकाली खितखित गर्दै हाँस्ने, कहिले ल्यापल्याप जिब्रो चलाउने यस्ती महाकाली श्रीमहादेवका अगाडि प्रकट भएर भन्न लागिन्, "हे प्रभो! के कामले आराधना गर्नुभयो? आज्ञा गर्नुहोस्।" यति भन्दै महाकाली खडा भइरहिन्। फेरि महादेवले अर्को जटा निकाली भूमिमा पछार्नुभयो। त्यसपछि पृथ्वी डग्मगाउँदै सिंहनाद गरेझैं गर्जँदै हजार सूर्यको जस्तो तेज भएका, गलामा मुण्डमाला लगाएका, दाहिने हातमा त्रिशूल लिएका यस्ता

भीषण स्वरूपमा वीरभद्र महादेवका अगाडि खडा भए। त्यसपछि वीरभद्र र महाकाली श्रीमहादेवसँग बिन्ती गर्न लागे, "हे ईश्वर! किन हामीहरूको आराधना गर्नुभएको हो? आज्ञा गर्नुहोस्।" श्रीमहादेव भन्नुहुन्छ:

"हे वीरभद्र! हे महाकाली! तिमीहरू अहिल्यै गई तेत्तिस कोटि देवताले रक्षा गरिराखेको पापिष्ठ दक्षप्रजापतिको यज्ञ विध्वंस गरी दक्षको संहार गरी तेत्तिस कोटि देवतालाई हाहाकार गराई आओ। तिमीहरूलाई यसै कामका लागि आराधना गरेको हुँ। अब तिमीहरू नन्दी, भृङ्गी, विषमज्वर, चौसट्ठी योगिनीसमेतलाई लिई दक्षको नाश गर्न तुरुन्तै गइहाल।"

श्रीमहादेवको यस्तो आज्ञा सुनी तिनीहरू मेघ गर्जेझैँ गर्जँदै पृथ्वी कँपाउँदै यमराज गएझैँ गरी एकदम रिसाएर श्रीमहादेवको आज्ञा शिरमा राखी कैलाशदेखि झरे। तिनीहरूको चालामाला देखी पृथ्वीलाई भार थाम्न साह्रै मुस्किल पऱ्यो। पृथ्वी डगमगाउन थालिन्। सात समुद्र छचल्किन थाले। जीवजन्तुहरू त्राहित्राहि भए। फेरि दक्षप्रजापतिका यज्ञमा पनि अनेक उत्पात हुन लागे। आकाशमा काग, चिल र गिद्धहरू कराई फन्फनी घुम्न लागे। स्यालहरू दुवै आँखा र मुखबाट पनि आगाका मुस्ला निकाली कराउँदै दगुर्न लागे। हावा पनि विपरीत चल्न लाग्यो। आकाशबाट

रगतको वृष्टि भयो। यस्तो देखेर यज्ञमा रहेका सबै हाहाकार गरी कराउन लागे। कोही जथाभावी भाग्न लागे। महिला, बालबालिका र वृद्धवृद्धाहरू भाग्न नसकी भूमिमा घोप्टो परी रुन कराउन लागे। कोही सबैको सम्भार गर्न पछि लागे। कोही "के जान्नु अझै केके उत्पात हुने होला ?" भनी डराई त्राहित्रहि हुन लागे। देवताहरू पनि भयभीत भएका थिए।

त्यस्तो वातावरणलाई अझै भयङ्कर तुल्याउँदै वीरभद्र र महाकाली आफ्ना गणसहित मेघ गर्जेझैँ गर्जी हात्तीका बथानमा सिंह पसेझैँ गरी दक्षका यज्ञमा पुगे। तहाँउप्रान्त यज्ञमा रहेका देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नागहरूसँग सिंह जुधेझैँ गरी सङ्ग्राम गरे। त्यस्तो देखी यज्ञमा रहेका दक्षका छोरीहरू, देवकन्या, गन्धर्वकन्या, नागकन्या, ऋषि, ब्राह्मण, बालक र अप्सराहरू त्राहित्राहि हुँदै 'नारायण! नारायण!' भन्दै कहालिएर रुँदै र चिच्याउँदै दश दिशातिर भाग्न थाले। कोही भाग्न नसकी ढुन्मुनिँदै मुन्टाले टेकी माटो खान लागे। कसैका हात पटक्कै भाँचिएकाले रुन कराउन लागे। कसैका खुट्टा मर्किएर हल न चल भई 'ऐय्याऐय्या' भन्न लागे। परन्तु विष्णु आदि तेत्तिस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर र दैत्यहरू दक्षप्रजापतिका निम्ति आआफ्ना शस्त्रअस्त्र लिई वीरभद्र र महाकालीसँग लड्न लागे।

लडाइँमा दुवैतर्फका सैनिकहरू एकएक हुङ्कार झिक्दथे। इन्द्रादि तेत्तिस कोटि देवताले वीरभद्र र महाकालीमाथि खनिँदै अनेक शस्त्रअस्त्र बर्साउन थाले। देवताहरूले ब्रह्मास्त्र, इन्द्रास्त्र, दिव्यास्त्र, वरुणास्त्र, अग्न्यस्त्र, तोमर, भिन्दिपाल, गदा, खड्ग, मुशल र नागपाशजस्ता शस्त्रअस्त्रहरू वीरभद्र र महाकालीहरूमाथि धमाधम बर्साउन थाले। आफूहरूमाथि शस्त्र प्रहार गरेको देखी वीरभद्रका गणहरू पनि खैलाबैला गर्दै विपक्षीका फौजभित्र पसी जसको पायो उसैको टाउको मूला निमोठेझैँ निमोठ्दै खाँदै हात भाँची खुट्टा मर्काई मुड्कीले कसेर हानी ह्वालह्वाली रगत छदाई देवताहरूलाई धुलोपिठो पारे। फेरि महाकालीले कालजस्तै खड्ग लिई राताराता आँखा गरी वर्षाकालको मेघ गर्जेझैँ गर्जँदै मृगका फौजमा निर्धक्कसित पसेको सिंहझैँ, सुकेका झारपातमा आगो लागेझैँ गर्दै क्षणभरमा नाश गरिन्। फेरि वीरभद्रले आफूमाथि शस्त्रअस्त्र प्रहार भएको देखी रिसले चुर भई नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत, प्रेत, पिशाच र प्रमथगणसमेत भई शत्रुपक्षमाथि जाइलाग्दै कसैका शिर गिँडिदिए, कसैका हातखुट्टा च्यातिदिए, कसैको मासु लुछे। घटघट रगत पिएर मात्तिएका कोही नाच्न लागे, कोही खित्खित् हाँस्न लागे, कोही जथाभावी दगुर्न लागे।

तेत्तिस कोटि देवता र दक्षप्रजापतिका सेनाको संहार हुँदा मासुको पर्वतजस्तो रास लाग्यो र रगतको खोलै बग्यो। देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र दक्षप्रजापतिको सेनाले महाकालीउपर बर्साएका शस्त्रअस्त्रहरू उनका नजिक आउनासाथ भस्म भए। महाकाली, चतुःषष्टियोगिनी, भूत, प्रेत, पिशाच र प्रमथगणले फेरि दक्षप्रजापतिका सेनाको संहार गरे। विषमज्वरले शत्रुपक्षका सेनाको शरीरमा घुसेर तिनको चेत हराइदियो। तब वैकुण्ठनाथ विष्णुले सम्पूर्ण देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र बाँकी रहेका दक्षप्रजापतिका सेनाहरूसमेत हल न चल भएका देखी आफ्ना शरीरबाट शीतज्वर उत्पन्न गराई सबैलाई सचेष्ट (चेत आएका) तुल्याए। विष्णुले वीरभद्रका सेनामाथि थरीथरीका शस्त्रअस्त्र प्रहार गरे। त्यसको प्रतिकारस्वरूप वीरभद्रले त्रिशूल उठाउँदै सिंहनाद गरी सुकेका खरमा आगो लगाएझैँ क्षणभरमा दक्षप्रजापतिका कोटिकोटि सेनाको संहार गरे। त्यहाँ कसैका शिर छैनन्, कसैका हात छैनन्, कसैका पाउ छैनन्। यस्तो अवस्थामा कोही 'रक्षा गर ! रक्षा गर !!' भन्दै भाग्न लागे। कोही भाग्न नसकी भूमिमा ढुन्मुनिन लागे। वीरभद्र र महाकाली यज्ञ विध्वंस गरी जो अघि पर्छ उही देवतालाई समाती यज्ञमा होम्न लागे।

यस्ता तरहले देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र दक्षप्रजापतिका सेनाको नाश पारी यज्ञ विध्वंस गरेको देखी विष्णु अत्यन्त क्रुद्ध भई राताराता आँखा गरी नागले झैँ सुस्केरा हाली अग्निका ज्वालाझैँ राता भई बायाँ हातले पाञ्चजन्य शङ्ख बजाई दाहिने हातले कौमोदकी गदा उठाई संहारकालका रुद्र जाँदाझैँ वीरभद्रका सेनामाथि जाइलागे। त्यस्तो देखी देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र दक्षप्रजापतिका सेना 'धन्यधन्य विष्णु! तपाईंको जय कल्याण होस्' भन्दै केही उत्साहका साथ आआफ्ना शस्त्रअस्त्र लिई विष्णुका साथ लागी लडाईंमा सक्रिय भए। त्यस्तो देखी महाकाली क्रोधले अग्निको ज्वालाजस्तो बडो तेज निकाली खड्ग उठाई चतुःषष्टि योगिनी, भूत, प्रेत, पिशाच र प्रमथगणले सहित भई लड्न लागिन्। जस्तो ठुलो हुरी चल्दा मेघ खण्डखण्ड भई फाट्दछ त्यस्तै गरी देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र दक्षप्रजापतिका सेनालाई महाकालीले छिन्नभिन्न पार्दै दश दिशातर्फ भगाइन्। त्यस्तो देखी विष्णुले निर्धक्कसँग वीरभद्रको छातीमा कौमोदकी गदाको प्रहार गरे। त्यसको चोट खप्न नसकी वीरभद्र मूर्च्छा परी भूमिमा गिरे। फेरि विष्णुले नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत, प्रेत, पिशाच र प्रमथगणलाई त्राहित्राहि गराई पाञ्चजन्य शङ्ख बजाई गदा उठाई जाइलागे। नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत, प्रेत, पिशाच र प्रमथगण शङ्खध्वनि एवं

गदाको प्रहारले कोही मूर्च्छा परी भूमिमा गिरे, कोही जता पायो उतै भाग्न लागे। त्यस्तो देखी देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र दक्षप्रजापतिका सैनिकहरू 'धन्यधन्य विष्णु !' भनी पुष्पवृष्टि गरी स्तुति गर्न लागे।

उता मूर्च्छामा परेका वीरभद्रका कानमा विष्णुलाई गरेको स्तुतिको आवाज झट्ट पर्न गएकोले उनको चेत आयो। वीरभद्रले जुर्मुराउँदै उठी हेर्दा आफ्ना सेना कोही भूमिमा लडिरहेका र कोही भाग्नलागेका देखी अत्यन्त क्रुद्ध हुँदै कालसमान त्रिशूल उठाई विष्णुलाई ताकेर वेगले छोडे। त्यो त्रिशूल विष्णुका छातीमा रोपिएकोले त्यसको चोट खप्न नसकी नवद्वारबाट रगत बगाई रणभूमिमा पछारिएर विष्णु बेहोस भए। त्यसै अवसरमा वीरभद्रले प्रलयकालका मेघ गर्जेझैं गर्जंदै विपक्षीमाथि जाइलागी तेत्तिस कोटि देवताको नाश गरे। वीरभद्रको यस्तो भयङ्कर गर्जनाबाट त्रसित भएका देवताहरू 'त्राहित्राहि' भनी चिच्याउँदै भाग्न लागे। यता मूर्च्छामा परेका नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत, प्रेत र पिशाचका कानमा त्यस्तो शब्द पर्न गएकोले उनीहरू ब्युँझेर लर्खराउँदै उठी हेर्दा वीरभद्रले विष्णुलाई मूर्च्छामा पारी देवताहरूको नाश गर्न लागिरहेको देखी 'धन्यधन्य वीरभद्र !' भन्दै उत्साहका साथ दक्षका सेनामाथि जाइलागे। यसरी त्यहाँ घनघोर सङ्ग्राम भयो।

हे अगस्त्यमुनि ! महाकाली र वीरभद्रले दक्षका सेनामाथि जाइलागी कोही देवताको टुप्पीमा फन्को मारी पछारी खड्गले छप्क्याए। कसैलाई मुड्कीले हामी मारे। चतुःषष्टि योगिनीले कसैलाई परक्क निमोठी मारे। कसैका काखीमा हातले प्वाल पारी मुख लगाई तन्तनी रगत पिउन लागे। कसैलाई टपाटप पक्री यज्ञमा हुत्याई मारे। यसरी तेत्तिस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नागहरूको नाश गरेको र वीरभद्रका सेनाले जयजयकार गरी कराएको शब्द मूर्च्छामा परेका विष्णुका कानमा पर्‍यो। त्यसपछि विष्णु ब्युँझेर खडा भई हेर्दा वीरभद्र र महाकालीले दक्षको यज्ञ विध्वंस गरी तेत्तिस कोटि देवता र दक्षका सेनाको समेत नाश गरेको देखी रिसले चुर भएर भन्न लागे, “हे पापिष्ठ वीरभद्र! आज तेरो नाश गरुँला, तब सम्पूर्ण देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नागहरूलाई सन्तोष होला। आज एकादश रुद्र तेरा सहाय भई भए पनि तेरो रक्षा गर्न सक्ने छैनन्। सम्पूर्ण दुष्टको नाश गर्ने यो चक्र देखिस् कि?” यति भन्दै विष्णुले आफ्नो सुदर्शनचक्र देखाए।

विष्णुका त्यस्ता क्षुद्र वचन सुनी वीरभद्र भन्दछन्, “हे पापिष्ठ विष्णु! सम्पूर्ण दुष्टको नाश गर्ने चक्र भनी देखाइस्, नाश गरुँला पनि भनिस्, लौ देखा त! कत्तिको नाश गर्दोरहेछ? तुरुन्त प्रहार गरिहाल्।” यस्ता वचन सुनी विष्णुले रिसाएर वीरभद्रलाई ताकी

सुदर्शनचक्र छाडिदिए। त्यो चक्र सूर्यको जस्तो तेज भई प्रलयकालको मेघ गर्जेझैँ रुद्र जाँदाझैँ गयो। त्यसरी आएको सुदर्शनचक्रलाई देखी नन्दी, भृङ्गी, चतुःषष्टियोगिनी, भूत, प्रेत, पिशाच र प्रमथगण 'त्राहित्राहि महादेव!' भन्दै वीरभद्र र महाकालीका शरणमा गए। समुद्र मन्थन गर्दा कालकूट विष निस्केर सारा संसारलाई भयभीत पार्दा महादेवले त्यसलाई पिएर प्राणीहरूको रक्षा गरेजस्तै वीरभद्रले पनि त्यसरी आएको चक्र देखी मुख बाएर सलक्क निल्न तयार भए। त्यो देखी विष्णु तुरुन्तै दगुर्दै गएर वीरभद्रका मुखदेखि सुदर्शनचक्र निकाली त्यहाँबाट अन्तर्धान भइ वैकुण्ठलोक जाँदाभए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां दक्षसेनावधो नाम सप्तमोऽध्यायः ॥ ७ ॥

अष्टमोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि ! विष्णु अन्तर्धान भई भागेपछि त्यहाँ बाँकी रहेका तेत्तिस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नागहरू हाहाकार गर्दै दश दिशातर्फ भागी आपस्तमा कुरा गर्न लागे। अब दक्षप्रजापतिको प्राण रहँदैन किनभने स्वयं नारायणजस्ताको सुदर्शनचक्र पनि व्यर्थै गयो, जुन चक्र लिएर विष्णु खडा हुँदा महादेवलाई समेत टिकिनसक्नु हुन्थ्यो त्यस्ता नारायण पनि अन्तर्धान भई भागे, हामीहरूको पराक्रमले के गर्न सक्ला? तस्मात् आआफ्नु ज्यान बचाउनु बेस छ भनी सम्पूर्ण देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र अष्टदिक्पालहरू आआफ्नु ज्यान बचाई भागे। त्यस्तो देखी कालजस्ता वीरभद्र आगोजस्तो भएर रिसले जिब्रो काढी, नागले श्वास फिकेझैँ सुस्केरा हाली वर्षाको मेघझैँ गर्जी जाइलागी दक्षको टुप्पी समाती भन्न लागेः

> हे पापिष्ठ दक्ष! तैँले श्रीमहादेवलाई बहुतै निन्दा गरिस्, हेला पनि गरिस्, आफ्नी छोरीलाई पनि मारिस्। तँजस्तो पापी अरू कोही छैन। 'त्योबौलाहा महादेवलाई नडाकी मलाई के होला? नारायण आदि सबै मेरा जुवाइँहरू छँदैछन्। त्यो अनुहार

नपरेको दिगम्बर र घिनलाग्दोलाई नडाकी मलाई के होला र!' भनी त्रिभुवनका मालिकलाई निन्दा गरिथिस्। अब यस बखतमा तेरा जुवाइँहरू कहाँ गए ? तिनीहरूसँग गुहार मागी आफ्नु ज्यान बचा। तेरो यज्ञ विनाशङ्करले पूरा होस्। अब तँलाई पनि यस यज्ञमा होम्नसके हामी सबैलाई सन्तोष होला।

यसरी महावीर वीरभद्रले नाना तरहले गाली गर्दै दक्षप्रजापतिको शिर छुट्ट्याई यज्ञमा होमिदिए। यसरी दुष्टको संहार गरेको देखी महाकालीलगायत चौसट्ठी योगिनी, नन्दी, भृङ्गी, प्रमथगण, विषमज्वर, भूत, प्रेत र पिशाचहरूले एक स्वर गरी 'धन्यधन्य वीरभद्र! शिवनिन्दा गर्ने दक्षको नाश गऱ्यौ, तिमीजस्तो बलियो त्रिभुवनमा कोही पनि छैन' भन्दै वीरभद्रको प्रशंसा गरे।

तहाँउप्रान्त दक्षप्रजापतिकी पत्नी विरणी आफ्ना पतिको शिर छुट्ट्याई यज्ञकुण्डमा होमेको देख्दा हुरीले ढालेको रुखझैँ भूमिमा ढली मूर्च्छा परिन्। केही क्षणपछि चेत आयो र शोक गर्न लागिन्, "हे स्वामी! मलाई यस्तो अवस्थामा पारी अनाथ बनाई तपाईं कता जानुभयो? जगदीश्वर श्रीमहादेवलाई यज्ञमा नडाक्दा हजुरको यस्तो हाल भयो। हजुरले भूल गर्नुभएको हो। अज्ञानले शिवलाई निन्दा गर्दा हजुरको प्राण गयो, मेरो पनि यो अवस्था भयो।" यस्ता तरहले बिलौना गर्दै वीरभद्रका नजिकमा गई विरणी भन्न लागिन् :

> “हे ईश्वर वीरभद्र! दक्षप्रजापति अति अज्ञानी हुन्, अहङ्कारी पनि हुन्, तिनलाई ज्ञान पनि थिएन, यस्ता मूर्खलाई नाश गरेर हजुरको के बडाइँ होला? यसरी मलाई विधवा नबनाउनुहोस्। स्वामी वरदान दिनुहोस्। मेरा स्वामीलाई जियाई मेरो उद्धार गर्नुहोस्। हे वीर! आफूले सृष्टि गरी आफैँले संहार गर्नु योग्य छैन। विषकै बिरुवा भए पनि आफूले रोपेर आफैँले उखेल्नु ठिक छैन। सृष्टि, स्थिति, संहार गर्ने हे प्रभो! महारुद्र पनि तपाईं, आदिदेवता पनि तपाईं, आदिपुरुष पनि तपाईं, ब्रह्मा, विष्णु पनि तपाईं, तपाईंभन्दा ठुलो कोही छैन। तपाईंको महिमा वर्णन गर्न म के सकुँली। हे भक्तवत्सल! मेरो मुख हेरी दक्षप्रजापतिका सबै अपराध क्षमा गरी जियाई दिनुहोस्।”

यस्ता तरहले विरणीले आर्तनाद गरेको इन्द्रादि देवताहरूले सुनेर आकाशबाट पुष्पवृष्टि गर्दै भन्न लागे, “हे वीरभद्र ती दक्षप्रजापतिलाई जियाई विरणीलाई सन्तोष दिनुहोस्।” यस्तो सुनी विरणीले पनि अत्यन्त शोक गरेको देखी वीरभद्रको मन पग्ल्यो र विरणीको मुख हेरी भन्न लागे, “हे विरणी तिमीले गरेको स्तुतिबाट म खुसी भएँ, तिमीलाई स्वामीवर दिन्छु तर तिम्रो स्वामीको शिर मैले यज्ञकुण्डमा होमिसकेको हुनाले यज्ञमा बलिदान दिएको बोकाको टाउको जोडी जियाइदिन्छु किनभने त्यसले

जगदीश्वरलाई साह्रै निन्दा गऱ्यो। त्यो पशु हो तसर्थ पशुको टाउको जोडिदिनुपर्छ।” वीरभद्रले यति भनेको सुनी विरणीले ‘हवस्’ भनी अञ्जलि बाधिरहिन्। तब वीरभद्रले बोकाको टाउको ल्याई पछिल्तिर मुख फर्काई जोडेर दक्षप्रजापतिलाई जियाइदिए। त्यसपछि विरणीले बडो सन्तोषसित छागमुख (बोकाको मुख भएका) दक्षप्रजापतिका साथ महाकाली र वीरभद्रलाई साष्टाङ्ग प्रणाम गरिन् र आफ्ना घर गइन्।

महाकाली र वीरभद्रले तेत्तिस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र दक्षप्रजापितका सेनालाई जिती यज्ञ विध्वंस गरी नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत, प्रेत, पिशाच, प्रमथगण र विषमज्वरका साथ त्यहाँबाट अन्तर्धान भई कैलाश पर्वततिर लागे। उहाँपछि श्रीमहादेवलाई साष्टाङ्ग प्रणाम गरी “हे जगदीश्वर! तपाईंका आज्ञाले पापिष्ठ दक्षप्रजापतिको यज्ञ विध्वंस गरी तेत्तिस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र दक्षप्रजापतिका सेनालाई विध्वंस गरी दक्षको शिर छुट्ट्याई यज्ञकुण्डमा होमिसकेपछि दक्षप्रजापतिकी स्त्री विरणीले बहुतै विलाप गरिन्। त्यस्तो देख्दा मलाई उनीप्रति दया जाग्यो र यज्ञकुण्डमा बलिदान दिएको बोकाको टाउको ल्याई पछिल्तिर मुख फर्काई जोडेर दक्षप्रजापतिलाई जियाई आएँ” भनी बिन्ती गरे। त्यस्तो सुनी

श्रीमहादेवले खुसी भई आज्ञा गर्नुभयो, "हे महाकाली! हे वीरभद्र! तिमीहरूले बेस काम गऱ्यौ, तिमीहरू धन्य रहेछौ, म खुसी भएँ।" यति भन्दै श्रीमहादेवले उनीहरूलाई आफ्ना शरीरमा लीन गराउनुभयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां यज्ञाग्निकुण्डे दक्षशिरोहोमो नाम अष्टमोऽध्यायः ॥ ८ ॥

नवमोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि ! त्यसपछि श्रीमहादेवले आफ्नी स्त्री सतीदेवीलाई सम्झनुभयो र दक्षप्रजापतिले यज्ञ गरेका ठाउँमा गई यज्ञकुण्डमा प्रवेश गरेकी सतीदेवीलाई देख्नासाथ 'हा हा प्रिये !' भन्दै त्यहाँबाट झिकी काखमा लिई तीनओटै आँखाबाट बर्बरी आँसु खसाली, "हा सतीदेवी! कैलाश शून्य गराई मलाई एक्लै छोडी यस्तो बिचल्लीमा पारी तिमी कता गयौ?" भनी बहुतै काँतर भएर रुख ढलेझैं भूमिमा ढली मूर्च्छा पर्नुभयो। फेरि चेत आयो र "हा प्राणप्रिये! अब मैले बाँच्नु धिक्कार छ! मलाई एकछिन् पनि नछोडी मेरा अगाडि बसी मैले भनेका पुराण–कथामा भुलिरहन्थ्यौ, आज कहाँ गयौ? अब त्यस्ता कथा म कसलाई सुनाउँला? को सुन्ला? मैले भनेको नमान्दा तिम्रो यो दशा भयो! मेरो यो हाल भयो।" भनी छाती पिटी आँखादेखि आँसुका बलिन्द्रधारा बगाउन लाग्नुभयो। फेरि "हे पियारी! मेरो खाने वस्तु विष, भाङ, धतुरो 'यो मेरा स्वामीले खाने वस्तु हो' भनी बडो जतनसित राख्दथ्यौ, अब कसले त्यसो गरिदेला? फेरि कतैबाट आउँदा हातमा कमण्डलु लिई चाँडै पाउ धुन ढोकामा खडी हुन्थ्यौ, अब कसले धोइदेला? हा हा पियारी! तिमीविना मैले यो मन कसरी थाम्ने?" भन्दै कहिले मुख हेरिरहने,

कहिले म्वाइँ खाने, कहिले आफ्नो हात सतीदेवीको छातीमा राख्ने, कहिले आलिङ्गन गर्ने, कहिले सतीदेवीको हात आफ्नो छातीमा राख्ने यसरी नाना शोक गरी सतीदेवीलाई पिठ्युँमा बोकी 'हा सतीदेवी !' भन्दै बौलाहाजस्ता भई पृथ्वीको भ्रमण गरी हिँड्न लाग्नुभयो। श्रीमहादेवले पिठ्युँमा बोकेकाले सतीदेवीको शरीर गल्न सकेन, दुर्गन्धित पनि भएन, केवल निद्रमा परेजस्तो भइरह्यो।



हे अगस्त्यमुनि ! त्यहाँपछि इन्द्रादि तेत्तिस कोटि देवताले श्रीमहादेवलाई सतीदेवीको मृतशरीर पीठमा बोकेर पृथ्वीको भ्रमण गर्दै हिँडेको देखी वैकुण्ठमा गई विष्णुसित बिन्ती गरे, "हे परब्रह्म ! यो सबै संसार हजुर र महादेवबाट रक्षित छ। तपाईं दुईले रक्षा नगरे

कसले गर्न सक्ला? सतीदेवीको मृत्युपछि उनको शरीर पिठ्युँमा बोकी श्रीमहादेव पृथ्वीको भ्रमण गर्दै हुनुहुन्छ। सतीदेवीको शरीर रहुन्जेलसम्म श्रीमहादेवले त्यसै गर्नुहुनेछ। यसउसले तपाईंका मायाले माखा रची औँस्याहा पारी सतीदेवीको शरीर गलाई पतन गराइदिनुहोस्।” इन्द्रादि देवताले यति भनेको सुनी विष्णुले ‘हे इन्द्रादि देवता हो! तिमीहरूले बेस भन्यौ, अब म त्यसै गर्नेछु, धन्दा नमान, तिमीहरू अमरावती जाओ’ अन्नुभयो। विष्णुले यस्तो आज्ञा गरेको सुनी इन्द्रादि देवताहरूले ‘हवस्’ भनी विष्णुलाई साष्टाङ्ग प्रणाम गरी अमरावती गए। त्यसपछि विष्णुले इन्द्रादि देवताहरूले भनेबमोजिम आफ्ना मायाले माखा रची औँस्याहा पारी सतीदेवीको शरीर गलाई पतन गराइदिनुभयो। जहाँजहाँ सतीदेवीको अङ्ग पतन भयो त्यहाँत्यहाँ एकएक पीठ भयो। त्यहीँत्यहीँ चतुर्मुखी ब्रह्माले एकएक स्वयम्भूलिङ्ग स्थापना गरे।

१. पहिले नेपालमा पुग्दा गुह्य पतन भयो। नेपालपीठ, गुह्येश्वरीदेवी, चन्द्रघण्टा योगिनी, सिद्धेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा इन्द्रादि देवताहरूले तपस्या गरे। ईश्वरीले प्रसन्न भई ‘सत्य, त्रेता, द्वापर, कलि यी चारै युगमा तेत्तिस कोटि देवता भनी प्रख्यात भए’ भनी वरदान दिइन्।



२. फेरि कामरूपमा पुग्दा छाती पतन भयो। कामरूपपीठ, कामाक्षी देवी, कर्ता योगिनी, चक्रेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा यक्षगणले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा यक्षगणका नामबाट प्रख्यात भए' भनी वरदान दिइन्।

३. फेरि पौरबन्धनमा पुग्दा दाहिने कानको पतन भयो। पौरबन्धनपीठ, अम्बिकादेवी, चन्द्रवेगा योगिनी, धनेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा दैत्यगणले आई तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'देवगणलाई जित्नसके' भनी वरदान दिइन्।

४. फेरि काश्मीरमा पुग्दा जिब्रो पतन भयो। काश्मीरपीठ, शारदादेवी, घोरघण्टा योगिनी, श्रमधारेश्वर महादेव उत्पन्न

भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा किन्नरगणले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'मनोवाञ्छा पूर्ण होओस्' भनी वरदान दिइन्।

५. फेरि कान्यकुब्जमा पुग्दा आङको छाला पतन भयो। कान्यकुब्जपीठ, झङ्केश्वरी देवी, चन्द्रा योगिनी, दुग्धेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा रावणले तपस्या गर्‍यो। ईश्वरीले प्रसन्न भई 'देवलोकलाई जित्नसके' भनी वरदान दिइन्।

६. फेरि पुण्यगिरिमा पुग्दा देब्रे कानको पतन भयो। पुण्यगिरिपीठ, पूर्णादेवी, कपालकुण्डला योगिनी, चन्द्रेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस हर्षभूमिमा गन्धर्वगणले नृत्य–गीतको प्रस्तुतिका साथ तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'इन्द्रका अगाडि कहिल्यै पनि नचुके' भनी वरदान दिइन्।

७. फेरि अमुण्डाचलमा पुग्दा हातपाउका नङको पतन भयो। अमुण्डाचलपीठ, पूकम्बीदेवी, कालिका योगिनी, इच्छाविरुकेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा नारद ऋषिले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'तिम्रो वाक्य सिद्धि होओस्' भनी वरदान दिइन्।

८. फेरि अस्तातकमा पुग्दा दाहिने हात पतन भयो। अस्तातकपीठ, कर्तेश्वरी देवी, एकाक्षी योगिनी, निद्रापतीश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा राधिकागणले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'सदासर्वदा श्रीकृष्ण दाहिना होऊन्' भनी वरदान दिइन्।

९. फेरि एकावरमा पुग्दा देब्रे आँखा पतन भयो। एकावरपीठ, सिद्धेश्वरी देवी, सिद्धा योगिनी, दधेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस रत्नभूमिमा करवीर आदि स्मशानले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'सम्पूर्ण मृतकलाई दाह गर्नसके' भनी वरदान दिइन्।

१०. फेरि त्रिश्वेतमा पुग्दा मलद्वार पतन भयो। त्रिश्वेतपीठ, महाकालेश्वरी देवी, विकटदन्ता योगिनी, त्रिपुरेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा यमराजले नाना उपचारले पूजा गरी तपस्या गरे। ईश्वरीले प्रसन्न भई ब्रह्माको सृष्टिको संहार गर्नसके' भनी वरदान दिइन्।

११ फेरि कामरोष्टमा पुग्दा कण्ठ पतन भयो। कामरोष्टपीठ, कामिनी देवी, लम्बिका योगिनी, कालेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा पृथ्वीले नाना

उपचारले पूजा गरी तपस्या गरिन्। ईश्वरीले प्रसन्न भई ‘सृष्टि गर्ने स्थान होऊ’ भनी वरदान दिइन्।

१२. फेरि कैलाश पर्वतमा पुग्दा दाहिने पाउको पतन भयो। कैलाशपीठ पार्वती देवी, अम्बिका योगिनी, विश्वम्भरेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्ध भूमिमा ब्रह्माले नाना तरहका यज्ञ गरी तपस्या गरे। ईश्वरीले प्रसन्न भई ‘वरदान लेऊ’ भनिन्। ब्रह्माले ‘स्वर्ग, मर्त्य र पाताल तीनै लोकको सृष्टि गर्ने होऊँ’ भनी मागे, ईश्वरीले ‘तथास्तु’ भनी वरदान दिइन्।



१३. फेरि भृगुमा पुग्दा माथिल्ला दाँतको पतन भयो। भृगुपीठ, मीनाक्षी देवी, वज्रदेहा योगिनी, सत्येश्वर महादेव उत्पन्न भए,

शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा धर्मदत्त राजाले योगमार्गले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'तिमीलाई कसैले जित्न नसकोस्' भनी वरदान दिइन्।

१४. फेरि केदारमा पुग्दा बायाँ हातको पतन भयो। केदारपीठ, केदारेश्वरी देवी, मुण्डा योगिनी, कोटेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा एकादश रुद्रले योगमार्गले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन्। एकादश रुद्रले 'हामी सबैको बराबर तेज होओस्' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

१५. फेरि चन्द्रपुरमा पुग्दा दाहिने आँखाको पतन भयो। चन्द्रपुरपीठ, सिद्धिकाली देवी, सिद्धा योगिनी, प्रकाशेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा दशदिक्पालले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'तिमीहरूका आआफ्ना दिशा स्थिर होऊन्' भनी वरदान दिइन्।

१६. फेरि श्रीपीठमा पुग्दा तालु पतन भयो। श्रीपीठ, भद्राक्षी देवी, भद्रा योगिनी, कमलेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा अष्टवसुले आई

षोडशोपचारले पूजा गरी तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन्। अष्टवसुले 'जे चितायो त्यही पुग्ने होओस्' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

१७. फेरि एकावीरमा पुग्दा नाभि पतन भयो। एकावीरपीठ, एकावीरा देवी, गोरक्षी योगिनी, हाटकेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा नागहरूले हीरा–मोती नाना रत्न चढाई पूजा गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन्। नागहरूले 'सप्तपातालका अधिपति होऔँ' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

१८. फेरि जालन्धरमा पुग्दा तल्लो ओठ पतन भयो। जालन्धरपीठ, जालपा देवी, ज्वालामुखी योगिनी, पिशाचेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा कामधेनुले नित्य दुध चढाई तपस्या गरिन्। ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन्। कामधेनुले 'मेरा दुध, गोबर र गहुँत पवित्र होऊन्' भनी मागिन्। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

१९. फेरि मल्लवीमा पुग्दा बायाँ पैतालाको पतन भयो। मल्लवीपीठ, महाकाली देवी, कराली योगिनी, भूपालेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पवित्र भूमिमा द्वादशादित्यले तपस्या गरे। ईश्वरीले प्रसन्न भई

‘वरदान लेओ’ भनिन्। उनीहरूले ‘बाह्र महिनाका अधिपति होऔँ’ भनी मागे। ईश्वरीले ‘तथास्तु’ भनी वरदान दिइन्।

२०. फेरि कुशलान्तमा पुग्दा कपालका केश पतन भयो। कुशलान्तपीठ, श्मशानकाली देवी, भूतघण्टा योगिनी, क्षीरेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा अश्विनी, भरणी, कृत्तिका आदि सत्ताइस नक्षत्रहरूले तपस्या गरे। ईश्वरीले प्रसन्न भई ‘वरदान लेओ’ भनिन्। नक्षत्रहरूले ‘ज्योतिषशास्त्र हाम्रो अधीनमा होओस्’ भनी मागे। ईश्वरीले ‘तथास्तु’ भनी वरदान दिइन्।

२१. फेरि देवीकोटमा पुग्दा देब्रे घुँडो पतन भयो। देवीकोटपीठ, भद्राक्षी देवी, ललिता योगिनी, मातेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा मेष, वृष, मिथुन आदि बाह्र राशिहरूले तपस्या गरे। ईश्वरीले प्रसन्न भई ‘वरदान लेओ’ अनिन्। राशिहरूले ‘मनुष्यहरू हाम्रा अधीनमा रहून्’ भनी मागे। ईश्वरीले ‘तथास्तु’ भनी वरदान दिइन्।

२२. फेरि गोकर्णमा पुग्दा माथिल्लो ओठको पतन भयो। गोकर्णपीठ, भैरवी देवी, एकजङ्घा योगिनी, जागेश्वर महादेव उत्पन्न भए, शिवशत्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा विष्कम्भ, प्रीति, आयुष्मान् आदि सत्ताइस योगहरूले

महाकष्टले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन्। योगहरूले 'ज्योतिषशास्त्र हाम्रो अधीनमा रहोस्' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।



२३. फेरि मातुलेश्वरमा पुग्दा दाहिने स्तनको पतन भयो। मातुलेश्वरपीठ, योगेश्वरी देवी, पिङ्गला योगिनी, बुधराधेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस रत्नभूमिमा कश्यप, अत्रि, भरद्वाज आदि ऋषिहरूले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन्। ऋषिहरूले 'ऋक्, यजु, साम र अथर्व गरी चार वेद हाम्रा अधीनमा होऊन्' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

२४. फेरि अट्टहासमा पुग्दा तल्ला दाँतको पतन भयो। अट्टहासपीठ, भ्रामरी देवी, शङ्खधरा योगिनी, सप्तभूतेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा वाग्मती

आदि गङ्गाहरूले जल चढाई भक्तिपूर्वक तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन्। वाग्मती आदि गङ्गाहरूले 'हामीमा भुक्ति–मुक्तिको अधिकार होओस्' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

२५. फेरि वाराणसीमा पुग्दा शिरको पतन भयो। वाराणसीपीठ, विशालाक्षी देवी, सङ्कटा योगिनी, विश्वेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा गन्धर्वगणले गानविद्याद्वारा तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'तिमीहरूको वाक्यसिद्ध होओस्' भनी वरदान दिइन्।



इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां पीठोत्पत्तिर्नाम नवमोऽध्यायः ॥ ९ ॥

दशमोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

२६. फेरि विश्वमा पुग्दा बायाँ स्तनको पतन भयो। विश्वपीठ, भुवनेश्वरी देवी, भुवना योगिनी, कृष्णवर्णेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा कृष्णले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन्। कृष्णले 'तीनै लोका स्त्रीहरू मदेखि मोहित होऊन्' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

२७. फेरि राजगृहमा पुग्दा दायाँ कुहिनोको पतन भयो। राजगृहपीठ, राजगृहेश्वरी देवी, उल्कामुखी योगिनी, हरेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा वायुले सुगन्ध बहाई तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन्। उनले 'सबै जीवात्माको प्राणवायु हुन पाऊँ' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

२८. फेरि महापन्थमा पुग्दा देब्रे कुहिनोको पतन भयो। महापन्थपीठ, प्रचण्डचण्डिका देवी, रेणुका योगिनी, विश्वामित्रेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा अप्सराहरूले नाचगान गरी तपस्या गरे।

ईश्वरीले प्रसन्न भई ‘वरदान लेऊ’ भनिन्। अप्सराहरूले ‘इन्द्रादि देवतालाई मोह गर्न सकौँ’ भनी मागे। ईश्वरीले ‘तथास्तु’ भनी वरदान दिइन्।

२९. फेरि कोलापुरमा पुग्दा उदर (पेट) पतन भयो। कोलापुरपीठ, महालक्ष्मी देवी, नन्दा योगिनी, श्मशानेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा गरुडले रत्न एवं फलफूल चढाई पूजा गरी तपस्या गरे। ईश्वरीले प्रसन्न भई ‘वरदान लेऊ’ भनिन्। गरुडले ‘नागहरू मेरा आहार होऊन्’ भनी मागे। ईश्वरीले ‘तथास्तु’ भनी वरदान दिइन्।

३०. फेरि एकापुरमा पुग्दा दाहिने घुँडोको पतन भयो। एकापुरपीठ, साधुक्षी देवी, सङ्कुपा योगिनी, उन्मत्तेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा शिलाहरूले आई तपस्या गरे। ईश्वरीले प्रसन्न भई ‘वरदान लेओ’ भनिन्। शिलाहरूले ‘देवताका अङ्गमा लागौँ’ भनी मागे। ईश्वरीले ‘तथास्तु’ भनी वरदान दिइन्।

३१. फेरि ओमकारेश्वरमा पुग्दा दाहिने मिर्गौलाको पतन भयो। ओमकारेश्वरपीठ, मातृकादेवी, पूर्णोदरी योगिनी, सन्तानेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा कल्पवृक्षले नाना तरहका फलफूल चढाई पूजा

गरी तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन्। कल्पवृक्षले 'जे चितायो त्यही फलाउन सकूँ'भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।



३२. फेरि जयन्तीपुरमा पुग्दा कलेजोको पतन भयो। जयन्तीपुरपीठ, जयन्ती देवी, खेचरी योगिनी, कल्पेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा तुलसी-कुशले आई तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन्। तुलसी-कुशले 'स्वर्ग, मर्त्य, पाताल तीनै लोकले हामीलाई मानून्' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

३३. फेरि उज्जैनमा पुग्दा रगतको फाल्साको पतन भयो। उज्जैनपीठ, महाकाली देवी, ललज्जिह्वा योगिनी, झङ्केश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा हिमालय पर्वतले तपस्या गरे। ईश्वरीले प्रसन्न

भई ‘वरदान लेऊ’ भनिन्। उनले ‘देव, दानव, मनुष्य सबैलाई मोक्ष प्रदान गर्न सकूँ’ भनी भनी मागे। ईश्वरीले ‘तथास्तु’ भनी वरदान दिइन्।

३४. फेरि चरित्रपुरमा पुग्दा दाहिने करङ्को पतन भयो। चरित्रपुरपीठ, स्वर्णेश्वरी देवी, चित्रवर्णी योगिनी, वायव्येश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा योगिनीगणहरूले तपस्या गरे। ईश्वरीले प्रसन्न भई ‘वरदान लेओ’ भनिन्। योगिनीगणहरूले ‘मन्त्रसिद्धि होओस्’ भनी मागे। भनी मागे। ईश्वरीले ‘तथास्तु’ भनी वरदान दिइन्।

३५. फेरि क्षीरिकापुरमा पुग्दा भुँडीको पतन भयो। क्षीरिकापुरपीठ, युगाद्या देवी, कलङ्की योगिनी, सहस्रनेत्रेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा मातृकागणले नाना उपचारले पूजा गरे। ईश्वरीले प्रसन्न भई ‘वरदान लेओ’ भनिन्। उनीहरूले ‘स्थानस्थानका मालिक होऔँ’ भनी मागे। ईश्वरीले ‘तथास्तु’ भनी वरदान दिइन्।

३६. फेरि हस्तिनापुरमा पुग्दा दाहिने कुमको पतन भयो। हस्तिनापुरपीठ चण्डेश्वरी देवी, कोटराक्षी योगिनी, सुमुखारेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे।

त्यस पुण्यभूमिमा सुदर्शनचक्रले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन्। उनले 'संहारकर्ता होऊँ' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

३७. फेरि उड्डियानमा पुग्दा शिरको हड्डी पतन भयो। उड्डियानपीठ, विमला देवी, पिङ्गलाक्षी योगिनी, यक्षेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा हनुमानले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन्। उनले 'रामचन्द्रको सेवक भई लङ्का दाह गर्न सकूँ' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

३८. फेरि प्रजङ्गमा पुग्दा फोक्सो पतन भयो। प्रजङ्गपीठ, सुन्दरीदेवी, सिंहवेगा योगिनी, महीन्द्रेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा दश अवतारले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन्। दश अवतारले 'सत्य, त्रेता, द्वापर, कलि चारै युगका दैत्यहरूको संहार गर्न सकौँ' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

३९. फेरि विश्वमा पुग्दा बायाँ मिर्गौलो पतन भयो। विश्वपीठ, झङ्केश्वरी देवी, झङ्काली योगिनी, कुण्डलेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा

विश्वकर्माले रङ्गविरङ्गका देवल बनाई तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन्। उनले 'मेरा शिल्पको कीर्ति चारै युगमा रहिरहोस्' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।



४०. फेरि मायापुरमा पुग्दा फियो पतन भयो। मायापुरपीठ, माया देवी, चञ्चला योगिनी, तपेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस तपोभूमिमा चतुःषष्टि लिङ्गले जपध्यान गरी तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन्। चतुःषष्टि लिङ्गले 'स्वयम्भू लिङ्ग भइरहौँ' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

४१. फेरि मल्लागिरिमा पुग्दा बायाँ कुम पतन भयो। मल्लागिरिपीठ, मालिका देवी, कोकरा योगिनी, कुशोत्पन्नेश्वर

महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा भूत, प्रेत, पिशाचले नाची-खेली तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन्। उनीहरूले 'सधैँ हजुरका नगिचमा बस्न पाऔँ' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

४२. फेरि मलयागिरिमा पुग्दा आसन पतन भयो। मलयागिरिपीठ, वज्रेश्वरी देवी, कोमला योगिनी, जागेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा सत्यले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन्। उनले 'सत्यमा रहनेको उद्धार गर्न सकौँ' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

४३. फेरि सेनमा पुग्दा मुट्टु पतन भयो। सेनपीठ, उमा देवी, अष्टवक्त्रा योगिनी, कागेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा सूर्य, चन्द्र, मङ्गल आदि नवग्रहले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन्। उनीहरूले 'लाभ-हानिको अधिकार हामीमा रहोस्' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

४४. फेरि मेरुगिरिमा पुग्दा सुचीस्थान पतन भयो। मेरुगिरिपीठ, पूर्णा देवी, कपालिनी योगिनी, जिह्वापतेश्वर महादेव उत्पन्न

भए, शिवशक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा सप्त–नाग आई हीरा, मोती, मणि, माणिक्य आदि नाना रत्न चढाई पूजा गरे। ईश्वरीले प्रसन्न भई वरदान लेओ' भनिन्। उनीहरूले 'हाम्रा शरीर अगम्य (कसैले जान्न नसक्ने) होओस्' भनी मागे। ईश्वरीले 'तथास्तु भनी वरदान दिइन्।

४५. फेरि महीन्द्रमा पुग्दा दाहिने तिघ्रा पतन भयो। महीन्द्रपीठ, इन्द्राक्षी देवी, ऊर्द्धगामिनी योगिनी, तारकेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा लक्ष्मीले थरीथरीका द्रव्य चढाई तपस्या गरिन्। ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन्। लक्ष्मीले 'कार्तिक कृष्ण अमावस्या (गाइतिहारे औँसी) का दिन सबै लोकले मेरो पूजा गरून्' भनी मागिन्। ईश्वरीले 'तथास्तु भनी वरदान दिइन्।

४६. फेरि वानरपुरमा पुग्दा बायाँ तिघ्राको पतन भयो। वानरपुरपीठ, कामेश्वरी देवी, भेरुण्ड योगिनी, वेदान्तेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा कमल आदि पुष्पहरूले सुवास फैलाउँदै तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन्। उनीहरूले 'पूजा गर्ने वेलामा हामीहरू प्रशस्त होऔँ' भनी मागे। ईश्वरीले 'तथास्तु भनी वरदान दिइन्।

४७. फेरि हिरण्यपुरमा पुग्दा योनि पतन भयो। हिरण्यपुरपीठ, नवरत्नेश्वरी देवी, त्रिपुरेन्द्री योगिनी, नारदेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस रत्नभूमिमा सरस्वतीले थरीथरीका स्तोत्रहरूले स्तुति गरिन्। ईश्वरीले प्रसन्न भई 'वरदान लेऊ' भनिन्। सरस्वतीले 'सबै जीवात्माका बोलीमा मेरो वास होओस्' भनी मागिन्। ईश्वरीले 'तथास्तु भनी वरदान दिइन्।

४८. फेरि लक्ष्मीपुरमा पुग्दा बायाँ करङको पतन भयो। लक्ष्मीपुरपीठ, कमलाक्षी देवी, दिगम्बरा योगिनी, त्रिकूटेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा अणिमादि अष्टसिद्धिले योगमार्गले तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन्। अष्टसिद्धिले 'हामीहरू अमर होऔँ' भनी मागे। ईश्वरीले 'तथास्तु भनी वरदान दिइन्।

४९. फेरि उद्यानमा पुग्दा कण्डेउलो (नितम्ब) पतन भयो। उद्यानपीठ, त्रिपुरासुन्दरी देवी, सुशङ्खोदरी योगिनी, भैरवेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस आनन्दभूमिमा मेघले आई सिमसिम पानी बर्साई तपस्या गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेउ' भनिन्। मेघले 'संसारलाई

जलदान दिई उद्धार गर्न सकौं' भनी मागे। ईश्वरीले 'तथास्तु भनी वरदान दिइन्।

५०. फेरि छायाक्षेत्रमा पुग्दा बाँकी रहेका सम्पूर्ण अङ्गको पतन भयो। छायाक्षेत्रपीठ, छत्रेश्वरी देवी, सुसुकोदरा योगिनी, पिशाचेश्वर महादेव उत्पन्न भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा अष्टभैरवले थरीथरीका उपचारले पूजा गरे। ईश्वरीले प्रसन्न भई 'वरदान लेओ' भनिन्। उनीहरूले 'मातृकागणका मालिक होऔं' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

हे अगस्त्यमुनि ! यस्ता तरहले जहाँजहाँ सतीदेवीका अङ्ग पतन भए त्यहाँत्यहाँ एकएक पीठ उत्पन्न हुँदै गए । सबै पीठहरूको कुल सङ्ख्या सात करोड पचास लाख छ। तीमध्ये यहाँ पचास पीठको वर्णन गरियो । उक्त पचास पीठहरूमध्ये एकै पीठको मात्र दर्शन गरेमा पनि मनले चिताएको पुग्दछ। मन, वचन र कर्मले गरेका सबै पापको नाश हुन्छ । मनुष्यजन्म लिएर पचास पीठहरूमध्ये एक पीठको पनि दर्शन गर्न सकेन भने त्यसको जन्म व्यर्थ गयो भनी चतुर्मुख ब्रह्माले आज्ञा गर्नुभएको छ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां पीठोत्पत्तिर्नाम दशमोऽध्यायः ॥ १० ॥

एकादशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि ! सतीदेवीका सबै अङ्गको पतन भएपछि श्रीमहादेव चित्त थाम्न नसकी 'हा प्राणप्रिये सतीदेवी ! कहाँ गयौ नि?' भन्दै अचेत भई भूमिमा लडी मूर्च्छा पर्नुभयो। केही बेरपछि चेत आयो रसुस्केरा हाली मनले सतीदेवीलाई सम्झँदै बौलाहाजस्ता भई जथाभावी हिँड्न लाग्नुभयो। महादेव त्यसरी हिँडन लाग्नुभएको देखी तारकासुरले आफ्ना मन्त्रीहरूसँग भन्यो, "हे मन्त्रीहरू हो! सतीदेवी मर्नाले महादेव बौलाहाजस्ता भई हा सती! हा सती!! भन्दै जथाभावी हिँड्न लागेका छन्। यस अवसरमा देवताहरूसँग युद्ध गरौँ। यस्तो मौका फेरि आउनेछैन। इन्द्रको अमरावती प्राप्त गरौँ, अब हामीलाई कसले छुन सक्छ र!" यति भन्दै तारकासुर दैत्य भएजति सेना अघि लगाई मन्त्रीहरूसमेत भई शस्त्रअस्त्र लिई देवताहरूसँग लड्न अमरावती गयो। तिनीहरूलाई देख्नासाथ इन्द्र डराएर "हे देवता हो! अब यहाँ हामीहरू बस्न भएन किनभने तारकासुर दैत्यलाई श्रीमहादेवले वरदान दिनुभएको छ। त्यसैले तारकासुरसँग युद्ध गरी जित्न सकिँदैन। अब त्यससँग लड्नुभन्दा भाग्नै निको छ" भनी स्वर्गबाट भागाभाग गरी मृगस्थलीमा आई बसे।

देवताहरू भागेपछि तारकासुरले इन्द्रको अमरावती कब्जा गरी स्वर्ग, मर्त्य र पाताल तीनै लोकको राज्य भोग गर्न थाल्यो। उता श्रीमहादेव पृथ्वीभ्रमण गर्दै मृगस्थलीमा आइपुग्नुभयो। उहाँलाई देवताहरूले देखी साष्टाङ्ग प्रणाम गरी बिन्ती गरे, “हे ईश्वर! हजुरसँग सतीदेवीको शरीर पनि छैन। आँखा उघारी हेर्नुहोस्। त्यस पापिष्ठ तारकासुरले बलजफत हाम्रो अमरावतीसमेत लियो। त्यसलाई हजुरले वरदान दिनुभएकोले त्यससँग हामीले युद्ध गर्न सकेनौँ। त्यसैले हामी भागेर यहाँ आई बसिरहेका छौँ। हाम्रो रक्षा गर्नुहोस्। पापिष्ठ तारकासुरको नाश गर्नुहोस्।” इन्द्रादि तेत्तिस कोटि देवताहरूले यसरी बिन्ती गरेको सुनी महादेवले आँखा खोली हेर्नुभयो। त्यसपछि सतीदेवीलाई नदेखी देवताहरूलाई आफ्ना अगाडि देख्नुभयो र केही जवाफ नदिई सतीदेवीलाई नै सम्झी ‘हा सती!’ भन्दै त्यहाँबाट पनि हिँड्नुभयो। यसरी श्रीमहादेवले शोक गरेको देखी जति जीवात्मा प्राणीहरू छन् ती सबै आआफ्ना मन थाम्न नसकी सारै दुःखी भए। श्रीमहादेव यसरी शोक गरी एक सय वर्षसम्म पृथ्वीभ्रमण गर्दै हिँडनुभयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां इन्द्रादिदेवता मृगस्थलीगमनो नाम एकादशोऽध्यायः ॥ ११ ॥

द्वादशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि ! त्यति भएपछि एक दिन श्रीमहादेवले चित्त सम्हाली हेर्दा सतीदेवीको शरीर आफूसित रहेनछ भन्ने थाहा पाउनुभयो र 'अब कसो गरूँ, कहाँ जाऊँ?' भनी भरसक चित्तलाई धीर बनाई 'अब तपस्या गर्न उत्तरापन्थमा जान्छु' भनी जान लाग्नुभएको थियो। उहाँको चित्त दृढ हुन नसकी घुमिरहँदा उत्तरतिर जानुपर्नेमा दक्षिणतिरको बाटो लाग्नुभएछ। यसरी जाँदाजाँदा कर्णाटक नगरको नजिक पुग्नुभयो। त्यहाँ ब्रह्मपुर नाउँ गरेको एक गाउँ थियो। त्यस गाउँमा बसेका ऋषिहरू गङ्गामा स्नान गर्न भनी गएका थिए। त्यसै वेला श्रीमहादेव त्यतैबाट जादै गर्नुभएको ऋषिपत्नीहरूले देखे। तीमध्ये एउटीले अर्कीसित भनिन्, "हे ऋषिपत्नी हो! ती गएका महादेव हुन्, हेर! सतीदेवी मर्नाले बौलाहाजस्ता भई त्यसरी हिँडेका छन्। हाम्रा ऋषिहरू एकभक्त रहनाले दुर्बल छन्। हामीहरूलाई कामभोगमा सन्तुष्ट पार्न पनि सक्दैनन्। यसउसले हामीहरू श्रीमहादेवका पछि लागी जाऔँ।" त्यस्तो सुनी एक सयओटी ऋषिपत्नी श्रीमहादेवका पछिलागी गए।

उता गङ्गामा स्नान गर्न गएका ऋषिहरूले यो कुरा थाहा पाए र खोजी गर्दै जाँदा केही पर बाटमा फेला पारेर ‘हे महादेव! तिमीले हाम्रा स्त्रीहरूलाई किन हरण गरी ल्यायौ?’ भन्दै कड्किए। त्यस्तो सुनी श्रीमहादेवले ‘हे ऋषि हो! म तिमीहरूका स्त्रीहरूलाई किन हरण गरी ल्याउथें’ भन्नुभयो। त्यसपछि ऋषिहरूले ‘यी तिम्रा पछिलागी आएका को हुन् भन त?’ भने। त्यसपछि श्रीमहादेवले फर्की हेर्दा ऋषिपत्नीहरूलाई देखी ‘यिनीहरूलाई मैले त ल्याएको होइन, किन आएछन्?’ भन्नुभयो। तब ऋषिहरूले ‘हे महादेव! तिम्रो लिङ्ग देखी हामीहरूका स्त्री तिम्रा पछिलागेका हुन्। अब तिम्रो त्यो लिङ्ग पतन होओस्’ भनी सराप दिए। त्यसपछि ऋषिहरूका सरापले श्रीमहादेवको लिङ्ग पतन भयो र त्यस लिङ्गदेखि अर्को ज्योतिर्लिङ्ग उत्पन्न भई सब संसार छोप्न लाग्यो। तब ब्रह्मा, इन्द्र आदि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग सबै मिली श्रीविष्णुकहाँ गई भन्नलागे, “हे वैकुण्ठनाथ! श्रीमहादेवका लिङ्गदेखि ज्योतिर्लिङ्गको उत्पत्ति भई सबै संसारलाई छोप्न लाग्यो। यो खबर गर्न आइरहेछौं अब जसो गर्ने हो चाँडो गर्नुहोस्।” ब्रह्मादि देवताले यस्तो बिन्ती गरेको सुनी श्रीविष्णुले त्यसै बखत गई ज्योतिर्लिङ्गलाई अँगालो हाल्नुभयो। त्यसपछि ज्योतिर्लिङ्ग साम्य भयो। त्यस्तो देखी सम्पूर्ण देवता, यक्ष, गन्धर्व,

किन्नर र दैत्य सबैले ‘धन्यधन्य विष्णु!’ भनी अनेक तरहले स्तुति गरे र आआफ्ना आश्रममा गए।

तहाँपछि ज्योतिर्लिङ्गदेखि प्रत्यक्ष भई श्रीमहादेवले ऋषिहरूका नजिक गई ‘हे ऋषि हो! विनाअपराधमा तिमीहरूले मलाई सराप दियौ, अबदेखि तिमीहरूको वाक्य अशुद्ध होओस्, फेरि ब्राह्मणीहरू पनि गतिला नहोऊन्’ भनी सराप दिए। त्यसपछि श्रीमहादेव उत्तरापन्थमा गई काम, क्रोध, लोभ, मोह छोडी सम्पूर्ण इन्द्रिय बाँधी तीनै आँखा चिम्ली परब्रह्मको ध्यान गर्दै ठुलो तपस्या गर्न लाग्नुभयो।



हे अगस्त्य मुनि ! उता हिमालय पर्वतले आफ्नी स्त्री मेनकालाई गर्भिणी भएकी थाहा पाएर बहुत खुसी भई आफ्ना मर्यादाले

गर्भाधानपछि गर्भरक्षाका लागि गरिने पुंसवन, सीमन्तोन्नयन आदि संस्कार गरिदिए। समय पूरा भएपछि मेनकाका गर्भदेखि कन्याको जन्म भयो। कस्ती कन्या भने रूपले धपक्कै बल्लिन् भनेजस्ती, रातो वर्ण भएकी, जिउ सलक्क परेकी, कमलजस्ता आँखा भएकी, चन्द्रमाजस्तो उज्ज्वल मुहार भएकी यस्ती बत्तिसै लक्षणले युक्त भएकी कन्याको जन्म भएको देखी हिमालय पर्वतले वशिष्ठ आदि ऋषि ज्योतिषीहरूलाई डाकी विधिपूर्वक न्वारान गराए। ऋषि ज्योतिषीहरूले नवजात शिशुको 'पार्वती' नाम राखे। हिमालय पर्वतले ब्राह्मणहरूलाई मणिमाणिक्यलगायत नाना रत्न, सुवर्ण दान दिई भोजन गराए। ऋषि ज्योतिषीहरूले भोजन गरिसकी जाने वेलामा हिमालय पर्वतसित भने, "हे हिमालय! तिमी धन्य रहेछौ किनभने यी बालिकाले श्रीमहादेव स्वामी पाउनेछिन् र चतुर्दश भुवनकी रानी हुनेछिन्। सम्पूर्ण दैत्यहरूको संहार गर्नेछिन्। तिम्रा भावभक्तिदेखि हामी कृतार्थ भयौँ। अब आज्ञा पाए आआफ्ना आश्रममा जानेथियौँ।" ऋषि ज्योतिषीहरूका यस्ता वचन सुनी हर्षित हुँदै हिमालय पर्वतले उनीहरूलाई साष्ट्यङ्ग प्रणाम गरी 'पाल्नुहोस्' भनी बिदा गरे। तहाँपछि पार्वती पनि शुक्लपक्षका चन्द्रमाझैँ दिनदिन बढी ठुली हुँदै गइन्। उनी खेल्दामा पनि शिवपूजा गरी खेल्दथिन्। खानेकुरा पनि शिवलाई चढाई खाने

गर्दथिन्। यसरी पार्वतीले बाल्यावस्थादेखि नै निरन्तर भगवान् शिवजीका भक्तिमा चित्त लगाइन्।

एक दिन नारद ऋषिले विष्णुसित गई भने, “हे वैकुण्ठनाथ! हिमालय पर्वतकी पुत्री पार्वती तपाईंका लागि योग्य छिन्। लक्ष्मीभन्दा पनि परमसुन्दरी, बत्तिस लक्षणले युक्त भएकी ती कन्यासँग तपाईं विवाह गर्नुहोस्।” नारदका यस्ता वचन सुनी विष्णुले ‘हे नारद! हिमालयले ती कन्या मलाई दिन्छन् र ?’ भन्नुभयो। यसको जवाफमा नारद भन्दछन् ‘त्यो धन्दा तपाईंलाई किन चाहियो ? म अहिल्यै गई ठेगान गरी आउँछु। ’ यति भन्दै नारदजी हिमालय पर्वतकहाँ गए। हिमालय पर्वतले नारदलाई देखी सम्मान गरे अनि नारद भन्दछन् “हे गिरिराज! तपाईंसित केही बिन्ती गर्न आएको छु। तपाईंकी पुत्री पार्वती वैकुण्ठनाथ विष्णुलाई दिनुहोस्।” नारदजीका यस्ता वचन सुनी हिमालय पर्वतले खुसी भई ‘हे नारदजी! हजुरले बेस भन्नुभयो। तपाईंका आज्ञाले मेरी पुत्री पार्वती श्रीविष्णुलाई दिएँ। अब हजुरले श्रीविष्णुकहाँ यही खबर गर्नुहोला। ’ हिमालय पर्वतले यति भनेपछि नारद ऋषि त्यहाँबाट बिदा भई वैकुण्ठमा गएर हिमालय पर्वतसित भएका सबै कुरा विष्णुसँग बिन्ती गरे। नारद ऋषिले यति भनेको सुनी श्रीविष्णुले खुसी भएर ‘हे नारद मुनि! तिमी धन्य रहेछौ, अब

आफ्नो आश्रममा जाऊ' भनी बिदा दिनुभयो र नारद ऋषि आफ्नो आश्रममा गए।

यता हिमालय पर्वतले पार्वती कन्यादान दिन भनी सामग्री तयार गरी नारद ऋषिलाई डाकी विष्णुकहाँ पठाए। श्रीविष्णु पनि लग्न ठह-याई आफ्ना गुरु बृहस्पतिका साथै देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नाग सबैलाई निमन्त्रणा गरेर पार्वती कन्यादान लिन भनी हिमालय पर्वतकहाँ जानुभयो। मेनकाले पार्वतीलाई हीरा, मोती, मणि, माणिक्य आदि रङ्गीविरङ्गी रत्नहरूले जडिजडाउ गराई आकर्षक वस्त्राभूषण पहि-याई सिँगारेर राखिन्। त्यस्तो देखी जया, विजया, अजिता र अपराजिता नाउँ गरेका पार्वतीका सखीहरूले 'हे पार्वती! आज तिम्रो विवाह हुन लागेको छ, विष्णुलाई कन्यादान गर्नेछन्' भने। सखीहरूले यति भनेको सुनी पार्वतीले मनमा ताप गरी 'मैले बाल्यावस्थादेखि नै श्रीमहादेव स्वामी पाऊँ भनी उनलाई भजिरहेकी छु। श्रीमहादेवलाई नदिई अरू कसैलाई दिए भने आत्महत्या गरी मर्दछु' भनिन्। पार्वतीका यस्ता कुरा सुनी सखीहरू भन्दछन्, "हे पार्वती! उसो भए तिमी यहाँ नबस, हामी तिमीलाई कसैले नदेख्ने ठाउँमा लुकाई आउँछौँ, हामीसँगै हिँड। त्यसो नगरे केही बेरमा तिमीलाई लैजान्छन्।" सखीहरूले यति भनेपछि पार्वतीले 'जसो गर्ने हो गर' भनिन्।

त्यसपछि सखीहरूले पार्वतीलाई नदीको किनाराको वनमा लगी कसैले पनि नदेख्ने ठाउँमा लुकाई आए।

यता हिमालय पर्वतले आफ्ना गुरु बृहस्पतिलाई विवाहको यज्ञमण्डपमा राखी विधि गराई निर्धारित लग्नका समयमा कन्यादान गर्न भनी पार्वतीलाई लिन पठाए। लिन जानेले पार्वतीलाई घरमा देखेनन् र त्यो हाल हिमालयलाई सुनाए। त्यसपछि जहाँतहाँ खोजी गर्दा पनि पार्वतीलाई भेट्न सकेनन् र हिमालयले चित्त आकुल गरी गुरु बृहस्पतिसँग गई ‘पार्वती कहीँ पनि छैनन् कसो गरूँ?’ भने। यस्तो सुनी बृहस्पतिले ‘उसो भए यस लग्नमा भएन’ भनी विष्णुसँग बिन्ती गरे। त्यसपछि विष्णु आदि सबै देवता आफ्नाआफ्ना आश्रममा गए।

उता लुकिराखेकी पार्वतीले आफ्ना सँगिनीहरू गएपछि नदीका किनारामा बसी बालुवाको शिवलिङ्ग बनाई श्रीमहादेवको आराधना गरी पूजा गर्न लागिन्। त्यस बालुवाको लिङ्गदेखि श्रीमहादेव प्रत्यक्ष भई आफ्नो स्वरूपको दर्शन दिनुभयो र ‘हे पार्वती! मलाई किन आराधना गर्‍यौ?’ भन्नुभयो।

त्यसपछि पार्वती भन्दछिन्, “हे जगदीश्वर! मैले बाल्यावस्थादेखि नै श्रीमहादेव स्वामी पाऊँ भनी हजुरलाई भजिरहेकी छु। मेरा पिता हिमालय पर्वतले विष्णुलाई कन्यादान गर्न लाग्दा भागी यहाँ आई



लुकिरहेकी छु। मेरो रक्षा गर्नुहोस्। मसँग खुसी भइबक्सियोस्।" पार्वतीको यस्तो बिन्ती सुनी श्रीमहादेव आज्ञा गर्नुहुन्छ 'हे पार्वती! तिम्रा बाबामहतारीले कन्यादान नगरी मैले तिमीलाई पत्नी भन्नु भएन। ' तब पार्वतीले 'हे ईश्वर जसो गर्ने हो मलाई उपदेश गर्नुहोस्' भनिन् र श्रीमहादेव आज्ञा गर्नुहुन्छ 'हे पार्वती! विष्णु आई तिमीलाई जस्तो उपदेश गर्लान् तिमीले त्यस्तै गर्नू। ' श्रीमहादेवल यति आज्ञा गरेको सुनी पार्वतीले 'हवस्' भनी साष्टाङ्ग प्रणाम गरिन् र श्रीमहादेव अन्तर्धान हुनुभयो। तहाँपछि पार्वती घर गइन् र हिमालय पर्वतले रिसाएर 'तँ कहाँ गइथिस्' भनी सोधे। पार्वतीले 'हे पिता! केटाकेटीदेखि नै मैले श्रीमहादेव स्वामी पाऊँ भनी उनैलाई भज्दै आइरहेकी छु तर हजुरले विष्णुलाई कन्यादान गर्न लाग्नुभयो र लुक्न गएकी थिएँ' भनिन्। पार्वतीलेयति भनेको सुनी

हिमालयले न्वारानका दिन वशिष्ठ आदि ऋषि ज्योतिषीहरूले भनेका कुरा सम्झी चुप लागे।

यता पार्वतीले विष्णुको प्रतीक्षा गर्दै श्रीमहादेव स्वामी पाउनाका निमित्त नाना तीर्थ, व्रत, दानधर्म, जपतप र यज्ञ गर्न लागिन्। पार्वतीले यसरी भक्ति गरेको देखी श्रीविष्णुले शङ्ख, चक्र, गदा, पद्म लिई गरुडमाथि सवार भई पार्वतीकहाँ आई भन्न लाग्नुभयो, "हे पार्वती! तिमीले नाना तीर्थ, व्रत, दानधर्म, जपतप र यज्ञ गरेको देखी म खुसी भएँ, वरदान लेऊ।" त्यस्तो सुनी पार्वतीले 'हे परब्रह्म! म अरू के वरदान मागूँ?श्रीमहादेव स्वामी पाऊँ' भनिन्। पार्वतीका यस्ता वचन सुनी विष्णु आज्ञा गर्नुहुन्छ, "हे पार्वती! सम्पूर्ण तीर्थ, व्रत, दानधर्म र जपतपभन्दा पनि उत्तम कुरा म भन्दछु, एकचित्त भई सुन। श्रीस्वस्थानी परमेश्वरीको व्रत गर। त्यस व्रतका प्रभावले श्रीजगदीश्वर महादेव स्वामी पाउली।" विष्णुले यति आज्ञा गरेको सुनी पार्वती फेरि भन्दछिन्, "हे लोकनाथ! त्यस व्रतको विधि कसो हो? केके गर्नुपर्दछ ? त्यो आज्ञा गर्नुहोस्।" पार्वतीका यस्ता जिज्ञासाको समाधान गर्दै विष्णुले श्रीस्वस्थानी परमेश्वरीको व्रतविधिका बारेमा यसप्रकार बताउनुभयो :

> हे पार्वती! व्रत गर्न इच्छुक व्यक्तिले पौष शुक्लपूर्णिमाका दिनदेखि व्रत आरम्भ गर्नू। हातगोडाका नङ काटी शुद्ध भई

एकभक्त रही सधैँ मध्यान्ह कालमा श्रीमहादेवको पूजा गर्नू। महिनादिन पुगेपछि माघ शुक्लपूर्णिमाका दिन एक सय आठ रोटी, एक सय आठ अक्षता, एक सय आठ बेलीका फूल, एक सय आठ कुड्का सुपारी, एक सय आठ पान, जातजातका फलफूल तयार गरी आर्सी (तामाको थाली) मा ॐकार लेखी गङ्गाजलले स्नान गराउनू। श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, फलफूल र वस्त्र चढाउनू। षोडशोपचारले पूजा गर्नू। जप गर्नू, स्तोत्रपाठ गर्नू, अर्घ दिनू। हे पार्वती श्रीस्वस्थानी परमेश्वरी भनेकी कस्ती हुन् भने :

अष्टासु च दलेष्वेषु मातृकाष्टस्थितास्तथा ।
खड्गं त्रिशूलं चोर्ध्वञ्च अर्द्धे च वरमुत्पलम् ॥१॥
चतुर्भुजा त्रिनेत्रा च सर्वालङ्कारभूषिता ।
सुवर्णवद्धिकासाभा स्वस्थानी जगदीश्वरी ॥२॥

अर्थात् वरिपरि आठ वटा पात भएका कमलमा पातैपिच्छे आठ मातृकाहरूका माझमा बसेकी, चार हात र तीन आँखा भएकी, माथिल्ला दुई हातमा क्रमशः खड्ग र त्रिशूल एवं तल्ला दुई हातमध्ये एक हात वरमुद्रामा राखेकी र अर्को हातमा कमल लिएकी, थरीथरीका गहना लगाएकी, सुनभन्दा पनि पहेँलो रूपले धपक्क बलेकी श्रीस्वस्थानी परमेश्वरीलाई ध्यान गरी

'हे ईश्वरी!' भनी वरदान माग्नू र प्रसाद झिक्नू । उहाँपछि अष्टोत्तरशयमा आठ रोटी, आठ अक्षता, आठ बेलीपुष्प, आठ पान, आठ जनै, आठ कुड्का सुपारी र सगुनसमेत आफ्ना पतिलाई दिनू । पति नभए छोरालाई दिनू । छोरा नभए मितछोरालाई दिनू र मितछोरा पनि नभए 'जुन इच्छाले व्रत गरेको हो त्यो कामना सिद्ध होओस्' भनी गङ्गामा लगी बगाउनू। सय रोटी आफूले फलाहार गर्नू। रातभर जाग्राम गरी उनै परमेश्वरीको महिमा सुन्नू सुनाउनू।

यसरी व्रतविधि बताएपछि श्रीविष्णु भन्नुहुन्छ, "हे पार्वती! श्रीस्वस्थानी परमेश्वरीका प्रसाद लिने वेलामा श्रीमहादेव तिम्रा पासमा आउनुहुनेछ। तिम्रो भक्तिदेखि म खुसी भएँ। तिमीले श्रीमहादेव स्वामी पाए।" यस्ता प्रकारले विष्णुले श्रीस्वस्थानी परमेश्वरीको व्रतविधि बताउँदै वरदानसमेत दिएपछि पार्वतीले मनमा आनन्द मान्दै श्रद्धापूर्वक श्रीविष्णुको पूजा गरी प्रणाम गरिन्। त्यसपछि श्रीविष्णु गरुडमा सवार भई त्यहाँबाट अन्तर्धान वैकुण्ठ जानुभयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां व्रतोपदेशो नाम द्वादशोऽध्यायः ॥ १२ ॥

त्रयोदशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! उहाँपछि पौष शुक्लपूर्णिमाको दिन आइपुग्यो र पार्वतीले विष्णुका आज्ञाले सँगिनीसमेत भई हातगोडाका नङ काटी स्नान गरी पवित्र भई एकभक्त रही एकचित्त गरी सधैँ मध्यान्ह कालमा श्रीमहादेवको पूजा गर्न लागिन्। महिना दिन पुग्यो र माघ शुक्लपूर्णिमाका दिन सम्पूर्ण सामग्री तयार गरी श्रीस्वस्थानी परमेश्वरीको पूजा, ध्यान, जप र स्तोत्रपाठ गर्न लागिन्। त्यसबारे इन्द्रले चाल पाएर तेत्तिस कोटि देवताहरूलाई डाकी भन्न लागेः

> हे देवता हो! अब पापिष्ठ तारकासुरको नाश हुने समय आयो किनभने हिमालय पर्वतकी पुत्री पार्वतीले 'श्रीमहादेव स्वामी पाऊँ' भनी श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्दैछिन्। व्रतका प्रभावले श्रीमहादेव स्वामी पाएपछि पार्वतीका छोरा जन्मनेछन्। त्यसपछि ती बालकले हाम्रो शत्रु तारकासुर दैत्यको संहार गर्नेछन्। अनि अमरावती हात लगाई राज्य गर्न पाऔँला। हेर! सतीदेवी मर्नाले श्रीमहादेव शोक गरी पृथ्वीको भ्रमण गर्दै उत्तरापन्थतर्फ गई काम, क्रोध, लोभ, मोह छाडी सबै इन्द्रिय बाँधी परब्रह्ममा चित्त लगाई महाकष्टले तपस्या

गर्न लाग्नुभएको छ। श्रीमहादेवलाई तपस्यादेखि छुटाई फेरि काम, क्रोध, लोभ, मोहमा ल्याउने उपाय के छ?

इन्द्रले भनेका यस्ता वचन सुनी देवताहरू भन्दछन्, “हे देवेन्द्र! त्यस्तो काम गर्न त कामदेवबाहेक अरू कसले सक्ला र? उनैले महादेवका हृदयमा कामबाण प्रहार गरी त्यो काम पूरा गर्न सक्दछन्।” यस्तो सुनी इन्द्रले ‘ठिकै हो, कामदेवलाई डाकी ल्याऊ’ भनी वायुलाई अह्राए। इन्द्रका अज्ञाले तुरुन्तै वायुले कामदेवलाई डाकी ल्याए। कामदेवले इन्द्रलाई प्रणाम गरी ‘मलाई कुन कामका निम्ति डाक्नुभयो? म तयार छु’ भने। इन्द्र आज्ञा गर्दछन्, “हे कामदेव! श्रीमहादेव उत्तरापन्थमा गई काम, क्रोध, लोभ, मोह छाडी परब्रह्ममा चित्त लगाई तपस्या गर्दै हुनुहुन्छ। विनामहादेव यस संसारको रक्षा कसले गर्ला? यसउसले तिमी उहाँ गई श्रीमहादेवका हृदयमा कामबाण प्रहार गरी पुनः काम, क्रोध, लोभ, मोहमा ल्याऊ।” इन्द्रका यस्ता वचन सुनी कामदेवले ‘हवस्’ भनी आफ्नी स्त्री रतिका साथ उत्तरापन्थमा गई श्रीमहादेवलाई साष्टाङ्ग प्रणाम गरी धनुको ताँदो खैँची श्रीमहादेवको मर्ममा ताकी कामबाण प्रहार गरे। त्यस्तो चाल पाई श्रीमहादेव रिसाए र पर्लक्क आँखा उघारी हेर्दा तीनै आँखादेखि अग्निका ज्वाला निस्केर कामदेव भस्म भए। त्यस्तो देखी कामदेवकी स्त्री रति छाती पिट्दै



बिलौना गरी श्रीमहादेवका पाउमा परी बिन्ती गर्न लागिन्, "हे जगदीश्वर! यो अपराध मेरा स्वामीको होइन। उनले इन्द्रका आज्ञाले यस्तो कार्य गरेका हुन्। हे युगनायक! मसँग खुसी भई त्यो अपराध क्षमा गरी स्वामीदान गर्नुहोस्। हे करुणामय! दुष्टको संहार गरी साधुको रक्षा गर्ने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ। तपाईंको वर्णन गर्न हजार जिब्रा भएका शेषनागले पनि नसकेका, म कसरी सकुँली। हे भक्तवत्सल! मलाई विधवा नगराउनुहोस्। मेरा स्वामीलाई जियाई सन्तोष दिई घर पठाउनुहोस्।"

यति भन्दै शोकपूर्वक स्तुति गरेको सुनी श्रीमहादेवलाई ज्यादै दया लाग्यो र उहाँले भन्नुभयो, "हे रति! यस जन्ममा भने तिमीले स्वामी पाउँदिनौ। द्वापर युगका अन्त्यमा विष्णुले कृष्णअवतार

लिनुहुनेछ। तिम्रा स्वामी कामदेव कृष्णका पुत्र प्रद्युम्न भई जन्मनेछन्। अनि त्यसै बखतमा तिमी दुई स्त्रीपुरुषको भेट होला। अहिले दुःख नमान, घर जाऊ।" यस्ता वचन सुनी 'हवस्' भनी श्रीमहादेवलाई साष्ट्याङ्ग प्रणाम गरी रति घर फिरिन्।

त्यसपछि श्रीमहादेवले सतीदेवीलाई सम्झी 'कहाँ जन्म लिन गइन्' भनी ध्यानदृष्टिले विचार गर्दा हिमालय पर्वतकी पुत्री पार्वतीका रूपमा जन्म लिएको र श्रीमहादेव स्वामी पाउनका लागि बाल्यकालदेखि नै नाना तीर्थव्रत, दानधर्म, जपतप र यज्ञ गर्नुका साथै विष्णुका उपदेशले श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्न लागेको चाल पाउनुभयो। अब पार्वतीको परीक्षा लिने विचारले श्रीमहादेवले इन्द्रको रूप लिई वज्र हातमा लिई ऐरावत हात्तीमा चढी पार्वतीले व्रत गरिरहेको स्थानमा पुग्नुभयो। त्यस वेला पार्वतीले सबै व्रत सकी हातमा अर्घपात्र लिई 'श्रीमहादेव स्वामी पाऊँ' भनी श्रीस्वस्थानी परमेश्वरीलाई अर्घ्य दिई स्तुति गर्दै भन्न लागिन्:

> हे ईश्वरी! निरञ्जन निराकार तपाईंलाई कोटिकोटि नमस्कार छ। सबै तीर्थ पनि तपाईं, सृष्टि, स्थिति र संहार गर्ने पनि तपाईं, पञ्चभूत पनि तपाईं, सत्त्व, रज र तम यी त्रिगुण पनि तपाईं, यस संसारमा आत्मस्वरूप भइरहेकी पनि तपाईं,

> आदिशक्ति पनि तपाईं, कालस्वरूप पनि तपाईं, यस्ती अव्यक्त तपाईंको वर्णन गर्न चतुर्मुख ब्रह्मा, सरस्वती, शेषनागजस्ताले पनि सक्दैनन् भने म कसरी सकुँली। मेरा भक्तिदेखि खुसी हुनुहोस्।

यसरी पार्वतीले नाना तरहले स्तुति गरी प्रसाद झिक्न लागेकी थिइन्। त्यसै वेला इन्द्ररूप श्रीमहादेव टुप्लुक्क आइपुग्नुभयो। पार्वतीले देखी यथायोग्य पूजा गरी 'हे देवेन्द्र! तपाईं यहाँ के कामले आउनुभयो त्यो म सुन्न पाऊँ' भनिन्। यस्तो सुनी इन्द्ररूप महादेव आज्ञा गर्नुहुन्छः

> हे पार्वती! तिम्रो भक्ति देखी म खुसी भएँ। 'श्रीमहादेव स्वामी पाऊँ' भनी तिमीले यो व्रत गर्‍यौ त्यो ठिक हो तर महादेव कस्ता छन् त्यो पनि विचार गर। महादेव त बौलाहाजस्ता, महानिर्घृणी (लाजघिनरहित), सर्पका गहना लगाउने, कम्मरमा बाघको छाला बेर्ने, भूत, प्रेत, प्रमथगण साथमा लिने, बुढो गोरुमा चढ्ने, दाहिने हातले डमरु बजाउने, देब्रे हातमा त्रिशूल लिने, विष, भाङ, धतुरो खाने, लाजसरम केही नलिई फिर्ने, अघोरमूर्ति भई श्मशानमा वास गर्ने यस्ता विरूपका महादेव तिम्रा लागि योग्य छैनन्। तिमी यस्ती सुकुमारी, रूपले बलेकी, शीलमा ढलेकी परमसुन्दरी तिम्रो र महादेवको जोडा

मिल्दैन। त्यसैले सबै देवताका राजा मलाई स्वामी सम्झी स्वर्गकी रानी होऊ।

यसरी इन्द्ररूप महादेवले भनेको सुनी पार्वतीलाई झनक्क रिस उठ्यो र भन्न लागिन्, "हे पापिष्ठ इन्द्र! मैलै यस्ती श्रीस्वस्थानी परमेश्वरीको व्रत गरिरहेको ठाउँमा आई यस्ता कुरा मुखबाट निकाल्यौ। नाना तरहले श्रीमहादेवको निन्दा गर्‍यौ। यो सब मेरा लागि सह्य भएन। अब म तिमीलाई सराप दिन्छु।" यति भन्दै जब पार्वती सराप दिन तयार भइन् तब इन्द्ररूप महादेव डराई भन्न लागे, "हे पार्वती! म इन्द्र होइन, तिम्रो परीक्षा लिन इन्द्ररूप भई आएको तिमीले खोजेको महादेव नै हूँ। तिमी धन्य रहिछौ, तिम्रो भक्तिदेखि म खुसी भएँ।" यति भन्दै श्रीमहादेवले ज्योतिःस्वरूपले आफ्नो दर्शन दिनुभयो।

त्यसपछि पार्वतीले मनमा आनन्द मानी श्रीमहादेवलाई साष्टाङ्ग प्रणाम गरी बिन्ती गरिन्, "हे जगदीश्वर! बाल्यावस्थादेखि नै मैले नाना तीर्थव्रत, दानधर्म, जपतप र यज्ञ गर्दै आएकीले हजुरको दर्शन पाएँ। अब हजुरलाई श्रीस्वस्थानी परमेश्वरीको प्रसाद दिन कन्यादान भएको छैन। अब कसो गर्ने?" तहाँपछि श्रीमहादेव प्रसन्न भई पार्वती कन्यादान लिन भनी हिमालय पर्वतका घर जानुभयो। हिमालयले श्रीमहादेव आएको देखी आफ्नी पुत्री

पार्वतीले श्रीमहादेव स्वामी पाउन लागिन् भन्ने विचारले हर्षित हुँदै मेनकासित भने, "हे प्रिये! हामी धन्य रहेछौँ, पार्वती कन्यादान लिन भनी श्रीमहादेव आउनुभएछ। अब कन्यादान गर्ने सामग्री तयार गर।" हिमालयले वशिष्ठ आदि ऋषि, ज्योतिषीहरूलाई डाकी शुभविवाहको लग्न निकाल्न अनुरोध गरे। ऋषि, ज्योतिषीहरूले अक्षय तृतीयाका दिन विवाहका लागि शुभलग्न निर्धारण गरे।

स्वर्ग, मर्त्य, पाताल तीनै लोकका देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र अप्सराहरूलाई विवाहमा उपस्थितिका लागि आमन्त्रण गरे। उनीहरू सबै जना कन्यादानका बखतमा आई बसे। चतुर्मुख ब्रह्माजी यज्ञ गर्न लाग्नुभयो। ऋषिहरू चार वेदको पाठका साथै गायत्री मन्त्र जप गर्न लागे। अप्सरा र गन्धर्वहरू नाच र गानबजानमा लागे।

देवकन्या, ऋषिकन्या, गन्धर्वकन्या, किन्नरकन्या, दैत्यकन्या र नागकन्याहरू रङ्गीबिरङ्गी वस्त्र र आकर्षक गरगहनाले सजिएर पार्वती कन्यादान दिएको हेर्न आए। मेनकाले पार्वतीलाई सुगन्धलेपन गराई हीरा, मोती, माणिक्य आदि रत्नहरू जडेका वस्त्राभूषण पहिर्‍याई सिँगारेर राखिन्। उसै त राम्री पार्वती त्यसमाथि आकर्षक वस्त्र र गरगहनाले सिँगारिँदा त्रिलोकमा कसैले पनि नभेट्टाउने परम सुन्दरी देखिइन्। सोह्र शृङ्गारले



(भगवान् भोलानाथ)



(त्रिदेव अर्थात् ब्रह्मा, विष्णु, महेश्वर)



(श्रीमहादेव सतीदेवीको मृतशरीर पीठमा बोकी पृथ्वीभ्रमण गर्दै)



शिवपार्वती

सजाइएकी पार्वती श्रीमहादेवका समीपमा बस्दा चन्द्रसूर्य एकै पटक उदाएका जस्ता देखिए।

सुमधुर वाद्यवादन र मङ्गलगान भइरहेको समयमा हिमालय पर्वतले तिल–कुश लिई पार्वतीको हात समातेका र मेनकाले सुनको कमण्डलुले जलधारा दिएर कन्यादान गर्न लागेको समयमा श्रीमहादेवलाई 'हजुरको गोत्र के हो ? विनागोत्रले केही कार्य गर्नु हुँदैन भनिएको छ' भनी हिमालयले सोधे। श्रीमहादेव केही उत्तर दिन नसकी उँधो मुख गरी रहनुभयो। त्यस्तो देखी तेत्तिस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नाग कसैले पनि यही हो भन्न नसकी चुप लागिरहे। त्यही अवसरमा नारद ऋषि सतीदेवीका हाडको वाद्ययन्त्र बनाई बजाउँदै, शिवगीत गाउँदै र नाच्दै हिमालय पर्वतकहाँ आएर भन्न लागेः

> हे गिरिराज! जसका मायाले यस संसारको सृष्टि, स्थिति र संहार भएको छ, फेरि जो एकै मूर्तिबाट ब्रह्मा, विष्णु र महेश्वर तीन भएका छन्, फेरि त्रिमूर्ति भएर पनि एकै मूर्ति हुन्छन्, यस्ता आदिपुरुष (कसैबाट नजन्मने) जसका बाबु पनि छैनन्, आमा पनि छैनन्, जसको जात पनि छैन, गोत्र पनि छैन। यस्ता प्रभु सर्वव्यापी (सबैतिर रहेका) छन्, तेत्तिस कोटि देवताका पितामह पनि तिनै हुन्, चौध भुवनमा जति जीवात्मा छन्

तिनका हृदयमा बसी पाप र पुण्यका साक्षी भइरहेका पनि तिनै हुन्, निरञ्जन, निराकार पनि तिनै हुन्। यस्ता ईश्वरको महिमाको वर्णन गर्न हजार जिब्रा भएका शेषनाग र चतुर्मुख ब्रह्माले पनि सक्दैनन् भने मैले कसरी सकुँला? त्यसैले हे पर्वतराज! जगदीश्वर श्रीमहादेवलाई कन्यादान देऊ; सन्देह नगर।

यसरी नारदजीले हिमालयलाई तर्कपूर्ण तरिकाले सम्झाएपछि त्यहाँ रहेका सबै देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नागहरूले 'नारदजीले बेस भन्नुभएको हो' भन्न थाले। त्यसपछि हिमालय पर्वतले सन्देह छाडी श्रीमहादेवलाई पार्वती कन्यादान गरिदिए। पार्वतीले श्रीमहादेवका गलामा फूलको माला लगाई तीनफेरा परिक्रमा गरी पाउमा परिन्।

कन्यादानको कार्यक्रम सकिएपछि हिमालयले पनि त्यहाँ आमन्त्रित सबै देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य र नागहरूको पूजा गरी भोजन गराए। त्यसपछि सबैले हिमालय पर्वतसित भने, "हे हिमालय! तिमी धन्य रहेछौ। मेनकाको कोख पनि धन्य रहेछ। तिमीजस्ता भाग्यमानी सातै द्वीपमा पनि हुन दुर्लभ छ। तिमीले जन्म लिएको सफल भयो। जो पिनाकधारी श्रीमहादेवलाई योगीहरूले ध्यानदृष्टिले हेर्दा पनि पाउन सक्दैनन्



उनैलाई आज तिमीले जुवाइँ गरायौ। यस्तो पवित्र कर्ममा सहभागी हुन पाउँदा हामी कृतार्थ भयौँ। अब बिदा पाए हामी आआफ्ना आश्रममा जाने थियौँ।” यसरी निम्तामा आएका सबैले भन्दा हिमालयले ‘हुन्छ त! यहाँहरूलाई दुःख दिएँ, दुःख नमान्नुहोला।’ भनी बिदा दिए र सबै आआफ्ना आश्रममा गए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां पार्वतीकन्यादानं नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥

चतुर्दशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छः

हे अगस्त्य मुनि! त्यहाँपछि पार्वतीले श्रीस्वस्थानी परमेश्वरीको प्रसाद आठ रोटी, आठ अक्षता, आठ बेलीपुष्प, आठ जोर जनै, आठ पान, आठ कुड्का सुपारी, सगुनसमेत ल्याई, 'हे स्वामी! अब मेरो तपस्या पूर्ण भयो। बाल्यावस्थादेखि नै हजुरलाई भजिरहेकी मैले आज पाएँ' भन्दै श्रीमहादेवका हातमा चढाई उहाँलाई साष्टाङ्ग प्रणाम गरिन्। त्यसपछि पार्वती भन्दछिन्, "हे आदिपुरुष! श्रीस्वस्थानी परमेश्वरीका व्रतका प्रभावले मैले हजुरलाई स्वामी गराउन पाएँ। हे नाथ! संसारमा कोही दुःखी छन्, कोही दरिद्र छन्, कोही पापी छन्, कसैका सन्तान छैनन्, कसैका स्त्री छैनन्, कसैका पुरुष छैनन्, कसैका घरबार छैनन्, त्यसैले यस व्रतको प्रचारप्रसार गराएमा सबैको उद्धार हुने थियो।" पार्वतीका यस्ता वचन सुनी महादेव आज्ञा गर्नुहुन्छ, "हे पार्वती! तिमी धन्य रहिछ्यौ। दीनदुःखीका उपर तिमीमा दयाको भाव उत्पन्न हुनु राम्रो हो। अब म उपाय बताउँछु सुन। सर्वप्रथम अश्वत्थामा ऋषिलाई डाकी पहिले रसातलमा पठाऊ। त्यहाँ उनीले यो व्रत प्रकाश गरिदिनन्।" यस्तो सुनी पार्वतीले 'हवस्' भनी ऋषिलाई डाक्न पठाइन्। अश्वत्थामा आएर शिवपार्वतीलाई प्रणाम गरी 'हे भवानीशङ्कर!

मलाई के कामले सम्झनुभएको हो? आज्ञा भए तयारै छु' भनी बिन्ती गरे। यस्तो सुनी पार्वती आज्ञा गर्दछिन्, "हे अश्वत्थामा! तिमी पातालमा जाऊ र त्यहाँ जो दुःखी छन्, जो गरिब छन्, जो पापी छन्, जसका स्त्री छैनन्, जसका पुरुष छैनन्, जसका सन्तान छैनन् तिनीहरूलाई श्रीस्वस्थानी परमेश्वरीको व्रत गराऊ जसबाट तिनीहरूको उद्धार होओस्।" यति भन्दै विष्णुले आफूलाई बताएको व्रतविधि अश्वत्थामालाई बताएर 'जाऊ' भनी बिदा दिइन्। यस्तो आज्ञा पाएर अश्वत्थामा ऋषि खुसी हुँदै शिवपार्वतीलाई साष्टाङ्ग प्रणाम गरी पातालतर्फ जाँदा भए।

अश्वत्थामा गएको केही दिनपछि पार्वती कत्तिकी चतुरी रहिछिन् बुझ्नुपर्‍यो भन्ने विचारले श्रीमहादेव कसैले नदेख्ने ठाउँमा लुक्न जानुभयो। श्रीमहादेवलाई नदेखी पार्वती यताउती खोजी गर्दै हिँड्न लागिन्। धेरै प्रयास गर्दा पनि महादेवलाई भेट्न नसकी पार्वती चित्त आकुल बनाउँदै विलाप गर्न लागिन्। केही बेरपछि चित्त सम्हालेर 'कसो भयो! कता जानुभयो होला?' भनी पुनः खोजी गर्दै जाँदा लुकिरहेका महादेवलाई फेला पारी बिन्ती गर्न लागिन्, "हे ईश्वर! मलाई यसरी अत्याई किन लुक्न जानुभएको? म राम्री नभएर अथवा मलाई छाडी अन्यत्र जाने उद्देश्यले लुक्नुभएको हो कि?" यसरी पार्वतीले चित्त दुखाएर गुनासो गरेको सुनी श्रीमहादेव

केही नबोली 'यी पार्वतीले मलाई यसै छाड्ने भइनन् अब अर्कै रूप लिएर वनविहार गर्न जानुपर्‍यो' भन्ने विचार गर्दै त्यहाँबाट अन्तर्धान भई श्लेष्मान्तक वनमा एक्लै गई किरातीको वेश गरी सिकार गर्न लाग्नुभयो।

श्रीमहादेवलाई फेरि नदेख्दा पार्वतीले मनमा साह्रै दुःख मानिन्। 'स्वामीले मलाई किन छल्नुभएको होला' भनी मनमा सन्देह गर्दै पार्वतीले ध्यानदृष्टिले विचार गरी हेर्दा किरातीको वेश लिई श्लेष्मान्तक वनमा सिकार गरी हिँडेको थाहा पाइन्। त्यसपछि पार्वती पनि महादेवलाई छल्ने उद्देश्यले चिटिक्क परेकी राम्री किरातिनीको रूप लिएर नाना तरहका हाउभाउ कटाक्ष गर्दै श्लेष्मान्तक वनमा गई एउटा ठुलो रुखको छहारीमा बसिरहिन्। महादेव पनि वनविहार गर्दै त्यहाँ पुग्नुभयो र किरातिनीरूपिणी पार्वतीलाई देखी मोहित भई सोध्न लाग्नुभयो, "हे सुन्दरी! तिमी को हौ? देवकन्या हौ कि अप्सरा हौ? मैले हेर्दा त तिमीजस्ती राम्री यस संसारमा हुन दुर्लभ छ। फेरि एक्लै यस वनका बिचमा किन आएर बस्यौ? यस्तो घोर जङ्गलमा बाघ र हात्तीजस्ता वन्यजन्तुको डर कत्ति पनि नमानी निर्धक्कसँग किन बसेकी? के तिमीलाई डर पनि लाग्दैन कि? यसबारे सबै कुरा मलाई भन।"

यसरी किरातरूप श्रीमहादेवले आज्ञा गरेको सुनी किरातिनीरूपिणी पार्वतीले 'श्रीमहादेव यिनै हुन्'भन्ने चिनेर मनमनै प्रणाम गनिन्। त्यस वेला किरातरूप महादेवले दायाँ हातमा त्रिशूल र बायाँ हातमा धनुष लिनुभएको थियो। उहाँले काँधमा बाण राख्ने ठोक्रो भिर्नुका साथै सर्पका गहना पनि धारण गर्नुभएको थियो। यस्ता डरलाग्दा महादेवलाई देखी पार्वती भन्नलागिन्, "हे किराती! म यहाँ बसेको धेरै वर्ष भयो, किरातिनी हुनाले बाघ, हात्तीजस्ता जनावरको डर पनि लाग्दैन, म यहाँ तपस्या गरेर बस्दै आएको छु।" यसरी त्यहाँ ती दुई स्त्रीपुरुषका बिचमा अनेक कुरा हुँदैमा साँझ पऱ्यो अनि किरातीरूप श्रीमहादेव आज्ञा गर्नुहुन्छ, "हे सुन्दरी! तिमी पनि एक्लै छ्यौ, म पनि एक्लै छु, हामी दुवै जना यहीँ वास बसौँ।" महादेवका यस्ता कुरा सुनी पार्वती भन्दछिन्, "हे किराती! तिमी लोग्नेमानिस, म स्वास्नीमानिस, एक्लै यस्तो एकलास वनका बिचमा कसरी एकै ठाउँमा वास बसौँ! लोग्ने मानिसको विश्वास हुँदैन, राम्रीराम्री स्वास्नीमानिसहरू देखेपछि अरू केही सम्झँदैनन् तसर्थ एक्लै वास बसौँ भन्ने कुरा नगर।" किरातिनीरूपिणी पार्वतीका यस्ता कुरा सुनी श्रीमहादेवले 'हे सुन्दरी! त्यस कुरामा तिमी सन्देह नगर' भन्नुभयो। त्यसपछि ती दुवै स्त्रीपुरुष त्यसै रुखमुनि वास बसे।

यस्ता तरहले ती दुवै स्त्रीपुरुष त्यहाँ बस्दाबस्दा केही दिन बितेपछि पार्वतीका मनमा 'यस्ता तरहले कसरी निर्वाह होला? यी भोलानाथ त यसै गरी पनि दिन बिताउन सक्छन्। त्यसैले अब केही जुक्ति गर्नुपर्‍यो' भन्ने विचार आयो। त्यसपछि पार्वतीले महादेवलाई छली आकाशवाणी भएझैँ गरी भन्न लागिन्, "हे ईश्वर! हजुरले वास्ता नगर्दा हामी ब्रह्मा, विष्णु, इन्द्रहरू सबैले साह्रै दुःख पाएका छौँ। हजुर यसरी बस्नुभयो भने हाम्रो उद्धार कसले गर्ला? हे करुणामय! हे वृषभध्वज! कैलाश शून्य भएको धेरै काल भयो। हे प्रभो! कैलाश सम्झी हाम्रो उद्धार गरी रक्षा गर्नुहोला।" यस्तो आकाशवाणी भएको सुन्दा श्रीमहादेवले 'यो कसले भन्यो, म यहाँ आएको त कसैले देखेको छैन!' भन्ने विचार गरी यताउति हेर्दा कहीँ केही नदेखी देवताहरूले भने होलान् भन्ने अनुमान गर्नुभयो।

फेरि किरातिनीरूपिणी पार्वतीलाई नदेखी खोज्न लाग्नुभयो। पार्वती पनि केही थाहा नपाएजस्तो गरी फलफूलहरू टिप्दै यताउति अल्मलिएकी थिइन्। किरातरूप महादेव त्यहाँ पुगी भन्नुहुन्छ, "हे सुन्दरी! तिमीलाई खोज्दाखोज्दा निकै दुःख पाइयो, तिमी कहाँ गएकी थियौ?" यस्तो सुनी पार्वतीले 'हे किराती! भोक लागेकाले कन्दमूल खान गएकी हुँ, कहीँ गएकी छैन' भनिन्।

त्यसबेला त्यस्ती अत्यन्त सुन्दरी किरातिनीरूपिणी पार्वतीलाई देख्दा श्रीमहादेव मोहित भएर मन थाम्न नसकी पार्वतीतर्फ ज्यादै नै ढेपिँदै जानुभयो। त्यस्तो देखी किरातिनीरूपिणी पार्वती भन्दछिन्, "हे किराती! तिमी कस्ता रहेछौ! के तिम्रो धर्म यही हो? मैले त श्रीमहादेवबाहेक अरू स्वामी मनले पनि चिताएकी छैन। त्यसैले यस वनमा आई उनैको तपस्या गरी बसेकी छु। तिमी यसरी जबरजस्ती गर्दछौ भने तुरुन्त सराप गरी आत्महत्या गर्दछु।" यति किरातिनीरूपिणी पार्वतीले भनेको सुनी किरातरूप महादेव भन्दछन्, "हे सुन्दरी! तिमी यसरी चिन्ता नगर। वास्तवमा म तिमीले चाहेको महादेव नै हुँ, नपत्याए हेर।" श्रीमहादेवलेयति भन्दै आफ्नो ज्योतिरूपको दर्शन दिनुभयो। अनि किरातिनीरूपिणी पार्वतीले मनमा आनन्द मानी श्रीमहादेवका पाउमा दण्डवत् प्रणाम गरी बिन्ती गर्न लागिन्, "हे ईश्वर! उसो भए कन्यादान लिन मेरा बाबामहतारीकहाँ हिँड्नुहवस्।" यस्तो सुनी 'लौ हुन्छ' भनी श्रीमहादेव उनै किरातिनीरूपिणी पार्वतीका पछि लाग्नुभयो। जाँदाजाँदा दुवै जना हिमालय पर्वतका घरमा पुगे। तब श्रीमहादेवले थाहा पाई 'यी ता पार्वती पो रहिछिन्! मैले छल गर्न लागेको उल्टो मलाई नै छक्याई आफ्ना बाबामहतारीकहाँ ल्याइछिन्। अब वित्यास पर्‍यो! कसो गर्ने होला?' भन्ने विचार

गरी त्यहाँदेखि अन्तर्धान भई श्लेष्मान्तक वनको उत्तरतर्फ किरातेश्वर महादेवका रूपमा रहनुभयो ।

यता फेरि महादेवलाई नदेख्दा पार्वती साह्रै विलाप गर्न लागिन् । महादेव कहाँ जानुभयो होला भनी पार्वतीले ध्यानदृष्टिले हेर्दा किरातेश्वर शिवलिङ्गका रूपमा रहनुभएको चाल पाइन् र वाग्मतीमा नित्य स्नान गरी किरातेश्वर शिवलिङ्गको पूजा आराधना गर्न लागिन् । पार्वतीले स्नान गरेको हुनाले त्यस ठाउँको नाम 'गौरीघाट' रह्यो । जुन मनुष्यले गौरीघाटमा स्नान गरी किरातेश्वर महादेवको दर्शन गर्दछ त्यसका सबै दुःख नाश होलान्, यस लोकमा धनधान्यले परिपूर्ण होला, सुखपूर्वक जीवन व्यतीत होला र मृत्युपछि कैलाशमा बस्न पाउला ।

हे अगस्त्य मुनि! पार्वतीले यसरी नित्य तपस्या गरेको देखी श्रीमहादेवले प्रसन्न भई हँसिलो मुख गरी आफ्नो स्वरूपको दर्शन दिनुभयो। जगन्माता पार्वतीले खुसी मानी श्रीमहादेवका पाउमा दण्डवत् प्रणाम गरी अञ्जलि बाँधी बिन्ती गर्न लागिन्, "हे ईश्वर! हजुरले किन यसरी दुःख दिनुभयो? म हजुरलाई मन परिनँ कि? अथवा मबाट अन्य कुनै अपराध भयो कि?" यति भन्दैपार्वती श्रीमहादेवसमक्ष नाना तरहले गुनासो गर्न लागिन्। यस्तो सुनी पार्वतीलाई अङ्कमाल गरी काखमा लिई श्रीमहादेव त्यहाँदेखि अन्तर्धान भई हिमालय पर्वतका घर जानुभयो। त्यसरी महादेव र पार्वती आएको देखी हिमालय पर्वत अत्यन्त खुसी भई पुष्पवृष्टि गरी आसनमा बसाली चौरासी व्यञ्जन तयार गरी भोजन गराए। त्यहाँ दुईचार दिन बसेपछि महादेवले पार्वतीलाई 'हे प्रिये!, कैलाश शून्य भएको धेरै दिन भयो। अब यहाँ मात्र कति बसिराख्नु। त्यसैले तिम्रा बाबामहतारीसँग बिदा मागौँ' भन्दा पार्वतीले 'हवस्' भनिन्।

त्यसपछि श्रीमहादेव ससुरा हिमालयलाई भन्नुहुन्छ, "हे पिता! सतीदेवी स्वर्ग गएदेखि कैलाश शून्य छ, अब हजुरबाट आज्ञा पाए उहाँ जाँदा हौँ।" यसरी आफूलाई पिता भनी सम्बोधन गरेको सुन्दा हिमालय बहुतै खुसी मानी श्रीमहादेवसँग बिन्ती गर्दछन्, "हे

त्रैलोक्यनाथ! हे सम्पूर्ण देवताका पितामह! हजुरले साधारण मानिसले भनेझैँ मलाई मोहले छोपी 'हे पिता!' भन्नुभयो, मेरा सबै अज्ञान नाश गरी ज्ञान दिनुहोस्, सधैँ हजुरका भक्तिमा मेरो चित्त लागिरहोस्। हे शङ्कर! मसँग प्रसन्न हुनुहोस्। हे शशिशेखर! पहिले पूजा लिनुहोस्।" हिमालय यति भन्दै शिवपार्वतीलाई रङ्गीबिरङ्गी वस्त्राभूषण पहिर्‍याई सिंहासनमा बसाली षोडशोपचारले पूजा गरी भोजन गराई पुनः स्तुति गर्दै भन्दछन्ः

हे भवानीशङ्कर! लक्ष्मीनारायणले समुद्रका घरमा गएर बस्दा समुद्रलाई जस्तो आनन्दको अनुभूति भएको थियो हजुरहरू मेरा घरमा राज हुनुभएकोमा मलाई पनि त्यस्तै आनन्दको अनुभूति भएको छ। हे जगदीश्वर! आफ्ना मायाले संसारमा व्याप्त भइरहेका यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ। फेरि समुद्र मन्थन गर्दा कालकूट विष निस्केर संसार भस्म गर्न लाग्यो। त्यस वेला त्यो विष कण्ठमा राखी संसारको रक्षा गर्दा तपाईंको 'नीलकण्ठ' नाम रह्यो, यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ। फेरि आफैँले सृष्टि गरी आफैँले संहार गर्ने यस्ता तपाईंलाई कोटिकोटि नमस्कार छ। फेरि त्रिपुरासुर दैत्यसँग युद्ध गर्दा तपाईंका सामग्री कस्ता थिए भने पृथ्वीको रथ, चार वेदका घोडा, चन्द्रसूर्य रथका पाङ्ग्रा, ब्रह्मा सारथी, सुमेरु

पर्वत धनु, शेषनाग धनुको ताँदो, विष्णु भगवान् बाण, यस्ता सामग्रीहरू तयार गरी दैत्यको वध गर्ने तपाईंलाई कोटिकोटि नमस्कार छ। हे देवदेव! ब्रह्मा पनि तपाईं, चर–अचर पनि तपाईं, नारायण पनि तपाईं, सत्त्व, रज, तम पनि तपाईं, कालका काल पनि तपाईं, गुणका गुण पनि तपाईं, देवताका देवता पनि तपाईं, अनाथका नाथ पनि तपाईं, विश्वरूप पनि तपाईं, आदि र अन्त्य नभएका पनि तपाईं, अष्टवसु र द्वादशादित्य पनि तपाईं, दश दिक्पाल पनि तपाईं, सबै प्राणीका हृदयमा बसी पापपुण्यका साक्षी भइरहेका पनि तपाईं, यस्ता तपाईंको महिमा गाउन चतुर्मुख ब्रह्माको पनि तागत छैन, हजार जिब्रा भएका शेषनागको पनि सामर्थ्य छैन, मेरो कसरी होला?

यस्ता तरहले हिमालयले नाना स्तुति गरेको सुनी श्रीमहादेव खुसी भई हँसिलो मुख गरी 'हे पर्वतराज! तपाईंको भक्ति देख्दा म खुसी भएँ। सधैँ मेरो भक्तिमा चित्त लगाई आखिरमा कैलाशको पदवी पाउनुहोला, अब हामी जान्छौं' भनी हिमालय पर्वत र मेनकासँग बिदा भई पार्वतीलाई काखमा लिई साँढेमा चढी कैलाश पर्वमा गई प्रमथगणले सहित भई आनन्दले रहनुभयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां पार्वतीकैलाशप्रवेशो नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥

पञ्चदशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छः

हे अगस्त्य मुनि! पार्वतीले एक दिन बुकुवा घस्दा निस्केको मयलको मूर्ति बनाई ढोकामा राखेकी थिइन्। श्रीमहादेव बाहिरबाट आएर घरभित्र जान खोज्दा त्यस मूर्तिले 'जसले पायो उसले त्यसै भित्र जान पाउँदैन' भनेर रोकिदियो। तब श्रीमहादेवलाई 'आफ्ना घरमा जान पनि रोक्ने' भनेर झनक्क रिस उठ्यो र त्यस मूर्तिको टाउको काटी भित्र जानुभयो। पार्वतीले महादेवसँग 'ढोकामा को बसेको थियो?' भनी बिन्ती गरिन्। महादेवले 'त्यसको त मैले शिरच्छेदन (शिर काट्ने काम) गरी आएँ' भन्नुभयो। अनि पार्वतीले 'त्यो त मेरो पुत्र हो, किन त्यसको शिरच्छेदन गर्नुभएको? भनी अति करुण शब्द गरी रुँदै शोक गर्न लागिन्। त्यस्तो देखी श्रीमहादेवले 'हे पार्वती! शोक नगर, म बचाइदिन्छु' भनी बुझाई आफ्ना गणहरूलाई डाकी 'हे गण हो! चारै दिशातिर जाओ। जे फेला पार्छौ त्यसको शिर काटी ल्याओ' भनी चन्द्रबाण पनि दिई पठाउनुभयो। ती गणहरूले चारै दिशातर्फ हेर्दै जाँदा धेरै टाढा पुगेपछि एउटा मत्ता हात्ती देखे र श्रीमहादेवको आज्ञाबमोजिम चन्द्रबाण प्रहार गरे। त्यस बाणले सेतो पर्वतजस्तो हात्तीको शिरच्छेदन गऱ्यो र त्यो शिर लगी श्रीमहादेवका अगाडि राखी

‘हामीले यही पायौँ’ भनी बिन्ती गरे। तब श्रीमहादेवले हात्तीको टाउको मूर्तिमा जोडी बचाइदिनुभयो र त्यस मूर्तिको नाम गणेश रही शिवपार्वतीका पुत्रका रूपमा प्रसिद्ध भए।



यता श्रीमहादेव पार्वतीसँगमात्र भुली रहन लाग्नुभएकाले इन्द्रले अग्निलाई डाकी भन्न लागे, “हे अग्नि! श्रीमहादेव पार्वतीसँग मात्र भुली घरभित्रै रहन लाग्नुभयो। श्रीमहादेवविना यो संसारको रक्षा हुन सक्दैन। त्यसकारण तिमी झट्ट गई जसरी हुन्छ श्रीमहादेवलाई काशी ल्याउने काम गर।” यस्तो सुनी अग्निले ‘हवस्’ भनी कैलाश पर्वतमा गई भित्र जान लाग्दा ढोकेले जान दिएन र हावाको

रूप लिएर ताल लगाउने प्वालबाट भित्र पसी भिक्षुकरूप भई श्रीमहादेव र पार्वती एकान्त गरिरहेका ठाउँमा पुगे। यसरी आएका अग्निलाई देखी श्रीमहादेव रिसाई भस्म गर्न लाग्नुभयो। तब जगन्माता पार्वतीलाई माया लाग्यो र ‘हे स्वामी! भिक्षा माग्न आएका भिक्षुकलाई मार्नु ठिक छैन, नजानेर आएको हो, बरु केही दिउँ, जाओस्’ भनिन्। तब श्रीमहादेवले हातमा आफ्नो वीर्य लिई ‘ला!’ भनी दिनुभयो। अग्नि त्यो वीर्य मुखमा हालेर निली बाहिर आए। श्रीमहादेवको वीर्य निल्नाले अग्निलाई गर्भ रह्यो र डराई ‘अनर्थ भयो’भनी गङ्गाका तीरमा गई कुशको झाडीमा उकेली आए।

अग्निले उकेलेको त्यो वीर्य आगो बलेजस्तै बलिरहेको थियो। त्यसै वेला सप्तऋषिका सातओटी पत्नी गङ्गास्नान गरी फर्कन लागेका थिए। तिनीहरूले आगो बलेको देखी ‘कसले बालेर गएछ? तापौं’ भन्न लागे। तीमध्ये एकजना चाहिँ ‘अर्काले बालेको आगो ताप्नु ठिक छैन’ भन्दै गइन्। छओटी आगो तापी घर गए। ती आगो ताप्नेहरूलाई गर्भ रह्यो। त्यस्तो चाल पाएर ऋषिहरूले ‘तिमीहरूमा कसरी गर्भ रह्यो?’ भनी सोधे। उनीहरूले केही उत्तर दिन नसकेकाले ऋषिहरूले रिसाएर सराप दिए। ऋषिपत्नीहरू गङ्गामा गई त्यो वीर्य उकेली आकाशमा गई षट्कृत्तिका तारा

भइरहे। ऋषिपत्नीहरूले उकेलेका त्यस वीर्यदेखि षट्चक्र (छ मुख भएका) कुमार उत्पन्न भई गङ्गाका पुत्र कहलाई श्रीमहादेवसित रहे।

एक दिन श्रीमहादेवले गणेश र कुमारलाई डाकी भन्नुभयो, "हे गणेश! हे कुमार! तिमीहरू गई सुमेरु पर्वतको प्रदक्षिण गरी आओ। यसमा जो अघि आउला उसलाई वरदान दिउँला।" श्रीमहादेवको यति आज्ञा सुनी कुमारले 'हवस्' भनी तत्कालै आफ्नो वाहन मयूरमा चढी सुमेरु प्रदक्षिणा गर्न गए। यता गणेशजी अब कसरी सुमेरु परिक्रमा गर्न सकिएला भनेर चिन्तित हुँदै आफ्नो वाहन मुसासामु गए। चिन्ताले आकुल भएका गणेशलाई मुसाले देखी सोध्यो, "हे विनायक! आज हजुरको मुहार निन्याउरो देखें, केही चिन्ता परेको हो कि?" यस्तो सुनी श्रीमहादेवले सुमेरु प्रदक्षिणा गर्ने आदेश दिनुभएको र कुमारजी मयूरमा चढी प्रस्थान गरिसकेको वृत्तान्त बताउँदै गणेशजी मुसालाई भन्नुहुन्छ, "अब कसो गरूँ? तँ यस्तो सानो छस्, म यस्तो ठुलो पेट र लामो सुँडले युक्त छु। तँ मलाई सवार गराई फुर्तीसित लग्न सक्दैनस्।" यस्तो सुनी मुसो भन्दछ, "हे गणेशजी! तपाईंलाई म एउटा जुक्ति सिकाइदिन्छु, सुन्नुहोस्। श्रीमहादेव, पार्वती र गङ्गा तीनजना बसेका ठाउँमा जानुहोस् र अञ्जलि बाँधी 'हे पिता! हे माता! मेरा

सुमेरु पनि तपाईंहरू, सबै देवता पनि तपाईंहरू' भनी प्रदक्षिणा गरी दण्डवत् प्रणाम गर्नुहोस्। सुमेरु भनेका तिनीहरू नै हुन्, तपाईंलाई वरदान मिल्ला।" यस्तो सुनी मुसालाई 'बेस भनिस्' भन्दै गणेशजी श्रीमहादेव, पार्वती र गङ्गा बसेका ठाउँमा गई अञ्जलि बाँधी 'मेरा सुमेरु पनि तपाईंहरू, अरू सबै देवता पनि तपाईंहरू' भनी तीन फेरा प्रदक्षिणा गरी दण्डवत् प्रणाम गरे। अनि महादेव खुसी भई 'हे बुद्धिमान् गणेश! वरदान लेऊ, स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा जसले जे कार्य गरे पनि पहिले तिम्रो पूजा गरून्। तिम्रो पूजा नगरी गरेको काम पूरा नहोस्' भनी वरदान दिनुभयो।

उता सुमेरु प्रदक्षिणा गर्न गएका कुमार नआएकाले गङ्गाले चिन्तित हुँदै श्रीमहादेवसँग बिन्ती गरिन्, "हे ईश्वर! गणेशलाई वरदान दिनुभयो, मेरो पुत्र कुमार भने आइपुगेन।" यस्तो सुनी श्रीमहादेव आज्ञा गर्नुहुन्छ, "हे गङ्गा! श्रीस्वस्थानी परमेश्वरीको व्रत गर अनि तिम्रो पुत्र आइपुग्ला।" यस्तो सुनी गङ्गाले 'हवस्' भनी विधि सोधी पौष शुक्लपूर्णिमाका दिनदेखि हातगोडाका नङ काटी स्नान गरी शुचि भई एकभक्त रही एकचित्त गरी 'मेरो पुत्र कुमार चाँडै आइपुगोस्' भनी नित्य मध्यान्ह कालमा श्रीमहादेवको पूजा गर्न लागिन्। महिना दिन पुग्यो र माघ शुक्लपूर्णिमाका दिन एक सय आठ रोटी, एक सय आठ अक्षता, एक सय आठ बेलीपुष्प, एक

सय आठ जनै, एक सय आठ पान, एक सय आठ कुड्का सुपारी, एक सय आठ जातजातका फूल, धूप, दीप, नैवेद्य र सबै सामग्री तयार गरी आरसी (तामाको थाली) मा ॐकार लेखी श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्न लागिन्। सबै पूजा गरी स्तुति गरी प्रसाद झिक्न लाग्दा श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले कुमार टुप्लुक्क आइपुगे। तब गङ्गाले 'धन्य श्रीस्वस्थानी परमेश्वरी!' भनी कुमारलाई व्रतको टीका लगाई प्रसाद र आशीर्वाद पनि दिइन्। कुमारले श्रीमहादेवसित गई साष्टाङ्ग प्रणाम गरी 'हे पिता! मलाई पनि वरदान दिनुहोस्' भने। यस्तो सुनी श्रीमहादेवले 'हे कुमार! स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा कसैले केही कार्य गर्दा गणेशको पूजा गरेपछि अरूको भन्दा पहिले तिम्रो पूजा गरेमात्र कार्य सिद्ध होओस्, नत्र नहोओस्' भनी वरदान दिए।

यसरी कुमारजीबाट अगस्त्य मुनिले शिवपार्वतीको विवाह, गणेशजी र कुमारजीको प्रादुर्भावलगायतका कथा सुनेपछि अगस्त्य मुनि फेरि बिन्ती गर्दछन्, "हे कुमारजी! तारकासुर दैत्यले कसको तपस्या गरेर वरदान पाई इन्द्रको अमरावतीसमेत लियो? फेरि कसले कसरी त्यसको वध गर्‍यो र इन्द्रले पुनः अमरावती प्राप्त गरे? यो सबै वृत्तान्त आज्ञा गर्नुहोस्।" यस्तो सुनी कुमारजी आज्ञा गर्नुहुन्छ – कश्यप ऋषिको पुत्र तारकासुर दैत्य दुग्धप्रभास नाउँको

तीर्थमा स्नान गर्न गएको थियो। त्यहाँ पेचि मुनिले तपस्या गरिरहेको देखेर तारकासुरलाई पनि तपस्या गर्न मन लाग्यो र उसले पेचि मुनिलाई सोध्यो, "हे मुनीश्वर! हजुरले तपस्या गर्नुभएको देखेर मलाई पनि तपस्या गर्न साह्रै मन लाग्यो। त्यसैले कहाँ गएर कसको तपस्या गर्नु उपयुक्त होला? यसबारे बताई ममाथि कृपा गर्नुहोस्।" यस्तो सुनी पेचि मुनि भन्दछन्, "हे तारकासुर! तँ तपस्या गर्ने भए दुग्धप्रभास नाउँको तीर्थको सिरानमा हिमालय पर्वत छ, त्यहाँ गएर ब्रह्माजीको तपस्या गर्।" त्यस्तो सुनी तारकासुर त्यतैबाट हिमालय पर्वतमा गयो। त्यहाँ उसले ठुलो कष्ट गरी एक हजार वर्षसम्म ब्रह्माजीको तपस्या गऱ्यो। त्यसपछि ब्रह्माजीले दर्शन दिई 'तिम्रो तपस्या देखी म खुसी भएँ, वरदान माग' भन्नुभयो। अनि ब्रह्माजीलाई साष्टाङ्ग प्रणाम गरी तारकासुर भन्दछ, "हे प्रभु! हजुरले सृष्टि गरेका पाँच वर्ष नाघेका कुनै पनि प्राणीले मेरो हत्या गर्न नसकोस्। फेरि जसले मेरो शिर भूमिमा गिराउला त्यसको पनि शिर फुटी मरोस्। मैले सबै देवताहरूलाई जित्न सकौँ।" तारकासुरका यस्ता वचन सुनी 'तथास्तु' भनी वरदान दिई ब्रह्मास्त्र पनि प्रदान गरी ब्रह्माजी अन्तर्धान हुनुभयो।

यसरी ब्रह्माजीबाट वरदान पाएपछि तारकासुर धेरै शक्तिशाली भयो। अरूलाई तृणबराबर पनि नगन्ने तारकासुर दैत्य सेनाका

साथ देवताहरूसँग युद्ध गर्न इन्द्रको सहर अमरावती गयो। त्यहाँ देवता र दैत्यहरूका बिचमा घनघोर लडाइँ भयो। देवताहरूले तारकासुरका कोटिकोटि सेनाको वध गरे। त्यस्तो देखी चिन्तित हुँदै तारकासुर आफ्ना गुरु शुक्राचार्यकहाँ गई भन्नलाग्यो, “हे गुरुदेव! देवताहरूले हाम्रा सेनाको नाश गरिदिए, हजुरले उद्धार गर्नुपर्‍यो।” यस्तो सुनी शुक्राचार्यले सञ्जीवनी पढी जल सेचन गरेर मृतक दैत्यहरूलाई पुनर्जीवित गराइदिए। त्यसपछि ती दैत्यहरू पुनः युद्ध गर्न आए। त्यस्तो देखेर इन्द्र महाराज क्रोधित हुँदै वज्र हातमा लिई ऐरावत हात्तीमा सवार भई अनेक तरहले युद्ध गर्न लागे। यस्तो युद्ध दश हजार वर्षसम्म चल्यो। दुवैतर्फका कोटिकोटि सेनाको नाश भयो। दैत्यहरू मर्नेबित्तिकै शुक्राचार्यले बचाइदिने, देवताहरू भने मरेको मर्‍यै हुने हुँदा देवराज इन्द्रलगायतका देवताहरूले हार मानी त्यहाँदेखि भागी आफ्ना गुरु बृहस्पतिकहाँ गएर सबै कुराको बेलीविस्तार गरे। त्यस्तो सुनी बृहस्पतिले ‘हे इन्द्र महाराज! यस युद्धमा तिम्रो जित हुनसक्दैन किनभने तारकासुर दैत्यले एक हजार वर्षसम्म महाकष्टले तपस्या गरेको थियो। त्यसबाट ब्रह्माजी खुसी भएर आफूले सृष्टि गरेका पाँच वर्षभन्दा माथिका कुनै पनि प्राणीले तारकासुरलाई मार्न नसक्ने वरदान दिएका छन्। त्यसको समाधानका लागि तिमीहरू

श्रीमहादेवको शरणमा जाओ।" यति बृहस्पतिका कुरा सुनी सबै देवताहरू स्वर्गबाट भागी मर्त्यमण्डल नेपालको मृगस्थलीमा आई लुकेर बस्न थाले।

देवताहरूको स्वर्गबाट पलायन भएपछि तारकासुर स्वर्ग, मर्त्य र पाताल तीनै लोकको रजाइँ गरी ठुलो आनन्दले रहन लाग्यो। हे अगस्त्य मुनि! यता तारकासुरबाट लखेटिएका देवताहरू धेरै कालसम्म मृगस्थलीमा लुकेर बस्न बाध्य भए। अनि इन्द्रले तेत्तिस कोटि देवताहरूसँग भन्न लागे, "हे देवता हो! पापिष्ठ तारकासुरले अमरावती लिई हामीलाई दुःख दिएको धेरै काल भयो। अब त्यसको संहार गरी अमरावती फर्काऔँ। श्रीमहादेवका गणेश र कुमार दुई पुत्र उत्पन्न भएका छन्। तिनले हाम्रो शत्रु तारकासुरको नाश गरिदिनन्। अब हामी श्रीमहादेवसित गई बिन्ती गरौँ।" इन्द्रका यस्ता कुरा सुनी सबै देवताहरू श्रीमहादेवकहाँ गई बिन्ती गर्न लागे, "हे जगदीश्वर! पापिष्ठ तारकासुरले अमरावती लिई हामीलाई दुःख दिएको धेरै काल भयो। अब त्यसको संहार गरी हाम्रो उद्धार गर्नुहोस्।" यस्तो बिन्ती सुनी श्रीमहादेव आज्ञा गर्नुहुन्छ, "हे देवता हो! तारकासुरलाई मैले मार्नु हुँदैन। त्यसलाई मेरा पुत्र कुमारले मारिदेलान्। अब सबै देवता, यक्ष, गन्धर्व, किन्नर, भूत, प्रेत र प्रमथगणलाई साथमा लिई कुमारलाई सेनापति बनाई युद्ध

गर्न जाओ। अनि म पनि आउँला।" श्रीमहादेवको यस्तो आज्ञा सुनी 'हवस्' भन्दै देवताहरूले युद्धका लागि पिनाक धनुको साइत सारे।

यसरी साइत गरे पनि युद्धमा सहभागिताका लागि देवताहरूले गणेशलाई बोलाउन बिर्सेछन्। तब गणेशले आफ्नो वाहन मुसासित गई भने, "हे मुसा! मलाई वरदान दिएको आजै अन्यथा गरे, अब के गर्ने?" त्यस्तो सुनी 'हे गणनाथ! अन्यथा गरेको होइन, तपाईंलाई भन्न बिर्से, म गएर सम्झाई आउँछु' भनी मुसो गएर साइत गरिराखेको पिनाक धनुको ताँदो काटी आयो। त्यस्तो देखी इन्द्रादि देवताहरूले 'विघ्न पऱ्यो, यो साइतमा भएन' भने। तब श्रीमहादेवले 'विघ्न परेको होइन, गणेशलाई भन्न बिर्स्यौं, गणेशलाई पनि लैजाओ' भन्नुभयो। यस्तो आज्ञा सुनी गणेश र कुमारसहित सबै देवताहरू युद्ध गर्न अमरावती गए। त्यहाँ देवता र दैत्यको घोर युद्ध भयो। तारकासुरले कुमारको रथ धकेली एक योजन अर्थात् चार कोस पछाडि पुऱ्याइदियो। त्यस्तो देखी कुमारले रिसले चुर भई तारकासुरको रथ धकेली चार योजन पछाडि पुऱ्याइदिए। तब तारकासुर दैत्यले रिसाएर खड्गले हान्यो। कुमारले आफूमाथि खड्ग आएको देखी धनु कानसम्म खैँची तारकासुरको घिच्रो ताकी चन्द्रबाण प्रहार गरे। दिनका सूर्य अस्ताई रातका तारा नदेखिने वेलामा पारी प्रहार गरिएको त्यस बाणले

तारकासुरको शिर काटिदियो। ठिक त्यसै वेलामा श्रीमहादेवले तुरुन्त गई तारकासुरको शिर भूमिमा पर्न नपाउँदै समाती लिनुभयो। तारकासुरको गिँड मात्र भूमिमा गऱ्यो। त्यस्तो देखी दैत्य सैनिकहरू दश दिशातिर भागी आआफ्नो ज्यान जोगाउन लागे।



तारकासुरमाथि विजय प्राप्तिपछि श्रीमहादेव साँढेमा चढी इन्द्रदि देवता, यक्ष, गन्धर्व, किन्नर, भूत, प्रेत, पिशाच र प्रमथगणसहित भई सबै देवताहरूबाट धन्य! धन्य!! भनिएका कुमारजीलाई अघि लगाई कैलाश पर्वतमा जानुभयो। तब इन्द्रदि देवताहरू बिन्ती

गर्दछन्, "हे जगदीश्वर! हजुरका कृपाले शत्रुको संहार गरी अमरावती हातपार्न सफल भयौँ। अब आज्ञा पाए जाँदा हौँ।" यस्तो सुनी श्रीमहादेवले देवताहरूलाई 'तिमीहरूको राज्य अकण्टक होओस्' भनी बिदा दिनुभयो। इन्द्र पनि श्रीमहादेवलाई साष्टाङ्ग प्रणाम गरी देवताहरूलाई साथमा लिई अमरावती गई आनन्दले रहे।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां तारकासुरदैत्यवधो नाम पञ्चदशोऽध्यायः ॥ १५ ॥

षोडशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छः

हे अगस्त्य मुनि! एक दिन शिवजीलाई वनविहार गर्न मन लाग्यो र मृगको रूप लिई कसैले थाहा नपाउने गरी श्लेष्मान्तक वनमा गई मृगका बथानमा भुली परम आनन्दले रहनुभयो। यता पार्वतीले अनेक ठाउँमा खोजी गर्दा पनि श्रीमहादेवलाई नदेखी हार मानी 'पहिले पनि मलाई यसै गरी दुःख दिनुभयो, अहिले फेरि कुनै खबर नगरी कता जानुभयो होला' भन्ने विचारले ध्यानदृष्टिले हेर्दा मृगरूप भई वनविहार गरिरहेको थाहा पाइन्। त्यसपछि पार्वती वाग्मतीका किनारमा आई महाकष्टले तपस्या गरी बसिरहिन्। शिवपार्वती दुवैलाई नदेख्दा ब्रह्मा, विष्णु आदि देवताहरू जहाँतहाँ खोजी गर्न लागे। उनीहरू कहीँ पनि भेट्न नसकी हार मानी फर्केर आउँदा वाग्मतीका किनारमा तपस्या गरेर बसिरहेकी पार्वतीलाई देखी प्रणाम गरी बिन्ती गर्न लागे, "हे जगन्माता! श्रीमहादेव नहुनाले संसार शून्यजस्तै भयो तसर्थ हामीमाथि करुणा राखी उहाँ कता जानुभएको हो? बताइदिनुहोस्। फेरि तपाईं पनि यस्ता ठाउँमा एक्लै किन बसिरहनुभएको हो? सबै वृत्तान्त आज्ञा गर्नुहोस्।" देवताहरूले यस्तो बिन्ती गरेको सुनी पार्वती आज्ञा गर्दछिन्, "हे देवता हो! श्रीमहादेव यहाँ आउनुभएको हुनाले उहाँकै आराधना

गरी बसिरहेकी हुँ। श्लेष्मान्तक वनका नैर्ऋत्यकोणमा ठुलो तलाउ छ। त्यहाँ सुनको जस्तो वर्ण भएको, तीन आँखा र एक सिङ भएको ठुलो मृगका रूपमा रही श्रीमहादेव मृगहरूका फौजमा क्रीडा गरी बस्नुभएको छ। तिमीहरू उहीं गई हेर अनि श्रीमहादेवको दर्शन पाऔला।"

पार्वतीका यस्ता वचन सुनी देवताहरूले त्यहाँ गई हेर्दा कहीं पनि भेट्न सकेनन्। त्यसपछि ब्रह्मा, विष्णु र इन्द्र अनेक स्तुति गरी खोजी गर्न लागे। त्यसै वेला देवताहरूले लाखौं मृगको फौज देखे। त्यहाँ असङ्ख्य मृगहरूका बिचमा सुनको जस्तो वर्ण भएको, खुब राम्रा आँखा र एक सिङ भएको, सबैभन्दा ठुलो, स्वर्गमा असङ्ख्य ताराहरूका बिचमा चन्द्रमाजस्तो चम्किलो एउटा मृगलाई टाढैबाट देखी 'महादेव यिनै हुन्' भन्ने विचारले देवताहरू स्तुति गर्न लागे, "हे ईश्वर! कैलाश शून्य भएको धेरै दिन भयो। हे करुणानिधान! हामीहरूमाथि करुणा राखी दर्शन दिनुहोस्।" यस्ता तरहले अनेक स्तुति गर्दै देवताहरू मृगरूप महादेवका नजिक गए। यस्तो देखी शिवमृग उफ्रीउफ्री भाग्न लाग्यो। तब विष्णु आज्ञा गर्नुहुन्छ, 'हे ब्रह्मा! हे इन्द्र! स्तुति गरी महादेव चैतन्य हुने भएनन्। अब हामी तीनै जनाले घेरा हाली समाऔं' भन्दा 'लौ हुन्छ' भनी तीनै जनाले तीननतिर बसी घेरा हाली

समाउन लागे। यसअनुसार रुद्रमृगको सिङको फेदमा विष्णुले, माझमा ब्रह्माले र टुप्पामा इन्द्रले समाते। यसरी समाउनेबित्तिकै मृग अन्तर्धान भयो। तीनै जना देवताले मृगको सिङ जोडसँग समातेकाले तीन टुक्रा भएर तीनै जनाकाहातमा एकएकओटा टुक्रा पर्न गए। यस्तो देखी 'हामीहरूले ठुलो अपराध गर्‍यौँ, अनर्थ भयो, अब कसो गरौँ?' भनी तीन जना त्यहीँ बसी 'हे ईश्वर! हाम्रो अपराधमा क्षमा राख्नुहोला' भनी अनेक स्तुति गरे। यसरी ब्रह्मा, विष्णु र इन्द्रले गरेको स्तुतिबाट श्रीमहादेव प्रसन्न भई ज्योतिः स्वरूपको दर्शन दिनुभयो र देवताहरूले खुसी भई साष्टाङ्ग प्रणाम गरे।

श्रीमहादेव आज्ञा गर्नुहुन्छ, "हे देवता हो! तिमीहरूको स्तुतिदेखि म सन्तुष्ट भएँ, वरदान माग।" महादेवबाट यस्तो आज्ञा भएको सुनी देवताहरू भन्दछन्, "हे ईश्वर! हजुरको जपध्यान हामीहरू कहिल्यै नभुलौँ, सदासर्वदा हाम्रा हृदयमा रहिरहोस्।" देवताहरूले यस्तो भनेको सुनी श्रीमहादेवले 'तथास्तु' भनी वरदान दिनुभयो र फेरि देवताहरू भन्दछन्, "हे प्रभो! हामीले हजुरको सिङ टुक्रा पारेर गरेको अपराध क्षमा गर्नुहोस्। अनि यी सिङका टुक्रा कहाँ राख्ने हो? आज्ञा गर्नुहोस्।" देवताहरूको यस्तो बिन्ती सुनी श्रीमहादेव आज्ञा गर्नुहुन्छ, "त्यो मेरो सिङ तीन टुक्रा गराएकोमा तिमीहरूलाई

केही अपराध लाग्दैन, सन्देह नगर। इन्द्रका हातको इन्द्रलोकमा, ब्रह्माका हातको मर्त्यमण्डल नेपालमध्ये गोकर्णमा र विष्णुका हातको पातालमा लगी स्थापना गर्नू।" देवताहरूले यस्तो सुनी 'हवस्' भन्दै श्रीमहादेवबाट आज्ञा भएबमोजिम सिङ्का टुक्राहरू तीनै लोकमा स्थापना गरे।

श्रीमहादेव तहाँपछि पार्वतीले तपस्या गरिरहेको वाग्मतीका किनारमा पुगेर पार्वतीलाई काखमा राखी कैलाश पर्वतमा गई नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत, प्रेत, पिशाच र प्रमथगणले सहित भई ठुलो आनन्दले रहनुभयो। त्यसै बखतमा लङ्काको राजा रावण त्यहाँदेखि नित्य गोकर्णमा आई स्नान गरी श्रीमहादेवका चरणमा दण्डवत् प्रणाम गरी गीत सङ्गीतका साथ नृत्य प्रदर्शन गरी जाने गर्दथ्यो। यसरी केही काल बितेपछि एक दिन श्रीमहादेव



विष, भाङ, धतुरो खाई बिचेत भइरहेका बखतमा रावण आई मृदङ्ग बजाई गाउन लाग्दा भोलेनाथबाट प्रसन्न भई 'हे रावण! के माग्छस् माग्' भनी आज्ञा भयो। रावणले 'के मागूँ, हजुरका कृपाले सबैथोक मसँग छ' भन्यो। रावणका वचन सुनी 'एउटा चिज नमागी सुख पाउँदैनस्, लौ माग्' भनी श्रीमहादेवबाट पुनः आज्ञा भयो। यसरी बारम्बार श्रीमहादेवले एउटा चिज माग्न कर गर्नुभएकाले रावण 'अब के मागूँ, बत्तिस लक्षणले युक्त भएकी, श्रीमहादेवका काखमा बसेकी पार्वतीलाई नै माग्दछु' भन्ने विचार गरी श्रीमहादेवसँग बिन्ती गर्दछ, "हे ईश्वर अरू चिज मलाई केही चाहिँदैन, एउटी पार्वती मलाई बक्सनुहोस्।" यसरी रावणले मागेपछि श्रीमहादेवले 'लौ लैजा!' भनी पार्वतीलाई नै दिनुभयो। त्यसपछि जगन्माता पार्वतीलाई पीठमा बोकी श्रीमहादेवसँग बिदा भई रावण लङ्कातर्फ गयो।

यता पार्वतीलाई रावणले लिएर जान लागेको वैकुण्ठनाथ विष्णुले चाल पाउनुभयो। यो त अनर्थ हुन लाग्यो भन्ने विचार गर्दै विष्णु तत्कालै वायुवेगले रावण जाँदै गरेको स्थानमा पुगी आफ्ना मायाले छोपी मोहिनीरूप भई रावणलाई आज्ञा गर्नुहुन्छ, "हे महापुरुष! तपाईं को हुनुहुन्छ? कहाँबाट आउनुभयो? अनि यी बोकिल्याएकी महिला को हुन्? किन बोकिल्याउनुभएको हो?" यसको उत्तरमा

रावण भन्दछ, "हे सुन्दरी! लङ्काको राजा रावण भनेको मै हुँ। मैले श्रीमहादेवको आराधना गर्दा खुसी भएर उनले आफ्नी पत्नी पार्वती मलाई दिई पठाए। यी उनै पार्वती हुन्। अहिले म यिनलाई बोकी लङ्कातर्फ जाँदै छु।" यस्तो सुनी मोहिनीरूप विष्णु भन्नुहुन्छः

> हे महाराज! ती के पार्वती हुन् र! तपाईंलाई लाज लाग्दैन?श्रीमहादेवका मायाले बनाएकी स्त्री तपाईंजस्ता महावीरले बोकी हिँड्न सुहाउँदैन। अरूले देखे भने के भन्नन्? ती ता पार्वती होइनन्। तपाईंलाई महादेवले झुक्याएछन्। साँच्चैकी पार्वती मागी लैजाने भए पार्वती बस्ने ठाउँ तपाईंलाई भन्दछु, सुन्नुहोस्। महादेवले आसनका रूपमा प्रयोग गर्ने बाघको छालाभित्र साँच्चैकी पार्वती लुकाएर राखेका छन्। अब तपाईंले तिनै पार्वतीलाई मागेर लग्नुहोला।

मोहिनीरूप विष्णुका यस्ता कुरा पत्याई पार्वतीलाई बाटमै छाडी रावण फर्केर कैलाशमा गयो। अनि विष्णुले पार्वतीलाई वैकुण्ठमा लगी नाना तरहसँग पूजा गरी राख्नुभयो। उता श्रीमहादेव विष, भाङ, धतुरो खाई बिचेत अवस्थामा नै रहनुभएको समयमा रावण पुगी बिन्ती गर्न लाग्यो, "हे ईश्वर! हजुरले मलाई छली मायाले एउटी महिलाको सृजना गरी दिनुभएछ, मैले थाहा नपाई लिएर गएको थिएँ, तिनलाई बाटैमा फाली आएँ। अब दिने भए हजुरले

आसन गरी राखेको बाघको छालाभित्रकी पार्वती पाऊँ।" रावणका यस्ता वचन सुनी श्रीमहादेवले ध्यानदृष्टिले विचार गरी हेर्दा पार्वतीलाई विष्णुले लगेको थाहा पाई मायाले अर्की एउटी महिला सृजना गरी आसन गरिराखेको बाघको छालाभित्रबाट निकाली 'लौ लैजा!' भनी दिनुभयो। रावण पनि खुब खुसी भई महादेवलाई प्रणाम गरी महादेवले मायाले सृजना गर्नुभएको महिलालाई काँधमा बोकी लङ्का गयो। त्यसपछि विष्णुले पार्वतीलाई श्रीमहादेवकहाँ पुऱ्याउनुभयो।

हे अगस्त्य मुनि! तहाँपछि एक दिन पार्वतीसँग सल्लाह गरी श्रीमहादेव मानसरोवरमा गई राजहंस भई जलक्रीडा गर्न लाग्नुभयो। त्यसै वेला अन्तःपुर नाम गरेको सहरमा बस्ने जालन्धर आफ्नी पतिव्रता स्त्री वृन्दासित ख्यालठट्टा गरिरहेको थियो। यसै क्रममा जालन्धर आफ्नी पत्नी वृन्दालाई हेरी खुसीले गदगद हुँदै हाँस्न थाल्यो। त्यस्तो देखी वृन्दाले 'हे स्वामी! किन हाँस्नुभयो?' भनी सोधिन्। जालन्धर भन्दछ, "हे प्रिये! अरू कुराले हाँसेको होइन, तिमीजस्ती परम सुन्दरी पत्नी यस संसारमा अरूको हुन दुर्लभ छ भन्ने विचारले हाँसेको हुँ।" यस्तो सुनी वृन्दा भन्दछिन्, "हे स्वामी! म के राम्री छु र! श्रीमहादेवकी पत्नी पार्वतीलाई देख्नुभयो भने कसो गर्नुहोला।" त्यसपछि जालन्धर भन्दछ "हे

प्रिये! के यो कुरा साँचो हो? उसो भए म पार्वतीलाई छल गर्न जान्छु।" वृन्दासित यति भन्दै श्रीमहादेवको रूप लिई पार्वतीलाई छल गर्नका लागि जालन्धर कैलाश पर्वतमा गयो। त्यहाँ श्रीमहादेव नै आउनुभयो भन्ने ठानी पार्वती हातमा कमण्डलु लिई गोडा धुनका लागि हत्पताउँदै ढोकामा आइन्। यसरी पार्वतीलाई देख्नासाथ श्रीमहादेवको वेशमा आएको जालन्धर मूर्च्छा परी भूमिमा गिऱ्यो। तब जगन्माता पार्वती ध्यानदृष्टिले विचार गर्दा श्रीमहादेवको रूप लिई आफूलाई छल गर्न भनी जालन्धर आएको थाहा पाई द्वारपाललाई 'हे नन्दी! हे भृङ्गी! यहाँ कोही आयो भने भित्र नपठाउनू' भनी रिसाएर कसैले नदेख्ने ठाउँमा गई लुकी विष्णुको आराधना गर्न लागिन्। पार्वतीले रिसाएर आराधना गरेको अन्तर्यामी (मनका कुरा थाहा पाउने) भगवान् श्रीविष्णुले थाहा पाई शङ्ख, चक्र, गदा, पद्म हातमा लिई गरुडमाथि सवार भई तत्कालै हावाको वेगभन्दा पनि दोब्बर छिटो गतिमा पार्वतीकहाँ पुगी आज्ञा गर्नुभयो, "हे जगन्माता! मलाई किन आराधना गर्नुभयो?" यस्तो सुनी पार्वती भन्दछिन्:

हे वैकुण्ठनाथ! अहिले श्रीमहादेव मानसरोवरमा जलक्रीडा गर्दै आनन्दमा रहनुभएको छ। यस्तो अवसर पारी पापिष्ठ जालन्धर मलाई छल गर्न भनी श्रीमहादेवको रूप लिई यहाँ आएको

> थियो। तत्काल मैले चाल पाइनँ र ‘श्रीमहादेव नै आउनुभएको हो’ भन्ने ठानी खुसी हुँदै गोडा धुन भनी ढोकामा जाँदा त्यो मलाई देख्नेबित्तिकै मूर्च्छित भयो। त्यसपछि ‘श्रीमहादेव भए यसरी मूर्च्छा पर्नुहुँदैनथ्यो’ भन्ने विचारले ध्यानदृष्टि दिँदा त्यो जालन्धर नै हो भन्ने पहिचान गरी द्वारपाललाई ‘यहाँ कसैलाई भित्र नपठाउनू’ भनी यस ठाउँमा आई तपाईंलाई आराधना गरेकी हुँ। अब कसो गर्ने होला?

यसरी पार्वतीका वचन सुनी विष्णु भन्नुहुन्छ, “हे जगन्माता! त्यो पापिष्ठ जालन्धर हजुरलाई छल गर्ने कुत्सित मनसायका साथ आएको हुनाले अब म त्यसकी पत्नी वृन्दाको सत्य डगाई आउनेछु, सन्देह नगर्नुहोला। तत्कालै गई श्रीमहादेवलाई पनि खोजी यहाँ पठाइदिन्छु।” विष्णु यति भन्दै पार्वतीसँग बिदा भई गरुडमा चढी अत्यन्त तीव्र गतिमा मानसरोवरतर्फ प्रस्थान गर्नुभयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां विष्णुमानससरोवरगमनं नाम षोडशोऽध्यायः ॥ १६ ॥

सप्तदशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छः

हे अगस्त्य मुनि! मानसरोवरमा श्रीमहादेव राजहंस भई अनेक हंसिनीहरूसँग जलक्रीडा गरी आनन्दका साथ रहनुभएको थियो। त्यसै वेला बडो वेगका साथ विष्णु आएको देखी श्रीमहादेव आज्ञा गर्नुहुन्छ, “हे विष्णु! यस्तो तीव्र गतिमा यहाँ किन आउनुभयो? तपाईंलाई केही दुःख पर्‍यो कि?” यस्तो आज्ञा सुनी विष्णु गरुडदखि ओर्ली श्रीमहादेवलाई साष्टाङ्ग प्रणाम गरी भन्नुहुन्छः

> हे ईश्वर! हजुर यहाँ आएपछि जालन्धर हजुरको वेश गरी पार्वतीलाई छल्न कैलाशमा गएछ तर त्यहाँ पार्वतीलाई देख्नसाथ मूर्च्छा परेछ। त्यसपछि पार्वतीले आफूलाई छल गर्न आउने जालन्धर नै हो भन्ने चिनेर कसैले नदेख्ने ठाउँमा लुकी मलाई डाक्नुभयो। अनि म त्यहाँ गई सबै हाल बुझी यहाँ आएको हुँ। अब म त्यस जालन्धरकी पत्नी वृन्दाको पतिव्रताधर्म नष्ट गराई आउँछु।

यस्तो खबर सुनी श्रीमहादेवले राजहंसको रूप छाडी आफ्नै रूपमा आई रिसले आँखा राताराता पारी आज्ञा गर्नुभयो, “हे विष्णु! उसो भए म कैलाश जान्छु। तपाईं वृन्दाकहाँ गई तिनको पतिव्रता धर्म

नष्ट गराई आउनुहोस्। म त्यस पापिष्ठ जालन्धरलाई नमारी छाड्ने छैन।” यति भन्दै पाखुरा निमोठी रिसले चुर भई विष्णुलाई बिदा दिई त्यहाँदेखि अन्तर्धान भई कैलाशमा पार्वती लुकिरहेका ठाउँमा पुग्नुभयो। पार्वतीले श्रीमहादेव आएको देखी पाउ धोई दण्डवत् प्रणाम गरी जालन्धर आएदेखिका सबै कुरा बेलीविस्तार गरिन्। तब महादेव आज्ञा गर्नुहुन्छ, “हे पार्वती! म त्यस जालन्धरलाई नमारी छाड्ने छैन। विष्णु वृन्दाको सत्य डगाउन गएका छन्। उहाँ आउनेबित्तिकै युद्ध गरी जालन्धरको वध गर्नेछु।” यसरी शिवपार्वती आपसमा कुरा गर्दै रहे।

हे अगस्त्य मुनि! उता विष्णु जानन्धरको वेश लिई अन्तःपुरमा जानुभयो। जालन्धररूप विष्णु आएको देखी वृन्दाले आफ्ना स्वामी नै आएको ठानी ढोकामा गई पाउ धोई भित्र कोठामा राखी भन्न लागिन्, “हे स्वामी! तपाईं पार्वतीलाई छल गर्न जानुभएको कसो गरी आउनुभयो?” पार्वती मभन्दा कत्तिकी राम्री रहिछिन्? यसबारे सबै कुरा बताउनुहवस्।” यस्तो सुनी जालन्धररूप विष्णु भन्नुहुन्छ, “हे वृन्दे! पार्वतीलाई छल गर्न सकिने रहेनछ किनभने पार्वतीका घरभित्र जान लाग्दा ढोकामा बसेका डरलाग्दा द्वारपालदेखि डराई म फर्की आएँ।” वृन्दाले यस्तो कुरा सुनी ‘यो जालन्धर त होइन, कोही जालन्धरको रूप लिई मलाई छल गर्न आएको हुनुपर्छ’ भन्ने

शङ्का गरी ध्यानदृष्टिले हेर्दा विष्णु हुन् भन्ने पहिचान गरिन्। त्यसपछि 'केही जुक्ति गर्नुपर्‍यो' भन्ने विचारले वृन्दाले हाउभाउ कटाक्ष गरी विष्णुलाई मक्ख पारी भन्न लागिन्, "हे स्वामी! म केही भन्छु, मान्नुहुन्छ कि?" भन्दा वेशधारी विष्णुले 'जे भने पनि मान्छु' भनी वाचा गर्नुभयो। अनि वृन्दाले 'अरू कुरा केही होइन, म नआउन्जेल यहीं बसिरहनुहोला' भनेर विष्णुलाई कोठामा थुनी आफू अर्कै घरमा गएर बसिन्। वृन्दा अहिले 'आउलिन्, भरे आउलिन्' भन्दाभन्दै पाँच छ दिन बितेपछि पनि नआउँदा विष्णु चिन्तित हुँदै विचार गर्न लाग्नुभयो, "अब कसो गरूँ! यसै बसिरहुँ भने कति दिन बसिरहुँ! श्रीमहादेवले के भन्नुहोला? जाऊँ भने वाचाले हारिसकें, कसरी जाऊँ?" यस्तै तर्कवितर्कमा विष्णु समय व्यतीत गर्न लाग्नुभयो।

उता 'विष्णु जानुभएको यतिका दिन बितेपछि पनि किन फर्कनुभएन होला?' भनी श्रीमहादेवले ध्यानदृष्टिले विचार गरी पार्वतीसँग आज्ञा गर्नुहुन्छ, "हे पार्वती! वृन्दालाई छल गर्न गएका विष्णुलाई उल्टै वृन्दाले छल गरी कोठामा थुनेर राखेकी रहिछन्।" यति भन्दै श्रीमहादेवले आफ्ना मायाले सोह्र वर्ष उमेरको एउटा अत्यन्त सुन्दर भिक्षुक सृजना गरी आज्ञा गर्नुभयो, "हे भिक्षुक! तिमी अन्तःपुरमा जालन्धरका घरमा गई जालन्धरकी स्त्री वृन्दाले

कोठामा थुनेर राखेका विष्णुलाई मागी ल्याऊ।" महादेवको यस्तो आज्ञा सुनी ती भिक्षुकले 'हवस्' भनी जालन्धरका घर गई भिक्षा मागे। तब वृन्दाले झ्यालबाट हेर्दा अत्यन्त सुन्दर भिक्षुक आफ्ना आँगनमा उभिएको देखिन्। त्यसपछि वृन्दाले 'यस्तो राम्रो भिक्षुक त मैले आजसम्म देखेकी पनि थिइनँ, यहाँ मेरा घरमा कहिल्यै आएको पनि थिएन। यस योगीलाई भिक्षा दिनुपर्दछ' भन्ने विचार गर्दै भिक्षुकका नजिक गई वृन्दा भन्दछिन्, "हे योगी! के माग्न भनी आयौ?" तब भिक्षुक भन्दछन्, "केही माग्न भनी आएको छु, दिने भए माग्दछु, नदिने भए के माग्नु?" योगीका यस्ता वचन सुनी 'मैले दिनहुने कुरा, मसँग भएको जेसुकै मागे पनि दिन्छु' भनी वृन्दाले वाचा बाँधिन्। अनि भिक्षुकले 'अरू केही होइन, तिमीले थुनिराखेको मानिसलाई माग्दछु, त्यो एउटा देऊ' भनी मागे। तब वृन्दा विचार गर्दछिन् 'अब कसो गरूँ? यस योगीले छल गरी वाचा गराई माग्यो! दिऊँ भने कसरी दिऊँ? नदिऊँ भने वाचाले हारिसकेँ, जे सुकै भए तापनि वाचा हार्नु ठिक होइन' भनी आफूले कोठामा थुनिराखेका वेशधारी विष्णुलाई बाहिर ल्याई योगीलाई दिई पठाइन्। यसरी विष्णुलाई साथ लिई योगीले बाहिर निस्की तहाँदेखि अन्तर्धान भई कैलाशमा गएर श्रीमहादेवलाई सबै वृत्तान्त सुनाए।

यता बाहिर आएपछि विष्णु विचार गर्न लाग्नुभयो 'वृन्दाको सत्य डगाउन आएको, उल्टै थुनिएर बस्नुपर्‍यो। महादेवले के भन्नुहुन्छ होला?' यसरी चिन्तित हुँदै विष्णु गरुडमा सवार भई कैलाश जानुभयो। पहिले पार्वतीलाई देखेर मूर्च्छा परेको जालन्धर विष्णु गरुडमा चढी कैलाशमा पुग्दा गरुडका शब्द सुनेर होसमा आयो। त्यसपछि 'केको शब्द आएको होला?' भनी आँखा उघारी हेर्दा 'विष्णु कैलाशको रेखदेख गरी हिँड्दा रहेछन्, पार्वतीलाई छल गर्न सकिने रहेनछ, अब यहाँ नबसूँ, घर जाऊँ' भन्ने विचार गरी जालन्धर आफ्नो घर गयो। यता कैलाश पुगेपछि विष्णु श्रीमहादेव र पार्वतीलाई प्रणाम गरी अलग्गै बस्नुभयो। तब विष्णुलाई श्रीमहादेव आज्ञा गर्नुहुन्छ, "हे विष्णु! वृन्दालाई छल्न गएको यतिका दिनसम्म के गरिरहनुभयो? वृन्दाको सत्य डगाउनु सक्नुभयो?" महादेवका यस्ता वचन सुनी विष्णु बिन्ती गर्नुहुन्छः

> हे ईश्वर! हजुरका आज्ञाले म गएँ। उहाँ पुगेपछि वृन्दाले छल गरी 'म नफर्कुन्जेल यहीँ कोठामा बसिरहनू' भनी मलाई वाचा गराई आफू निस्किन्। त्यसपछि 'वृन्दा आउलिन्' भनी बस्दाबस्दा यतिका दिन बिते, वाचाबन्धनमा परेकोले आउन नसकी त्यसै खुम्चेर बस्न बाध्य भएँ। पछि एउटा योगीको साथ लगाई छोडिदिँदा हजुरको दर्शन गर्न आएँ।

यस्तो सुनेर श्रीमहादेवले ब्रह्मा, विष्णु आदि तेत्तिस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, नन्दी, भृङ्गी, प्रमथगण, भूत र प्रेतसमेत जम्मा गरी आज्ञा गर्नुभयो, “पापिष्ठ जालन्धरलाई तिमीहरू गई मारी आओ।” यस्तो सुनेर देवताहरू ‘हवस्’ भनी जान तयार भए। अनि महादेवले नारदलाई डाकी भन्नुभयो, “हे नारद! तिमी जालन्धरकहाँ गएर त्यससँग देवताहरू युद्ध गर्न आउन लागेकाले ‘तयार भएर बस्नू’ भन्ने खबर गर।” श्रीमहादेवबाट आज्ञा भएबमोजिम ‘हवस्’ भन्दै नारद जालन्धरका घर गए।

हे अगस्त्य मुनि! यता जालन्धर कैलाशबाट फर्की घर गयो। वृन्दाले आफ्ना स्वामी आएको देखिन् र गोडा धोई भित्र लगी भनिन्, “हे स्वामी! पार्वतीलाई छल गर्न जानुभएको कसो भयो?” यसको जवाफमा जालन्धर भन्दछः

> हे प्रिये! यहाँबाट महादेवको रूप लिई कैलाशमा गएँ। त्यहाँ पार्वतीले देखिन् र सुनको कमण्डलु लिएर मेरा गोडा धुन ढोकामा आइन्। त्यस वेला पार्वतीलाई पहिलो पटक देख्ने अवसर मिल्यो। ओहो! तिनीभन्दा सुन्दरी यस संसारमा अरू हुन मुस्किलै छ। त्यस्ती परम सुन्दरी पार्वतीको मुहार देख्नासाथ मेरो होसहवासै उड्यो र म मूर्च्छा परी भूमिमा गिरेँछु। पछि चेत आयो र उठी हेर्दा पार्वती कता गइन् केही थाहा भएन र फर्की आएँ।

जालन्धरका यस्ता वचन सुनी वृन्दा भन्दछिन्, “हे स्वामी! तपाईं जानुभएपछि तपाईंको रूप लिई विष्णु मलाई छल गर्ने उद्देश्यले आएका रहेछन्। मैले तत्कालै ‘विष्णु हुन्’ भन्ने पहिचान गरी धेरै दिनसम्म थुनेर राखें। त्यसपछि एउटा एकदम राम्रो योगीले आएर मागेकाले दिई पठाएँ।” वृन्दाका यस्ता वचन सुनी जालन्धर खुबै रिसाएर ‘हे वृन्दा! उसो भए पार्वतीलाई छल नगरी छाड्ने छैन, अब म फेरि जान्छु’ भनी बाहिर निस्केको मात्र थियो, त्यसै वेला श्रीमहादेवले पठाएका नारदजीसँग भेट भयो। जालन्धरलाई देख्नासाथ नारदले ‘हे जालन्धर! कहाँ जान लाग्यौ? भनी सोधे। जवाफमा जालन्धरले भिक्षा माग्न जान लागेको भन्ने बतायो। त्यसपछि नारद भन्दछन्:

> हे जालन्धर! तिमीले किन यसरी झुट्टा कुरा गरेको? तिमी कहाँ जान लागेका हौ भन्ने मलाई थाहा छ। तिमी पार्वतीलाई छल गर्न जान लागेका हौ। उता तिमीसँग युद्ध गर्न ब्रह्मा, विष्णु आदि सबै देवताहरू तयार भई आउन लागेका छन्। यही खबर तिमीलाई दिनका लागि म आएको हुँ। अब तिमी अन्यत्र जान नलाग। युद्धका लागि चाहिने सामग्री तयार गर।

नारदका यस्ता वचन सुनी ‘त्यसो भए अब म फर्कन्छु’ भन्दै जालन्धर घर फर्कियो। उसले वृन्दासँग भन्यो, “अब म लडाइँ गर्न

जान्छु। घरको स्याहारसम्भार गरे।" यति भन्दै जालन्धर वृन्दासित बिदा भई त्रिशूल हातमा लिई आफ्ना सबै सेना जम्मा पारी देवतासँग युद्ध गर्न कैलाशतर्फ गयो। यता नारदले जालन्धरलाई खबर दिई फर्की श्रीमहादेवकहाँ पुगी दण्डवत् प्रणाम गरी जालन्धरसँगको वृत्तान्त सब कहे। त्यसपछि श्रीमहादेवले ब्रह्मा, विष्णु आदि सबै देवताहरूलाई 'युद्ध गर्न जाओ' भनी बिदा दिनुभयो। तहाँपछि देवताहरू अनेक बाजा बजाउँदै सिंहनाद गर्दै कैलाशदेखि निस्के। बाटामा दुवैतर्फका सेनाको भेट हुँदा घोर घमासान युद्ध भयो। देवताहरूले कोलाहल शब्द गर्दै अघि सर्दै अनेक शस्त्रअस्त्र प्रहार गरे। देवताहरूले छोडेका शस्त्रअस्त्रले जालन्धरलाई केही गर्न सकेनन्। त्यस्तो देखी ब्रह्मादि देवताहरू दिक्दार भई आआफ्ना शस्त्रअस्त्र झिकी चुप लागिरहे। अनि इन्द्रले रिसाएर वज्र छोडे, त्यसले पनि केही गर्न सकेन। जालन्धर नटेरी तृणबराबर पनि नमानी चुप लागिरह्यो। फेरि वैकुण्ठनाथ विष्णुले रिसले चुर भएर पाञ्चजन्य शङ्ख बजाई कौमोदकी गदा घुमाई छोड्नुभयो। त्यसले पनि जालन्धरलाई छुँदै छोएन। यसरी देवताहरूले लगातार छोड्दै गएका विभिन्न शस्त्रअस्त्रहरूले जालन्धरलाई कुनै नोक्सान गर्न नसकेकाले देवताहरू निराश भए।

जालन्धरसँगको युद्धमा देवताहरूको केही सिप नलाग्दा विष्णुले 'अब यसरी भएन' भन्ने विचार गरी श्रीमहादेवका सामु गई बिन्ती गर्न लाग्नुभयो, "हे ईश्वर! जालन्धरलाई मार्नका लागि हामीले गरेका सबै प्रयासहरू विफल भए। यसमा हजुरबाहेक अरूको सामर्थ्य छैन, त्यसैले हजुर नै जानुपर्‍यो।" विष्णुका यस्ता वचन सुनी श्रीमहादेव आज्ञा गर्नुहुन्छ, "हे विष्णु! जालन्धरको वध गर्न नसक्नुको एकमात्र कारण त्यसकी पत्नी वृन्दाको पतिव्रता धर्म नै हो। यसको प्रभावले जालन्धरलाई कुनै पनि शस्त्रअस्त्रले छुनै सक्दैन। त्यसैले तपाईंले आफ्ना मायाले छोपी जालन्धरको वेश धारण गरी अन्तःपुरमा गई छल गरी वृन्दाको पतिव्रता धर्म नष्ट गराइदिनुहोला। त्यसपछि म जालन्धरको वध गर्नेछु।" श्रीमहादेवबाट यस्तो आज्ञा हुँदा विष्णु 'हवस्' भनी त्यहाँबाट बिदा भई जालन्धरको वेश लिई दायाँ हातले डमरु बजाई बायाँ हातले त्रिशूल समाई जालन्धरका घर पुग्नुभयो।

यता जालन्धररूप विष्णुलाई देखी वृन्दाले चाल नपाई हत्पताउँदै आई गोडा धोई भित्र लगी आसनमा बसाली बिन्ती गर्न लागिन्, "हे स्वामी! देवताहरूसँग युद्ध गर्न जानुभएको कसो गरी आउनुभयो?" यस्तो सुनी जालन्धररूप विष्णु भन्नुहुन्छ, "हे वृन्दे! देवताहरूसँग लामो समयसम्म युद्ध गर्दा थकाई लागेकाले विश्राम गर्न आएको

हुँ। अहिले भोक लागिरहेको छ, अब भोजन तयार गर।" तब वृन्दाले नाना तरहका चौरासी व्यञ्जन तयार पारी भोजन गराइन्। रात परेपछि वृन्दासित अनेक तरहका कुरा गरी विष्णुले उनको पतिव्रता धर्म नष्ट गराइदिनुभयो। रात बितेपछि जालन्धरको रूप छाडी आफ्नै स्वरूपमा आई शङ्ख, चक्र, गदा, पद्म हातमा लिई दर्शन दिनुभयो। तब वृन्दा क्रुद्ध भई 'हे पापिष्ठ विष्णु! तिमीले कपट गरी मेरो पतिव्रता धर्म नष्ट गराइदियौ' भन्दै निकै चिन्तित भइन्। त्यसपछि विष्णु आज्ञा गर्नुहुन्छ, "हे वृन्दा! जालन्धरलाई त श्रीमहादेवले हिजै मारिसक्नुभयो होला। अब मजस्तो वैकुण्ठको अधिपतिलाई स्वामी बनाउन पाएपछि तिमीले कुनै फिक्री गर्नुपर्दैन। हे वृन्दे! तिमीलाई पत्यार लाग्दैन भने केही बेरपछि समाचार पाउली।" यस्ता तरहले विष्णुले वृन्दालाई बुझाउने प्रयास गर्नुभयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां वृन्दापतिव्रताधर्महरणं नाम सप्तदशोऽध्यायः ॥ १७ ॥

अष्टादशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छः

हे अगस्त्य मुनि! तिमी एकचित्त भई सुन। श्रीमहादेव विष्णुलाई बिदा दिई जालन्धरसँग युद्ध गर्न जानुभयो। श्रीमहादेव र जालन्धरका बिचमा घोर सङ्ग्राम भयो। युद्ध चलिरहेकै समयमा उता विष्णुले वृन्दाको पतिव्रताधर्म नष्ट गराउनुभएकाले जालन्धर निर्बल हुँदै गयो। त्यसपछि ऊ महादेवसँग युद्ध गर्न नसकी आकाशमा गएर मायायुद्ध गर्न लाग्यो। तब महादेवले पनि आकाशमा गई युद्ध गर्दा जालन्धरको बल सकिँदै गयो। त्यस्तो देखी श्रीमहादेवले 'अब त विष्णुले वृन्दाको सत्य डगाइसकेछन्' भन्ने थाहा पाईरिसले चुर भई तीनै आँखाबाट आगाको ज्वाला निकाली आफ्ना हातमा रहेको त्रिशूल उठाई जालन्धरको छातीमा रोप्नुभयो। त्रिशूलको प्रहारले जालन्धरको मृत्यु भयो र त्यसको मृतशरीर अन्तःपुरको चोकको बिचमा आएर ठुलो आवाज गर्दै बजारियो। यता त्यस्तो आवाज सुनेर 'केको आवाज होला?' भनी वृन्दा हेर्न गइन्। त्यहाँ आफ्नै स्वामी जालन्धरको मृतशरीर पछारिन आएको देखी वृन्दा अत्यन्त चिन्तत हुँदै नाना तरहले विलाप गर्न लागिन्। शोकाकुल हुँदै वृन्दा भन्दछिन्, "हे स्वामी! मलाई यस्तो अवस्थामा एक्लै छाडी तपाईं कहाँ जानुभयो? पापिष्ठ विष्णुले छल

गर्दा तपाईंको यस्तो अवस्था भयो! हे नाथ! तपाईंविना अब कसरी बाँच्ने? तपाईं जहाँ जानुहुन्छ मलाई पनि उहीं लग्नुहोस्।" यसरी शोक गर्दै केश फिँजाई विष्णुको मुख हेरी वृन्दा भन्दछिन्, "हे पापिष्ठ विष्णु! तिमीले जाल गरी मेरो पतिव्रता धर्म नष्ट गराइदिंदा आज मेरा स्वामीको यस्तो अवस्था भयो। अब म तिमीलाई सराप दिन्छु। हे विष्णु! तिमीले झार हुनुपरोस्, घाँस हुनुपरोस्, ढुङ्गा हुनुपरोस् र रुख हुनुपरोस्।" यसरी विष्णुलाई सराप दिई वृन्दाले जालन्धरका साथ सती गई प्राणत्याग गरिन्।

हे अगस्त्य मुनि! पतिव्रताले सराप दिएकी हुनाले विष्णुलाई झार हुनुपरोस् भनेकोमा तुलसी हुनुपर्‍यो, घाँस हुनुपरोस् भनेकोमा कुश हुनुपर्‍यो, ढुङ्गा हुनुपरोस् भनेकोमा शालग्राम हुनुपर्‍यो र रुख हुनुपरोस् भनेकोमा पीपलको रुख हुनुपर्‍यो। यसरी तुलसी, कुश, शालग्राम र पीपलस्वयं नारायण हुन् भनेर सबैले पूजा गर्दैआएका छन्।

हे अगस्त्य मुनि! पतिव्रता धर्म भनेको बडो ठुलो धर्म हो । त्यसको प्रभाव देखिहाल्यौ । यसरी विष्णुले वृन्दाबाट सराप पाई श्रीमहादेवकहाँ गई सबै कुराको बेलीविस्तार गरे । अब वृन्दाको सराप मोक्ष गर्न जान्छु भनी महादेवसित बिदा भई विष्णु तुलसी, कुश, शालग्राम र पीपल भएर रहनुभयो। विष्णु गएपछि श्रीमहादेव आफ्ना वाहन नन्दीमा सवार भई ब्रह्मादि देवताहरूलाई अघिपछि लगाई नाच, गान, बजानका बिचमा आकाशबाट पुष्पवृष्टि गराउँदै ठुलो उत्सवका साथ कैलाश प्रवेश गर्नुभयो । त्यसपछि सबै देवताहरू श्रीमहादेवसँग बिदा भई आआफ्ना आश्रममा गए । श्रीमहादेव पनि प्रमथगणसमेत भई शिवशक्ति स्वरूपले ठुलो आनन्दमा रहनुभयो ।

हे अगस्त्य मुनि! यति स्वर्गका कुरा कहेँ, अब पातालका कुरा कहन्छु। तिमी एक चित्त भई सुन। पार्वतीका आज्ञाले अश्वत्थामा ऋषि श्रीस्वस्थानी परमेश्वरीको व्रत गराउने उद्देश्यले पातालको मूल रसातल पातालमा पुगे। त्यो पाताल सूर्यजस्तै चहकिलो थियो। त्यहाँका सुवर्णमय नगरहरू रङ्गीबिरङ्गी बहुमूल्य रत्नहरूले झकिझकाउ थिए। त्यहाँका शेष, अनन्त, वासुकी, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट, शङ्ख, वरुणजस्ता नागहरू अनगिन्ती सम्पत्तिले सम्पन्न थिए। नागिनीहरू पनि हीरा, मोती, मणि,

माणिक्यजस्ता बहुमूल्य रत्न जडिएका गरगहना र रङ्गीचङ्गी वस्त्रहरूद्वारा सजिएर एउटीभन्दा अर्की राम्री भएर घुमफिर गर्दा नगरको शोभा बढ्न गएको देखिन्थ्यो। अश्वत्थामा ऋषि त्यस्तो नगरमा पुगी शेषनागका घरमा गई भन्दछन्, “हे शेषनाग! पार्वतीका आज्ञाले श्रीस्वस्थानी परमेश्वरीको व्रत गराई दीनदुःखीको उद्धार गर्ने उद्देश्यले म यहाँ आएको हुँ। त्यसैले यहाँ कोही दुःखी छन् कि?” अश्वत्थामाका यस्ता वचन सुनी शेषनाग भन्दछन्, “हे अश्वत्थामा ऋषि! यहाँ त्यस्ता दुःखी कोही छैनन्। त्यस वनका नगिचमा शङ्खचूड, रत्नचूड, कृपादत्त र धार्तराष्ट्र नाम गरेका नागका घर छन्। तिनका स्त्रीहरू दुःखमा छन्। त्यहाँ गई सोध्नुहोला।”

यति सुनेपछि अश्वत्थामा ऋषि ती नागिनीहरू बसेका स्थानमा गए। शङ्खचूडकी स्त्री हीरावती, रत्नचूडकी स्त्री रत्नावती, कृपादत्तकी स्त्री पद्मावती र धार्तराष्ट्रकी स्त्री मृगावती यिनै स्त्रीपुरुषहरू परस्परमा प्रीतिले रहेका थिए। दुःख पाएर घरमा बस्न नसकी नागहरू परदेश जान बाध्य भए। नागिनीहरू दुःखिनी हुँदा पनि धर्ममा रहेका थिए। नागहरू परदेश गएपछि नागिनीहरू ‘अब के गरौँ? कता जाऔँ?’ भनी चारैओटीले सल्लाह गरी घर छाडी वनमा बसी दुःखले दिन काट्न लागे। यस्ता तरहले बाह्र वर्ष

बिते तैपनि ती नागनागिनी दम्पतीको भेट भएन। अश्वत्थामा ऋषिले यस्ता दुःखमा परेका नागिनीहरूलाई बोलाउँदै गए। नागिनीहरूले गुफादेखि निस्की हेर्दा अश्वत्थामा ऋषिलाई देखी 'हे ऋषीश्वर! आज हाम्रा घरमा के कामले पाल्नुभयो?' भनी सोधे। अश्वत्थामा भन्दछन्, "हे नागिनी हो ! पार्वतीका आज्ञाले जो दुःखी छन्, जो दरिद्र छन्, जसका पति छैनन्, जसका पत्नी छैनन् तिनलाई श्रीस्वस्थानी परमेश्वरीको व्रत गराई उद्धार गर्न आएको हुँ।" नागिनीहरूले यस्तो सुनी मनमा आनन्द मानी 'हे ऋषीश्वर! हामी दुःखिनी पनि छौँ, पापिनी पनि छौ, सम्पत्ति पनि छैन, पति पनि घरमा छैनन्, सन्तान पनि छैनन्, तसर्थ त्यो व्रत गराउनुहोस्' भने। त्यसपछि नागिनीहरूले नागहरू परदेश गएका र आफूहरूले नाना तरहका दुःख पाएको वृत्तान्त सुनाउँदै ऋषिलाई आदरसत्कारका साथ आसनमा बसाले। अनि अश्वत्थामा भन्दछन्ः

हे नागिनी हो! एक चित्त भई सुन। सत्ययुगमा हिमालय पर्वतकी पुत्री पार्वतीले 'श्रीमहादेव स्वामी पाऊँ' भनी गरेको श्रीस्वस्थानी परमेश्वरीको व्रतविधि बताउँछु। पौष शुक्लपूर्णिमाका दिन हातगोडाका नङ काटी स्नान गरी शुद्ध भई एकभक्त रही एकचित्त गरी 'मेरो फलानो कामना सिद्ध होओस्' भनी महिना दिनसम्म मध्यान्ह कालमा श्रीमहादेवको

पूजा गर्नू। श्रीस्वस्थानी परमेश्वरीको कथा सुन्नू। महिना दिन पुगेपछि माघ शुक्लपूर्णिमाका दिन एक सय आठ रोटी, एक सय आठ अक्षता, एक सय आठ बेलीपुष्प, एक सय आठ कुड्का सुपारी, एक सय आठ पान, जातजातका फूल र अरू सगुन तयार गरी आरसीमा ॐकार लेखी गङ्गाजलले स्नान गराउनू। श्रीखण्ड, रक्तचन्दन, सिन्दूर, फलफूल र वस्त्र पहिराउनू। धूप, दीप, नैवेद्य, वस्त्र, कस्तूरी र भेटी चढाउनू। श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्नू, अर्घ्य दिनू, जपध्यान गर्नू र स्तोत्रपाठ गर्नू। अनि प्रसाद झिकी एक सय आठमध्येबाट आठ रोटी, आठ अक्षता, आठ बेलीपुष्प, आठजोर जनै, आठ पान, आठ कुड्का सुपारी र सगुनसमेत आफ्ना पतिलाई दिनू। पति नभए छोरालाई दिनू। छोरा नभए मितछोरालाई दिनू र मितछोरा पनि नभए जुन कामनाले व्रत गरेको हो ‘मेरो सो कामना सिद्ध होओस्’ भनी गङ्गामा लगी बगाउनू। सय रोटी आफूले फलाहार गर्नू। रातभर जाग्राम गरी उनै परमेश्वरीको महिमा सुन्नू सुनाउनू। श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले तिमीहरूको दुःख नाश हुनेछ। नागहरू पनि आइपुग्नेछन्। तिमीहरूको इच्छासिद्धि होला, यसमा अन्यथा नमान।

यसरी अश्वत्थामाले भनेपछि नागिनीहरू बहुतै खुसी हुँदै भन्न लागे, "हामी स्त्री जातिलाई त्यस्तो ज्ञान कहाँ होला! तपाईं नै बसी त्यो व्रत गराई हामी अभागिनीहरूको उद्धार गरी जानुहोला।" नागिनीहरूले यति भन्दै अश्वत्थामा ऋषिलाई आफ्ना घर लगी श्रद्धापूर्वक भोजन गराई घरमा नै बसालिराखे। तहाँपछि पौष शुक्लपूर्णिमाको दिन आयो। अश्वत्थामाले विधिपूर्वक श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गराए। महिना दिन पुग्यो र माघ शुक्लपूर्णिमाका दिन सबै सामग्री तयार गराई श्रीस्वस्थानी परमेश्वरीको पूजा गराइसकी ऋषिले 'हे नागिनी हो! अब अर्घ्य दिई ध्यान, जप र स्तोत्र पाठ गर' भने। नागिनीहरूले अर्घ्य दिई अञ्जलि बाँधी 'हे ईश्वरी! हामी पापिनीका पूजादेखि खुसी भई यस दुःखका समुद्रदेखि पार गराउनुहोस्' भनी स्तुति गर्दा पूर्व दिशादेखि हजार सूर्यको जस्तो तेज भएकी श्रीस्वस्थानी परमेश्वरीले प्रत्यक्ष दर्शन दिई भन्नुभयो, "हे भक्तजन! तिमीहरूका भक्तिदेखि म खुसी भएँ, वरदान लेओ।" ईश्वरीले यसरी आज्ञा गरेको सुनी नागिनीहरू हर्षित हुँदै बिन्ती गर्दछन्, "हे ईश्वरी! हाम्रा नागहरू चाँडै आइपुगुन् र हाम्रो दुःख नाश होस्।" यस्तो सुनी ईश्वरीले 'तथास्तु' भनी वरदान दिनुभयो र त्यहाँदेखि अन्तर्धान हुनुभयो।

यता नागिनीहरूले वरदान पाएपछि प्रसाद झिक्न लाग्दा श्रीस्वस्थानी परमेश्वरीका व्रतका प्रभावले नागहरू आइपुगे र नागिनीहरूले मनमा आनन्द मानी श्रीस्वस्थानी परमेश्वरीका प्रसादबाट आठ रोटी, आठ अक्षता, आठ बेलीपुष्प, आठ जनै, आठ पान, आठ कुड्का सुपारी र सगुनसमेत आआफ्ना पतिलाई दिई प्रणाम गरे। अश्वत्थामा ऋषिलाई श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराए। अश्वत्थामा बिदा भई आफ्नो आश्रममा गए। नागनागिनीहरू त्यस दिनदेखि असङ्ख्य सम्पत्ति पाई ठुलो आनन्दले रहे।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां नागिनीस्वस्थानीव्रतकृतं नाम अष्टादशोऽध्यायः ॥ १८ ॥

ऊनविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छः

हे अगस्त्य मुनि! यति पातालका कुरा कहें, अब मर्त्यमण्डलका कुरा कहन्छु। मर्त्यमण्डलका दक्षिण भागमा ब्रह्मपुर नाम गरेको सहर छ। त्यहाँ असङ्ख्य सम्पत्ति पाई वेद, पुराण र नाना शास्त्रहरूको अभ्यास गरी ब्राह्मणहरू आफ्ना ब्रह्मकर्ममा रहेका थिए। त्यसै नगरमा शिवभट्ट नाउँ गरेका ब्राह्मण अति गरिब थिए। यसरी गरिब भए पनि तिनमा लोभमोह थिएन, उनी आफ्नो कर्म छोड्दैनथे र झुटो बोल्दैनथे। तिनकी सती नाउँ गरेकी ब्राह्मणी थिइन्। ती दुवै स्त्रीपुरुष बहुतै मिलेर बसेका थिए। घरमा सम्पत्ति नहुँदा तिनीहरूले धेरै दुःख खेपे। एक दिन शिवभट्टले सतीसँग भने, "हे प्रिये! हाम्रा घरमा सम्पत्ति नभएकाले हामीले धेरै दुःख पाएका हौं। अब सम्पत्ति पाउनका लागि सिद्धिगणेशको आराधना गरौं।" यस्तो सुनी सतीले 'हवस्' भनिन् र दुवै स्त्रीपुरुष हरेक मङ्गलबार बिहानपख सिद्धिगणेशको श्रद्धापूर्वक महाकष्टले पूजाआराधना गर्न लागे।

यसरी निरन्तर आराधना गरेको आठ दश वर्ष बितेपछि एक दिन सिद्धिगणेशले प्रसन्न भई प्रत्यक्ष दर्शन दिई भन्नुभयो, "हे शिवभट्ट

ब्राह्मण! हे सती ब्राह्मणी! तिमीहरूले गरेको पूजाआराधनाबाट म खुसी भएँ, जे इच्छा छ वरदान माग।" गणेशजीले यसरी आज्ञा गरेको सुनी शिवभट्ट ब्राह्मणले साष्टाङ्ग प्रणाम गरी अञ्जलि बाँधी 'हे गणनायक! अरू के वरदान मागौँ, पूर्वजन्ममा दान नगरेको हुनाले यस जन्ममा सम्पत्ति नभई दुःख पायौँ। अहिले सम्पत्ति प्राप्तिका लागि हजुरको सेवामा समर्पित भएका छौँ। सम्पत्ति दिई हाम्रो दुःख हरण गर्नुहोस्' भनी बिन्ती गरे। यस्तो सुनेर गणेशजी भन्नुहुन्छः

> हे शिवभट्ट! आजका आठौँ दिन मङ्गलबारको बिहानीपख यहाँ आई यसै गरी मेरो पूजा गर्नू। त्यस वेला मेरा अगाडि जे देखौला त्यसलाई घर लगी तसलामा राखी माथिबाट तसलैले छोपिदिनू। चार दिन पुगेपछि माथिबाट छोपेको तसला उघारी हेर्नू, सुनमा परिणत भएको पाउनेछौ। त्यसपछि तिमीहरू सम्पत्ति प्राप्त गरेर सुखी हुनेछौ। तिमीहरूलाई सम्पत्ति मिलोस् भन्ने वरदान दिएँ। अब घर जाओ।

यस्तो आज्ञा सुनी शिवभट्ट र सती अत्यन्त हर्षित हुँदै गणेशजीलाई प्रणाम गरी घर गए। गणेशजी पनि अन्तर्धान हुनुभयो। त्यसपछि मङ्गलबार बिहानीपख ती दुवै स्त्रीपुरुष पूजासामग्री लिई सिद्धिविनायकको स्थानमा गए। त्यहाँ तिनीहरूले एउटा लड्डु

देखे। पहिलेकै जसरी पूजा गरिसकेर त्यो लड्डु घरमा लगी तसलामा राखी माथिबाट तसलैले छोपिदिए। चार दिन पुगेपछि उघारी हेर्दा सुनको लड्डु भएको देखी खुसी भएर जतनसँग राखे। त्यस दिनदेखि शिवभट्ट र सती ब्राह्मणी असङ्ख्य सम्पत्ति पाई सुखपूर्वक रहन थाले।

सम्पत्तिको अभावमा पहिले शिवभट्ट र सती दश घर डुली भिक्षा मागी खाने गर्दथे। सम्पत्ति पाएपछि शिवभट्ट सतीसँग भन्दछन्, "हे सती! पूर्वजन्ममा दान नगरेकाले यस जन्ममा दरिद्र भई दुःख पायौँ। अहिले सिद्धिगणेशका कृपाले धनी भएका छौँ। यस जन्ममा पनि दान नगरे अर्को जन्ममा दरिद्र हुनेछौँ। यसउसले दानधर्म गर्दै गरौँ।" शिवभट्टका यस्ता वचन सुनी सतीले 'हवस्' भनिन् र दुवै जना नित्य गङ्गामा गई स्नान गरी हरिहर (विष्णु र शिव)को पूजा गरी सुवर्णादि नाना द्रव्य दान गर्न थाले। यसरी दान गरेकाले तिनीहरूको सम्पत्ति बढ्दै गयो। त्यस्तो देखी शिवभट्टले फेरि आफ्नी स्त्रीसित भने, "हे सती! हाम्रा सन्तान छैनन्, वृद्ध अवस्था भयो, सम्पत्तिले मात्र के गर्नु? यसको रक्षा कसले गरिदेला? यसका लागि सन्तानको आवश्यकता पर्दछ। त्यसैले सन्तान प्राप्तिका लागि फेरि श्रीगणेशको सेवा गरौँ।" शिवभट्टका वचन सुनी सतीले 'हवस्' भनिन् र दुवै जना पहिलेजस्तै हरेक

मङ्गलबार बिहानीपख सिद्धिगणेशको पूजाआराधना गर्न लागे। यसबाट खुसी भई सिद्धिगणेश भन्नुहुन्छ, "हे शिवभट्ट! हे सती! तिमीहरूले गरेको सेवा देख्दा म प्रसन्न भएँ, वरदान माग।" यस्तो सुनेर दुवै स्त्रीपुरुष अञ्जलि बाँधी बिन्ती गर्दछन्, "हे सिद्धिविनायक! हजुरका कृपाले सम्पत्ति पायौँ तर हाम्रा सन्तान छैनन्। त्यो सम्पत्तिको रक्षा कसले गरिदेला? तसर्थ सन्तान हुने वर दिनुहोस्।" यस्तो सुनी सिद्धिगणेश आज्ञा गर्नुहुन्छः

> अब अर्को मङ्गलबारका दिन यसै गरी आई पूजा गर्नू। त्यस वेला एउटी गाई आई तिमीहरूको मुख हेरिरहलिन्। तिमीहरूले पनि गाईको मुख हेरी पूजा गर्नू। उहाँपछि गाईले गोब्याउलिन्। त्यो गोबर भूमिमा पर्न नपाउँदै थापी घर लगी तसलामा राखी माथिबाट तसलैले छोपिदिनू। चार दिनपछि हेर्नू। त्यस गोबरदेखि कन्या उत्पन्न होलिन्। पुत्र सन्तान भने तिमीहरूलाई प्राप्त हुँदैन।



यस्तो आज्ञा सुनी शिवभट्ट र सती ‘हवस्’ भनी हर्षित हुँदै गणेशजीलाई साष्टाङ्ग प्रणाम गरी घर फर्के। अर्को मङ्गलबार बिहानीपख पूजासमग्री लिईदुवै स्त्रीपुरुष गणेशको मन्दिरमा गई पूजा गर्दा गाई आई तिनीहरूलाई हेरिरहिन्। त्यस्तो देखी गणेशजीको पूजा सकी गाईको मुख हेरी पूजा गरे। अनि गाईले गोब्याइन्। त्यो गोबर भूमिमा पर्न नपाउँदै शिवभट्टले हातमा थापे। त्यसपछि दुवै स्त्रीपुरुषले गणेशजीलाई प्रदक्षिणा गरी गोबर घरमा लगी तसलामा राखी माथिबाट तसलैले छोपिदिए। चार दिनपछि तसला उघारी हेर्दा त्यस गोबरदेखि कन्या उत्पन्न भइरहेकी देखे। कस्ती कन्या भने मध्यान्ह कालका सूर्यको जस्तो तेज भएकी, गरुडको जस्तो केश भएकी, मृगका जस्ता आँखा भएकी, पूर्णिमाका चन्द्रमाजस्तो मुहार भएकी, वासुकी नागजस्ता हात भएकी, सिंहको जस्तो कम्मर भएकी, सावित्रीका जस्ता पैताला भएकी र लक्ष्मीको जस्तो शरीर भएकी यस्ती परमसुन्दरी कन्या उत्पन्न भएकी देख्दा तिनलाई तसलाबाट झिकी राम्ररी स्याहारसुसार गरेर राखे। ती नवजात शिशुलाई दुध भएन र फेरि मङ्गलबारका दिन बिहानीपख सिद्धिविनायकका स्थानमा गई पूजा गरे। गणेशजी प्रसन्न भई ‘हे ब्राह्मण! हे ब्राह्मणी! जे इच्छा छ माग’ भन्नुभयो। शिवभट्टले ‘हे गणेशजी! हजुरका कृपाले पुत्री प्राप्त भयो तर तिनलाई खुवाउने दुध भएन, यही बिन्ती गर्न आएको हुँ’

भने। शिवभट्टका कुरा सुनी 'त्यस शिशुलाई दुध दिएँ' भनी गणेशजी अन्तर्धान हुनुभयो। त्यसपछि घर गएर सतीले आफ्ना स्तन निचोरी हेर्दा दुध आयो र शिशुलाई स्तनपान गराइन्।

पुत्री प्राप्तिपछि शिवभट्ट दम्पती निकै खुसी भए। सीता उत्पन्न हुँदा राजा जनकलाई भएजस्तै आनन्दको अनुभूति शिवभट्ट र सतीलाई पनि भयो। तिनीहरूले ब्राह्मणहरूलाई डाकी आफ्ना मर्यादाले न्वारान गराए। ब्राह्मणहरूले 'हे शिवभट्ट! गाईका गोबरदेखि उत्पन्न भएकी हुनाले यस शिशुको नाम गोमया (गोमा) भयो। यिनी भाग्यमानी हुनेछिन् र यिनलाई सबै लोकले मान्नेछन्' भने। शिवभट्टले ब्राह्मणहरूलाई श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराई बिदा गरे।

शुक्लपक्षका चन्द्रमा झैँ गोमा दिनदिनै बढ्दै पाँच वर्षकी भइन्। त्यस वेला शिवभट्ट र सती दैनिक पूजापाठ र दानधर्ममा बढी ध्यान दिने गर्दथे। गोमा पाँच वर्षकी भएपछि ती दुवै स्त्रीपुरुषले गोमालाई पूजा गर्ने अक्षता केलाउन लगाई आफू गङ्गाजीमा गई नित्य स्नान गरी हरिहरको पूजा गरी सुवर्णादि द्रव्य दान गरी घर आउने गर्दथे। यसरी धेरै दान गर्दा इन्द्रको सहर अमरावती काँप्न थाल्यो। इन्द्रले डराई तेत्तिस कोटि देवतासमेत भई कैलाश पर्वतमा गई श्रीमहादेवसित बिन्ती गरेः

> हे जगदीश्वर! मर्त्यमण्डलका दक्षिण भागमा ब्रह्मपुर नाउँ गरेको सहर छ। त्यहाँ शिवभट्ट र सती नाउँ गरेका ब्राह्मण दम्पती छन्। तिनले हजुरका पुत्र श्रीगणेशजीको सेवा गरी असङ्ख्य सम्पत्ति प्राप्त गरे। सम्पत्ति पाएपछि दुवै स्त्रीपुरुष नित्य स्नान गरी हरिहरको पूजा गरी सुवर्णादि नाना द्रव्य दान गर्न थाले। हे करुणानिधान! पहिले तिनका सन्तान पनि थिएनन्। यसका लागि श्रीगणेशको सेवा गरे। गणेशजी प्रसन्न भई सबै लक्षणले युक्त परम सुन्दरी कन्या सन्तान पनि प्रदान गरे। शिवभट्ट र सतीले धेरै दान गर्नथाले। यसरी तिनले धेरै दानधर्म गर्दा मेरो अमरावती थर्कन थालेको छ। हे प्रभो! मेरो रक्षा गर्नुहोस्। हजुरले रक्षा नगरेमा मैले अमरावतीबाट निस्कनुपर्नेछ।

इन्द्रका यस्ता वचन सुनी श्रीमहादेव आज्ञा गर्नुहुन्छ, "हे इन्द्र! नडराऊ, म रक्षा गरूँला, तिमी अमरावती जाऊ।" यस्तो सुनी 'हवस्' भनी श्रीमहादेवलाई साष्टाङ्ग प्रणाम गरी इन्द्र अमरावती गए। अनि पछि श्रीमहादेवले इन्द्रको रक्षा गर्नका निमित्त जटामुकुटधारी भिक्षुक रूप भई शरीरमा भस्म लेपन गरी बायाँ हातमा त्रिशूल लिई दाहिने हातले डमरु बजाउँदै शिवभट्ट ब्राह्मणका घर गई भिक्षा माग्नुभयो। त्यस वेला घरमा गोमा ब्राह्मणी मात्र थिइन्। उनी आफ्ना बाबाले गर्ने नित्य पूजाका लागि

अक्षता केलाउँदै थिइन्। भिक्षुकरूप महादेवले भिक्षा मागेको धेरै बेरपछि गोमा भिक्षुकका नजिक गएर 'मेरा बाबामहतारी गङ्गामा स्नान गर्न जानुभएको छ, म अक्षता केलाउँदैछु, भिक्षा दिने अरू कोही छैनन्, एकै छिन् पर्खनुहुन्छ कि?' भनी पर्खाइराखिन्। त्यसपछि गोमाले अक्षता केलाइसकेर भिक्षा लिई भिक्षुकरूप महादेवका नजिक पुगी 'हे भिक्षुक! केही विलम्ब भयो, दुःख नमान्नुहोला, यो भिक्षा लिनुहोस्' भनिन्। यस्तो सुनेर भिक्षुकरूप श्रीमहादेव आज्ञा गर्नुहुन्छ, "हे ब्राह्मणकन्या! यतिका बेर पर्खाई अहिले भिक्षा दिन आइस्, यो भिक्षा म लिन्नँ। दिने भए पूजा गर्नका लागि केलाएर राखेको अक्षता दे।" भिक्षुले यस्तो भनेको सुनी गोमा भन्दछिन्, "लिने भए यही भिक्षा लिनुहोस्, त्यो अक्षता त दिन मिल्दैन।" गोमाका यस्ता कुरा सुनी भिक्षुकरूप महादेव भन्नुहुन्छः

> हे पापिष्ठे ब्राह्मणकुमारी! तँले अहङ्कारले मलाई भिक्षा दिइनस्, त्यसैले तँलाई सराप दिन्छु। तँ सात वर्षकी हुँदा सत्तरी वर्षका बुढासित तेरो विवाह होस्, फेरि तेरा बाबामहतारीले दुःखले सिद्धिगणेशको सेवा गरी आर्जन गरेको सम्पत्तिको नाश होस्, फेरि तँलाई पनि तरहतरका दुःख परून् र तेरा बाबामहतारी पनि चाँडै नै मरिजाऊन्। मैले तँलाई यति चारओटा सराप दिएँ।

यसरी गोमालाई सराप दिई तिनले दिएको भिक्षा नलिई भिक्षुकरूप महादेव बाहिर आएर उहाँदेखि अन्तर्धान भई कैलाश पर्वतमा जानुभयो ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां गोमयोत्पत्ति गोमाश्रापो नाम ऊनविंशोऽध्यायः ॥ १९ ॥

विंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छः

हे अगस्त्य मुनि! भिक्षुकरूप श्रीमहादेवले सराप दिएपछि गोमा ब्राह्मणी मनमा पिर मानेर रुन थालिन्। गङ्गास्नान गर्न गएका गोमाका बाबाआमा घर फर्किंदा आफ्नी पुत्री रोइरहेकी देखी 'हे पुत्री! किन रोयौ, के दुःख पऱ्यो?' भनी सोधे। गोमाले भिक्षुकरूप श्रीमहादेव आएर भिक्षा मागेदेखि सराप गरेर गएसम्मको बेलीविस्तार लगाइन्। गोमाका कुरा सुनेर उनका बाबुआमाले 'हे पुत्री! त्यो के महादेव हो र त्यसले दिएको सराप लाग्ला? भिक्षुकले त्यसो भन्यो भन्दैमा यसरी रुनु ठिक होइन, नरोऊ' भनी सम्झाए।

समय बित्दै जाँदा जब गोमा छ वर्ष पूरा गरी सात वर्षमा लागिन् तब शिवभट्ट र सतीले सल्लाह गरी गोमाको विवाहका लागि ठाउँठाउँमा कुलघरानको केटा खोज्न पठाए। गोमालाई पहिले श्रीमहादेवको सराप परेका कारण केटो पाउन सकेनन्। त्यसपछि शिवभट्ट आफैँ जताततै केटाको खोजीमा हिँडे पनि कोही पाउन नसकेर आजित भई गङ्गामा स्नान गर्न लागेका ब्राह्मणहरूलाई हेर्न थाले। मनले हार मानी घर फर्कन लाग्दा शिवभट्टको नजर गङ्गाका

किनारमा शिलाको आसन गरी मुखबाट ऱ्याल चुहाउँदै सन्ध्या गर्न लागेको, कान नसुन्ने, कपाल सेतै फुलेको, करिब सत्तरी वर्षको बुढो ब्राह्मणमा पर्न गयो। कालो वर्णका, कैला आँखा भएका र आँखीभुईं जोरिएका ती वृद्ध ब्राह्मणको शरीर पुरै कुप्रिएको देखिन्थ्यो। तिनलाई शिवभट्टले धेरै बेरसम्म हेरिरहे। सन्ध्या गरिसकेपछि ती ब्राह्मणले शिवभट्टलाई 'तिमी को हौ? कहाँबाट आएका हौ? अनि तिमीले मलाई किन धेरै बेरसम्म हेरिरहेका हौ?' भनी सोधे। यसको उत्तरमा शिवभट्ट भन्दछन्, "म शिवभट्ट नाम गरेको ब्राह्मण हुँ। मेरा घरमा एउटी कन्या छिन् जसको विवाहका लागि वरको खोजी गर्दै विभिन्न ठाउँहरू चहारें। त्यस्तो वर कहीं पनि पाउन नसकी घर फर्कन लागेको समयमा तिमीलाई देखेर हेरिरहेको हुँ। तिमी को हौ?" शिवभट्टले यति भनेको सुन्नेबित्तिकै अत्यन्त उत्साहका साथ ती वृद्ध ब्राह्मण भन्दछन्:

> हे शिवभट्ट! म पनि शिवशर्मा नामको ब्राह्मण हुँ। सोह्र वर्षको उमेरदेखि कसैले कन्यादान गर्छन् कि भन्ने आसमा हिंडेको, अहिलेसम्म त्यस्तो कोही मिलेको थिएन। आज मेरा भाग्यले तिमीलाई भेट्टाएँ। ईश्वरका कृपाले दुवैको काम हुने भयो। हे पिता! ममाथि दया गरी तपाईंकी पुत्री मलाई कृपा गर्नुहोस्। करजोरी सहस्र बिन्ती गर्दछु। ब्राह्मण भई मेरो यो उमेर भयो

> अझै विवाह भएको छैन। अब तपाईंले कृपा गरे कन्यादान पाउने थिएँ।

शिवशर्माका यस्ता कुरा सुनी शिवभट्ट भन्दछन्, "यस्तो वयोवृद्ध उमेरका तिमीलाई मेरी भर्खर सात वर्ष लागेकी बालिका कसरी दिऊँ?फेरि यस्ता कुरूपलाई कामदेवकी स्त्री रतीजस्ती मेरी पुत्री सुहाउँदिनन्।" यस्तो सुनी शिवशर्मा भन्दछन्, "हे शिवभट्ट त्यसो नभन। ती कन्या मलाई देऊ। यदि तिमीले 'हुन्न' भन्यौ भने म अपहत्ते गरी मर्नेछु।" यस्तो सुनेर शिवभट्ट ब्राह्मण विचार गर्दछन्ः

> अब फसाद पऱ्यो! यिनको आत्महत्याको पाप लिऊँ कि गोमा कन्या उसलाई दिऊँ? कन्या नदिए आत्महत्या गरी मर्नेछ। ब्राह्मणले ब्रह्महत्याको पाप कसरी लिनू? त्यसको कर्ममा यस्तै लेखेको रहेछ, अब मैले के गर्नू। उस दिन सराप गरी जाने भिक्षुक श्रीमहादेव नै रहेछन् जसको सराप उल्लङ्घन गर्न इन्द्रजस्ताले सकेनन्, रावणले पनि सकेन, म कसरी सकुँला?

यस्तो विचार गर्दै अत्यन्त भारी मन लिएर पिर गर्दै शिवशर्मालाई साथमा लिएर शिवभट्ट घर पर्के। उता आफ्ना स्वामी शिवशर्मालाई साथमा लिई घरमा आएको देखी सतीले 'हे स्वामी! कसलाई लिएर आउनुभयो?' भनी सोधिन्। यसको जवाफमा शिवभट्ट भन्दछन् :

हे सती! यी शिवशर्मा नाउँका ब्राह्मण हुन्। गोमाका लागि वर खोज्दाखोज्दा कहीँ पनि पाउन सकिनँ। घर फर्कने विचारले एकैछिन् गङ्गाका किनारतिर हेर्दै थिएँ। त्यसै वेला यिनलाई शिलाको आसन गरी सन्ध्या गर्दै गरेको देखेँ। यिनले सन्ध्याको काम सकेपछि आपसमा हाम्रो परिचय भयो। मैले गोमाका लागि वर खोज्दा पाउन नसकेकोले घर फर्किन लागेको बताएपछि यिनी मसँग निकै उत्साही भएर कुरा गर्न लागे। यिनले आफूलाई गोमा कन्यादान दिन निकै ढिपी गरे। मैले गोमा र यिनको जोडी नमिल्ने हुँदा कन्यादान गर्न नसकिने बताउँदै लाख कोसिस गरी यिनलाई सम्झाउने प्रयास गरेँ। यिनी चाहिँ गोमासँग विवाह गर्न नपाए अपहत्ते गरी मर्दछु भन्न थाले। त्यसैले ब्रह्महत्याको पाप लिऊँ कि गोमा कन्यादान दिऊँ भन्ने अलमलमा परी यिनलाई साथ ल्याएको हुँ।

शिवभट्टका यस्ता कुरा सुनी सती ब्राह्मणी रिसाउँदै भन्न लागिन्ः

हे स्वामी! यस्ता कुरा नगर्नुहोस्। यो कुप्रो, बहिरो, डेरो, कैला आँखा भएको, कपाल सेतै फुलेको, दाह्रा निस्केको, मुखबाट र्‍याल चुहाउने, देख्तैमा पनि अनुहार नपरेको, यस्तालाई हाम्री परमसुन्दरी कन्या कसरी विवाह गरी दिनू? हाम्री पुत्रीको रूपरङ्ग हेर्नुहोस्! चद्रमाको जस्तो मुहार भएकी, मत्ता हात्तीका

सुँडजस्ता हातगोडा भएकी, सिंहको जस्तो कम्मर भएकी, सावित्रीका जस्ता पैताला भएकी, महालक्ष्मीको जस्तो शरीर भएकी, मध्यान्ह कालका सूर्यको जस्तो तेज भएकी, राजहाँसको जस्तो हिँडाइ भएकी, कोइलीको जस्तो सुमधुर स्वर भएकी, यस्ती रूपले बलेकी र शीलमा ढलेकी कन्या त्यस्तालाई दिन सुहाउँछ? अर्काले कन्यादान दिएनन् भनेर आत्महत्या गर्नेको पाप हामीलाई लाग्छ र! हे स्वामी! तपाईं त्यस कुरामा सन्देह नगर्नुहोस्। आत्महत्या गर्दछ भने गरोस्, त्यसको पाप म कपालमा थापी लिउँला। त्यस्तो कुरूप बुढोलाई त म सयओटा ब्रह्महत्याको पाप लागे पनि मेरी छोरी दिनेछैन। यस पृथ्वीमा अरू कोही ब्राह्मण छैनन् र! हे स्वामी! हजुरले नसके म आफैँ खोजी ल्याउँला।

सती ब्राह्मणीले आफ्ना पति शिवभट्टलाई भनेका सबै कुरा सुनेपछि शिवशर्मा सतीलाई सम्झाउँदै भन्दछन्:

हे माता सती! संसारमा बुढा पनि छन्, नराम्रा पनि छन्, कसैका छोराछोरी छैनन्, कसैका धेरै छोराछोरी छन्। फेरि पतिपत्नीमध्ये कसैको पतिभन्दा पत्नीको उमेर बढी छ भने कसैको पतिको उमेर बढी छ। फेरि कसैका पति छैनन्, कसैका पत्नी छैनन्। कोही धनी छन्, कोही गरिब छन्।

> कुमालेको चक्रझैँ घुम्दै गरेको यस संसारमा बुढो को हुँदैन र! मर्नु कसलाई पर्दैन र! यस हेतुले ती कन्या मलाई देऊ। नत्र तिमीहरू दुवै स्त्रीपुरुषलाई सराप गरी प्राणत्याग गर्नेछु।

यति भन्दै शिवशर्मा आफ्नो प्राणवायु ब्रह्माण्डमा पुऱ्याई मर्न तयार भए। तब शिवभट्ट ब्राह्मण 'लौ बित्यास पर्न आँट्यो' भनी डराई भन्दछन्, "हे शिवशर्मा! त्यसो नगर, मेरी पुत्री तिमीलाई दिन्छु।" यति भन्दै शिवशर्माको गोडा धोई माथि डाकी लगे। सतीले नमान्दा शिवभट्ट बुझाउन लागे, "हे सती! उस दिन गोमालाई सराप दिई जाने भिक्षुक श्रीमहादेव नै रहेछन्। अब तेत्तिस कोटि देवता हाम्रा सहाय भई आए पनि उनको सराप टार्न सकिँदैन। दैवले यस्तै पारिल्यायो, गोमा यिनैलाई कन्यादान गरिदिऊँ। अब एकोहोरो ढिपी नगर, विवाहका लागि सामग्री तयार गर।" तब सती ब्राह्मणी मनमा साह्रै पीर गरी रुँदै भन्न लागिन्:

> अहो आश्चर्य! कस्तो अचम्मको कुरा! बयोवृद्ध र बालिकाको विवाह भएको देख्नुपर्ने भयो! आफैँले बेहोर्नु पनि पर्ने भयो! निष्ठुर विधाताले हाम्री पुत्रीका निधारमा कस्तो लेखिदिएको रहेछ! न्वारान गर्दा 'यी बालिका भाग्यमानी हुनेछिन्, यिनलाई सबै लोकले मान्नेछन्' भन्दथे त्यो पनि झुटो रहेछ। हामीले नगर्ने काम ता केही गरेका थिएनौँ, के पापले यस्तो भयो? मेरी

> छोरीलाई सराप दिने श्रीमहादेव नै रहेछन्। यस्ती बालिकालाई किन सराप दिएका होलान्!

सती ब्राह्मणी यति भन्दै निकैबेर रोइरहिन्। तब शिवभट्ट ब्राह्मण भन्छन्, “हे सती! नरोऊ, दैवले जस्तो गर्‍यो त्यस्तो नबेहोरी सुखै छैन। अब शिवशर्मा ब्राह्मणलाई खानपिउन दिई सुत्ने ठाउँ खटाइदेऊ, पिर नगर।” यस्तो सुनेर सतीले नाना तरहका परिकार तयार गरी शिवशर्मालाई खानपिउन दिई सुत्ने ठाउँको व्यवस्था पनि गरिदिइन्। शिवशर्मा सुत्न गएपछि सतीले आफ्नी छोरी गोमालाई डाकी ‘हे नानी! ती वृद्ध ब्राह्मणसँग तिम्रो विवाह हुँदैछ। उस दिन तिमीलाई सराप दिने श्रीमहादेव नै रहेछन्। तिमीलाई त्यो सराप लाग्यो। हामीलाई दोष नदेऊ। तिमी पनि सुर्ता नगर। तिम्रा कर्मले यस्तै पारिल्यायो। त्यसलाई टार्न कोही पनि समर्थ छैन’ भनी सतीले आँखादेखि आँसु खसाली गोमालाई बडो प्रीतिले काखमा लिइन्। आफ्नी आमा सतीले यस्तो भनेको सुनी गोमा भन्दछिन्:

> हे आमा! यसमा तपाईंहरूको केही दोष छैन। मेरा कर्ममा यस्तै लेखेको रहेछ। यस्तै परिआयो। फेरि श्रीमहादेवले दिएको सराप टार्न को सक्ला र! मैले अहङ्कार गरी भिक्षुकरूप श्रीमहादेवको अनादर गरेकी थिएँ, त्यसको फल अहिले पाएँ।

जुन मनुष्यले भिक्षा माग्न आएका भिक्षुकलाई त्यसै फर्काउला त्यसलाई अवश्य यस्तै आपत् पर्ला। जसले भिक्षुकलाई सन्तुष्ट गरी पठाउला त्यसले यो लोक र परलोक दुवै सपार्ला। हे आमा! पिर नमान्नुहोस्। बुढा भए पनि, खोरन्डा भए पनि, दरिद्र भए पनि, रोगी भए पनि, पापी भए पनि मलाई दैवले पारिल्यायो। रामचन्द्रजस्तालाई पनि दैव लागेर वनवास जानुपऱ्यो। फेरि वनमा पनि दैव लागेर रावणले सीतालाई हरेर लग्यो। श्रीमहादेवजस्तालाई पनि दैव लागेर कालकूट विष कण्ठमा राखी नीलकण्ठ भएर रहनुपऱ्यो। युधिष्ठिरजस्ता धर्मात्मा राजालाई पनि दैव लागेर जुवामा राज्य हारी पाँचै भाइले वनवास र गुप्तवासको सजाय भोग्नुपऱ्यो। फेरि रजस्वला भएकी द्रौपदीलाई पनि दैव लागेर दुर्योधनका सभामा दुःशासनले चीरहरण गरेको सहनुपऱ्यो। महाराज बलिजस्ता महादानीलाई पनि दैव लागेर पातालमा बस्नुपऱ्यो। फेरि भगवान् कृष्णको जस्तो माया कसको थियो? तिनलाई पनि दैव लागेर आफ्नै अगाडि आफ्ना नाति अनिरुद्धलाई बाणासुरले बाँधेको र छपन्न कोटि यदुवंशीको नाश भएको देख्नुपऱ्यो। फेरि सारा संसारका सृष्टिकर्ता ब्रह्माजीलाई पनि दैव लागेर आफ्नो शिर कटाउनुपऱ्यो। फेरि देवराज इन्द्रलाई

> पनि दैव लागेर आफ्नो राज्य छाडी भाग्नुपर्‍यो। हे आमा! दैवको गति उल्लङ्घन गर्न कोही पनि सक्दैन। पूर्वजन्ममा आफूले गरिआएको कर्मको फल भोग्नै पर्छ। एउटा घडा लिई जतिसुकै ठुलो समुद्रमा डुबाए पनि त्यस घडाभरिमात्र जल प्राप्त हुन्छ। त्यसैले आफ्ना ललाटमा जेजस्तो लेखिएको छ त्यस्तै हुन्छ। अब पिर नमान्नुहोला। तपाईंहरूले दिएका ठाउँमा म खुसीसाथ जान्छु।

गोमा ब्राह्मणीले यस्ता ज्ञानगुनका कुरा गरेको सुनी सती ज्यादै खुसी भइन्। सती भन्दछिन्, “हे नानी! तिमी धन्य रहिछौ, बाल्यावस्थामा पनि यस्ता घतलाग्दा कुरा गर्ने!” भनिन्। यस्ता तरहले रातभर आमाछोरी दुवैजना गुनगुन कुरा गरिरहे। भोलिपल्ट बिहान शिवभट्टले नाउलाई डाकी शिवशर्माको कपाल खौरन र गोडाका नङ काट्न लगाए। शिवशर्मालाई मनपरेको खानलाउन दिएर सुखसयलमा राखे। यसरी भनेजस्तो खानलाउन पाएपछि शिवशर्मा पनि हृष्टपुष्ट हुँदै गए। पछि शिवभट्टले विवाहको शुभलग्न ठहर्‍याई कन्यादानका सामग्री तयार गरी धुमधामका साथ मङ्गलयात्रा गराई आफ्ना मर्यादाले गोमालाई हीरा, मोती, मणि, माणिक्य आदि रत्नहरू जडित वस्त्रालङ्कार पहिराई शिवशर्मालाई कन्यादान गरिदिए। गोमा ब्राह्मणीले शिवशर्माका गलामा फूलको

माला लगाई प्रदक्षिणा गरिन्। कन्यादानको कार्यक्रम सम्पन्न गरेपछि शिवभट्टले ब्राह्मणहरूलाई श्रद्धापूर्वक भोजन गराई दक्षिणा दिई बिदा गरे। गोमा पनि शिवशर्मालाई बहुत प्रीतिले सेवा गर्न थालिन्।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां गोमाविवाहो नाम विंशोऽध्यायः ॥ २० ॥

एकविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! शिवशर्मा र गोमाको विवाहपछि शिवभट्टका घरमा यसरी रहँदा आठ दश वर्ष बिते। एक दिन शिवशर्माले आफूलाई हृष्टपुष्ट भएको देखी घर सम्झी 'अब यहाँमात्र बसी के गर्ने? घर जानुपर्‍यो' भन्ने विचार गरी आफ्ना सासूससुरासित गई भने, "हे पिता! हे माता! तपाईंहरूले कृपा गर्नाले कन्यादान पाएँ। म यहाँ बसेको धेरै समय भयो। घरमा हेरविचार गर्ने कोही छैन। हजुरहरूको आज्ञा पाए घर जाने थिएँ।" शिवशर्माका कुरा सुनी शिवभट्ट भन्दछन्, "हे जुवाइँ! यो पनि हजुरकै घर हो। हाम्रो पो को छ र! हामी पनि तपाईंकै हौं, यो सबै सम्पत्ति पनि तपाईंकै हो, त्यसैले जान्छु भनी नभन्नुहोला।" शिवशर्मा फेरि भन्दछन्, "त्यस्तो आज्ञा नहोस्। मलाई एक पटक जान दिनुहोस्। बरु घरको हेरविचार गरेर चाँडै नै आउँला। मेरो पनि त को छ र! बाबु पनि तपाईं, आमा पनि तपाईं। इष्टमित्र पनि तपाईं। गुरु पनि तपाईं, हित गर्ने पनि तपाईं, देवता पनि तपाईं, मन परेको खानलाउन दिने पनि तपाईं, यस्ता तपाईंलाई छोडेर म कता जाउँला र!" आफ्ना स्वामी शिवशर्माले यति भनेको सुनी गोमा ब्राह्मणी भन्दछिन्, "हे स्वामी! जाने मन नगर्नुहोस्। यदि तपाईं जाने भए मलाई पनि सँगै

लैजानुहोस्। हजुरलाई मात्र म एक्लै जान दिने छैन। तपाईंविना म यहाँ कसरी रहुँली?" गोमाले यति भनेको सुनी शिवशर्मा भन्दछन्:

> हे प्रिये! तिम्रो बाल्यावस्था छ। मसँग जान सकोइनौ किनभने हाम्रो घर धेरै टाढा छ, पहाड चढ्नुपर्छ। धेरै दिन वनमा वास बस्नुपर्छ। त्यस्ता एकलास वनमा नाना वन्यजन्तुको डर हुन्छ। तिमी आफ्ना इच्छामा खाई बढेकी, कहिल्यै घरदेखि ननिस्केकी, घामपानीदेखि दुःख पाउली। फेरि मेरो वृद्धावस्था छ, कसैले बाटामा दगा गरी तिमीलाई हरण गरेर लैजाला। त्यसैले तिमी यहीँ बस। म घर गई खबर बुझी दुई महिनामा त आइपुगुँला। दुई महिना भनेको कति हो र!

शिवशर्माका यस्ता कुरा सुनेपछि गोमा भन्दछिन्:

> हे स्वामी! तपाईं दुई महिना भन्नुहुन्छ, तपाईं नभई म दुई घडी पनि बस्न सक्दिन। शीत, ताप र भोकदेखि दुःख पाउली, पहाड चढ्नुपर्छ, वनमा वास गर्नुपर्छ, नाना जन्तुको डर हुन्छ भन्नुभयो, तपाईंले दुःख पाए म पनि पाउँली! जो गत तपाईंको सो गत मेरो! तपाईंलाई छोडी म यहाँ बस्दिन। मलाई छोडी जानुभयो भने म आत्महत्या गरी मर्नेछु।

गोमाका यस्ता कुरा सुनेपछि शिवशर्माले 'हे प्रिये! त्यसो भए तिम्रा बाबाआमासँग बिदा माग' भने। अनि गोमा ब्राह्मणी आफ्ना

बाबाआमासित गई भन्दछिन्, "हे पिता! हे माता! म पनि मेरा स्वामीसँग जान्छु, बिदा दिनुहोस् ।" यस्ता कुरा सुनेपछि चिन्तित हुँदै गोमाका बाबाआमा भन्दछन् :

हे पुत्री गोमा! तिमी पनि 'जान्छु' नभन किनभने हाम्रो वृद्धावस्था भयो। छोरा भने पनि छोरी भने पनि तिमी एउटी छौ। तिमीले पनि छोडेर गयौ भने हाम्रो हेरचाह कसले गर्ला? पानी पनि कसले पियाउला? तिमी पनि नभए हामीलाई त चन्द्रमा नभएको रातजस्तै लाग्नेछ। जसरी रामचन्द्र र सीता नहुँदा राजा दशरथको प्राण गएथ्यो त्यसै गरी तिमी नहुँदा हाम्रो पनि प्राण जानेछ। त्यसैले हामी दुवै स्त्रीपुरुषको सेवा गरी यो सम्पत्तिको स्याहारसम्भार गरी बस। अहिले तिम्रा पतिलाई मात्र जान देऊ। दुई महिनापछि त उहाँ पनि फर्केर आइहाल्नुहुन्छ नि!

आफ्ना बाबाआमाका यस्ता वचन सुनेपछि फेरि गोमा भन्दछिन् :

हे मातापिता! स्त्रीजातिको सबै तीर्थ, व्रत, दान, धर्म आफ्ना पति हुन्। तपाईंहरूले स्मृतिशास्त्र र पुराणहरूको अध्ययन गर्नुभएकै छ। पतिपत्नी भनेका एकअर्काका सहयोगी हुन्। तिनीहरू सुखमा पनि सँगै र दुःखमा पनि सँगै रहनु आवश्यक छ। यसबाट दाम्पत्य जीवन सहज हुन्छ। रामचन्द्रलाई

वनवासको आदेश मिलेकोमा माता सीता पनि सँगै जानुभएको थियो। यसबाट जस्तै दुःखमा पनि एकअर्काको साथ छोड्नु हुन्न भन्ने सन्देश मिलेको छ। फेरि वनवासको पीडा बेहोर्दै गर्दा रावणले माता सीताको हरण गरेर अर्को दुःख थपिदियो। त्यसपछि राम र सीता आपसमा छुट्टिनुपर्दाको अवस्था कति दयनीय भएको थियो भन्ने हजुरहरूले बुझ्नुभएकै छ। वास्तवमा पतिपत्नी भनेका एउटा रथका दुई पाङ्ग्रा हुन्। एउटा रथलाई राम्ररी चलाउन दुई पाङ्ग्राको आवश्यकता भएजस्तै परिवाररूपी रथलाई राम्ररी चलाउन पनि पतिपत्नीको आपसी सहयोग र सद्भाव चाहिन्छ। पतिपत्नीमध्ये एकले अर्कालाई रिस गर्ने, झगडा गर्ने, विवाद बढाउने, मारपिट गर्नेजस्ता कार्य शास्त्रविरुद्ध हुन्। यस्तो गर्नेको कहिल्यै भलो हुँदैन। यहाँसम्म कि एकले अर्कादेखि लुकाएर खानु पनि गलत हो भन्ने नीतिवचन छ। यस्ता शास्त्रसम्मत वचनहरूको पालना गर्नुपर्छ भन्ने कुराहरू त यहाँहरूले नै मलाई सिकाउनुभएको हो नि ! हे मातापिता! यसउसले मलाई नछेक्नुहोस्। फेरि मेरा पति वृद्ध हुनुहुन्छ, म नभए बाटामा कसले उहाँको स्याहारसुसार गर्ला? फेरि संसारमा कसैका पनि बढेका छोरी माइत बस्नु हुँदैन भन्ने भनाइ प्रचलित नै छ। बरु फेरि हामी चाँडै नै फर्कनेछौँ। अहिलेलाई जान दिनुहोस्।

गोमाका यस्ता कुराहरू ध्यानपूर्वक सुनिसकेपछि उनका बाबाआमाले 'हे पुत्री! उसो भए हामी के भनौँ, जाऊ' भनी आँखादेखि बरबर आँसु खसाली थरीथरीका गहनाकपडा पहिऱ्याई धेरै धनसम्पत्ति दिई डोलीमा चढाई सहरबाहिरसम्म पुऱ्याउन गए। 'बाटमा राम्ररी लगे' भनी डोलेहरूलाई अह्राए। 'हामीलाई नबिर्से, चाँडो आए' भनी गोमालाई भने। अनि गोमाले डोलीबाट ओर्लेर आफ्ना बाबाआमालाई प्रणाम गरी आफ्ना सँगीसाथीहरूलाई पनि 'नबिर्से! बस है!' भनी सबैसँग बिदा मागेर फेरि डोलीमा चढी माइतीबाट पति शिवशर्माका साथ आफ्नो घरतर्फ प्रस्थान गरिन्।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां शिवशर्मा-ब्राह्मणस्वगृहगमनं नाम एकविंशोऽध्यायः ॥ २१ ॥

द्वाविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! शिवशर्मा ब्राह्मण र गोमा ब्राह्मणी त्यहाँबाट गएपछि शिवभट्ट र सतीले आँखाले देखुन्जेल हेरिरहे। देखिन छोडेपछि रुखमा चढेर हेर्न थाले। त्यहाँबाट पनि देखिन छाडेपछि रुखैमा बसी विलाप गर्न लागे। त्यसै वेला दैवसंयोग उनीहरू चढेको रुखको हाँगो भाँचिएकाले रुखबाट लडेर दुवै जनाको मृत्यु भयो। तब श्रीमहादेवका दूत आई उनीहरूलाई विमानमा राखी कैलाश पर्वतमा पुऱ्याए। आजीवन सत्कर्ममा रहेर सादा एवं सरल जीवन व्यतीत गरेका शिवभट्ट ब्राह्मण र सती ब्राह्मणीलाई मृत्युपछि दिव्य शरीर लिएर कैलाशपुरीमा आनन्दले रहने सौभाग्य प्राप्त भयो।

यता शिवशर्मा ब्राह्मण र गोमा ब्राह्मणी 'यो वनको नाम के हो, यो ठुलो पात भएको रुखको नाम के हो र यो वन्यजन्तुको नाम के हो?' भनी सोध्दैसोध्दै गए। डोलेहरू पनि 'यस वनको नाम यो हो, यस रुखको नाम यो हो र यस वन्यजन्तुको नाम यो हो' भन्दै जाँदाजाँदा धेरै टाढा पोखरीसमेत भएको एउटा घनाजङ्गलमा पुग्दा झमक्कै साँझ पऱ्यो। त्यसपछि उनीहरू सबै त्यहीं वास बसी खानपिन गरी सुते। सबै जना थकाइले चुर भएकाले मस्तसँग

निदाए। त्यसै बखतमा श्रीमहादेवका सरापले चोरहरू आएर गोमाका आमाबाबुले दिएका धनसम्पत्ति, गरगहनालगायतका सबै दाइजो चोरी लगे। बिहानीपख निद्राबाट ब्युँझी हेर्दा आफ्नो सबै सम्पत्ति चोरी भएको देखी गोमा साह्रै पिर गरी रुन लागिन्। तब डोलेहरूले 'हे गोमा बज्यै! हामी पनि निकै थाकेकाले भुसुक्कै निदाएछौँ। हामीले केही थाहा पाएनौँ। अब तपाईंका बाबामहतारीलाई के भन्न जाऔँला! अब कसो गर्ने हो, आज्ञा गर्नुहोस्' भने। त्यसपछि गोमा भन्दछिन्, "हे डोले हो! तिमीहरूलाई खुवाउन मसँग केही छैन। अब तिमीहरू यहीँबाट फर्क र मेरा बाबाआमालाई सबै खबर गर।" गोमाले भनेको सुनी 'हवस्' भनी डोलेहरू त्यहाँदेखि घर फिरे।

डोलेहरू फर्केछि शिवशर्मा र गोमा त्यहाँबाट अगाडि बढ्दै जाँदाजाँदा ठुलो पर्वतमा पुगे। तब गोमा भन्दछिन्, "हे स्वामी! मलाई अति भोक लाग्यो, थकाइले लखतरान परेँ, अब कसो गरूँ।" यति भन्दै गोमा बाटैमा अलपत्र परिन्। उनी गर्भिणी भएकी थिइन्। उनको यस्तो अवस्था देखी शिवशर्मालाई जादै दया लाग्यो। त्यसपछि उनले गोमालाई काखमा लिएर भने, "हे प्रिये! यहाँ फलफूल, कन्दमूल केही पाइँदैन। जलाशय पनि छैन, यस्तो रुखो र विकराल पर्वतमा के पाएर तिमीलाई खान दिनु? यहाँदेखि

केही पर गएपछि फलफूल, कन्दमूल र जल पनि पाइन्छ त्यसैले 'विस्तारै हिँड' भनी गोमाका हात समाई सुस्तसुस्त हिँडाएर लगे। गोमा पनि 'हे हरि! मेरो आज यस्तो अवस्था भयो नि!' भनी सुस्केरा हाली दुवै आँखादेखि भलका भल आँसु खसाली विस्तारै हिँड्दै गइन्। पर्वतको फेदीमा पुगेपछि शिवशर्माले गोमालाई फलफूल टिपेर खान र पानी पिउन पनि दिए। त्यसपछि शिवशर्माले 'हे प्रिये! हाम्रो घर पनि आइपुग्नलाग्यो भनी ठाउँठाउँमा विश्राम गराउँदै चन्द्रज्योति नगरको बाहिर पुऱ्याए। त्यहाँ एउटा खरको झुपडी रहेछ। शिवशर्माले 'हाम्रो घर त्यही हो' भनी देखाए। गोमा त्यसभित्र गई हेर्दा माकुराको जालो र कसिङ्गरमात्र देखिन् र आफ्ना बाबाआमाको घर सम्झी मन थाम्न नसकी रुन थालिन्। फेरि 'मेरा कर्मले यस्तै पारिल्यायो, अब रोई के गरूँ?' भनी मन बुझाई कुचाले माकुराको जालो मिल्काई कसिङ्गर लगाइन्। त्यसपछि घरमा जे भएको खाई शिवशर्माको सेवा गरिरहिन्।

यसरी घर पुगेको केही दिन बितेपछि शिवशर्मा गोमासँग भन्दछन्ः

> हे प्रिये! तिमी गर्भिणी छौ, हाम्रा घरमा सम्पत्ति छैन, आउने बाटो पनि छैन। आवश्यक कर्ममा केले खर्च गर्ने हो? सुत्केरी भएमा कसरी उतार्ने हो? यसउसले म परदेश गई कसैसित

केही मागी ल्याउँछु। तिमीले आफ्नो जिउको र घरको बहुत सम्भार गरे, रोइकराई नरहे।

शिवशर्माका यति कुरा सुनेपछि गोमाले भनिन् :

हे स्वामी! मलाई यस्ता ठाउँमा एक्लै छोडी कहाँ जान मन गर्नुहुन्छ। म स्त्रीजाति के गरूँला, के खाई रहूँला, मलाई कसले देला? फेरि तपाईं वृद्ध हुनुहुन्छ, कसरी पठाऊँ? यहीँ यजमानसित जो दिएको मागेर ल्याई सञ्चय गरौँला। त्यसैले अब हजुरले जाने मन नगर्नुहोस्।

गोमाका यस्ता कुरा सुनी शिवशर्मा भन्दछन्, “हे प्रिये! गरिब भए पनि हामीले ब्राह्मणको कर्म छोड्नु हुँदैन। एक महिनासम्ममा त म आइपुगुँला। त्यस वेलासम्म खान नपुगे चन्द्रज्योति नगरमा यजमानहरू छन्, तिनैका घरमा गई भिक्षा मागी खाए।” यस्तो सुनेर गोमा केही उत्तर दिन नसकी चुप लागिरहिन्। शिवशर्मा ब्राह्मण भिक्षा माग्न भनी परदेश गए। एक दिनको बाटो हिँडेपछि गङ्गाको किनारमा पुगे। त्यहाँ वृद्धावस्थाका ब्राह्मण दम्पती बसेका थिए। तिनले बारीमा नाना तरहका फलफूल लगाएका थिए। शिवशर्माले गङ्गामा स्नान गरी आफ्नो नित्य पूजाका लागि ती वृद्ध ब्राह्मणसँग फलफूल मागे। ती ब्राह्मणले शिवशर्मासँग ‘तपाईं को हुनुहुन्छ र कहाँबाट आउनुभएको हो?’ भनी सोधे। शिवशर्माले

आफ्नो नाम र ठेगानाका साथै आफ्नी पत्नी गर्भिणी भएकीले जातकर्म गर्नका लागि भिक्षा माग्न आएको बताए। ती ब्राह्मणले शिवशर्मालाई ‘फलफूल टिपी लैजानुहोस्’ भने। त्यसपछि शिवशर्मा रुख चढी फलफूल टिप्न लाग्दा दैवसंयोग रुखको हाँगो भाँचिएकाले रुखदेखि लडी देह छोडी आफ्नो मूल श्रीमहादेवको स्वरूप धारण गरी कैलाश पर्वतमा गए। श्रीमहादेव आएको देखी पार्वतीले सुनको कमण्डलुले पाउ धोई भित्र लगेर भनिन् :

> हे ईश्वर! पुरुषहरू पापी हुँदा रहेछन्। राम्री स्त्री देखेपछि सबै कुरा बिर्संदा रहेछन्। हजुरले पनि मलाई बिर्सनुभएको थियो। बल्ल सम्झेर आउनुभयो तर त्यस्तो सुखमा रहेकी ती गोमा ब्राह्मणीलाई कर, बल, छलले ल्याई गर्भिणी गराई त्यस्ता ठाउँमा एक्लै मिल्काई आउनुभयो। अब ती बिचरी गोमाले के गरेर खालिन्?

पार्वतीका यस्ता कुरा सुनी श्रीमहादेवले हाँस्दै ‘हे पार्वती! सेवक भए पनि परीक्षा लिनका लागि पाप पनि गर्नुपर्छ, गोमा पनि अब सुखी हुनेछिन्, धन्दा नमान’ भन्नुभयो।

यता भिक्षा माग्न गएका शिवशर्मा धेरै दिन बितपछि पनि घर नफर्केकाले गोमा निकै चिन्तित भइन्। उनले नाना दुःख गरी चन्द्रज्योति नगरमा गई भिक्षा मागेर ल्याई गर्भावस्थामा गरिने

संस्कार गराइन्। महिना पूरा भएपछि सबै राजलक्षणले युक्त पुत्र जन्माइन्। गोमाले चन्द्रज्योति नगरदेखि ब्राह्मणहरूलाई डाकी आफ्ना मर्यादाले न्वारन गराइन्। ब्राह्मणहरूले ज्योतिषशास्त्र विचार गरी नवजात शिशुको नाम नवराज राखेर भने, "हे गोमा! यो शिशु सबै राजलक्षणले युक्त भएकोले भविष्यमा राजा पनि होइजाला र तिमीलाई सुखसन्तोष देला, यसमा निश्चय मान।" गोमाले यस्ता वचन सुनी मनमा आनन्द मानी ब्राह्मणहरूलाई श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराई बिदा गरिन्। उनले अर्काको धागो काती, ढिकीजाँतो गरी आफ्नो पुत्र नवराजको पालनपोषण गरिन्। नवराज पनि शुक्लपक्षको चन्द्रमा झैँ दिनदिनै बढी ठुला भए। उनी खेल्न जाँदा साथीहरूले जेसुकै भने पनि सुनिरहन्थे, कसैसँग झैझगडा गर्दैनथे र साथीहरूसँग खेली घर आउँथे। घरमा आमाले जे दिएको खाई चुप लागिरहन्थे। आफ्नो पुत्रको यस्तो राम्रो बानीबेहोरा देखी गोमाले यजमानहरूसित भनिन् ः

> हे यजमान हो! मेरो पुत्र नवराज सँगीहरूसँग खेली घर आउँछ, 'खान देऊ' पनि भन्दैन, 'किन दिइनौ' पनि भन्दैन। दिए खान्छ, नदिए चुप लागिरहन्छ। उसको यति राम्रो आचरण देख्दा मलाई निकै आनन्दको अनुभूति भएको छ। अर्कातिर बढ्दो व्यवहार कसरी गर्ने भन्ने चिन्ताले मलाई सताएको छ।

मेरा पति घरमा हुनुहुन्न। मसँग सम्पत्ति पनि छैन। तपाईं यजमानहरूका कृपाले बल्लतल्ल एक छाक टरी बाँचिरहेकी छु। अहिले नवराजको व्रतबन्ध गर्ने वेला भयो। अब उसको व्रतबन्ध कसरी गराउने भन्ने कुराले म निकै चिन्तित छु।

गोमाका यस्ता कुरा सुनेर यजमानहरूले आआफ्ना श्रद्धाले जे सकेको सहयोग गरे। त्यसबाट गोमाले सबै सामग्री तयार गरी नवराज कुमारको व्रतबन्ध संस्कार गराई वेद, पुराण आदि सबै शास्त्रहरूको अध्यापन पनि गराइन्। नवराजको असल बानीबेहोराबाट उनका यजमानहरू निकै खुसी देखिन्थे। एक दिन यजमानहरूले गोमासँग भने, "हे गोमा! नवराजको विवाह गर्ने भए वरुणपुरका अग्निस्वामी ब्राह्मणकी छोरी छिन्। तिनीसँग नवराजको विवाह गराइदिऊँ। यसका लागि सामग्री तयार गर।" यस्तो सुनी गोमा भन्दछिन्, "हे यजमान हो! मेरा छोराको केही आर्जन छैन। घरमा सम्पत्ति पनि छैन। यस्तालाई कसले कन्या देला?" गोमाका यस्ता वचन सुनी यजमानहरू भन्दछन्, "हे गोमा! विवाहका लागि जे चाहिएको हामी दिन्छौं। केके चाहिन्छ? हामीसँग भन।" त्यसपछि खुसी हुँदै गोमा भन्दछिन्, "हे यजमानहरू हो! तपाईंहरूको सहयोग, सद्भाव र सदाशयका लागि विशेष आभार व्यक्त गर्दछु। यहाँहरूको गुन कहिल्यै बिर्सने छैन।

अब यहाँहरूले सहयोग गर्नुहुने भएपछि म विवाहको तयारीमा लाग्दछु।" गोमाले यति भनेपछि नवराजको विवाह वरुणपुरका अग्निस्वामीकी पुत्री चन्द्रावतीसँग गर्ने निर्णय गरियो। यजमानहरूले विवाहका लागि आवश्यक सबै सामग्री उपलब्ध गराए। त्यसपछि शुभलग्नमा नवराज र चन्द्रावतीको विवाह सम्पन्न भयो। विवाहपछि गोमा, नवराज र चन्द्रावती जे भएको खाई मिलीजुली रहे।

एक दिनको कुरा हो, जब नवराज बाहिर खेल्न गएका थिए तब उनका सँगीहरूले भने, "हे ब्राह्मण! आजसम्म हामीले तँलाई नवराज भन्दथ्यौँ, अब त्यसो होइन, तँ विनाबाबुको छोरो होस् त्यसकारण तेरो नाम 'विनाबाबु' राख्यौँ। तेरा बाबु भए नाम के हो? तँ कसको पुत्र होस्? हामीलाई भन्।" सँगीहरूका यस्ता कुरा सुनी नवराज केही उत्तर दिन नसकी चुप लागिरहे अनि उनले घरमा गएर गोमासित भने, "हे आमा! म कसको पुत्र हुँ, मेरा पिता को हुन् र कहाँ छन्? यसबारे मलाई बताउनुहोस्।" गोमाले नवराजका अनायास यस्ता कुरा सुनी वर्षाकालको मेघ बर्सेझैँ आँखाबाट बलिन्द्र धारा आँसु खसाली भनिन्, "हे पुत्र! तेरा बाबुको नाम शिवशर्मा हो। तँ गर्भमा छँदै जातकर्मादि संस्कार गर्नका लागि भिक्षा माग्न परदेश गएका आजसम्म आइपुगेनन्। केही कामले

बसेका छन् कि अथवा छँदै छैनन्! यसबारे केही पत्तो पाउन सकेको छैन।" गोमाले यसो भनेको सुनी नवराज भन्दछन्, "हे आमा! उसो भए आज्ञा दिनुहोस्, पिता कहाँ बस्नुभएको होला? म गई खोजी ल्याउँछु।" छोराको यस्तो कुरा सुनी गोमा भन्दछिन्, "हे बाबु! तेरो मुख हेरी तेरा बाबालाई बिर्सेकी थिएँ, अब तैँले पनि छोडी गए कसका आधारले रहूँली? फेरि तँ गएपछि बुहारी पनि बस्नेछैन, माइत जानेछ। यसकारण तँ जाने कुरा नगर्।" आमाका कुरा सुनी नवराज भन्दछन्ः

हे आमा! पिताप्रति पुत्रको कर्तव्यका बारेमा धर्मशास्त्रको वचन सुन्नुहोस्ः

पुत्रस्य परमो धर्मः पित्र्युद्धारसमो न हि।
पित्र्युद्धारं न कुरुते स्वयं च सुखमिच्छति॥
स याति नरकं घोरं यावच्चन्द्रार्कमेदिनी।

अर्थात् पुत्रको मुख्य धर्म पितृको उद्धार गर्नु हो। जुन पुत्र पितृको उद्धार नगरी आफ्नो सुखभोगका पछिमात्र लाग्दछ त्यो जति समयसम्म सूर्य, चन्द्र र पृथ्वी रहलान् त्यति नै वेलासम्म घोर नरकमा पर्ला। शास्त्रको यस्तो वचनको पालना गर्नु पुत्रको परम कर्तव्य हो। हे आमा! म गर्भमै छँदा मेरा लागि भिक्षा माग्न गएका

मेरा पिता मेरो यो उमेर भएसम्म किन फर्किएनन्? यसबारे मैले खोजखबर गर्नुपर्दैन र! मेरा बाबा जीवित भए सँगै लिएर आउँला, स्वर्गीय भएको भए काजक्रिया गरी आउँला। पिताका लागि यति पनि गर्न सकिनँ भने म जन्मेको के सार भयो र! अब कस्तै दुःख भए पनि म जान्छु। हे आमा! हजुरको सेवा गर्ने बुहारी छँदैछिन्। यसकारण मलाई बिदा दिनुहोस्।

नवराजका यस्ता कुरा सुनेपछि गोमा भन्दछिन्, "हे पुत्र! तँ धन्य रहिछस्! तेरो वचन सुन्दा म खुसी भएँ, तेरो कल्याण होस्। तेरा बाबाको खोजीका लागि तँलाई जाने अनुमति दिएँ। तँलाई बाबाको खोजीमा सफलता मिलोस्।" गोमाले यति भन्दै नवराजको शिरमा हात राखी आशीर्वाद दिइन्। नवराज पनि आमालाई दण्डवत् प्रणाम गरी चन्द्रावतीलाई अह्राउने कुरा अह्राई आफ्ना बाबाको खोजीका लागि परदेश गए। नवराज ठाउँठाउँमा 'शिवशर्मा नाउँका वृद्ध ब्राह्मणलाई देख्नुभएको थियो कि?' भन्दै भेटेजति सबैसँग सोधखोज गर्दै गए। यसरी जाँदाजाँदा गङ्गाका तीरमा एक ऋषिका आश्रममा पुगे। त्यहाँ वृद्ध ब्राह्मण दम्पती बसेको देखी नवराजले तिनीहरूको परिचयका साथै त्यहाँ बस्नाको कारण पनि सोधे। उत्तरमा ब्राह्मण दम्पतीले घर छाडेर गङ्गामा प्राणत्याग गर्ने उद्देश्यले त्यहाँ बसेको बताए। त्यसपछि उनीहरूले नवराजलाई 'तिमी को

हौ र कहाँबाट किन आएका हौ?' भनी सोधे। यस्तो सुनी नवराज भन्दछन्, "म नवराज नामको ब्राह्मण हुँ। म गर्भमा छँदै जातकर्म आदि संस्कार गर्नका लागि भिक्षा माग्ने उद्देश्यले परदेश गएका शिवशर्मा नाम गरेका वयोवृद्ध उमेरका मेरा पिता अझैसम्म घरमा फिरेनन्। त्यसैले खबर बुझ्न हिँडेको हुँ। यहाँहरूले देख्नुभएको थियो कि?" नवराजले यसरी सोधेपछि ती ब्राह्मण दम्पती केही वर्षअघिको घटनाको स्मरण गर्दै भन्दछन् :

> हे नवराज बाबु! जातकर्म गर्नका लागि भिक्षा माग्न भनेर आएका शिवशर्मा नामका वृद्ध ब्राह्मणलाई हामीले देखेथ्यौँ। यहाँ आएपछि उनको र हाम्रो सामान्य कुराकानी भयो। उनले गङ्गामा स्नान गरी आफ्नो नित्य पूजाका लागि हामीसँग फलफूल मागे। हामीले त्यो परको रुखबाट फलफूल टिपेर लग्न अनुमति दियौँ। त्यसपछि उनी त्यस रुखमा चढ्दा अचानक रुखको हाँगो भाँचियो र त्यहाँबाट खसेर उनको निधन भयो। उनको हाडखोर त अझैसम्म पनि हुन सक्छ, त्यस रुखका फेदमा गई हेर त!

नवराजले वृद्ध ब्राह्मण दम्पतीका यस्ता कुरा सुनेर चिन्तित हुँदै रुखका फेदमा गएर हेरे। त्यहाँ आफ्ना बाबाका हाडखोरका टुक्राहरू देखी 'हे पिता! मेरा निमित्त भिक्षा माग्न आउनुभएका

तपाईंले मेरो मुखै नदेखी यस्ता वनमा आई रुखबाट लडेर मर्नुपऱ्यो नि! अब म यो कुरा महतारीलाई कसरी कहुँला! यस्तो कुरा सुनेपछि मेरी महतारीले शोक गर्दा कसरी उहाँको मन बुझाउँला!' भनी नवराज नाना तरहले शोक गरी भूमिमा परी रुन कराउन लागे। अनि चित्त बुझाई बाबाका हाडखोर सबै बटुली गङ्गामा लगी संस्कार गरे। ब्राह्मणका मर्यादाले बाबुको काजक्रिया पनि सम्पन्न गरे। त्यसपछि नवराज 'अब कता जाऊँ, घर जाऊँ भने सम्पत्ति छैन, फेरि यस्तो खबर लिएर जाँदा महतारीले शोक गरेको देख्नु छ, यसउसले हुने भए कुनै राजाको सेवा गरी केही धन आर्जन गरी घर फर्कनु उपयुक्त होला' भन्ने विचार गरी सहरतिर पसी राजाको सेवा गर्न लागे।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां शिवशर्माब्राह्मण परलोकगमनं नाम द्वाविंशोऽध्यायः ॥ २२ ॥

त्रयोविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! नवराज आफ्ना बाबाको खोजी गर्न गएपछि चन्द्रावती सासू गोमालाई भन्दछिन् ः

> हे माता! म मेरो माइत नगएको धेरै भयो। यहाँ खाने अन्न छैन, लगाउने वस्त्र पनि छैन। अर्कासित मागी कति निर्वाह गर्नु? त्यसैले म अलिक दिन माइत गएर बस्छु। तपाईंले आफ्नु जिउ र घरको सम्भार गर्नुहोला। तपाईंका पुत्र आएपछि मलाई डाक्न पठाउनुहोला। म गएपछि तपाईंलाई एक पेट पाल्न सजिलो पनि हुनेछ।

चन्द्रावती यति भनेर गोमालाई प्रणाम गरी माइत गइन्। अनि पछि गोमा ब्राह्मणी आफूलाई दुःख भएको देखी भिक्षुकरूप श्रीमहादेवले सराप गरेको सम्झी विचार गर्न लागिन् ः

> सात वर्षका उमेरमा सत्तरी वर्षका बुढासित विवाह भयो ! उनी भिक्षा माग्न गएका पनि फिरेनन्, छोराको मुख हेरी दुःख बिर्सिरहेकी थिएँ। छोराले पनि छोडेर गयो। अब घरमा भएकी एउटी बुहारीले पनि छोडेर गई। हरे! आज म यस्तो अवस्थामा परें। म कस्ती अभागिनी रहिछु? उस दिन मलाई सराप दिने

> श्रीमहादेव नै रहेछन्! हे जगदीश्वर! मैले जानिनँ। मेरो त्यस अपराधका लागि मलाई क्षमा गर्नुहोस्। हे शशिशेखर! हजुरलाई कोटिकोटि नमस्कार छ। मेरो रक्षा गर्नुहोस्, अथवा मेरो यो प्राण हरण गर्नुहोस्।

यसरी शोक गर्दागर्दा गोमाले आफूलाई सम्हाल्न सकिनन् र बौलाहीजस्ती भई कराउँदै हिँडन लागिन्। यस्तो खबर कैलाश पर्वतमा पार्वतीले थाहा पाइन्। त्यसपछि उनी श्रीमहादेव प्रसन्न भएको समयमा बिन्ती गर्न लागिन् :

> हे प्रभो! हेर्नुहोस्, गोमा ब्राह्मणीको दुःख! तिनी पनि तपाईंकै पत्नी हुन्। तिनलाई त्यस्तो अवस्थामा नपारिबक्सियोस्। तिनको मलाई ज्यादै माया लाग्यो। हे दयासागर! तिनको उद्धारका लागि म केही उपाय गरूँ कि? आज्ञा पाए श्रीस्वस्थानी परमेश्वरीको व्रत गराई दुःखका समुद्रदेखि पार गराऊँ कि?

पार्वतीका यस्ता वचन सुनी श्रीमहादेवले 'बेस भन्यौ, त्यसै गर' भनी आज्ञा दिनुभयो। अनि पार्वतीले सप्तऋषिहरूलाई बोलाई भनिन्, "हे ऋषि हो! तिमीहरू मर्त्यलोकको चन्द्रज्योति नगरमा जाओ। त्यहाँ गोमा नामकी ब्राह्मणी अत्यन्त दुःखी छिन्। तिनको उद्धारका लागि श्रीस्वस्थानी परमेश्वरीको व्रत गराई आओ।"

पार्वतीले यति भन्दै व्रतविधिसमेत बताई बिदा गरिन्। ऋषिहरू चन्द्रज्योति नगरमा पुगी त्यहाँका गोठाला केटाकेटीहरूसँग 'यहाँ दुःखी को छ' भनी सोधे। गोठालाहरूले यस नगरमा त्यस्ता दुःखी कोही छैनन्। नगरबाहिर गोमा नामकी ब्राह्मणी साह्रै दुःखी छिन्। त्यहाँ गएर सोध्नुहोला' भनी गोमाको घर पनि देखाइदिए। ऋषिहरूले गोमाका घर पुगी उनलाई बोलाए। गोमाले सप्तऋषिहरू आएको देखी प्रणाम गरी घरभित्र लगी पिर्कामा बसाली सोधिन्, "हे ऋषिहरू हो! मेरा घरमा आई मजस्ती पापिनीलाई दर्शन दिनुभयो। के कामले आउनुभएको होला? आज्ञा गर्नुहोस्।" गोमाका कुरा सुनी सप्तऋषिहरू भन्दछन् :

> हे गोमा! तिमी साह्रै दुःखी हुनाले तिम्रो उद्धारका लागि जगन्माता पार्वतीले श्रीस्वस्थानी परमेश्वरीको व्रत गराउन हामीलाई जिम्मा दिनुभएकाले यहाँ आएका हौँ। तिमी एकचित्त भई सुन। सत्ययुगमा हिमालय पर्वतकी पुत्री पार्वतीले श्रीमहादेव स्वामी पाउनाका निमित्त यो व्रत गर्नुभएको हो। पौष शुक्लपूर्णिमाका दिनदेखि व्रत आरम्भ गर्नू। हातगोडाका नङ काटी स्नान गरी शुद्ध भई एकभक्त रही एकचित्त गरी महिना दिनसम्म नित्य मध्यान्ह कालमा श्रीमहादेवको पूजा गर्नू। माघ शुक्लपूर्णिमाका दिन एक सय

आठ रोटी, एक सय आठ अक्षता, एक सय आठ बेलीपुष्प, एक सय आठ पान, एक सय आठ कुड्का सुपारी, एक सय आठ जातजातका फूल र सगुनसमेत तयार गरी आरसीमा ॐकार लेखी गङ्गाजलले स्नान गराउनू। सिन्दूर, रक्तचन्दन र फूलमाला पहिर्‍याउनू। धूप, दीप, नैवेद्य, मेवा, मिष्ठान्न, कस्तूरी, वस्त्र र भेटी चढाउनू। श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्नू, कथा सुन्नू र अरूलाई पनि सुनाउनू। कथा सुन्ने कोही नभए आफैँ भन्नू र आफैँ सुन्नू। आफ्ना खाट, ओछ्यान, चर्खा, इँटा र धनु राखी सुनाउनू। त्यसपछि जुन इच्छाले व्रत गरेको हो 'मेरो फलानो इच्छा पूरा होओस्' भनी श्रीस्वस्थानी परमेश्वरीलाई अर्घ्य दिनू। ध्यान, जप र स्तोत्रपाठ गर्नू। श्रीस्वस्थानी परमेश्वरी भनेकी कस्ती छिन् भने :

सुवर्णवर्णदीप्ताभां त्रिनेत्रां कमलाननाम्।
सिंहासनसमासीनां सर्वालङ्कारभूषिताम् ॥
नीलोत्पलधरां वामे दक्षिणे वरदां शुभाम्।
खड्गचर्मधरां चोर्ध्वं वामदक्षिणयोः क्रमात् ॥
चतुर्भुजां च मां तत्र पूजयेद् वृषकेतनम्।
एवं ध्यात्वा महादेवीं स्वस्थानीं जगदीश्वरीम् ॥

अर्थात् सुनजस्तो चम्किलो वर्ण भएकी, तीन आँखा भएकी, कमलको फूलजस्तो मुखमण्डल भएकी, अनेक वस्त्रअलङ्कारले सजिएर सिंहासनमा विराजमान भएकी,खड्ग, चर्म एवं नीलकमल लिएकी, वरमुद्रामा रहेकी जगदीश्वरी श्रीस्वस्थानी परमेश्वरीलाई हृदयदेखि नै स्मरण गर्दै 'मेरो पनि पूजा गर्नू' भनी श्रीमहादेवबाट आज्ञा भएको छ।

त्यसैगरी व्रत पूर्ण गर्दा निम्नानुसारको श्लोक पाठ गर्नू ः

नमस्तेऽस्तु जगन्मातः! स्वस्थानि! सर्वमङ्गले!
तव प्रसादाद्देवेशि! व्रतपूर्णं तवाऽऽज्ञया ॥

अर्थात् 'हे जगन्माता स्वस्थानी परमेश्वरी! हे सम्पूर्ण लोकको हित गर्ने! हजुरका प्रसादले मेरो व्रत पूर्ण भयो। ' यति भन्दै प्रसाद झिक्नू। एक सय आठमध्ये आठ रोटी, आठ अक्षता, आठ बेलीपुष्प, आठ पान, आठ जनै, आठ कुड्का सुपारी र सगुनसमेत आफ्ना पतिलाई दिनू, पति नभए छोरालाई दिनू, छोरा नभए मितछोरालाई दिनू र मितछोरा पनि नभए 'मेरो फलानो इच्छा सिद्ध होओस्' भनी गङ्गामा लगी बगाउनू। सय रोटी आफूले फलाहार गर्नू। रातभर जाग्राम बस्नू। हे गोमा! त्यति गरेपछि श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले तिम्रा

सबै दुःख नाश होलान्, अन्यथा नमान। यस व्रतका प्रभावले पार्वतीले श्रीमहादेव स्वामी पाएकी हुन्। हे गोमा! अब हामी जान्छौँ।

सप्तऋषिहरूबाट श्रीस्वस्थानी परमेश्वरीको व्रतविधि सुनेपछि गोमा निकै खुसी भइन्। उनले भनिन्, "हे ऋषीश्वर हो! हजुरहरूका कृपाले यो व्रतविधि सुनेँ, म यस्ती दुःखीका घरमा केही छैन, केले हजुरहरूको सत्कार गरूँ? अब म पसलबाट पान किनी ल्याउँछु अनि जानुहोला।" गोमा यति भन्दै चर्खामा रहेको धागाको लरिया लिई निस्किन्। गोमा ब्राह्मणीको दयनीय अवस्था देख्दा सप्तऋषिहरूलाई निकै दया लाग्यो। उनीहरू आफू बसेका पिर्कामुनि सातओटा सुनका कौडी छोडी गए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां व्रतोपदेशो नाम त्रयोविंशोऽध्यायः ॥२३॥

चतुर्विंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! गोमा ब्राह्मणीले धागाको लरिया लिई चन्द्रज्योति नगरको पान पसलमा गई 'मेरा घरमा सप्तऋषिहरू आएका छन्, तिनलाई खान दिनका लागि यति धागाको पान देऊ' भनी धागोको लरिया दिइन्। यस्तो सुनी बरही भन्दछ, "हे गोमा बज्यै! पान एउटा पनि छैन। जति भएको हिजै बेचिसकें, नपत्याए हेर्नुहोस्।" बरहीले यति भन्दै पानको भाँडाको ढक्कन उघारी देखायो तर त्यहाँ भाँडाभरि पान देखेर लज्जा र आश्चर्यमिश्रित भाव प्रकट गर्दै भन्न लाग्यो, "हे बज्यै! मैले यस भाँडाको पान सबै हिजै बेचिसकेको थिएँ, आज कताबाट आयो! तपाईंले आफ्ना घरमा आएका सप्तऋषिको सत्कारका लागि भनेर तिनको नाम लिंदा यस्तो भएको हुन सक्छ?" बरहीले यति भन्दै लज्जाबोध गरी 'तपाईंको धागो लिन्नँ, यसले ऋषिहरूको सत्कार गर्नुहोला' भनेर आधाआधा पान, ल्वाङ र सुपारीसमेत गोमालाई दियो।

गोमा मनमा आनन्द मानी पान लिई ऋषिहरूलाई सत्कार गर्न उत्साहित हुँदै घर पुगिन्। उनी पुग्दा ऋषिहरूलाई घरमा नदेखी निकै चिन्तित भइन्। उनी विचार गर्न लागिन्, "अरू केही नभए पनि पानले सत्कार गरूँला भन्ठानेकी थिएँ, मजस्ती दुःखीका

हातको पान खानुपर्ला भनेर हिँडेछन्, यस्तो हुनु मेरा लागि दुर्भाग्य हो।" यसरी चिन्तित भएको केही समयपछि गोमाले हातमा कुचो लिई बढार्न लाग्दा सप्तऋषिहरूले आफू बसेका पिर्कामुनि छोडेर गएका सातओटा सुनका कौडी भेट्टाइन्। त्यो धन पाएपछि गोमाले ऋषिहरूले बताएबमोजिम पौष शुक्लपूर्णिमाका दिनदेखि हातगोडाका नङ काटी, स्नान गरी, शुद्ध भई, एकभक्त रही, एकचित्त गरी श्रीस्वस्थानी परमेश्वरीको व्रत प्रारम्भ गरिन्। उनी व्रतअवधिमा नित्य मध्यान्ह कालमा श्रीमहादेवको पूजा गर्दथिन्। उनका घरमा कथा सुन्ने मानिस नभएकाले रात पर्नेबित्तिकै ओछ्यान, चर्खा, इँटा र धनु अगाडि राखी श्रीस्वस्थानी परमेश्वरीको कथा भन्दथिन्। चन्द्रज्योति नगरका गोठाला केटाकेटीहरूले घरमा गोमा एक्लै कराइरहेको सुनेर 'के भएको होला?' भनी आश्चर्य मान्दै उनको झुपडीको खरको भित्तो च्याती हेर्न लागे। त्यहाँ घरभित्र गोमा एक्लै कराइरहेको देखेर केटाकेटीहरूले सोधे, "हे गोमा बज्यै! तिमीलाई के भयो? किन यसरी एक्लै कराइरहेकी?" गोठाला केटाकेटीका यस्ता कुरा सुनी गोमा भन्दछिन् :

हे केटाकेटी हो! मलाई केही भएको छैन र म त्यसै कराइरहेकी पनि होइन। मेरा घरमा सप्तऋषिहरू आएर 'हे गोमा! तिमी श्रीस्वस्थानी परमेश्वरीको व्रत गर, तिम्रा सबै दुःख नाश होलान्' भनेर व्रतविधिसमेत बताएर गएका थिए।

> त्यसैअनुसार म श्रीस्वस्थानीको व्रत गरिरहेकी छु। व्रतविधिअनुसार म अहिले श्रीस्वस्थानी परमेश्वरीको व्रतकथा भनिरहेकी छु। यस्तो कथा सुन्ने कोही मानिस भएनन् भने इँट, चर्खा आदिलाई सुनाउदा पनि हुन्छ भन्ने व्रतकथाको विधि छ। मेरा घरमा कथा सुन्ने कोही नहुँदा यिनै इँट, चर्खा आदिलाई सुनाइरहेकी हुँ।

यस्ता कुरा सुनी गोठाला केटाकेटीहरू गोमाले भनेको कथा सुन्न सधैँ उनका घरमा जान थाले। केटाकेटीहरूले दिउँसोको खाजाका लागि लगेको अन्न र जो सकेको धन पनि गोमाका घरमा लगेर दिन थाले। यसो गर्दा श्रीस्वस्थानीको कथाको प्रभावले तिनीहरूका गाईवस्तुलाई घाँस खोज्न टाढा जानुपरेन। गोमालाई पनि अन्न, वस्त्र र धन उपलब्ध हुँदै गयो। महिना दिन पुग्यो र माघ शुक्लपूर्णिमाका दिन गोमा सबै सामग्री तयार गरी एकचित्त भई श्रीस्वस्थानी परमेश्वरीको पूजा गरी हातमा अर्घपात्र लिई यसप्रकार स्तुति गर्न लागिन् :

> हे श्रीस्वस्थानी परमेश्वरी! मेरो पूजादेखि खुसी भई मलाई दुःखका समुद्रदेखि पार गराउनुहोस्। बाबाको खोजीका लागि गएको मेरो पुत्र नवराज छिटै आइपुगोस्। हे देवी! फेरि मलाई जगदीश्वर श्रीमहादेवले डमरु बजाउँदै दिनुभएको सराप पनि

> नाश गराइदिनुहोस्। हे जगदीश्वरी! फेरि म र मेरो पुत्र नवराजलाई हितभावले यस लोकमा सुखसम्पत्ति प्रदान गरी परलोकमा हजुरका चरणकमलमा वास दिनुहोस्। हे करुणामूर्ति! हजुरको जप र ध्यान सधैँ मेरो हृदयमा रहोस्। हे दयामयी! हजुरलाई कोटिकोटि नमस्कार छ। हे जगदीश्वर श्रीमहादेव! हजुरको महिमा वर्णन गर्न हजार जिब्रा भएका शेषनाग, माता सरस्वती यिनले पनि नसकेको मजस्तीले कसरी सकूँली!

गोमाले यस्ता प्रकारले स्तुति गर्दै अर्घ्य दिई प्रणाम गरिन्। तब प्रसाद झिकी भित्र गई एक सय आठमध्येबाट आठ रोटी, आठ अक्षता, आठ जनै, आठ बेलीपुष्प, आठ पान, आठ कुड्का सुपारी र सगुनसमेत 'यी मेरो पुत्र नवराजका लागि' भनी अलग्गै राखी सय रोटी आफूले फलाहार गरिन्। रात परेपछि ईश्वरीलाई सम्झी जाग्राम बसिन्। रात छिप्पिएपछि श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले नवराजले घरबाहिर आइपुगेर 'आमा!' भनी बोलाए। गोमाले आफ्नो पुत्रको बोली चिनेर भित्र डाकिन्। उनले नवराजलाई बडो स्नेहका साथ सुम्सुम्याउँदै 'हे बाबु! तिमीलाई सन्चै छ, अनि तिम्रा बाबाको खबर के छ' भनी सोधिन्। नवराज भन्दछन :

> हे आमा! भिक्षा माग्न जानुभएका पिता गङ्गाका तीरमा ऋषिका आश्रममा पुगी गङ्गा स्नान गरी नित्य पूजाका लागि रुख चढी फलफूल टिप्न लाग्दा रुखको हाँगो भाँच्चिई रुखबाट लडी स्वर्गवासी हुनुभएछ। यो खबर मैले त्यहाँ आश्रममा बसेका वृद्ध ब्राह्मणबाट प्राप्त गरेँ र रुखमुनि गएर हेर्दा हाडखोरहरू मात्र बाँकी रहेछन्। ती सबै बटुली गङ्गामा लगी संस्कार गरी काजक्रिया गरेँ। त्यसपछि घरको दुःख सम्झी केही धन कमाई जान्छु भन्ने विचारले सहर पसी राजाको सेवा गरेँ। राजाले केही धन दिए र आज तपाईंको चरणमा आई दर्शन पाएँ।

पुत्र नवराजबाट पतिवियोगको खबर सुनेर शोकाकुल हुँदै गोमा भन्दछिन्ः

> निर्विवेकी विधाताले सात वर्षको उमेरमा सत्तरी वर्षका बुढासित मेरो विवाह गरायो। त्यसमाथि यति चाँडै यस्तो यौवनमा पतिवियोग पारिदियो! हे स्वामी! भिक्षा माग्न जानुभएका तपाईंले यस्ता अवस्थामा मलाई यसै छोडी जानुभयो। हे नाथ! तपाईंविना मेरो प्राण कसरी रहला? तपाईं जहाँ हुनुहुन्छ मलाई पनि त्यहीँ लग्नुहोस्।

गोमा यति भन्दै निकै शोकमग्न भई अनेक तरहले विलाप गर्न लागिन् र रुँदै मूर्च्छा परिन्। केही समयपछि चेत आयो र पुनः शोक गर्न लागिन्। यस्तो देखी नवराज भन्दछन् :

> हे आमा! यसरी शोक नगर्नुहोस्। यो संसार यस्तै छ। जन्मेपछि को मर्दैन र! एकफेर सबैले मर्नुपर्छ, त्यसैले शोक नगर्नुहोस्। मेरो मुख हेरेर चित्त बुझाउनुहोस्। तपाईंकी बुहारी कहाँ छिन्? यतिका दिनसम्म तपाईंहरूले कसरी गुजारा गर्नुभयो? अहिले तपाइँ यस वेलासम्म नसुती के गरेर बस्नुभएको हो? यहाँ चन्दन, धूप, दीप आदिको नाना सुगन्ध फैलिएको छ। के काम गर्नुभएको हो, आज्ञा गर्नुहोस्।

नवराजका यस्ता कुरा सुनी गोमाले चित्त बुझाई 'हे बाबु! कति थकाइ लागेको होला, भोक पनि लागेको होला, पहिले खानेकुरा खानुपर्छ' भनी खाना खुवाइन्। त्यसपछि गोमा भन्दछिन् :

> हे बाबु! तिमी गएको दुई दिनपछि तिम्री पत्नी पनि माइत गइन्। उनले 'तपाईंका पुत्र आएपछि मलाई लिन पठाउनू' भनेकी छिन्। हे बाबु! त्यसपछि एक्लै विरक्तिएर दिन काटिरहेकी थिएँ। सप्तऋषिहरू आई मेरो दुःख देखी बडो दया गरी 'श्रीस्वस्थानी परमेश्वरीको व्रत गर, तिम्रो दुःखको नाश होला, इच्छासिद्धि होला' भनी उपदेश गरी गए। ऋषिहरूले

> बताएबमोजिम 'मेरो पुत्र चाँडो आइपुगोस्' भन्ने कामनाका साथ श्रीस्वस्थानी परमेश्वरीको व्रत गरी आजको रात जाग्राम बसिरहेकी छु। हे बाबु! अब म तिमीलाई श्रीस्वस्थानी परमेश्वरीको महिमा सुनाउँछु, एकचित्त भई सुन।

यति भन्दै गोमाले रातभर कथा सुनाइन्। उज्यालो भएपछि नवराज भन्दछन्, "हे आमा! तपाईं धन्य हुनुहुन्छ। यस्ती श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्नुभयो। म खुसी भएँ। अब गङ्गामा गई स्नान गरी आउँछु।" यति भनी नवराज गङ्गास्नान गर्न गए। त्यहाँ स्नान, सन्ध्या र तर्पण गरी हरिहरको पूजा गरे। गोमाले गरेको श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले गङ्गाबाट हरिहर प्रत्यक्ष भई भन्न लाग्नुभयो :



हे नवराज! तेरी आमाले गरेको व्रतका प्रभावले हामी खुसी भयौँ। त्यसैले अब तँलाई वरदान दिन्छौँ। यस गङ्गादेखि दक्षिण दिशामा लावण्यदेश छ, त्यहाँ राजा छैनन्। हात्तीलाई सुवर्णको कलश र फूलको माला दिई राजा खोज्न लगाइएको छ। अब तँ त्यहाँ जा, हामी हात्तीमा प्रवेश गरी तँलाई नै राज्याभिषेक गरौँला।

हरिहरबाट यस्तो वरदान पाएपछि नवराज स्तुति गर्न लागे :

यौ तौ शङ्खकपालभूषितकरौ मालास्थिमालाधरौ ।
देवौ द्वारवतीश्मशाननिलयौ नागारिगोवाहनौ ॥
द्वित्र्यक्षौ बलिदक्षयज्ञमथनौ मेघाद्रिराजप्रभौ ।
पापं मे हरतां सदा हरिहरौ श्रीशैलजावल्लभौ ॥

अर्थात् हे हरिहर! हातमा शङ्ख र खप्पर लिनुभएका, वनमाला र अस्थिमाला धारण गर्नुभएका, द्वारका र श्मशानमा निवास गर्नुभएका, गरुड र साँढे वाहन भएका, दुई र तीन आँखा भएका, बलि राजा र दक्षप्रजापतिको यज्ञ मथन गर्नुभएका, मेघ र हिमालय पर्वतको जस्तो वर्ण भएका लक्ष्मी र पार्वतीका स्वामी भएका यस्ता हे विष्णु! हे शिव! हजुरहरूले मेरो पाप हरण गरिदिनुहोस्।

हे हरिहर! हजुरहरूले अनाथ भइरहेको ममाथि दया गरी दर्शन दिनुभयो। म धन्य रहेछु। मेरी आमाको गर्भमा मैले वास लिएको पनि सफल भयो। हे भक्तवत्सल! तपाईंहरू कस्ता भने, दुष्ट जनको नाश गरी साधु जनको रक्षा गर्ने, पापपुण्यका साक्षी भएका यस्ता तपाईं दुवैलाई कोटिकोटि नमस्कार छ। हजुरहरूको महिमा गाउन हजार जिब्रा भएका शेषनागको पनि शक्ति छैन, अरूको के सामर्थ्य होला! सधैँ तपाईंहरूको भक्तिमा मेरो चित्त लागोस्।

नवराजले यस्ता तरहले हरिहरको स्तुति गरे। हरिहर पनि अन्तर्धान हुनुभयो। हरिहरको दर्शन पाएपछि नवराज सूर्यजस्तै तेजिला भई घर आए। गोमा आफ्नो पुत्र नवराजलाई पहिलेको भन्दा बढी तेजयुक्त देखी भन्दछिन्, “हे पुत्र! तिमीलाई आज मैले किन यस्तो तेजिलो भएको देखेँ? मेरा आँखा तिर्मिराएर हो कि मनमा भ्रान्ति भएर हो? मैले त तिमीलाई देवताका राजा इन्द्रभन्दा पनि सुन्दर देखेँ।” आमाका यस्ता कुरा सुनी नवराज भन्दछन्, “हे आमा! आज मैले गङ्गास्नान गरी हरिहरको पूजा गरेपछि गङ्गाबाट हरिहर प्रत्यक्ष हुनुभयो र मलाई लावण्यदेशको राजा हुने वरदान दिनुभयो। भगवान् हरिहरका कृपा र हजुरका तपस्याले म यस्तो तेजयुक्त भएको हुँ।” नवराजका यस्ता कुरा सुनी गोमा खुसी हुँदै भन्दछिन्,

“हे बाबु! ‘मेरो पुत्र चाँडो आइपुगोस्’ भनी श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेकी थिएँ, गएराति नै तिमी आइपुग्यौ। तिमीलाई प्रसाद राखिदिएकी छु लाऊ! श्रीस्वस्थानी परमेश्वरीले कल्याण गरून्। तिमी पनि सधैँ उनका भक्तिमा चित्त लगाऊ।” गोमाले यति भन्दै श्रीस्वस्थानी परमेश्वरीको प्रसाद दिइन्। ‘हरिहर भगवान्का कृपाले तिमी लावण्यदेशको राजा होऊ’ भनी आशीर्वाद पनि दिइन्। आमाले दिएको प्रसाद लिई ‘हवस् भन्दै आमाका चरणमा प्रणाम गरी नवराज लावण्यदेशतर्फ प्रस्थान गरे।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां गोमा श्रीस्वस्थानीव्रतकृतो नाम चतुर्विंशोऽध्यायः ॥ २४ ॥

पञ्चविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! अनि पछि लावण्यदेशमा राजा नहुनाले मन्त्रीहरूले हात्तीलाई सुवर्णको कलश र फूलको माला दिई राजाको चयन गर्न लगाएका थिए। लोकहरू थरीथरीका वस्त्राभूषण पहिरी 'भाग्यमा भए राजा भइएला, नभए रमिता त हेरिएला' भन्ने विचारले हात्तीका अघिपछि हिँड्न थाले। नवराज पनि त्यहाँ पुगेर पछिल्तिर पाटीनेर बसी हेरिरहेका थिए। त्यसै वेला हरिहरले हात्तीमा प्रवेश गरी नवराज ब्राह्मणको नजिकै गई फूलको माला लगाई सुवर्णका कलशले अभिषेक गर्नुभयो। त्यहाँ उपस्थित लोकहरूमध्ये केहीले भने, "लौ! यो हात्ती बहुलायो, यस देशमा कोही क्षत्रिय छैनन् र यस्ता ब्राह्मणलाई अभिषेक गऱ्यो।" तिनका कुरा सुनी अन्य केही भन्न थाले :

> हात्ती बहुलाएको होइन, तिमीहरू नै बहुलाएका हौ, नबोले पनि हात्ती देवता नै हो। हे मूर्ख हो! ब्राह्मण भए पनि, क्षत्रिय भए पनि, वैश्य भए पनि, शूद्र भए पनि उसका तपस्याले राजा हुन पायो। नारायणको अंश नभई र नारायणले नदिई राजा हुन त्यसै पाइँदैन। तिमीहरू चुप लाग।

यसरी त्यहाँ लोकहरू आपसमा कुरा गर्न थाले। अनि पछि हरिहर प्रवेश भइरहेको हात्तीले नवराजलाई आफ्ना कुम्भस्थलमा राखी

राजदरबारमा लिएर गयो। गुरुपुरोहितहरूले नाना रङ्गका वस्त्रालङ्कार पहिराई सबै सामग्री तयार गरी सुदिन ठह्याई त्यसै नगरका राजाकी पुत्री लावण्यवतीसँग नवराजको विधिपूर्वक विवाह गराई राजा बनाए। लावण्यदेशका मन्त्रीहरूले नवराजसँग बिन्ती गरे, "हे महाराज! अभिषेक भएको छैन, सामग्रीहरू तयार छन्। सुदिन ठह्याई अभिषेक लिनुहवस्।" मन्त्रीहरूका यस्ता कुरा सुनी नवराज भन्दछन्, "हे मन्त्रीवर्ग हो! मेरी महतारीले नदिई अरूका हातको अभिषेक कसरी लिऊँ? चन्द्रज्योति नगरबाहिर खरको एक झुपडी छ। त्यहाँ गोमा नाउँकी ब्राह्मणी बस्दछिन्। ती मेरी महतारी हुन्। चाँडै लिन पठाइदेओ।"

राजाको यस्तो आज्ञा सुनी एउटा मन्त्रीले 'म आफैं जान्छु' भनी नाना वस्त्र, अलङ्कार, पाल्की र सेनासमेत लिई चन्द्रज्योति नगरमा गएर गोमा ब्राह्मणीलाई भेटी प्रणाम गरी बिन्ती गरे, "हे मुमा महारानी! हजुरका पुत्र नवराज लावण्यदेशका राजा होइबक्सियो। म उहाँको मन्त्री हुँ। महाराजबाट हजुरलाई लिन पठाइबक्सेकाले आएको हुँ। यी गहना र पोसाक पहिरिबक्सी पाल्कीमा राज भई सवारी होइबक्सियोस्।" मन्त्रीको यस्तो बिन्ती सुनी गोमा खुसी भई नयाँ वस्त्रअलङ्कार पहिरी पाल्कीमा बसी मन्त्री र सेनाहरूका साथ लावण्यदेशतर्फ प्रस्थान गरिन्। यस्तो थाहा पाएर गोमालाई हेर्नका लागि चन्द्रज्योति नगरका स्त्रीहरू कोही कपाल फुकेका,

कोही पटुकाको छेउ लतारेका, कोही छोराछोरी रुवाउँदै गरेका, कोही भात खाँदै गरेका पनि त्यसै छाडी हतारिएर निस्के। पाल्कीमा बसी फौजका साथ जाँदै गरेकी गोमालाई देखी 'हेर! सधैँ अर्काको ढिकीजाँतो गरी निर्वाह गर्ने गोमा आज महारानी भई पाल्कीमा बसी गइन्' भनी आपसमा कुरा गर्न लागे।

जब गोमा लावण्यदेशको नजिक पुगिन् तब राजा नवराजले थाहा पाएर हात्ती, घोडा, रथ लगी नाच, गान, बजान गराउँदै सिन्दूरयात्रा गरी राजदरबारमा लगे। त्यसपछि गोमालाई आसनमा बसाली प्रणाम गरी नवराज बिन्ती गर्दछन्, "हे आमा! हजुरको तपस्या र हरिहरका कृपाले आज म लावण्यदेशको राजा भएँ। हजुरको साधना धन्य! अब अभिषेक पनि दिनुहोस्।" नवराजको बिन्ती सुनेर सुदिन ठहऱ्याई सुनको सिंहासनमा बसालेर गोमाले राजा नवराज र रानी लावण्यवतीलाई विधिपूर्वक राज्याभिषेक गरिन्। गुरुपुरोहितहरूलाई दक्षिणा दिई भोजन गराई बिदा गरियो। त्यसपछि हात्ती, रथ तयार गरी फौजका साथ नाच, गान, बजान र सिन्दूरयात्रा गर्दै नगरपरिक्रमा गरी राजा नवराज, रानी लावण्यवती र मुमा महारानी गोमासमेत राजदरबार जाँदा भए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां नवराजराज्याभिषेको नाम पञ्चविंशोऽध्यायः ॥ २५ ॥

षड्विंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! अनि पछि एक दिन राजा नवराजले आफ्नी मुमासित बिन्ती गरे, "हे मुमा! ईश्वरका कृपाले म यहाँ आई राजा भएँ। अब आफ्ना राज्यमा भएजति ब्राह्मणहरूलाई निमन्त्रणा गरी भोजन गराएर श्रद्धापूर्वक दक्षिणा दिने विचार छ। यस जन्ममा धर्म गरे पो अर्को जन्ममा पाऔँला।" छोराको यस्तो कुरा सुनेर गोमा भन्दछिन्, "हे पुत्र! तिमीले बेस भन्यौ। यसरी सधैँ तिम्रो धर्ममा चित्त लागिरहोस्। मन्त्रीलाई बोलाई ब्राह्मणहरूलाई निमन्त्रणा गर्न पठाऊ। चन्द्रज्योति नगरका तिम्रा बाल्यकालका सँगीहरूलाई पनि निमन्त्रणा गर्न पठाऊ। माइत बसेकी तिम्री पत्नी चन्द्रावतीलाई पनि लिन पठाऊ।" आमाले यति भनेको सुनी 'हवस्' भनी नवराजले मन्त्रीलाई डाकी भने :

> हे मन्त्री! हाम्रा राज्यमा भएका सबै ब्राह्मणहरूलाई भोजन गराउनुपर्‍यो, सामग्री तयार गर। ब्राह्मणहरूलाई निमन्त्रणा गर्न पठाऊ। चन्द्रज्योति नगरमा मेरा सँगीहरू छन्, तिनलाई पनि निम्ता पठाऊ। वरुणपुरमा अग्निस्वामी नाउँका ब्राह्मण छन्। तिनकी पुत्री चन्द्रावती मेरी ब्राह्मणी हुन्। तिनलाई पनि लिन

पठाऊ। मेरा सासूससुरालाई ‘तपाईंका जुवाइँ लावण्यदेशका राजा भएका छन्, आजका चार दिनमा लावण्यदेशमा आइपुग्नू’ भनी खबर पठाऊ।

राजा नवराजको आदेश पाएपछि मन्त्रीले ‘हवस्’ भनी लावण्यदेशका सबै ब्राह्मणहरू र चन्द्रज्योति नगरका नवराजका सँगीहरूलाई पनि निमन्त्रणा गर्न पठाए। भोजनका सबै सामग्री तयार गराए। डोलेहरूलाई डाकी चन्द्रावतीलाई लिन पठाए। डोलेहरूले वरुणपुरमा गई ‘अग्निस्वामीको घर कुन हो’ भनी सोधे र कसैले ‘त्यही हो’ भनी देखाइदियो। घरका आँगनमा पुगी बोलाउन लागे। चन्द्रावतीले सुनी ‘को हौ, कहाँबाट आयौ’ भनी सोधिन्। डोलेहरूले ‘नवराज राजाले पठाइबक्सेकाले लावण्यदेशदेखि आएका हौं’ भने। यस्तो सुनी आश्चर्य मान्दै चन्द्रावतीले भनिन्, “हे डोले हो! तिमीहरूले नवराज राजा भनी अचम्मको कुरा गर्‍यौ। कसरी राजा भए? सबै कुरा मलाई स्पष्टसँग भन।” तब डोलेहरू भन्दछन् :

लावण्यदेशमा राजा नहुँदा हात्तीलाई सुनको कलश र फूलको माला दिई राजा खोज्न पठाइएको थियो। त्यस हात्तीले नवराजलाई देखी सुवर्णको कलशले अभिषेक गरी फूलको

माला पहिराइदिँदा लोकले दरबारमा लगी राजा बनाए। चन्द्रावती रानी कहाँ हुनुहुन्छ, तुरुन्त खबर गरिदिनुहोस्। अनि चाँडो नगए राजा हामीसँग रिसाइबक्सिन्छ।

डोलेहरूका यस्ता कुरा सुनी चन्द्रावतीले मनमा आनन्द मानी 'चन्द्रावती नाउँ गरेकी उनकी ब्राह्मणी मै हुँ' भनिन्। तब डोलेहरूले चन्द्रावतीलाई प्रणाम गरी बिन्ती गरे, "हे महारानी! चाँडो जाऔँ, विलम्ब नगर्नुहोस्। हजुरका बाबामहतारीलाई पनि 'आजका चार दिनभित्र आइपुग्नू' भन्ने निमन्त्रणा गरिएको छ। हामीले चिनेका छैनौँ। हजुरले नै भनिदिनुहोला।" त्यसपछि चन्द्रावतीले 'लौ! लौ!! हुन्छ' भनी चाँडो माथि गई आफ्ना बाबामहतारीसित नवराज राजा भएको र आफूलाई लिन पठाएको कुरा बताउँदै 'आज्ञा पाए जाँदी हुँ' भनिन्। अग्निस्वामीले यस्तो सुनी बहुत खुसी भई 'धन्य मेरा जुवाइँ नवराज! मेरी छोरी पनि अब रानी भई' भनी थरीथरीका गहना कपडा पहिराई, "हे पुत्री! तैँले जन्म लिएको सफल भयो, विलम्ब गर्नु छैन, अब साइत गर्" भनी बिदा दिए। चन्द्रावती रानी 'हवस्' भनी डोलेहरूलाई खानपिउन दिई बाबामहतारीलाई प्रणाम गरी आफ्ना छिमेकी साथीहरूसँग पनि बिदा भई म्यानामा बसी लावण्यदेशतर्फ प्रस्थान गरिन्। चन्द्रावतीका सँगिनीहरू 'हरे! यो चन्द्रावती आफ्ना पति परदेश

गएका वेलामा दुःखमा परेकी सासूलाई एक्लै छोडी माइत आएर बसेकी थिई तैपनि रानी हुन पाई' भनी आपसमा कुरा गर्न लागे।

आफ्नो माइती वरुणपुरबाट म्यानामा चढी जाँदाजाँदा रानी चन्द्रावती ठुलो वनमा पुगिन्। त्यस वनमा कतै मृग आदि वन्यजन्तुहरू आआफ्ना जोडीका साथ शीतल ठाउँमा बसिरहेका, कतै राजहंस आदि पक्षीहरू तलाउमा खेलिरहेका, कतै गुराँस, पलाँस आदिका रुखहरू फूल एवं फलहरूले लटरम्म परेका, माहुरी, भमरा आदि भुनभुन गरिरहेका थिए। त्यस्तो वनमा पुगेपछि डोलेहरूले महिलाहरूको एक समूह पूजापाठमा लागिरहेको टाढैबाट देखे। अनि डोलेहरू म्याना भूमिमा राखी 'हे महारानी! हामीलाई भोक लागेकाले त्यहाँ पर केही पाए खाई आउछौँ, हजुर एकछिन यहीँ बस्नुहोला' भनी चन्द्रावतीलाई एक्लै छोडी महिलाहरूको पूजास्थलमा गए। डोलेहरू त्यहाँ पुगी भन्दछन्, "यहाँहरू को हुनुहुन्छ, कहाँबाट आउनुभएको हो र कुन देवताको पूजा गरिरहनुभएको हो?" ती महिलाहरूले भने, "हे मनुष्य हो! हामी स्वर्गका अप्सरा हौँ। हामी यहाँ श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्दैछौँ।" यस्तो सुनी 'हामीहरूले पनि यो पूजा गर्न मिल्छ कि?' भनी डोलेहरूले सोधे। अप्सराहरूले 'हुन्छ' भनेपछि डोलेहरूले 'हामीसँग सामग्री छैन, हजुरहरूका साथमा हामीलाई

पनि पूजा गर्न दिनुहोस्' भने। त्यसपछि अप्सराहरूले आफूसँगै डोलेहरूलाई पनि पूजा गर्न दिए। डोलेहरूले अर्काको भारी बोकेर कमाएको द्रव्य भेटी चढाए। पूजा गरिसकेपछि अप्सराहरू भन्दछन् :

> हे मनुष्य हो! जसले श्रीस्वस्थानी परमेश्वरीको व्रत गरी कथा सुन्ला, सुनाउला अथवा तिनको महिमाको पुस्तक घरमा राख्ला त्यसका सबै पाप, दुःख, दारिद्र्य, शोक, सन्ताप नाश हुँदै जालान्। अन्त्यमा दिव्यदेह (देवताको शरीर) लिई कैलाशमा बस्न पाउला। बाटो लागेका तिमीहरूले ठुलो श्रद्धा गरी यो व्रत गर्‍यौ, तिमीहरू धन्य रहेछौ। श्रीस्वस्थानी परमेश्वरी सधैँ तिमीहरूका हृदयमा रहून्। अब जहाँ जान लागेका हौ त्यहीँ जाओ।

अप्सराहरूले यति भनी डोलेहरूलाई श्रीस्वस्थानी परमेश्वरीको प्रसाद दिए। डोलेहरू भन्दछन्, "हजुरहरूका कृपाले श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्ने सौभाग्य मिल्यो, अब हामी जान्छौँ।" यति भन्दै अप्सराहरूलाई प्रणाम गरी डोलेहरू चन्द्रावती भएका ठाउँतर्फ गए। अप्सराहरू पनि स्वर्ग गए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां चन्द्रावती लावण्यदेशप्रस्थानं नाम षड्विंशोऽध्यायः ॥ २६ ॥

सप्तविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! डोलेहरू चन्द्रावती भएका ठाउँमा आएर “हे महारानी! हामीले स्वर्गका अप्सराहरूलाई श्रीस्वस्थानी परमेश्वरीको व्रत गरिरहेका देख्यौँ र तिनका साथमा हामीले पनि पूजा गर्‍यौँ। त्यसैले विलम्ब भयो, क्षमा गर्नुहोस्। हजुरलाई पनि श्रीस्वस्थानी परमेश्वरीको प्रसाद ल्याइदिएका छौँ, लिनुहोस्” भनी प्रसाद दिए। तिनीहरूले ‘ल्याइदिएका छौँ, लिनुहोस्’ भनेको सुनी चन्द्रावती रिसले चुर भएर राता राता आँखा पारी दाह्रा किटी नागले झैँ सुस्केरा हाली ठुलो स्वरले गर्जना गर्दै भन्न लागिन् :

> हे पापी डोले हो! मलाई यस्ता वनमा एक्लै छोडी व्रत गर्न पछि लाग्यौ, नोकरको धर्म यही हो? त्यस व्रतले तिमीहरूलाई खान दिन्छ कि के गर्छ? त्यो स्वस्थानी भनेकी कहाँकी देवी हो? आजसम्म सुनेकी पनि छैन, जानेकी पनि छैन। त्यसले के गर्न सक्छे? तिमीहरूले मलाई नटेरेका हौ। वनमा भएर पो! नत्र मैले तिमीहरूको के चाल गर्ने थिएँ। आफूलाई कहिले पुगुँला भन्ने हतार छ, तिमीहरूलाई भने यहाँ रत्तीभर डर छैन। तिमीहरू अपराधी रहेछौ।

यति भन्दै चन्द्रावती म्यानाबाट ओर्ली डोलेका हातबाट श्रीस्वस्थानीको प्रसाद खोसी थु! थु!! गरी थुकी गोडाले कुल्ची भूमिमा दलिदिइन् र ‘अब पनि यसै गरौला कि, चाँडै लैजाओ’ भन्दै म्यानामा बसिन्। डोलेहरू डरले थर्कमान भई थरथर काँप्दै आँखादेखि बरबर आँसु खसाली केही भन्न नसकी मनले श्रीस्वस्थानी परमेश्वरीलाई सम्झी चुपचाप म्याना बोकी हिंडे। लावण्यदेशका नजिकै ‘शाली’ नामकी एक नदी थिइन्। त्यहाँ पुगी पुलबाट जान लाग्दा बिचमा पुगेपछि श्रीस्वस्थानी परमेश्वरीको निन्दा गरेको कारणले अकस्मात् चँदुवा टाँगेजस्तो मेघ धुरिएर आयो। मुसलधारे पानी पर्‍यो। बेजोडले हुरीबतास चलेकाले पुल भाँचिएर म्यानासहित चन्द्रावती र डोलेहरू नदीमा खसे। डोलेहरूको तत्कालै मृत्यु भयो। श्रीस्वस्थानी परमेश्वरीको पूजा गरेकाले डोलेहरू मृत्युपछि दिव्य स्वरूप लिई शिवपुरीमा आनन्दले रहे। जुन मनुष्यले श्रद्धा एवं भक्तिपूर्वक श्रीस्वस्थानी परमेश्वरीको व्रत एवं पूजापाठ गर्ला त्यसले यो पदवी पाउला।

यता चन्द्रावती भने जीवितै रहिन् तर उनको अवस्था मरेको भन्दा पनि कष्टकर हुन गयो। उनी महापातकी भई शालीनदीको जलभित्र रहन पुगिन्। चन्द्रावती खसेका समयदेखि शालीनदी बग्न छाडिन्। यस्तो देखी माझीहरू ‘के आश्चर्य भएको होला,

यस नदीमा कुनै ग्राहा आयो वा नाग आएर बसे कि अथवा देशमा कुनै उत्पात हुन लागेको सङ्केत हो कि, यसबारे राजाकहाँ जाहेर गर्नुपर्छ" भन्ने विचारले राजदरबारमा गई राजा नवराजसँग बिन्ती गर्न लागे, "हे महाराज! शालीनदी बग्न छाडिन्, स्थिर भइरहेकी छिन्। यस्तो भएको हामीले सुनेका पनि थिएनौँ, आज आफ्नै आँखाले देख्यौँ, आश्चर्य भयो। विचार गरिबक्सियोस्।"

शालीनदीको खबर सुनी राजा नवराजले मन्त्रीहरूलाई डाकी माझीहरूले जाहेर गरेका सबै कुरा भने। त्यसपछि लोकलाई पनि साथमा लिई शालीनदीमा गएर राजाले माझीहरूलाई 'जलभित्र कुनै जन्तु छ कि? जाल हाली हेर' भनी अह्राए। माझीहरूले 'हवस्' भनी जाल हाले। चन्द्रावती त्यस जालमा परेकीले उनलाई बाहिर निकालियो। शरीरमा कुष्ठ हुनाले हातपाउ झरेकी, सुद्दी केही नभएकी, हिलाले छोपिएको मुढोजस्ती चन्द्रावतीलाई देख्दा 'यही वस्तु हो' भनी कसैले पनि ठम्याउन नसकी किनारामा मिल्काए। उनीहरूले फेरि जाल हाल्दा केही नभेट्टाएकाले राजासँग गई 'महाराज! हामीले केही फेला पार्न सकेनौँ' भनी बिन्ती गरे। अनि राजा नवराजले 'हे गङ्गे! तिमी किन स्थिर भइरहेकी? मैले जान्न सकिनँ, मसँग प्रसन्न होऊ' भनी हातमा अर्घपात्र लिई त्यसमा पारो, नवरत्न र गाईको दुध हाली अर्घ दिए। त्यसपछि

शालीनदी बग्न थालिन् र सबै जना आश्चर्य मानी आआफ्ना घरतर्फ लागे।

उता चन्द्रावतीलाई छिनमा मूर्च्छा पर्ने, छिनमा ब्युँझने, छिनमा भोक लाग्ने, छिनमा शिर घुमाउने हुन लाग्यो। यसरी उनी महाकष्ट पाई शालीनदीका किनारामा परिरहिन्। एक दिन उनलाई साह्रै नै भोक लाग्यो तर खानेकुरा केही नपाएर 'माटो नै खान्छु' भनी हातमा लिँदा पत्थर भयो, त्यही खान्छु भन्दा खरानी भयो र त्यो खरानी पनि खान्छु भन्दा ठुलो बतास आई उडाई लग्यो। श्रीस्वस्थानी परमेश्वरीको निन्दा गर्नाले उनले यसरी शीत, प्यास र भोकदेखि नाना दुःख पाइरहिन्।

यता नवराज राजाले तय गरेको ब्राह्मण भोजनमा जानका लागि नवलपुरका कपिल नाउँ गरेका दुई भाइ ब्राह्मण पनि शालीनदीतर्फ आउँदै गरेको चन्द्रावतीले देखिन्। तब उनले 'तिमीहरू को हौ र अहिले कहाँ जान लाग्यौ?' भनी सोधिन्। ब्राह्मणहरूले 'हामी कपिल नाउँका ब्राह्मण हौँ, लावण्यदेशमा राजा नवराजको ब्राह्मणभोजनमा निम्ता मान्न जान लागिरहेका हौँ' भने। तब चन्द्रावती भन्दछिन्, "हे ब्राह्मण हो! चार दिन भयो मैले केही खान पाएकी छैन। तिमीहरू ब्राह्मण भोजनमा जाने भए मलाई पनि केही

खानेकुरा ल्याइदिए पुण्य होला। म अनाथलाई दया गर।" अनि ब्राह्मणहरू भन्दछन्, "हे पापिनी! हामी अहिले यसै भन्न सक्दैनौँ किनभने राजाका दरबारमा कसो हुने हो, के जान्नु? फेरि हामी ब्राह्मणको जात! ल्याउन हुने चिज दिए ल्याउँला नत्र के गर्नु। त्यसैले 'आस गरेस् भर नपरेस्।" ब्राह्मणहरू यति भन्दै लावण्यदेशतर्फ गए।

राजा नवराजको निमन्त्रणा पाएर लावण्यदेशभरका ब्राह्मणहरू भोजनमा उपस्थित भए। राजाले पनि उपस्थित सबै ब्राह्मणहरूलाई पूजा गरी दक्षिणा दिई भोजन गराए। त्यसपछि ब्राह्मणहरू नवराज राजालाई आशीर्वाद दिई आनन्दसाथ आआफ्ना घर गए। नवलपुरका ती कपिल ब्राह्मणहरूले चन्द्रावतीले भनेका कुरा सम्झी 'त्यसै जाउँ भने त्यो पापिनी आस गरिरहेकी होली, केही लगिदिउँ भने कसरी माग्ने, लोभी पो भन्ने हुन् कि' भन्ने विचार गरी सङ्कोच मानी भोजन गरेकै ठाउँमा कहिले यता कहिले उता गरिरहे।

यता गोमा महारानीले ती कपिल ब्राह्मणहरू भोजनस्थल वरिपरि घुमिरहेको देखिन् र भँडारेलाई डाकी 'हे भँडारे! ती ब्राह्मणहरूले खान पाएनन् कि, सन्तुष्टि मिलेन कि, सोध' भनिन्। भँडारेले

'हवस्' भनी 'हे ब्राह्मणहरू हो! यहाँहरूले भोजन गर्न पाउनुभएन कि, अथवा सन्तुष्टि मिलेन कि, इच्छा भए फेरि भोजन गर्नुहोस्' भन्दा उनीहरू भन्दछन् :

> हे भँडारे! महाराजका कृपाले हामीले यथेष्ट भोजन गऱ्यौ र सन्तुष्ट पनि भयौँ। हामी यहाँ आउँदै गर्दा शालीनदीका किनारमा कुष्ठीले ग्रस्त भएर हातपाउ झरेकी कुनै स्त्रीले देखेर 'कहाँ जान लागेको' भनी सोधखोज गरी। हामीले 'राजाको निमन्त्रणामा ब्राह्मण भोजनमा जान लागेका हौँ' भन्यौँ। उसले 'त्यसो भए मलाई पनि केही खानेकुरा ल्याइदेओ, चार दिन भयो मेरो मुखमा अन्नपानी परेको छैन' भनी। त्यसैले 'अब यसै जाउँ भने त्यो आस गरिरहेकी होली, केही लैजाउँ भने कसरी माग्ने' भन्ने दुबिधामा परी हामी यसै यहाँ घुमिरहेका हौँ"

भँडारेले त्यो सबै कुरा गोमा महारानीलाई बिन्ती गऱ्यो। गोमाले 'तिनलाई चाहिए जति अन्न देऊ' भनी अह्राइन्। भँडारेले 'हवस्' भनी भँडारमा गएर खाद्यपदार्थ दिन खोज्दा राजा नवराजको भँडार रित्तिएको देख्यो। त्यसपछि भँडारेले आश्चर्य मान्दै 'हे महारानी! राखेको ठाउँमा केही पनि छैन, के दिउँ' भनी बिन्ती गऱ्यो। गोमा आफैँ गई भँडारमा हेर्दा सबै रित्तिएको देखिन्। अनि उनले

भँडारेलाई 'मेरा लागि तयार गरेको भोजन देऊ' भनिन्। भँडारेले 'हवस्' भनी त्यो भोजन लिई ब्राह्मणहरूकहाँ गई भन्यो, "हे ब्राह्मणहरू हो! त्यसको नाउँ लिनासाथ राजाको सबै भँडार सुकिगयो। राखेका ठाउँमा केही पाइएन। यो महारानीका लागि तयार पारेको भोजन हो, यही लग्नुहोस्।" भँडारेले यति भन्दै त्यो भोजन दियो। ब्राह्मणहरू बहुत सरम मानी त्यो भोजन लिई त्यहाँबाट निस्के। उनीहरू जानासाथ राजा नवराजको भँडार जस्ताको त्यस्तै भरिभराउ भयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां नवराजब्राह्मणभोजनं नाम सप्तविंशोऽध्यायः ॥ २७ ॥

अष्टाविंशोऽध्याय:

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! त्यति भएपछि ती ब्राह्मणहरू त्यो भोजन लिई चन्द्रावती ब्राह्मणी भएका ठाउँमा गए। चन्द्रावतीले ब्राह्मणहरूलाई देखी 'मलाई पनि केही ल्याइदिएका छौ कि' भनी सोधिन्। ब्राह्मणहरूले भने "तँ त साह्रै पापिनी रहिछेस्। तेरो कारणले हामीलाई कस्तो सरम भयो। तँलाई दिन भनी हेर्दा राजाको सबै भँडार सुकिगयो। यति भोजन गोमा महारानीलाई भनी राखेको रहेछ, त्यही ल्याइदिएका छौँ, ला!" भनी सुम्पिदिए। चन्द्रावती त्यो भोजन पाउनेबित्तिकै भोकले हाँपभाँप गर्दै खान तयार भइन्। तब ती ब्राह्मणहरू भन्दछन् :

> हे पापिनी! यस्तो अवस्थामा पर्दा पनि तँलाई अझै धर्मको चेष्टा भएन? मुख धोएर त खा! तेरो यस्तो अवस्था देखी हामीलाई साह्रै दया लाग्यो। तँलाई एउटा उपदेश दिन्छौँ सुन्, 'दयाकी खानी श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले तेरो उद्धार होला। ब्रह्महत्यादि पाप गरेको भए पनि नाश होला। यसकारण तैँले श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्।'

ब्राह्मणहरू यति भन्दै घरतर्फ लागे । चन्द्रावती बल्लतल्ल बडा कष्टले चार हातखुट्टाले टेकी मुख धुन भनी शालीनदीतर्फ लागिन् तर उनी जाँदै गर्दा शालीनदी सुक्दै गइन् । त्यसपछि उनी नाना तरहले रोइकराई गर्दै माथि उक्लिन् र ‘मुखै नधोई खाऊँ’ भनी भात हातमा लिँदा खरानी भयो, त्यही पनि खाऊँ भन्दा ठुलो बतास आई उडाई लग्यो । तब चन्द्रावती रुख ढलेझैँ भूमिमा ढली मूर्च्छा परिन्। फेरि होस आयो र ‘कस्तो अपराध गरेछु’ भनी अनेक तरहले विषाद गर्दै बडो दुःखकष्टका साथ लामो समयसम्म शालीनदीका किनारमा रहिरहिन्।

अनि पछि पौष शुक्लपूर्णिमाको दिन आयो। त्यस दिन श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गर्ने उद्देश्यले स्वर्गका अप्सराहरू शालीनदीमा स्नान गर्न आए। उनीहरू स्नान गरेर सूर्यलाई अर्घ दिई बालुवाको शिवलिङ्ग बनाई श्रीमहादेवको पूजा गर्न लाग्दा चन्द्रावतीले चाल पाइन्। उनी घस्रिँदै अप्सराहरूका नजिकमा गई भन्न लागिन्, “तपाईंहरू देवता हुनुहुन्छ कि मनुष्य हुनुहुन्छ? म पापिनी कहीँ चल्न सक्दिनँ। कसैले केही दिँदैन, खान पाउँदिनँ, मलाई अन्नदान दिनुहोस्। म के पापले यस्ती भएँ? मेरो कसरी उद्धार होला?”

चन्द्रावतीका यस्ता कुरा सुनेर अप्सराहरू भन्दछन्, "हे पापिनी! हामी स्वर्गका अप्सरा हौँ। आज पौष शुक्लपूर्णिमा हो। श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गर्न भनी यहाँ स्नान गर्न आएका हौँ। तेरो यस्तो अवस्था देख्दा हामीलाई दया लाग्यो। तँ पनि यही व्रत गर् अनि सबै पापको नाश भई तेरो उद्धार होला।" अप्सराहरूले यस्तो भनेको सुनी चन्द्रावती मनमनै गुन्दछिन् ः

> मैले अरू पाप त केही गरेकी थिइनँ। डोलेहरूले श्रीस्वस्थानी परमेश्वरीको प्रसाद ल्याएर मलाई दिएका थिए। मैले अहङ्कारले श्रीस्वस्थानीको निन्दा गर्दै त्यो प्रसाद थुकेर मिल्काई गोडाले किचेकी थिएँ। त्यही पापले शालीनदी तर्न लाग्दा म्यानाबाट खसेर यस्तो हालतमा पुगेकी रहिछु। कपिल ब्राह्मणले पनि 'श्रीस्वस्थानीको व्रत गरेस्' भनी उपदेश दिएका थिए। अहिले अप्सराहरूले पनि यसै भने। श्रीस्वस्थानी परमेश्वरी ठुली रहिछिन्। यस्ता देवीदेवताको निन्दा एवं अनादर गर्ने र अरूको आस्थामाथि आघात पुऱ्याउने मानिसको सर्वनाश हुँदोरहेछ। मानिस अहङ्कारले नासिँदा रहेछन्। म पनि अहङ्कारले यस हालतमा पुगेँ। अब म प्रायश्चित्त गर्दै श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्दछु।

चन्द्रावती मनमनै यस्ता विचार गर्दै अप्सराहरूसित भन्न लागिन्, "हे अप्सरा हो! श्रीस्वस्थानी परमेश्वरीको व्रतविधि के हो र यसमा केके गर्नुपर्छ? सबै आज्ञा गर्नुहोस्।" तब अप्सराहरू भन्दछन् :

हे पापिनी! आज पौष शुक्लपूर्णिमाको दिन हो। आजका दिनदेखि हातगोडाका नङ काटी स्नान गरी शुद्ध भई एकभक्त रही एकचित्त गरी महिना दिनसम्म नित्य मध्यान्ह कालमा श्रीमहादेवको पूजा गर्नू। सके श्रीस्वस्थानी परमेश्वरीको कथा सुन्नू, सुनाउनू। माघ शुक्लपूर्णिमाका दिन एक सय आठ रोटी, एक सय आठ अक्षता, एक सय आठ बेलीपुष्प, एक सय आठ पान, एक सय आठ कुड्का सुपारी, एक सय आठ जातजातका फूल र सगुनसमेत तयार गरी आरसीमा ॐकार लेखी गङ्गाजलले स्नान गराउनू। सिन्दूर, श्रीखण्ड, रक्तचन्दन र फूलमाला पहिर्‍याउनू। धूप, दीप, नैवेद्य, मेवा, मिष्ठान्न, कस्तूरी, वस्त्र र भेटी चढाउनू। एकचित्त भई श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्नू, स्तोत्र पाठ, जप, ध्यान गर्नू र अर्घ दिनू। भक्तिभावका साथ श्रीस्वस्थानी परमेश्वरीप्रति हृदयदेखि नै नमन गरी वरदान माग्नू। त्यसपछि प्रसाद झिक्नू। एक सय आठ सङ्ख्याका सामग्रीहरूमध्ये प्रत्येकबाट आठ आठ ओटा निकाली आफ्ना पतिलाई दिनू,

पति नभए छोरालाई दिनू, छोरा नभए मितछोरालाई दिनू, मितछोरा पनि नभए जुन कामनाका साथ व्रत गरेको हो सो कामना पूर्ण होस् भनी गङ्गामा लगी बगाउनू। सय रोटी आफूले फलाहार गर्नू। यति गरिसकेपछि तेरा सबै पाप नाश होलान्, दुःख दारिद्र्य हट्ला, इच्छासिद्धि होला। यसमा अन्यथा नमानेस्। अब हामी जान्छौँ।

अप्सराहरू यति भन्दै स्वर्गतर्फ गए। तहाँपछि चन्द्रावतीले अप्सराहरूको उपदेशबमोजिम शालीनदीमा स्नान गरी एकभक्त रही एकचित्त भई सधैँ मध्यान्ह कालमा श्रीमहादेवको पूजा गर्न लागिन्। श्रीस्वस्थानी परमेश्वरीलाई मनले सम्झिरहिन्। त्यसरी व्रत गर्दा चन्द्रावतीको पाप घट्दै गयो। कुष्ठ निको हुँदै गयो। देहमा सुन्दरता बढ्दै गयो। महिना दिन पुग्यो र माघ शुक्लपूर्णिमाका दिन सबै सामग्री तयार गरी अप्सराहरू शालीनदीमा आए। त्यो देखी उनी अप्सराहरूसित गई भन्न लागिन्, "हे अप्सरा हो! यहाँहरूको उपदेशअनुसार पौष शुक्लपूर्णिमाका दिनदेखि स्नान गरी एकभक्त रही नित्य मध्यान्ह कालमा श्रीमहादेवको पूजा गर्दै आइरहेकी छु। अब व्रत समापन गर्नका लागि केही पनि समग्री छैन, कसो गरूँ।" तब अप्सराहरू भन्दछन्, "हे पापिनी! केही नभए नदीबाट बालुवा ल्याई त्यसैको

सामग्री तयार गरी हामीहरूका साथ लागी व्रत गर्।" चन्द्रावतीले 'हवस्' भनी नदीबाट बालुवा ल्याई सामग्री तयार गरिन्। श्रीस्वस्थानी परमेश्वरीका प्रभावले ती सबै बालुवाका सामग्रीहरू साँच्चिकै रूपमा परिवर्तन भए। यस्तो देखी उनले मनमा आनन्द मानी 'धन्य श्रीस्वस्थानी परमेश्वरी' भनी अप्सराहरूकहाँ गई बालुवाका सामग्रीहरू सिद्ध भएको वृत्तान्त बताइन्। त्यस्तो सुन्दा र चन्द्रावतीको दिव्य देह भएको देख्दा आश्चर्य मान्दै अप्सराहरू भन्दछन्, "हे सुन्दरी! यसअघि हामी तिमीलाई पापिनी भन्दथ्यौं, अबदेखि तिम्रो नाम पुण्यवती भयो।" अप्सराहरूले यति भन्दै चन्द्रावतीलाई पनि आफ्ना साथमा विधिपूर्वक पूजा गराए। चन्द्रावती विधिपूर्वक पूजा गरिसकेर हातमा अर्घपात्र लिई स्तुति गर्न लागिन् :

> हे ईश्वरी! अघि मैले नजानेर अहङ्कारले हजुरको नाना तरहले निन्दा गरेथें, ती सबै अपराध क्षमा गर्नुहोस्। हे लोकेश्वरी! सबै प्राणीका हृदयमा बसी पापपुण्यकी साक्षी भइरहेकी यस्ती तपाईंलाई कोटिकोटि नमस्कार छ। सृष्टि गर्ने ब्रह्मा, स्थिति गर्ने विष्णु र संहार गर्ने रुद्र भई एक मूर्तिले तीन मूर्ति भइरहेकी हे परमेश्वरी! यस्ती तपाईंलाई कोटिकोटि नमस्कार छ। हे भगवती! पृथ्वी, जल, तेज, वायु एवं आकाश यी पञ्चमहाभूत

र तीर्थ, व्रत, पनि तपाईं, सत्त्व, रज, तम यी त्रिगुण पनि तपाईं, आदि तत्त्व पनि तपाईं, यस्ती तपाईंलाई कोटिकोटि नमस्कार छ।

योगेश्वरको योग पनि तपाईं, निरञ्जन निराकार पनि तपाईं, साकार पनि तपाईं, अति स्थूल पनि तपाईं, देवताकी देवता पनि तपाईं, अनाथकी नाथ र मृत्युकी मृत्यु पनि तपाईं, यस्ती तपाईंलाई कोटिकोटि नमस्कार छ। शक्तिरूप पनि तपाईं, विश्वम्भर विश्वमूर्ति पनि तपाईं, संसारको भार बोकिरहने पनि तपाईं, चौध भुवन पेटमा राखी योगनिद्रामा शयन गरिरहने पनि तपाईं, दुष्टको संहार गरी साधुजनको रक्षा गर्ने यस्ती त्रिलोकजननी तपाईंलाई कोटिकोटि नमस्कार छ। हे ईश्वरी! तपाईंको महिमाको वर्णन गर्न हजार जिब्रा भएको शेषनाग र चतुर्मुख ब्रह्माले पनि नसकेका मैले कसरी सकुँली। म पापिनीका पूजादेखि प्रसन्न भई मलाई दुःखका समुद्रदेखि पार गराउनुहोस्।

चन्द्रावतीले यसरी श्रीस्वस्थानी माताको स्तुति गर्दै अर्घ्य दिइन्। सबै पूजा सकिएपछि अप्सराहरू प्रसाद झिकी 'हे पुण्यवती! अब हामी जान्छौँ' भनी स्वर्ग गए। त्यसपछि चन्द्रावती शालीनदीको तीरमा तृणको कुटी बनाई श्रीस्वस्थानी परमेश्वरीलाई मनले सम्झी

रातभर जाग्राम रहिन्। ब्राह्ममुहूर्त (सूर्योदय हुनुभन्दा दुई घडीअघिको समय) मा शालीनदीमा स्नान गरी एक सय आठ सङ्ख्याका सामग्रीहरूमध्ये सबै आठ आठओटा र सगुनसमेत हातमा लिई 'हे ईश्वरी! मेरा पति यहाँ हुनुहुन्न, कसरी दिऊँ, मेरा पतिसँग चाँडो भेट होओस्' भनी शालीनदीमा प्रवाहित गरिन्। सय रोटी आफूले फलाहार गरिन्। श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले चन्द्रावतीका सम्पूर्ण पापको नाश भयो। उनको देह पहिलेको भन्दा पनि राम्रो भयो। मुहारमा निकै चमक देखियो। चन्द्रावतीले यस्तो देखी मनमा आनन्द मानी 'धन्य श्रीस्वस्थानी परमेश्वरी!' भनी मनले बारम्बार प्रणाम गरिन्।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां चन्द्रावती श्रीस्वस्थानीव्रतकृतं नाम अष्टाविंशोऽध्यायः ॥ २८ ॥

ऊनत्रिंशोऽध्याय:

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! त्यति भएपछि चन्द्रावतीले शालीनदीमा बहाएका आठ रोटीमध्ये चारओटा रोटी नागिनीले पाइन् र हातमा लिई 'यस्ता राम्रा कहिल्यै नदेखिएका रोटी कसले बहाएछ! मेरा स्वामी घरमा छैनन्, बाह्र वर्ष भयो, के जान्नू कता भुलिरहेछन्, उनलाई नदिई म एक्लै कसरी खाऊँ, कहाँ बसिरहेका होलान् खोजी गर्नुपर्‍यो' भनी गण्डकी नदीनाला सबैतिर सोधखोज गर्दै गइन्। अर्कातिर तिनै आठ रोटीमध्ये बाँकी चार रोटी नागले पनि पाए। त्यसपछि उनले 'कस्ता अनौठा रोटी पाएँ! यी रोटी मेरी नागिनीलाई नखुवाई आफूमात्रै कसरी खाऊँ, म परदेश आएको पनि बाह्र वर्ष भयो। अब घर गई दुई दुई रोटी बाँडी खाऔँला' भनी घरतर्फ फर्कंदा समुद्र र शालीनदीको सङ्गममा श्रीस्वस्थानी परमेश्वरीको प्रसादस्वरूप रोटीका प्रभावले नाग र नागिनी दुवैको भेट भयो। नागिनीले बहुतै खुसी मानी प्रेमपूर्वक नागलाई दण्डवत् प्रणाम गरी भन्न लागिन् :

हे स्वामी! हजुर निष्ठुर भई मलाई एक्लै छोडी यतिका वर्षसम्म कहाँ अल्मलिनुभएको थियो, मेरो भाग्यले आज

हजुरको दर्शन मिल्यो। कसैले बहाएका अचम्मका चारओटा रोटी पाएकी थिएँ। 'हजुरलाई नखुवाई म एक्लै कसरी खाऊँ' भनी साँचेर ठाउँठाउँमा खोजी गर्दै आएकी थिएँ। यहाँ हजुरसँग भेट हुँदा साह्रै खुसी लाग्यो। यी दुई रोटी लिनुहोस्।

नागिनीले यति भन्दै नागलाई रोटी दिइन्। त्यसपछि नागले भने, "हे प्रिये! यस्तै चार रोटी मैले पनि पाएको थिएँ। तिमीलाई नखुवाई कसरी खाऊँ, घर गई दुई दुई रोटी बाँडी खाऔँला भनी आउँदै थिएँ। यहाँ तिमीसँग भेट हुँदा निकै खुसी लाग्यो। ल खाऊ दुई रोटी।" नागले यति भन्दै आफूले पाएका चारमध्ये दुई रोटी नागिनीलाई दिए। त्यहाँ बसी दुवैले रोटी खाए। त्यसपछि नागिनी नागका काखमा बसिन् र दुवै जना आनन्दले रहे। नागले भने, "हे प्रिये! बाह्र वर्षसम्म भेट नभएको यसै रोटीका प्रभावले हाम्रो भेट भयो। जसले यी रोटी बहाई पठायो त्यसको भोलिका दिन चिताएको कुरा पुगोस्, लक्ष्मी प्राप्त होऊन्।" यसरी नागले नाना आशिष् दिए। अनि नागिनीले भनिन्, "हे प्राणनाथ! म पनि आशिष् दिन्छु। त्यसलाई नवग्रहले पीडा नगरून्। ग्रहहरू सधैँ त्यससँग प्रसन्न होऊन्। भूत, प्रेत, पिशाच र राक्षसहरूले दुःख दिन नसकून्। राज्यलक्ष्मी त्यसका वशमा परून्। फेरि हामीहरूझैँ स्त्रीपुरुष छुट्टिएका भए पनि चाँडै भेट होओस्।" नागिनीले पनि

यसरी नाना तरहले आशीर्वाद दिइन्। त्यसपछि दुवै जोडी आफ्नो लोकमा गए।

यता लावण्यदेशका लोकहरू स्नान गर्न भनी शालीनदीमा जाँदा एक्लै त्यसरी बसिरहेकी चन्द्रावतीलाई देखी भन्दछन्, "तिमी देवकन्या हौ कि, गन्धर्वकन्या हौ कि, विद्याधरकन्या हौ अथवा स्वर्गकी अप्सरा रम्भा, तिलोत्तमा वा उर्वशी हौ, एक्लै यहाँ किन बसिरहेकी?" लोकहरूले यसो भनेको सुनी चन्द्रावती भन्दछिन् :

> हे लोक हो! म देवकन्या, अप्सरा केही होइन। म वरुणपुरका अग्निस्वामी ब्राह्मणकी पुत्री हुँ र गोमा ब्राह्मणीका पुत्र नवराज ब्राह्मणकी पत्नी हुँ। हिजो स्वर्गका अप्सराहरूले यस नदीका तीरमा आई श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेका थिए। म पनि उनैका साथमा लागी व्रत गरी रातभर जाग्राम बसेँ। बिहानीपख स्नान गरी अहिले ईश्वरीको स्मरण गरिरहेकी छु। अब 'माइत जान्छु' भन्ने विचार गरिरहेकी छु।

चन्द्रावतीका यस्ता कुरा सुनी लोकहरूले आश्चर्य मानी 'गोमा ब्राह्मणीका पुत्र नवराज त हाम्रो देशका राजा भएका छन्, यो कुरा हो होइन, राजाकहाँ बिन्ती गरौँ' भनी आपसमा सल्लाह गरी राजाकहाँ गई चन्द्रावतीले भनेको सबै वृत्तान्त बिन्ती गरे। अनि लोकहरूले भने, "हे महाराज! चन्द्रावती अहिले शालीनदीका

तीरमा बसेकी छिन्, हुन् कि होइनन् विचार गरिबक्सियोस्।" यस्तो सुनेर चन्द्रावतीलाई सम्झी राजा नवराज भन्दछन्, "हे लोक हो! तिमीहरूले ठिक भन्यौ। चन्द्रावती मेरी पत्नी हुन्। राज्यका कार्यभारले बिर्सिरहेको थिएँ। अहिले सम्झाएकामा तिमीहरूलाई धन्यवाद! अब तिमीहरू गई चन्द्रावतीलाई डाकी ल्याओ।" नवराजले यति भन्दै थरीथरीका गहना, कपडा र पाल्कीसमेत पठाइदिए। फेरि मन्त्रीलाई डाकी भने, "हे मन्त्री! मेरी ब्राह्मणी चन्द्रावती शालीनदीका तीरमा आएर बसेकी रहिछिन्। लावण्यदेशका जनता थरीथरीका गहना कपडा पहिरी त्यस ठाउँमा लिन जाऊन्। उनीहरूलाई पठाइदेऊ। म पनि अलि परसम्म लिन आउँछु। हात्ती, घोडा, रथ, छाता, ध्वजा र चमर सबै तयार गर।"

राजाका यस्ता वचन सुनी मन्त्रीले 'हवस्' भनी सहरमा झ्याली पिटाई सबै लोकलाई पछि लगाई आफू पनि गए। लोकहरूले चन्द्रावतीकहाँ पुगी प्रणाम गरी 'हे महारानी! नवराज राजाबाट हजुरलाई लिन पठाइबक्सेकोले हामी आएका हौँ। यी वस्त्र, अलङ्कार पहिरी पाल्कीमा बस्नुहोस्, चाँडो जाऔँ' भने। तब चन्द्रावतीले 'हे श्रीस्वस्थानी परमेश्वरी! मेरा स्वामीसँग चाँडो भेट होस्' भनी हिजै मात्र व्रत समापन गरेथेँ, आज प्रत्यक्ष फल पाएँ। हे करुणामयी! हजुरलाई कोटिकोटि नमस्कार छ। पापिनी नाउँ भई

दुःखका समुद्रमा डुबिरहेकी मलाई उतार्नुभयो। हे लोकेश्वरी! हजुरलाई कोटिकोटि नमस्कार छ। हे परब्रह्म! हजुरले सृष्टि गर्ने आदेश दिँदा ब्रह्माले चतुर्दश भुवनको सृष्टि गरे, यस्ती तपाईंलाई कोटिकोटि नमस्कार छ। हे भगवती! हजुरको कृपाले म पनि लावण्यदेशकी रानी हुन पाएँ।' यति विचार गर्दै चन्द्रावती मनमा बहुत हर्ष मानी वस्त्र अलङ्कार पहिरी पाल्कीमा सवार भई लोकलाई अघि लगाई लावण्यदेशतर्फ गइन्। सहरबाहिर पुगेपछि राजा नवराज पनि लिन आइपुगे। लावण्यदेशका स्त्रीहरूले थाहा पाएर हेर्न भनी हतार गर्दै कोही पाकेको भात छोडी निस्के, कोही खाँदाखाँदै हातै नधोई निस्के, कोही छोराछोरी बोकी निस्के, कोही छोराछोरी रुवाउँदै निस्के। यस्ता अवस्थामा कसैका हात भाँचिए, कसैका खुट्टा भाँचिए। यस्तैमा राजा नवराजले मङ्गलयात्रा गर्दै चन्द्रावतीलाई राजदरबारमा भित्र्याए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां चन्द्रावती राजगृहप्रवेशो नाम ऊनत्रिंशोऽध्यायः ॥ २९ ॥

त्रिंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! तहाँपछि चन्द्रावतीले गोमा महारानी र नवराज राजालाई साष्टाङ्ग दण्डवत् प्रणाम गरिन्। लावण्यवती रानीलाई आशिष् दिइन्। नवराज राजाले चन्द्रावतीलाई प्रेमपूर्वक गद्दीमा राखी सोधे :

हे प्रिये! तिम्रो मुख नदेखेको पाँच वर्ष भयो। तिमीलाई लिन भनी डोलेहरू गएका थिए। उनीहरू पनि फर्केनन्। तिमीले पनि यसरी विलम्ब गऱ्यौ। म राजा भएको पनि थाहा पाइनौ कि? मैले त राज्यको कार्यभारले तिमीलाई बिर्सेछु। फेरि शालीनदीका तीरमा आई किन एक्लै बस्यौ? लावण्यदेशका जनताले पनि म राजा भएको खबर गरेनन् कि? तिमी पहिलेकी जस्ती छैनौ। पहिलेभन्दा निकै तेजिली देखिएकी छ्यौ। सबै वृत्तान्त भन।

राजा नवराजका यस्ता वचन सुनी चन्द्रावती भन्दछिन् :

हे स्वामी! म माइत बसेकी थिएँ। यताबाट डोलेहरूलाई पठाइबक्सनुभएछ। हजुर राजा भइबक्सेको तिनै डोलेहरूबाट सुनें। तत्कालै बाबाआमासँग बिदा भई म्यानामा चढी कहिले

हजुरको दर्शन पाउँला भनी हत्पताई बाटो लागें। बाटोमा एउटा वनमा आइपुग्दा त्यस दिन माघ शुक्लपूर्णिमा परेको रहेछ। स्वर्गबाट अप्सराहरू त्यस वनमा शालीनदीका तीरमा श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्न लागेका रहेछन्। त्यो देखी डोलेहरू पाल्की अड्याई 'हामीलाई भोक लाग्यो, केही पाए खाई आउँछौं, हजुर एकछिन् यहीं राज गर्नुहोस्' भनी अप्सराहरूले व्रत गरेको ठाउँमा गए। त्यसपछि उनीहरू अप्सराहरूका साथमा पूजा गरी प्रसाद लिई मकहाँ आए। उनीहरूले त्यो प्रसाद दिंदा त्यस वेला ममा अहङ्कारले छोप्यो। त्यसपछि पाल्कीबाट ओर्ली डोलेहरूका हातदेखि प्रसाद खोसी थु!थु!! गरी थुकी भूमिमा मिल्काई गोडाले किचिदिएँ। श्रीस्वस्थानी परमेश्वरीको नाना तरहले निन्दा गरें। डोलेहरूलाई चर्को स्वरले अनेक तरहले गाली गरें। उनीहरू मदेखि थर्कमान भई केही भन्न नसकी आँखादेखि आँसु खसाली चुपचाप पाल्की बोकी हिंडे।

यसरी जाँदाजाँदा लावण्यदेश नजिकैको शालीनदीनेर आइपुग्यौं। त्यसपछि शालीनदीको पुल तर्न लाग्दा अकस्मात् चँदुवा टँगेजस्तो मेघ उठेर ठुलो हुरीबतास चली मुसलधारे पानी पर्न थाल्यो। म पाल्कीदेखि खसी नदीमा परें।

डोलेहरूलाई के भयो, मैले केही थाहा पाइनँ। उहाँपछि नदीदेखि कसले किनारामा उतार्‍यो, त्यो पनि थाहा पाइनँ। शरीरमा कुष्ठ भई हातगोडा झरेर गए। छिनमा मूर्च्छा पर्ने र छिनमा चेत आउने हुन थाल्यो। म यस्ती हुँ भन्ने पनि ज्ञान भएन।

म शालीनदीमा खसेको चार दिनपछि कपिल नाउँका दुई भाइ ब्राह्मण त्यतैबाट राजाका ब्राह्मणभोजनमा जान लागेका देखेँ। तिनीहरूलाई उताबाट आउँदा केही खानेकुरा ल्याइदिन अनुरोध गरेँ। उनीहरूले भोजन गरी फर्कंदा मलाई पनि खानेकुरा ल्याइदिएका रहेछन्। उनीहरूले मलाई त्यो खानेकुरा दिँदै 'हे पापिनी! तेरा कारणले हामीलाई कस्तो सरम भयो, तेरो नाउँ लिनेबित्तिकै राजाको सबै भँडार सुकिगयो' भने। त्यसपछि उनीहरूले ल्याएको भोजन मुखै नधोई खान खोजेँ। उनीहरू 'हे पापिनी! अझै तँमा धर्मको चेष्टा छैन, कम से कम मुख त धोएर खा। अनि श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्, तेरा सबै दुःख नाश होलान्' भनेर गए। त्यसपछि मुख धुन शालीनदीमा जाँदा नदी नै सुक्दै गइन्। त्यस्तो देखी मुखैं नधोई खान खोज्दा त्यो खानेकुरा खरानी भयो र त्यही पनि खान खोज्दा ठुलो बतास आएर उडाई लग्यो। अनि नाना तरहले रोईकराई शीत, ताप, भोक, प्यास सही महाकष्टका साथ बसिरहेँ।

यसरी कष्टपूर्ण समय काटिरहँदा एक दिन पौष शुक्लपूर्णिमा तिथि परेको रहेछ। त्यस दिन श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गर्नका लागि शालीनदीमा स्नान गर्न भनी स्वर्गबाट अप्सराहरू आएका रहेछन्। मैले पनि सोधखोज गरी उनीहरूको उपदेशले श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गरें। पौष शुक्लपूर्णिमाका दिनदेखि स्नान गरी एकभक्त रही एकचित्त गरी नित्य मध्यान्ह कालमा श्रीमहादेवको पूजा गरें। महिना दिनपछि माघ शुक्लपूर्णिमाका दिन श्रीस्वस्थानी परमेश्वरीको व्रत समापन गर्न अप्सराहरू त्यहीँ शालीनदीमा आए। मैले व्रत समापनका लागि आफूसँग सामग्री नभएकाले ‘कसो गरूँ’ भनी अप्सराहरूसँग सोधें। उनीहरूले ‘नदीबाट बालुवा ल्याई सामग्री तयार गर्’ भने। मैले त्यसो गर्दा ती सामानहरू साँच्चिकै पूजासामग्रीमा परिवर्तन भए। त्यस्तो देखी अप्सराहरू खुसी भई मलाई पापिनीको सट्टा पुण्यवती भन्न थाले।

अनि मैले बालुवाबाट सिद्ध भएका आफ्ना सामग्रीहरू प्रयोग गरी अप्सराहरूको संसर्गमा श्रीस्वस्थानी परमेश्वरीको विधिपूर्वक पूजा गरें। सबै पूजा गरिसकी अप्सराहरू स्वर्ग गए। मैले श्रीस्वस्थानी मातालाई प्रसादका रूपमा चढाएका

> एक सय आठ सङ्ख्याका रोटी, अक्षता, जनै, सुपारी आदिमध्ये सबैबाट आठ आठ सङ्ख्यामा गनी निकाली उस वेला हजुर नहुँदा 'मेरा स्वामीसँग छिटो भेट होस्' भनी शालीनदीमा बहाएँ। सय रोटी आफूले फलाहार गरी रातभर जाग्राम बसेँ। उज्यालो हुनलाग्दा स्नान गरी केही खाई माइत जानलाग्दा लोकहरू लिन आइपुगे। श्रीस्वस्थानी परमेश्वरीलाई निन्दा गरेको पापले त्यस्तो अवस्थामा पुगेकी मलाई उनै माताको व्रतपूजा गर्दा अहिले यस्ती भई हजुरको दर्शन गर्न पाएँ। श्रीस्वस्थानी परमेश्वरीभन्दा ठुला देवीदेवता अरू कुनै छैनन्। सबै व्रतका पनि व्रत, धर्मका पनि धर्म, कालका पनि काल, देवताकी पनि देवता यस्ती परमेश्वरीलाई कोटिकोटि नमस्कार छ।

यसरी चन्द्रावतीले परिवारमा आफ्ना सबै कुरा बेलीविस्तार गरिन्।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां चन्द्रावती स्ववृत्तान्तकथनं नाम त्रिंशोऽध्यायः ॥ ३० ॥

एकत्रिंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ –

हे अगस्त्य मुनि! चन्द्रावतीले भनेका यस्ता कुराहरू सुनी गोमा महारानी खुसी भई 'हे स्वस्थानी परमेश्वरी!' भनी मनले सम्झी अञ्जलि बाँधी चन्द्रावती रानीसँग भनिन् :

हे बुहारी! यस्ता दुःखमा परीकन पनि ईश्वरीको भक्ति गर्न सक्ने तिमी धन्य रहिछ्यौ। मेरा कुरा पनि भन्दछु, सुन। अघि तिम्रा स्वामी आफ्ना बाबाको खबर बुझ्न गएपछि तिमी पनि माइत गइहाल्यौ। घरमा कोही नहुँदा धागो काती, ढिकीजाँतो गरी बडा कष्टले गुजारा गरिरहेकी थिएँ। यस्तैमा एक दिन सप्तऋषिहरू आई मैले दुःख पाएको देखी दया गरी श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्ने उपदेश दिई व्रतविधिसमेत बताई गए। त्यस वेला ऋषिहरूलाई सत्कार गर्न केही नभएकाले चर्खामा रहेको धागाको लरिया लिई पसलमा गई पान लिएर आउँदा सप्तऋषिहरू घरबाट गइसकेछन्। उनीहरूले मेरो दुःख देखी आफू बसेका पिर्कामुनि सातओटा सुनका कौडी छोडेका रहेछन्। त्यस द्रव्यले सबै सामग्री तयार गरी पौष शुक्लपूर्णिमाका दिनदेखि विधिपूर्वक श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गरी माघ शुक्लपूर्णिमाका दिन व्रत

पूर्ण गरी प्रसाद झिकी श्रीस्वस्थानी परमेश्वरीलाई मनले सम्झी रातभर जाग्राम बसें।

यसरी म जाग्राम बसेकै समयमा रात धेरै छिप्पिएपछि तिम्रा स्वामी नवराज पनि टुप्लुक्क आइपुगे। मैले उनीसँग 'बाबाको खबर के छ' भनी सोधें। उनले आफ्ना बाबा भिक्षा माग्न गएका वेलामा नदीका तीरमा रुख चढी फलफूल टिप्न खोज्दा रुखको हाँगो भाँच्चिई स्वर्गवासी हुनुभएको खबर सुनाए। त्यस्तो सुनी म नाना तरहले शोक गर्न लाग्दा तिम्रा स्वामीले सम्झाइबुझाइ गरे। त्यसपछि उनले मलाई राति त्यस वेलासम्म जाग्राम रहनाको कारण सोधे। मैले 'हे पुत्र! श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेर आज समापनका दिन उनै परमेश्वरीलाई सम्झदै जाग्राम बसेकी हुँ' भनें।

यसरी रातमा जाग्राम बसी उज्यालो भएपछि नवराज गङ्गास्नान गर्न गए। त्यहाँ गङ्गाबाट हरिहर प्रत्यक्ष भई 'हे नवराज! तेरी महतारीले श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेको देख्दा हामी खुसी भयौँ, लावण्यदेशमा राजा छैनन्। हात्तीलाई राजा खोज्न लगाइएको छ। त्यहाँ आएस्, हामी तँलाई अभिषेक दिउँला, राजा होलास्' भनी वरदान दिए। नवराजले मसँग आई त्यो सबै वृत्तान्त कहे। त्यस्तो सुनी श्रीस्वस्थानीको प्रसाद दिई 'हे पुत्र! स्वस्थानी माता र हरिहरका आशीर्वादले लावण्य देशको

राजा भएस्' भनी आशिष् दिई पठाएँ। त्यसै दिन भगवान् हरिहर प्रवेश भएको हात्तीले अभिषेक गरी माला पहिराएपछि तिम्रा स्वामी नवराज लावण्यदेशका राजा भएका हुन्।



अहिले हामीले जेजति ऐश्वर्य प्राप्त गरेका छौँ ती सबै उनै श्रीस्वस्थानी माताको कृपा हो। त्यसैले 'अब बाँचुन्जेल श्रीस्वस्थानी परमेश्वरी सबैका हृदयमा वास गरून्' भन्ने कामना गर्दछु। श्रीस्वस्थानी माताको कृपाले यस लोकमा श्रीसम्पत्ति पाई परलोकमा मोक्षगति होला। फेरि 'हे चन्द्रावती जस्तै दिनमा सूर्य नभए उज्यालो हुँदैन, रातमा चन्द्रमा नभए उज्यालो हुँदैन त्यस्तै मनुष्यका पनि बढिया स्वभावका स्त्री नभए घर हुँदैन। मेरो वृद्ध अवस्था भयो। तिमी दुई

दिदीबहिनीले आपस्तमा मिली यो राज्यलक्ष्मी थामी मेरो पुत्र नवराजको सेवा गरिरहनू।'

गोमा महारानीले यति भन्दै चन्द्रावतीलाई उपदेश दिई सबै व्यवहार सुम्पिदिइन्। त्यसपछि चन्द्रावती र लावण्यवती रानीहरू गोमासँग भन्दछन्, "हे माता! हजुरका तपस्याले हाम्रा स्वामी राजा भइबक्सियो। हामीलाई पनि रानी हुने सौभाग्य मिल्यो। श्रीस्वस्थानी माताको आशीर्वाद र हजुरका तपस्याले हामीलाई यस्तो सुखसमृद्धि प्राप्त भएको हो। हे माता! हजुर धन्य हुनुहुन्छ।" यति भन्दे दुवै रानीहरू महारानी गोमाका पाउमा परे। तहाँदेखि सदैव तिनीहरू श्रीस्वस्थानी परमेश्वरीमा भक्तिश्रद्धा बढाउँदै आनन्दले रहे।

हे अगस्त्य मुनि! यो अति उत्तम श्रीस्वस्थानी परमेश्वरीको कथा मैले सङ्क्षेपमा वर्णन गरेँ। यो कथा सुन्नु, सुनाउनु बहुत उत्तम छ। यसबाट योलोक र परलोक दुवै सप्रन्छ। श्रीस्वस्थानीको चर्चा सधैँ गरिरहनुभन्दा उत्तम अरू केही छैन। यस्ती श्रीस्वस्थानी परमेश्वरीलाई बरम्बार भक्तिश्रद्धाका साथ नमस्कार छ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमाराऽगस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां गोमापूर्वकृत स्वस्थानीव्रतवृत्तान्तवर्णनं नाम एकत्रिंशोऽध्यायः ॥ ३१ ॥

॥ इति श्रीस्वस्थानीकथा समाप्ता ॥

दैनिक कथा वाचनपछिको पुष्पाञ्जलि

उपनयतु मङ्गलं वः
सकलजगन्मङ्गलालयः श्रीमान्।
दिनकरकिरणनिबोधित
नवनलिनदलनिभेक्षणः कृष्णः ॥१॥
काले वर्षतु पर्जन्यः पृथिवी शस्यशालिनी।
देशोऽयं क्षोभरहितो ब्राह्मणाः सन्तु निर्भयाः ॥२॥
अपुत्राः पुत्रिणः सन्तु पुत्रिणः सन्तु पौत्रिणः।
निर्धनाः सधनाः सन्तु जीवन्तु शरदां शतम् ॥३॥
तत्रैव गङ्गा यमुना च तत्र गोदावरी सिन्धु-सरस्वती च।
तीर्थानि सर्वाणि वसन्ति तत्र यत्राच्युतोदारकथाप्रसङ्गः ॥४॥
या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता।
या वीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना ॥
या ब्रह्माच्युतशङ्करप्रभृतिभिर्देवैः सदा वन्दिता।
सा मां पातु सरस्वती भगवती निःशेषजाड्यापहा ॥५॥
कायेन वाचा मनसेन्द्रियैर्वा बुद्ध्यात्मना वा प्रकृतेः स्वभावात्।
करोमि यद्यत् सकलं परस्मै नारायणायेति समर्पये तत् ॥६॥

(यी श्लोकहरू वाचन गरेपछि सबैले पुस्तकमा पुष्पाञ्जलि अर्पण गरी पुस्तकलाई ढोग्नू)

समापनमा पुष्पाञ्जलि लिंदा पाठ गर्ने श्लोकहरूको भावार्थ :

(१) उपनयतु मङ्गलं .....को भावार्थ

सम्पूर्ण जगत्का मङ्गलका खानी हे श्रीकृष्ण भगवान्! हजुर श्रीमान् हुनुहुन्छ; हजुर सूर्यसमान तेजिला हुनुहुन्छ; पानी पर्न लागेको बादलको जस्तो हजुरको शरीरको वर्ण छ, यस्ता हे भगवान्! हजुरलाई हामी नमस्कार गर्दछौँ।

(२) काले वर्षतु पर्जन्य .....को भावार्थ

समयसमयमा वर्षा होओस्; हाम्रो भूमि उर्वर होओस्; हराभरा होओस्; हाम्रो राज्य क्षोभरहित होओस् अर्थात् राज्यमा आपसी रिसराग र क्रोध नहोओस्; राज्यमा विद्वान्हरू निर्भय रहून्।

(३) अपुत्राः पुत्रिणः सन्तु .....को भावार्थ

सन्तान नहुनेहरूलाई सन्तान प्राप्त होऊन्; छोराछोरी भएकाहरूका नातिनातिनी होऊन्; निर्धनहरू सम्पन्न होऊन्; सबै मानिसहरू सय वर्षसम्म बाँचून्।

(४) तत्रैव गङ्गा यमुना च तत्र .....को भावार्थ

जहाँ भगवान्को कथा आयोजना हुन्छ; जहाँ भगवान्को गुणगान हुन्छ त्यहाँ गङ्गा, यमुना, गोदावरी, सिन्धु र सरस्वतीजस्ता पवित्र नदीहरूसहित सम्पूर्ण तीर्थहरूको निवास हुन्छ।

(५) या कुन्देन्दुतुषारहारधवला .... को भावार्थ

जो कुन्दपुष्प, चन्द्रमा, हिउँ र हारजस्तो गौरवर्णकी हुनुहुन्छ; जसले सेतो चहकिलो वस्त्र धारण गर्नुभएको छ; जसका हात उत्तम वीणाद्वारा सुशोभित छन्; जो सेतो कमलको आसनमा विराजमान हुनुहुन्छ; ब्रह्मा, विष्णु, महेश्वर आदि देवताहरू जसको सधैँ स्तुति गर्दछन्; जसले सबै प्रकारका अज्ञानलाई हरण गर्नुहुन्छ यस्ती हे सरस्वती माता! मेरो रक्षा गर्नुहोस्।

(६) कायेन वाचा मनसेन्द्रियैर्वा .....को भावार्थ

शरीर, वचन, मन, इन्द्रिय, बुद्धि, आत्मा र प्रकृतिको स्वभावद्वारा उत्पन्न भएका सबै कर्महरू अर्थात् हाम्रा सबै कर्महरू भगवान् नारायणलाई समर्पण गरौँ।

सन्दर्भग्रन्थसूची

घिमिरे, नवराज (वि.सं. २०८०), *श्रीस्वस्थानी व्रतकथाको परम्परा, प्रभाव र महत्त्व,* काठमाडौं : वाल्मीकि अनुसन्धान विभागद्वारा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्र।

नेपाल सरकार, (वि.सं. २०७८), *कर्मकाण्डः कक्षा ६,* भक्तपुर : नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र।

नेपाल सरकार, (वि.सं. २०७९), *कर्मकाण्डः कक्षा ७,* भक्तपुर : नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र।

नेपाल सरकार, (वि.सं. २०८०), *कर्मकाण्डः कक्षा ८,* भक्तपुर : नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र।

पराजुली, बुद्धिसागर (केही परिवर्तक र परिवर्धक), (वि.सं. २०६०), *स्वस्थानी व्रतकथा,* वाराणसी : त्रिमूर्ति प्रकाशन।

बराल, ईश्वर र अन्य (सम्पा.), (वि.सं. २०५५), *नेपाली साहित्यकोश,* काठमाडौँ : नेद्धपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।

बाबु माधवप्रसाद शर्मा, (वि.सं. २०१३), *स्वस्थानी व्रतकथा,* वनारस : बाबु माधवप्रसाद शर्मा।

मरासिनी, दधिराम, (वि.सं. २०७४), *कर्मकाण्डभास्करः,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

श्री दुर्गा साहित्य भण्डार, (वि.सं. २०६०), *ठूलो श्रीस्वस्थानी व्रतकथा,* वाराणसी : श्री दुर्गा साहित्य भण्डार।

सुवेदी, कोमलनाथ, (भाषा सम्पादन), (मिति अप्राप्त), *स्वस्थानी व्रतकथा,* काठमाडौँ : स्वदेश प्रकाशन प्रा. लि.।

सुवेदी, गोविन्दचन्द्र, (वि.सं. २०७९), *वैदिक संस्कार र हाम्रा चाडपर्वहरू,* काठमाडौँ : स्वदेश प्रकाशन प्रा. लि.।

सुवेदी, मधुसूदन, (वि.सं. २०७९), *सनातन दैनिक पूजाविधि तथा वार्षिक पर्व निर्देशिका,* ललितपुर : श्रीमती सानुमैयाँ, वैकुण्ठ तथा दामोदर सुवेदी।



(हरिहर भगवान्)



महाकाली



श्रीमहादेवद्वारा कालकूट विषपान

ग.453



शालीनदीको किनारमा अवस्थित श्रीस्वस्थानी माताको मन्दिर

मूल्य रु. ७५०।-

9 789937 976633

Publisher & Distributor

अक्षभ पब्लिकेसन
AKSHAV PUBLICATION
Kathmandu

TARA Books & Stationery
Chhetrapati, Kathmandu, Nepal
Ph: 01-5355070

For more details like us on: Facebook page: Tarabooks

www.tarabooks.com.np